**नेपाल राष्ट्र बैंक, कर्मचारी संघ**
**केन्द्रीय समिति, २०४७**
(ट्रेड युनियन ऐन, २०४९ बमोजिम श्रम कार्यालय, बा.अ.द.नं. २६६२)

**केन्द्रीय समिति–२०६९**

| | |
|---|---|
| अध्यक्ष | : बसन्तराज पाण्डे |
| उपाध्यक्ष | : उमाकान्त थपलिया |
| ,, | : रुद्रप्रसाद तिम्सिना |
| महासचिव | : ढुण्डीराज मिश्र |
| सचिव | : बाबुराम कोइराला |
| | गोविन्दप्रसाद भण्डारी |
| कोषाध्यक्ष | : डण्डप्रसाद खरेल |
| सह–कोषाध्यक्ष | : देवेशमान जोशी |
| सदस्य | : कृष्ण के.सी. |
| ,, | : विमलाकुमारी लुईंटेल |
| ,, | : अशोककुमार राई |
| ,, | : उमा जोशी बोहरा |
| ,, | : तुलसीराम गुरागाईं |
| ,, | : हिरादेवी बिष्ट |
| ,, | : सुमनकुमार नेपाल |
| ,, | : श्यामराज त्रिपाठी |
| ,, | : पदमराज जोशी |
| ,, | : रविन्द्रप्रसाद सापकोटा |
| ,, | : टेकबहादुर श्रेष्ठ |
| ,, | : बबी के.सी. |
| ,, | : रामविलास महतो |
| ,, | : मीना चन्द ठकुरी |
| ,, | : माधव बराल |
| ,, | : अरुण आचार्य |
| ,, | : प्रकाश घिमिरे |

**सल्लाहकार**
बसन्तराज पाण्डे

**प्रधान सम्पादक**
ढुण्डीराज मिश्र

**सम्पादन सहयोगी**
बाबुराम कोइराला
गोविन्दप्रसाद भण्डारी
देवेशमान जोशी
तुलसीराम गुरागाईं


**आवरण डिजाइन तथा कम्प्युटर ले–आउट**
अक्षय पब्लिकेशन एण्ड जी. मिडिया प्रा. लि.
कोपुण्डोल, ललितपुर
फोन : ०१–५५५४८१५/५५४९८८०
E-mail: gmedia@gmail.com

**मुद्रण**
मल्टीग्राफिक्स प्रेस
छपाई : ५००० थान

सम्पर्कः नेपाल राष्ट्र बैंक कर्मचारी संघ, केन्द्रीय समिति, बालुवाटार
फोन/फ्याक्सः ४४१५२२०, ई–मेल ठेगानाः nrbunion@nrb.org.com

नेपाल राष्ट्र बैंक, कर्मचारी संघ
केन्द्रीय समितिद्वारा प्रकाशित

## कर्मचारी शहीद



स्व. बद्रीप्रसाद अधिकारी

## केन्द्रीय समितिका पूर्व अध्यक्षहरू



दीपेन्द्रबहादुर क्षेत्री



प्रेमप्रसाद पाण्डेय



रामप्रसाद उप्रेती

## कर्मचारी आन्दोलनका क्रममा सेवाबाट निष्काशित अग्रज



तुलसी घिमिरे
तत्कालीन अध्यक्ष – इलाम समिति

# वर्तमान केन्द्रीय समितिका पदाधिकारीहरूः


बसन्तराज पाण्डे
**अध्यक्ष**


उमाकान्त थपलिया
**उपाध्यक्ष**


रुद्रप्रसाद तिम्सिना
**उपाध्यक्ष**


ढुण्डीराज मिश्र
**महासचिव**


बाबुराम कोइराला
**सचिव**


गोविन्दप्रसाद भण्डारी
**सचिव**


डण्डप्रसाद खरेल
**कोषाध्यक्ष**


देवेशमान जोशी
**सह–कोषाध्यक्ष**


कृष्ण के.सी.
**सदस्य**


बिमलाकुमारी लुईटेल
**सदस्य**



अशोककुमार राई
**सदस्य**


उमा जोशी बोहारा
**सदस्य**


तुलसीराम गुरागाई
**सदस्य**


हिरादेवी बिष्ट
**सदस्य**


सुमनकुमार नेपाल
**सदस्य**


श्यामराज त्रिपाठी
**सदस्य**


पदमराज जोशी
**सदस्य**


रविन्द्रप्रसाद सापकोटा
**सदस्य**


टेकबहादुर श्रेष्ठ
**सदस्य**


बबी के.सी.
**सदस्य**


रामविलास महतो
**सदस्य**


मीना चन्द ठकुरी
**सदस्य**


माधव बराल
**सदस्य**


अरुण आचार्य
**सदस्य**


प्रकाश घिमिरे
**सदस्य**


दोर्जे तामाङ्ग
**कार्यालय सहयोगी**


स्वर्ण उत्सव
सुन जित्ने मौका, चाँदीको सिक्का पक्का
सुन जित्ने मौका, चाँदी पक्का
Sure Shot
dishhome.com.np
SMART HD SET TOP BOX
5999/-
STANDARD SET TOP BOX
3999/-
EPG
01-4479162
1660-01-22000/1660-01-10101
DishHome

# नेपाल कम्युनिष्ट पार्टी

(एकीकृत मार्क्सवादी-लेनिनवादी)

**केन्द्रीय कार्यालय**

मदननगर, बल्खु, काठमाडौं

पत्र संख्या ........................

## शुभकामना सन्देश!

नेपाल राष्ट्र बैंक कर्मचारी संघ, केन्द्रीय समिति स्थापनाको रजत वर्षको अवसरमा नेपाल राष्ट्र बैंक कर्मचारी संघ, रजत जयन्ती स्मारिका-२०७१ प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्त खुसी लागेको छ । यस संघले आफ्नो स्थापनाकालदेखि कर्मचारीका हकहित, बैंकको चौतर्फी विकास, बैंकमा विशिष्ट योगदान पुऱ्याउनुभएका व्यक्तित्वहरूका अनुभव जस्ता विषयवस्तुहरू समावेश गरेर यस स्मारिका प्रकाशन गर्न लागेकाले आफ्नो उद्देश्य पूरा गर्न सफल हुनेछ भन्ने विश्वासका साथ नेकपा (एमाले) परिवार र मेरो आफ्नो तर्फबाट शुभकामना व्यक्त गर्न चाहन्छु ।

नेपालमा बैंकिङको इतिहास त्यति लामो छैन । तर पनि जब बैंकहरू स्थापना हुन थाले, उनीहरूले आर्थिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् । आर्थिक क्षेत्रको योगदान प्रशंसायोग्य बनाउन नेपाल राष्ट्र बैंकमा काम गर्ने कर्मचारीहरूको महत्वपूर्ण भूमिका छ । मानव संसाधनको आधुनिक विकासले नै आर्थिक क्षेत्रको गतिविधिलाई उत्कृष्ट बनाउन सकिन्छ । त्यसैले बैंकमा काम गर्ने कर्मचारीहरूको वृत्ति विकासमा नेकपा (एमाले) तपाईंहरूको साथमा रहनेछ भन्ने विश्वास दिलाउन चाहन्छु । यति बेला हामी परिवर्तनका उपलब्धिहरूलाई संविधान सभाबाट संविधान लेखी संस्थागत गर्दै आर्थिक समृद्धिको दिशामा अगाडि बढ्न क्रियाशील रहेका छौं । तर यस महत्वपूर्ण कामलाई सफल हुन नदिन जातिवादी, हिंसावादी, क्षेत्रीयतावादी, सङ्कीर्णतावादी लगायतका शक्तिहरू क्रियाशील छन् । हामी प्रत्येक नेपालीले यी शक्तिहरूबाट सजग र सतर्क रहँदै तिनीहरूलाई परास्त पारी संविधान निर्माणको मूल कार्यभार पूरा गर्नका लागि क्रियाशील हुन अनिवार्य छ । तपाईंहरूको प्रकाशनले पनि यी दायित्वहरू समेटिएको विषयवस्तु जनसमक्ष ल्याउन सफल हुनेछ भन्ने कुरामा मैले विश्वास लिएको छु ।

अन्त्यमा, यस संघले आफ्नो रजत जयन्ती भव्यताका साथ सम्पन्न गरोस्, आगामी दिनमा आफ्ना गतिविधिहरूलाई थप गतिशील बनाउँदै जान सकोस् र यस्ता प्रकाशनहरू निरन्तर प्रकाशित गरिरहन सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

फागुन ११, २०७१

के.पी. शर्मा ओली

अध्यक्ष तथा संसदीय दलका नेता

नेकपा (एमाले)


www.himalayanbank.com
साना तथा मझौला व्यवसायीहरुलाई
हिमालयन बैंकको साथ
SME
SMALL AND MEDIUM ENTERPRISES
LOAN
मुख्य विशेषताहरु
कर्जा रकम
रु ५ लाख-४ करोड
कर्जा अवधि
९० दिन-६ वर्ष
व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने पूँजीको लागि सरल ब्याजदरमा
उपलब्ध कर्जा सेवा उपभोग गरी आत्मनिर्भर बन्नुहोस् ।
हिमालयन बैंक लिमिटेड
Himalayan Bank Limited
THE POWER TO LEAD
Corporate Office:
Kamaladi, Kathmandu
P.O. Box no.: 20590
Phone No.: 977-1-4246218/19, 4227749
Fax No.: 977-1-4222800
E-mail:hbl@himalayanbank.com
SWIFT: HIMANPKA

**Himalaya Shumsher Rana**
Thapathali
P.O Box 3810
Kathmandu
Nepal

मिति: २०७१।०५।०५

नेपाल राष्ट्र बैंक कर्मचारी संघ
केन्द्रीय समिति
धापुवाहार, काठमाण्डौ

**विषय: शुभकामना**

महाशय,

संस्थापक गभर्नर भएकोले नेपाल राष्ट्र बैंकसंग मेरो गहिरो आत्मिय सम्बन्ध छ । नेपालमा स्थापना गरिएका कतिपय प्रतिष्ठान, प्राधिकरण तथा संस्था कालान्तरमा ओइलाउँदै गएका परिदृश्यमा झण्डै ६० वर्ष नेपाल राष्ट्र बैंक एक मर्यादित वित्तिय संस्थाको रुपमा कायम रहेकोमा मलाई गर्व लाग्दछ । यस बैंकको गरिमा बढाउन योगदान दिने गभर्नर तथा कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

संस्थाको प्रगतिको लागि व्यवस्थापन र कर्मचारीहरु रथका दुई पाङ्ग्रा हुन । दुबै पक्षले आ-आफ्नो भूमिका आत्मसात गरी ताल मिलाई एकसाथ अघि बढ्नु पर्छ भन्ने सूत्र सर्व विदितै छ । नेपाल राष्ट्र बैंक कर्मचारी संघले रजत जयन्ती मनाउन लागेको अवसरमा यस संघले सबै कर्मचारी बीच एकताको अभियान चलाउँदै बैंकको उत्तरोत्तर प्रगतिको लागि यथाशक्य सहयोग गरोस् भन्ने मेरो शुभकामना छ ।

भवदीय,

हिमालय शमशेर ज.ब.राणा
पूर्व गभर्नर
नेपाल राष्ट्र बैंक


Rise your career with Sunrise...
SUNRISE EDUCATION LOAN
Features
Loan Tenure: Up to 8 years
Interest rate: Attractive Interest Rate
Loan Limit: Upto 6 Million
Eligible Courses: For study in Nepal & Abroad
*Conditions apply
सन्राइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED
RISING TO SERVE
www.sunrisebank.com.np
Corporate Office & Main Branch: Gairidhara Crossing, Kathmandu, Nepal.
Toll Free No.: 1660122444, Tel: 4004560, 4004561, 4004562, Fax: 977-1-4422475, Email: info@sunrisebank.com.np
Eastern Region: Ilam, Kakarvitta, Bhadrapur, Birtamod, Surunga, Biratchowk, Duhabi, Biratnagar, Dharan, Jhumka, Rajbiraj, Udayapur (Jaljale), Central Region: Bardibas, Gaur, Birgunj, Narayanghat, Kathmandu Valley: Gairidhara, Tinkune, Gabahal, Kalimati, Newroad, Jyatha, Putalisadak, Maharajgunj, Bhaktapur, Chabahil, Buddhanilkantha, Bouddha, Sankhamul, Gothatar, Gausala, Lagankhel, Taukhel, Luvu, Bhaisepati, Baniyatar, Kalanki, Pharping, Western, Mid-Western & Far-Western Region: Damauli, Dumre, Sunwal, Butwal, Bhairahawa, Besisahar, Sundar Bazar, Pokhara, Sukhad, Dhangadi, Dadeldhura, Mahendranagar, Nepalgunj

गभर्नर
Governor

# नेपाल राष्ट्र बैंक
# NEPAL RASTRA BANK

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
Central Office
Baluwatar, Kathmandu

## शुभ-कामना

नेपाल राष्ट्र बैंक कर्मचारी संघले आफ्नो स्थापनाको २४ वर्ष पूरा गरी २५ औं वर्ष प्रवेशको अवसर पारेर **नेपाल राष्ट्र बैंक कर्मचारी संघ रजत जयन्ती स्मारिका-२०७१** प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ ।

बहुदलीय प्रजातन्त्रको पुन: स्थापनासँगै क्रियाशील भएका कर्मचारी सङ्गठन र तिनका गतिविधिहरूले सार्वजनिक संस्थाका व्यवस्थापन सुधार र संस्थागत सुदृढीकरणमा प्रत्यक्ष तथा परोक्ष रूपले महत्वपूर्ण भूमिका खेलिरहेका छन् । सार्वजनिक संस्थाभित्र निर्णय प्रक्रियामा पारदर्शिता स्थापित गर्ने, छिटो छरितो कार्य सम्पादन गर्ने, व्यवस्थापनमा कमी कमजोरी भए त्यसमा सुधार गर्ने, वित्तीय अनुशासन पालना गराउने एवम् कर्मचारीको सामूहिक हकहित संरक्षणको लागि नीतिगत तथा कार्यगत सुधार गर्ने कार्यमा पनि कर्मचारी सङ्गठनहरुले आफ्नो भूमिका निर्वाह गरेको पाइन्छ । तथापि कतिपय अवस्थामा सार्वजनिक संस्थानमा कर्मचारी सङ्घ-सङ्गठनहरूबाट हुने अपरिपक्व क्रियाकलापले संस्थाको उत्पादकत्व, कार्यदक्षता, सेवा प्रवाह जस्ता पक्षमा नकारात्मक प्रभाव पर्ने गरेको तितो अनुभव पनि छ । यस्ता प्रवृत्तिलाई अन्त्य गर्दै संस्थामुखी र ग्राहकमैत्री ढङ्गले कर्मचारी सङ्घ सङ्गठन क्रियाशील हुनु अहिलेको आवश्यकता हो ।

नेपाल राष्ट्र बैंक कर्मचारी सङ्घले यस बैंकको जेठो सङ्गठनका नाताले बैंकको व्यवस्थापन र संस्थागत सुधार तथा कर्मचारीको हकहित प्रवर्द्धनमा महत्वपूर्ण योगदान गरेको छ भन्ने मलाई लाग्दछ । व्यवस्थापनलाई ट्रेड युनियनमैत्री बनाउने र ट्रेड युनियन गतिविधिलाई परिपक्व र जिम्मेवार तुल्याउने क्रममा यस संघले विगतमा उत्सर्ग समेत गरेको प्रसङ्गलाई यस अवसरमा म स्मरण गर्न चाहन्छु ।

उपर्युक्त सन्दर्भमा यस सङ्घले समसामयिक आर्थिक लेख, अनुभव, बुझाइ र यस सम्बन्धी संस्मरणात्मक अभिव्यक्तिहरू समेटेर प्रकाशित गर्न लागेको यो स्मारिका सरोकारवाला सबैका लागि उपयोगी एवम् प्रेरणादायी हुने विश्वासका साथ प्रकाशनको पूर्ण सफलताको कामना गर्दछु ।

(डा. युवराज खतिवडा)


जिन्दगीको एक
अमूल्य सपना
घर
सजिलो
घर कर्जा
www.machbank.com

# सम्पादकीय

नेपाल राष्ट्र बैंक कर्मचारी संघ स्थापनाको २५ औं वर्ष प्रवेश गरेको यस घडीमा संघले आफ्नो रजत वर्षलाई विभिन्न कार्यक्रमका साथ मनाउने क्रममाा एक वर्षभरिमा गरिने कार्यक्रमहरु संघको केन्द्रीय समितिबाट तय गरिएका थिए । जसअन्तर्गत संघको इतिहासलाई कोट्याई पछिल्लो पुस्तालाई हस्तान्तरण गर्ने सन्दर्भलाई आधार बनाएर संघको अतितका सम्झना, वर्तमानका गतिविधि तथा भावी सुझावहरुलाई संगाल्ने उद्देश्यका साथ संघको रजत जयन्ती स्मारिकाको रुपमा नेपाल राष्ट्र बैंक कर्मचारी संघको गतिविधि सहितको स्मरण छपाउने कार्य गरिएको छ । यसमा संघको गतिविधिमा लाग्दा भोगेका संस्मरण तथा संघले गरेका प्रमुख गतिविधिहरुलाई एकाकार गर्ने प्रयत्न गरिएको छ । यस घडीमा संघ सञ्चालन गर्ने सिलसिलामा आफ्नो ज्यान उत्सर्ग गर्ने स्व. बद्रीप्रसाद अधिकारी तथा स्व. हरिप्रसाद न्यौपाने प्रति हार्दिक श्रद्धासुमन ब्यक्त गर्न चाहन्छु । साथै संघको पहिलो चुनावपश्चात् ब्यवस्थापनको कोपभाजनको शीकार भई जागिरलाई तिलाञ्जलि दिनु हुने श्री तुलसीप्रसाद घिमिरे (अध्यक्ष, इलाम समिति) तथा अन्य तत्कालीन पदाधिकारी श्री दीपेन्द्रबहादुर क्षेत्री, श्री मोतिमान शाक्य, श्री चन्द्रमान मलेकु, श्री प्रेमप्रसाद पाण्डेय, श्री प्रमिला घिमिरे, श्री कल्याणबन्धु अर्याल, श्री बासुदेव अधिकारी, श्री रमण नेपाललाई यस घडीमा सम्झन चाहन्छु । साथै वहाँहरुबाट संघको लागि गरेको त्याग प्रति उच्च सम्मान प्रकट गर्दछु ।

इतिहासका कालखण्डलाई पछ्याउने तथा त्यसका लागि आफूले त्याग गर्ने र संघको विकासका लागि योगदान गर्ने संघका अग्रजहरु सदैव धन्यवादको पात्र हुनुहुन्छ । साथै ब्यवहारिक रुपमा संघलाई रसातलमा पुऱ्याउन खोज्ने तर सैद्धान्तिक रुपमा संघलाई माथि उठाएको छु पनि भन्ने संघका छेपारे अग्रजहरुलाई पनि यस घडीमा नसम्झने हो भने यो प्रवृत्ति इतिहासमा पनि थियो भन्ने जानकारी नरहने भएकोले त्यसलाई यहाँ समेट्न चाहन्छु ।

एउटा कालखण्डमा आफ्नो लाभका लागि नेतृत्वमा बसेर त्यसपछि संघलाई सत्तोसराप गर्दै इतर सङ्गठनमा लाग्नेहरुलाई समय सापेक्ष रुपमा सम्झनु खराब नहोला । संघभित्र बसेर लाभ आर्जन गर्ने, संघको शुभचिन्तक हूँ भन्ने तथा कुनै ब्यक्तिसँगको आफ्नो मनमुटावका कारण संघको छविलाई धुमिल पार्न खोज्ने प्रवृत्तिलाई पनि यहाँ उल्लेख गर्न चाहन्छु । "आफ्नो घर जलाएर खरानी खोज्ने" प्रवृत्ति पनि यदाकदा देखिएको सन्दर्भ पनि यहाँ सम्झन उचित ठान्दछु ।

लेख, रचना तथा शुभकामना सङ्कलन क्रममा हाम्रो आग्रहलाई स्वीकार गर्नुहुने हाम्रा अगजहरुप्रति आभार प्रकट गर्न चाहन्छु । साथै संघको शुभचिन्तक हूँ भन्ने तर संघप्रति शुभकामनाका दुई शब्द लेख्न समेत कञ्जुस्याई गर्नेहरुलाई पनि आफ्नो ब्यवहारले चिनाई दिनु भएकोमा धन्यवादका दिनचाहन्छु ।

संघको २५ औं वर्षको शुभारम्भमा सम्मानित हुनुहुने अग्रजहरु तथा आगामी दिनमा सम्मानित गरिने अग्रजहरु तथा कार्यालयगत रुपमा सम्मानित अग्रजहरु जसले संघलाई अगाध माया गर्नुभयो वहाँहरुलाई सलाम गर्न चाहन्छु । साथै २५ औं वर्ष प्रवेशको उद्घाटन गर्नुभएमा ने.क.पा. (एमाले)का तत्कालीन अध्यक्ष क. झलनाथ खनाल तथा वर्षभरिका कार्यक्रमहरुमा सक्रिय सहभागिता जनाउनु हुने संघका शुभेच्छुक तथा

शाखा संघका पदाधिकारीहरुलाई समेत यहाँ स्मरण गर्दछु ।

यो आफैमा संस्मरणहरुको संगालो भएको तथा केही दस्तावेजहरुको सङग्रहसमेत भएकोले यसले सबै राम्रा नराम्रा पक्षहरुलाई समेट्न सकेको नहुन सक्दछ । जे जति स्रोत प्राप्त भए त्यसलाई पनियहाँ सङ्क्षिप्त रुपममा समेटिएको छ । विशेषगरी २०४८ को कर्मचारी निर्वाचन पछिका पदाधिकारीहरु, वि.सं. २०५१ पछि तथा २०५५ को प्रथम महाधिवेशन र तत्पश्चात् भए गरेका गतिविधिलाई यसमा समेटिएको छ । यसमा पनि छनोटमा परेका मुख्य गतिविधिलाई यहाँ समेट्न खोजिएकोले समग्र विषयवस्तु समेट्न सकिएको छैन । यसक्रममा कहीँ कतै कमी कमजोरी भएमा विज्ञ पाठकबाट सल्लाह र सुझावको अपेक्षा गर्दछु ।

यस प्रकाशनलाई मूर्त रूप दिने क्रममा शुभकामना प्रदान गर्नहुने नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष क., के.पी. शर्मा ओलीज्यू, संस्थापक गभर्नर, श्री हिमालय समशेर जबराज्यू तथा वर्तमान गभर्नर, डा. युवराज खतिवडाप्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु । लेख उपलब्ध गराउनु हुने अग्रजहरु, प्रकाशन गर्न प्रेरित गर्ने महानुभावहरु, विज्ञापन उपलब्ध गराउने विज्ञापनदाताहरु, लेख सङ्कलनमा सहयोग गर्ने मित्रहरु, विज्ञापन सङ्कलनमा सहयोग गर्ने सहयोद्धाहरु, मुद्रणका लागि टाइप सेटिङ गर्ने मित्र अमरत्न बज्राचार्य, कभर डिजाइन तथा छपाई गर्ने प्रेस धन्यवादका पात्र हुन् । यसका साथै यो प्रकाशन गर्ने क्रममा मेरो संयोजकत्वमा बनेको समूहका सम्पूर्ण सदस्य मित्रहरु विशेष धन्यवादका पात्र हुनुहुन्छ । अझ विशेष धन्यवाद ती अग्रजहरुलाई जसले यस संघलाई आफ्नो न्यानो काख दिएर हुर्काउनु भई हामीलाई सुम्पनु भएको थियो ।

अन्त्यमा, "कर्म गर्ने फलको आश नगर्ने" मित्रहरुलाई पुनः विशेष धन्यवाद । साथै संघमा लागेर लाभ हासिल गर्ने "खोलो तरेर लौरी बिर्सने" मित्रहरुलाई पनि धन्यवाद ! किनकी जसले गर्दा हामीलाई त्यस्तो गतिविधिमा लाग्दा अरूले पनि सोही अनुसारको मूल्याङ्कन गर्दा रहेछन् भन्ने पाठ पढ्न पाएकोमा । त्यसरी नै धन्यवाद, जो संघले सम्मान गर्न योग्य रहँदा रहँदै छुटेकोमा, कुनै तुष बाँकी नराखी निरन्तर यस संस्थाको प्रगति चाहने मित्रहरुलाई । साथै विशेष धन्यवाद देशमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र ल्याउन नेतृत्व गर्ने योद्धाहरुलाई । यस क्रममा सहादत प्राप्त गर्ने सम्पूर्ण शहीदहरु तथा नेपाल राष्ट्र बैंक कर्मचारी संघका शहीद स्व. बद्रीप्रसाद अधिकारी प्रति विशेष हार्दिक श्रद्धाञ्जली ।

अस्तु ।

*प्रधान सम्पादक*

# विषय सूची


| क्रम सं. | शीर्षक | लेखक | पेज |
|---|---|---|---|
| १. | कर्मचारी संघको तर्फबाट | बसन्तराज पाण्डे | १ |
| २. | स्वेत आतङ्कबीच हुर्केको कर्मचारी संघ...... | दीपेन्द्रबहादुर क्षेत्री | ११ |
| ३. | नेपाल राष्ट्र बैंक कर्मचारी संघ, संस्थापन, ............... | प्रेमप्रसाद पाण्डेय | १९ |
| ४. | कर्मचारी संघ मेरो संस्मरण | प्रमिला घिमिरे | २७ |
| ५. | कर्मचारी संघ स्थापनाको सङ्घर्ष : एक विश्लेषण | मदनकाजी श्रेष्ठ | ३३ |
| ६. | ओफेल पर्न नसकेका केही स्मृतिहरू | केशव थापा | ३७ |
| ७. | संस्थागत सुधार र कर्मचारी हक हितको सन्दर्भमा ....... | चिन्तामणि शिवाकोटी | ४५ |
| ८. | नेपाल राष्ट्र बैंकमा बटुलेका अनुभवहरू | तुलसी घिमिरे 'पुष्प' | ५९ |
| ९. | जागीरे जीवनको आरोहयुक्त पूर्वार्द्ध | वासुदेव अधिकारी | ६३ |
| १०. | कर्मचारी आन्दोलन, खुल्लामञ्चको संङ्घर्ष, ....... | रमण नेपाल | ७३ |
| ११. | अतितका सम्झना | तीर्थराज खरेल | ८५ |
| १२. | नेपाल राष्ट्र बैंक कर्मचारी संघ : केही सम्झना | केशव आचार्य | ९७ |
| १३. | कर्मचारीको रूपमा सङ्गठित कर्मचारी समूहसँगका...... | तुलसीप्रसाद उप्रेती | १०३ |
| १४. | Managerial Journey | अश्विनीकुमार ठाकुर | १०७ |
| १५. | कर्मचारी युनियनको बदलिंदो रूप | डा.मीनबहादुर श्रेष्ठ | ११३ |
| १६. | नेपाल राष्ट्र बैंकमा मेरा ३० वर्षः केही सम्झनाहरू | शिवादेवी काफ्ले | ११९ |
| १७. | सम्भावनाहरू संस्मरण बन्दैगर्दा | बिन्दिया प्रधान | १२५ |
| १८. | नेपाल राष्ट्र बैंक कर्मचारी संघमा छँदाको सम्झना | डिकबहादुर विश्वकर्मा | १३१ |
| १९. | नेपाल राष्ट्र बैंक, म र कर्मचारी संघ | शेखरप्रसाद नेउपाने | १३५ |
| २०. | कर्मचारी संघमा मेरो अनुभव | कर्णबहादुर जप्रेल | १३९ |
| २१. | नेपाल राष्ट्र बैंकलाई फर्केर हेर्दा | मेघराज श्रेष्ठ | १४१ |
| २२. | कर्मचारी संघतिर फर्केर हेर्दा | रामचन्द्र दाहाल | १४५ |
| २३. | कर्मचारी एकता र कर्मचारी संघ | नन्दकिशोर शर्मा | १५१ |
| २४. | कर्मचारी संघ स्थापनाको पृष्ठभूमिमा : विराटनगर | रामप्रसाद ढकाल | १५३ |

# दस्ताबेजहरू



| क्रम सं. | मिति | विषय | पेज |
|---|---|---|---|
| १. | २०४७/०५/३१ | मागपत्र | १५५ |
| २. | २०४७/०९/११ | व्यवस्थापन र संघबीच भएको सम्झौतापत्र | १५९ |
| ३. | २०४८/०३/१२ | गभर्नर कार्यालयको जानकारी पत्र | १६० |
| ४. | २०४८/०५/०२ | चिन्तामणि सिवाकोटीलाई नसिहत दिएको पत्र | १६३ |
| ५. | २०४८/०५/१४ | निलम्बन गरिएको पत्र | १६४ |
| ६. | २०४८/०५/२४ | तत्कालीन सांसदहरूलाई दिएको ज्ञापनपत्र | १६५ |
| ७. | २०५१/०५/०१ | कर्मचारी संघको अनुरोध | १६७ |
| ८. | २०५१/०५/२६ | संघद्वारा पेश गरिएको मागपत्र | १६९ |
| ९. | २०५२/०२/२१ | व्यवस्थापनसँग भएको सम्झौता बारेमा अपिल | १७५ |
| १०. | २०५२/०४/१६ | केन्द्रीय समितिको अपिल | १७८ |
| ११. | २०५२/०७/१९ | केन्द्रीय समितिको विज्ञप्ति | १७९ |
| १२. | २०५२/०९/१८ | उच्च व्यवस्थापन समक्ष प्रस्तुत ज्ञापनपत्र | १८० |
| १३. | २०५३/०२/२० | दोस्रो राष्ट्रिय भेलाद्वारा पारित प्रस्तावहरू | १८५ |
| १४. | २०५३/०३/३१ | निर्वाचन सहभागिताको अपिल | १९० |
| १५. | २०५३/११/२२ | संघ र व्यवस्थापनबीच भएको सम्झौता | १९६ |
| १६. | २०५६/०७/१० | संघ र व्यवस्थापनबीच भएको सम्झौता | १९८ |
| १७. | २०५७/०५/०१ | संघ र व्यवस्थापनबीच भएको सम्झौता | १९९ |
| १८. | २०६०/०३/१० | उच्च व्यवस्थापन समक्ष प्रस्तुत ध्यानाकर्षणपत्र | २०० |
| १९. | २०६१/०९/२३ | संघ र व्यवस्थापनबीच भएको सम्झौता | २०३ |
| २०. | २०६३/०१/२७ | संघ र व्यवस्थापनबीच भएको सम्झौता | २०४ |
| २१. | २०६३/०५/२६ | संघ र व्यवस्थापनबीच भएको सम्झौता | २०६ |
| २२. | २०६३/०९/२८ | जनशक्ति व्यवस्थापन विभागद्वारा सम्बोधित ज्ञापनपत्र | २०८ |
| २३. | २०६४/०२/१८ | संघ र व्यवस्थापनबीच भएको सम्झौता | २११ |
| २४. | २०६७/१२/२५ | व्यवस्थापनद्वारा वार्ताका लागि लेखिएको पत्र | २१३ |
| २५. | २०६७/१२/३० | संघ र व्यवस्थापनबीच भएको सम्झौता | २१४ |
| २६. | २०७०/०१/३० | संघ र व्यवस्थापनबीच भएको सम्झौता | २१८ |
| २७. | २०७१/०९/२३ | व्यवस्थापन समक्ष प्रस्तुत ध्यानाकर्षण | २२१ |

# कर्मचारी संघको तर्फबाट

✍ **बसन्तराज पाण्डे ***

नेपाल राष्ट्र बैंक कर्मचारी संघले स्थापनाको २४ वर्ष पूरा गरी २५ औं वर्ष अर्थात् रजत वर्षमा प्रवेश गरेको छ। इतिहासको कठोर कालखण्डका थुप्रै आरोह अवरोह पार गर्दै भरोसायोग्य पेशागत सङ्गठनको रूपमा आफूलाई उभ्याउन संघ सफल भएको छ । यस संघलाई यस स्थानसम्म पुऱ्याउन विभिन्न कालखण्डमा अतुलनीय योगदान पुऱ्याउनुहुने अग्रजहरूप्रति उच्च आदर र सम्मान प्रकट गर्दछु। साथै, इतिहासको कठिन क्षणमा पेशागत हकहित र संस्थागत सुशासनका खातिर सङ्घर्ष गर्दागर्दै शहादत प्राप्त गर्नुहुने कर्मचारी शहीद स्व.बद्रीप्रसाद अधिकारीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

२०४४ सालमा नेपाल राष्ट्र बैंकमा सहायक द्वितीय पदको विज्ञापन खुल्नु र एकजना साथीको आग्रहमा जबरजस्त त्यसमा दर्खास्त दिनु मेरो राष्ट्र बैंक प्रवेशको संयोग थियो । किनकि त्यस समयमा म गणितको शिक्षकको रूपमा घरमा ट्युसन सेन्टर सञ्चालन गरेर राम्रै आम्दानी गर्दै सके भविष्यमा सफल इञ्जिनीयर नसके राम्रो शिक्षक बन्ने मेरो चाहना पालेर बसेको थिएँ। सँगै फाराम भरेर सँगै परीक्षामा परिन्छ र गणितमा सहयोग हुन्छ भन्ने ती साथीको योजनाअनुसार मलाई ज्यादै आग्रह गरेका रहेछन् । तर, परीक्षा केन्द्र नै फरक पऱ्यो । ती साथी असफल भए तर मचाहिँ परीक्षामा उत्तीर्ण भएको भन्ने कुरा धेरै दिनपछि छिमेकीले गोरखापत्रमा नाम निस्केको सूचना दिएपछि मात्र जानकारी पाएँ। जागीर खाने कि नखाने ? भन्ने द्विविधाकैबीच अन्तर्वार्तामा सहभागी भइयो र अन्तर्वार्तामा पनि उत्तीर्ण भएँ। २०४५ साल बैशाख २० गते तत्कालीन नेपाल राष्ट्र बैंक कर्मचारी प्रशासन विभागको एउटा पत्र लिएर बैंकिङ्ग कार्यालयमा केही समय पारिश्रमिकमा काम गर्न खटाइयो। यसै सिलसिलामा २०४५ साल जेठ २ गते हामी सबैलाई स्थायी नियुक्ति दिइयो।

२०४६ साल फाल्गुन ७ गते निरङ्कुश पञ्चायती व्यवस्थाको पतनका दिनगन्ती सुरू भइरहेको थियो । यसै सिलसिलामा २०४६ साल फाल्गुन ७ गते प्रजातन्त्र दिवसको दिन सबै राष्ट्रसेवक कर्मचारीहरूलाई दशरथ रंगशालामा हाजिर गराउने उर्दी तत्कालीन शासकले जारीगरेका थिए।

**अध्यक्ष, नेपाल राष्ट्र बैंक कर्मचारी संघ*

तर, हामीजस्ता धेरै साथीहरू सरकारी ऱ्यालीमा नगएर पञ्चायत विरोधी दलहरूको जुलुसमा सहभागी भयौं। उक्तदिन ठाउँठाउँमा सरकारी जुलुस र पञ्चायत विरोधी जुलुसको भिडन्त भयो। दिन प्रतिदिन आन्दोलन विकसित हुँदै गयो र २०४६ साल चैत २४ गते उत्कर्षमा पुग्यो । सोही दिन केही कार्यालयका राष्ट्रसेवक कर्मचारी साथीहरूले काम छाडेर कार्यालय परिसरभित्र विरोध प्रदर्शनमा उत्रिए। यसै सिलसिलामा नेपाल राष्ट्र बैंकका कर्मचारी पनि सोही दिन कलमबन्द कार्यक्रम गर्दै काम छाडेर कार्यालय परिसरमा विरोध प्रदर्शनमा उत्रिए। २०४६ सालको आन्दोलनपश्चात् मुलुकमा बहुदलीय प्रजातन्त्रको पुनरस्थापना सँगसँगै सोही जनआन्दोलनको गर्भबाट उक्त आन्दोलनका सहभागी असङ्गठित शक्तिलाई सङ्गठित शक्तिमा परिणत गर्दै २०४७ साल बैशाख १४ गते सम्पूर्ण कर्मचारीलाई एउटै पेशागत सङ्गठनमा सङ्गठित गर्नेगरी 'नेपाल राष्ट्र बैंक कर्मचारी संघ' को नाममा विधिवतरूपमा पहिलो पेशागत सङ्गठनको स्थापना भयो।

यस संघ आज स्थापनाको २५औं वर्ष पूरा गर्दैगर्दा थुप्रै आरोह अवरोह तथा सङ्कटका आँधीवेहरी पार गर्दै आम कर्मचारीहरूको भरोसायोग्य पेशागत सङ्गठनको रूपमा स्थापित हुन सफल हुनु नै हाम्रा लागि गौरवको विषय हो । कर्मचारी संघको विगत र वर्तमानलाई समीक्षात्मकरूपले विश्लेषण गर्दा खास गरेर चार खण्डमा विभाजन गरेर विवेचना गर्नु युक्तिसङ्गत देखिन्छ।

**स्थापनाको प्रथमचरण (२०४७ – २०४८)**

२०४६ सालको ऐतिहासिक जनआन्दोलनको गर्भबाट नेपाल राष्ट्र बैंक कर्मचारी संघको स्थापना भयो। स्थापनाको प्रथम चरणमा आमकर्मचारीहरूमा एकप्रकारको उत्साह थियो। सबै विचारधारा अँगालेका सबै आस्थाका कर्मचारीहरू एउटै संघमा सङ्गठित हुने अडानका साथ २०४६ साल बैशाख १४ गते नेपाल राष्ट्र बैंक कर्मचारी संघको स्थापना भयो। पेशागत सङ्गठन स्थापनापछि राष्ट्रिय निर्देशन ऐनअनुसार काठमाडौं जिल्ला प्रशासन कार्यालयमा दर्ता भई यो संघ नेपाल राष्ट्र बैंकमा क्रियाशील हुँदै आयो । कर्मचारीको सेवा सुविधामा पुनरावलोकन र संस्थाभित्र भाङ्गिएको विकृति विसङ्गतिका

विरूद्ध आवाज उठाउने काममा त्यस समयमा संघले अग्रणी भूमिका निर्वाह गऱ्यो । तत्कालीन व्यवस्थापनको रवैया तथा उनीहरूको भ्रष्ट क्रियाकलापका कारण कर्मचारी संघको उपस्थिति र गतिविधिले उनीहरू बढी त्रसित थिए । २०४८ सालमा कर्मचारी संघको निर्वाचन भयो।

उक्त निर्वाचनमा प्रजातान्त्रिक समूहको नेतृत्व रेवतबहादुर कार्कीले गरेका थिए र प्रगतिशील समूहको नेतृत्व दीपेन्द्रबहादुर क्षेत्रीले गरेका थिए। सो निर्वाचनमा दीपेन्द्रबहादुर क्षेत्रीको समूह झण्डै तीन गुणा बढी मतले विजयी भयो । सोही निर्वाचनको समयमा बैंकका तत्कालीन भ्रष्ट व्यवस्थापन र उच्च पदस्थ केही कर्मचारीले उक्त विजयलाई पचाउन सकेका थिएनन्। कर्मचारी संघका निष्कलङ्कित र जुझारू नेतृत्व टिमको गतिविधिबाट उनीहरू ज्यादै आक्रोसित थिए । यसै सिलसिलामा कर्मचारी संघको नेतृत्वलाई उपत्यका बाहिरका विभिन्न कार्यालयमा सरूवा गरियो । उक्त सरूवा रद्द गर्न माग गर्दा कपोकल्पित र भ्रामक आरोप लगाई जागीरबाटै हटाउने काम भयो । हामी सबैलाई अघोषित रूपमा नजरबन्द गरियो । कर्मचारीलाई कुनै पनि पत्रपत्रिका पढ्ने, भेला हुने, दुईजनाभन्दा बढी कर्मचारी एक ठाउँमा बस्न नपाउने र कर्मचारी संघको नाममा कुनै पनि गतिविधि गर्न नपाउने गरी प्रतिबन्ध लगाइयो । यस्तो जटिल परिस्थितिमा पनि एउटा ठूलो पङ्क्ति कर्मचारी संघको झण्डामुनी गोलबन्द भई नै रहे । झण्डै तीनवर्ष तत्कालीन व्यवस्थापनले कर्मचारी संघमाथि प्रतिबन्ध लगायो। यसकारण पहिलो चरणमा खासै काम हुन सकेन। आज आएर त्यस घटनाको सिंहावलोकन गर्दा कर्मचारी संघद्वारा त्यस कालखण्डमा उठान गरिएका पेशागत र संस्थासुधारसम्बन्धी माग अत्यन्त सान्दर्भिक थिए । तर, उक्त समयमा आन्दोलन सञ्चालन गर्दा वा अन्य गतिविधि गर्दा कतै ठोस परिस्थितिको ठोस विश्लेषण, आत्मगत र वस्तुगत आधारको ठोस विश्लेषण र शक्ति सन्तुलनको एकीन तथा भ्रष्ट व्यवस्थापनको षड्यन्त्रको बारेमा सचेत हुने सवालमा हामी कतै चुक्यौं कि ? आन्दोलन उठान गर्नु एउटा पक्ष हो, तर आन्दोलनको व्यवस्थापन र आन्दोलनलाई सङ्गठनले परिलक्षित गरेका उद्देश्य हासिल गर्नेगरी उपलब्धीका साथ आन्दोलनको अवतरण गर्नसक्नु अर्को महत्त्वपूर्ण पक्ष हो । तर, बैरीहरूले कथित शिशु–प्रजातन्त्रका नाममा हाम्रो आन्दोलनको ज्योति निभाउने दुस्साहस गरे । अनि सुरू भयो नेपाल राष्ट्र बैंकभित्र शिशु–प्रजातन्त्रको नाममा निरङ्कुश युग।

**दोस्रो चरण (२०५१ – २०५५)**

मिति २०५० सालमा सर्वोच्च अदालतको फैसला अनुसार कारबाहीमा परेका साथीहरू पुनरवहाली भएर आउनुभयो । सो पश्चात् २०५१ मा ट्रेड युनियन ऐन, २०४९ अनुसार एउटा प्रतिष्ठानस्तरको ट्रेड युनियनकोरूपमा श्रम कार्यालयमा दर्ता भयो । यस संघको तत्कालीन विधानअनुसार २०५३ सालमा दोस्रो निर्वाचन सम्पन्न भयो । यस कालखण्डमा कर्मचारीले गुमाएका विभिन्न सुविधाहरू पुनरस्थापना गर्न संघ सफल भयो । हरिशङ्कर त्रिपाठी गभर्नर र महेश आचार्य अर्थमन्त्री हुँदा त्यतिखेर कर्मचारी संघ प्रतिबन्धित थियो। सोही अवधिमा सम्पूर्ण भत्ता तथा सुविधाहरू खारेज गरिएको थियो । यस अवधिमा ती सबै भत्ता सुविधा तथा नयाँ सुविधा अभिवृद्धि गर्ने काममा संघको त्यस नेतृत्वले अहम् भूमिका खेलेको विषयमा कसैको दुईमत छैन । तर, साङ्गठनिक र अन्य गतिविधि सञ्चालन गर्ने सवालमा सङ्गठनले खास गति लिनसकेको देखिँदैन।

**तेस्रो चरण (२०५५ साल माघदेखि २०६२ साल असारसम्म)**

समयको गतिसँगै मानव चेतनाको पनि विकास हुन्छ । समयको माग र परिस्थितिमा आएको परिवर्तनअनुसार सङ्गठनको ढाँचामा पुनरावलोकन गर्दै अगाडि बढ्नु समयको माग थियो र यसै सिलसिलामा २०५५ सालको प्रथम महाधिवेशनले संघको विधान र सङ्गठनात्मक संरचनामा व्यापक परिवर्तन गऱ्यो। पहिलो महाधिवेशनले संघलाई नयाँ सोच र दृष्टिकोणका साथ अगाडि बढ्न निर्देशित गऱ्यो। हामीले आफ्नो दृष्टिकोण र कार्यशैलीमा व्यापक परिवर्तन गऱ्यौं । महाधिवेशन सम्पन्नपश्चात् नै नेतृत्वको दुईटोली बनाएर शाखा भ्रमणको कार्ययोजना निर्माण गरी शाखा भ्रणम गऱ्यो । शाखा भ्रमणमा व्यापक कर्मचारीको सहभागितामा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरी सङ्गठनलाई नयाँ ढङ्गले सञ्चालन गर्न प्रशिक्षित गर्नुको साथै नेतृत्व र आमकर्मचारीबीचको अन्तरसम्बन्धलाई कसिलो बनाउने काम भयो। सम्पूर्ण कर्मचारीको राय सुझाव सङ्कलन गरी २०५६ साल भदौ २८ गतेदेखि सुरू गरिएको कर्मचारी आन्दोलन विभिन्न छ चरण पार गर्दै २०५६ कार्तिक १० गते राति पौने बाह्रबजे उच्च व्यवस्थापनसँगको सम्झौतामा स्थगित गरियो । करीब डेढ महिनासम्म लम्बिएको उक्त आन्दोलनलाई आम हड्तालको चरणसम्म सञ्चालन गर्नुपरेको थियो। सम्पूर्ण काम ठप्प पारेर सबै कर्मचारी संघको नेतृत्वमा मैदान उत्रिएर नारा जुलुसको कार्यक्रम गरियो। सोही दबाबका

कारण संघ र व्यवस्थापनको बीचमा विभिन्न चरणमा वार्ता भई सम्भौता भयो। उक्त आन्दोलनमार्फत् आमकर्मचारीको समस्या सम्बोधन गर्न व्यवस्थापनलाई बाध्यपार्ने काम भयो। एकातिर आर्थिक, संस्था सुधार र वृत्तिविकाससम्बन्धी माग पूरा गराउन संघ सफल भयो भने अर्कोतर्फ उक्त आन्दोलनमार्फत् संघको साख अभिवृद्धि हुनुको साथै नेतृत्व स्थापित हुन अवसर प्राप्त भयो। यसै अवधिमा संघले आफ्नो दोस्रो र तेस्रो महाधिवेशन सम्पन्न गर्न सफल भयो। संघले आफ्नो स्थापनाकालदेखि नै उठाउँदै आएको केन्द्रीय बैंकको स्वायत्तताको सम्बन्धमा कार्यशाला गोष्ठी सञ्चालन गरेर युगको मागअनुसार र समग्र वित्तीय प्रणालीमा देखिएको चुनौती सामना गर्नसक्ने सबल केन्द्रीय बैंक निर्माणका निम्ति केन्द्रीय बैंकलाई अधिकारसम्पन्न र सरकारी हस्तक्षेपबाट मुक्त गर्नुपर्दछ भन्ने मान्यतालाई व्यापक बनाउने काममा सफल भयो।

उक्त गोष्ठीमार्फत् सरोकारवालाहरूको ध्यानाकृष्ट गर्न सकियो, जसका कारण २०५८ सालमा नेपाल राष्ट्र बैंक ऐन संशोधन भयो र उक्त ऐनले नेपाल राष्ट्र बैंकलाई अधिकार सम्पन्न बनाउनुको साथै केन्द्रीय बैंकको स्वायत्तताको सम्बन्धमा सम्बोधन गर्ने काम भयो। त्यति ठूलो विषयलाई हामीले उठाएर राज्यका विभिन्न निकाय तथा संसद्मा समेत लविङ् गरेर स्वायत्त केन्द्रीय बैंक निर्माण गर्नपाउनु कर्मचारी संघको निम्ति एउटा गौरवको विषय थियो। यसपश्चात् अधिकार पाएर मात्र हुँदैन अधिकारलाई प्रभावकारी रूपले कार्यान्वयन गर्नसक्नु पर्दछ भन्ने मान्यताका साथ कर्मचारी संघले केन्द्रीय बैंकको व्यावहारिक स्वायत्तताको नारालाई अगाडि बढायो। यस अवधिमा विभिन्न चरणमा आन्दोलन र सामूहिक सौदाबाजीको प्रक्रियामार्फत् आमकर्मचारीको सुविधामा उल्लेख्यरूपमा अभिवृद्धि गर्न संघ सफल भयो। वित्तीय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत नेपाल राष्ट्र बैंकको पुनरसंरचना कार्यक्रम लागू भयो। सो सम्बन्धमा यस संघले "विकृति, विसङ्गतिमुक्त सबल, सक्षम तथा गतिशील र प्रभावकारी आधुनिक केन्द्रीय बैंक निर्माण हाम्रो अभियान" भन्ने नारा तर्जुमा गर्‍यो र बैंक आधुनिकीकरणको सम्बन्धमा ठोस दृष्टिकोण तथा अवधारणा तय गरी व्यवस्थापनलाई दिशानिर्देश गर्ने कार्यमा संघले उल्लेखनीय भूमिका निर्वाह गर्‍यो। यस चरणमा कर्मचारी संघको साङ्गठनिक विस्तार र विकासमा उल्लेखनीय कार्यगर्न संघ सफल भयो। एउटा पेशागत सङ्गठनलाई सैद्धान्तिक तथा वैचारिक ढङ्गले परिस्कृत गर्दै सबल ट्रेड युनियनको रूपमा विकास गर्न देशभरिका संघमा सङ्गठित आमसदस्यहरूलाई विभिन्न चरणमा नेतृत्व विकास, ट्रेड युनियन आन्दोलनको उत्पत्ति र विकास, युनियन व्यवस्थापन, सामूहिक सौदाबाजी र समयसामयिक विषयमा प्रशिक्षित गर्ने काम सम्पन्न गरियो। जसका कारण सङ्गठन वैचारिकरूपले विकसित हुनको साथै सङ्गठन थप सुदृढ हुनगयो। साँच्चै भन्ने हो भने यस कालखण्डमा कर्मचारी संघको विकासमा एउटा स्वर्णयुग नै थियो भन्ने विषयमा कसैको दुईमत छैन। बैंकको स्वर्ण महोत्सवमा नेपाल राष्ट्र बैंक कर्मचारी संघले सञ्चालन गरेको अतिरिक्त क्रियाकलाप, विचार गोष्ठी तथा विभिन्न खेलकुद प्रतियोगिताका कारण कर्मचारी संघको साख अभै माथि उठ्न सहयोग पुग्यो। कर्मचारी संघले यस अवधिमा थुप्रै दबाबमूलक विरोध कार्यक्रम सञ्चालन गर्‍यो र उक्त आन्दोलनबाट केही न केही उपलब्धी हासिल गरेरै छाड्यो। यस संघले सञ्चालन गरेको आन्दोलनमध्ये २०६१ कार्तिक १९ गतेदेखि सञ्चालित दबाबमूलक विरोध कार्यक्रमको चर्चा नगरी आन्दोलनको इतिहास अपूर्ण हुन्छ। यो आन्दोलन पेशागत आन्दोलनको इतिहासमा नै सबैभन्दा लामो आन्दोलन थियो। उक्त आन्दोलन ६३ दिनसम्म लम्बिएको थियो। ६२ दिनसम्म गभर्नर तथा डेपुटी गभर्नरको कार्यालय घेराउ गर्दा पनि व्यवस्थापनले समस्या समाधान गर्नुको साटो हामीलाई थर्काउने रणनीति अवलम्बन गरेको हुँदा गभर्नर र डेपुटी गभर्नरको कार्यकक्षमा चर्को नाराबाजी सुरू गरेपश्चात् ६३ औं दिनमा व्यवस्थापन र संघको बीचमा वार्ताद्वारा समस्या समाधान गरियो। २०६१ साल पुष २३ गते संघ र व्यवस्थापनबीच भएको सम्भौताअनुसार पाँच प्रतिशत ग्रेड, औषधि सुविधा तथा विभिन्न भत्ता सुविधा वृद्धि भयो। पाँच प्रतिशत ग्रेड रकम कायम गराउनु नै त्यो आन्दोलनको ठूलो उपलब्धी थियो, जसको असर समग्र सुविधामा पर्नुका साथै सुरू तलब स्केल जति वृद्धि हुन्छ त्यसको डेढी रकम अन्तिम स्केलमा वृद्धि हुन्छ। जसका कारण पेन्सन, औषधि सुविधा र सुरक्षण कोषमा ठूलो असर पर्दछ। आजसम्म पनि यस प्रकारको ग्रेड रकम अन्य कुनै पनि संस्थामा छैन। यसरी यस कालखण्डमा प्रत्येक आन्दोलनबाट प्राप्त उपलब्धीलाई संस्थागत गर्दै थप उपलब्धीका निम्ति अगाडि बढ्ने रणनीतिका साथ संघ अगाडि बढी नै रह्यो।

### चौथो चरण (२०६२ साल असारदेखि २०७१ सालसम्म)

२०६१ साल माघ१९ गते नेपालको इतिहासमा कालो दिनको रूपमा लिइन्छ। माघ १९ गते बिहान एकातिर मन्त्रिपरिषद्को बैठकले तत्कालीन डेपुटी गभर्नर विजयनाथ भट्टराईलाई नेपाल

राष्ट्र बैंकको १३ औं गभर्नरको रूपमा नियुक्ति गर्ने निर्णय गरेको थियो भने अर्कोतर्फ तत्कालीन राजा ज्ञानेन्द्रले सैनिक 'कु' को तयारी गर्दै गरेको सूचना सूक्ष्म ढङ्गले फैलिँदै थियो। सोही दिन २०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट प्राप्त प्रजातान्त्रिक हक अधिकारमा प्रतिबन्ध लगाउँदै सैनिक 'कु'मार्फत् सिङ्गो मुलुकलाई बन्दीगृहमा परिणत गरियो। सबै कर्मचारीहरू एकदम त्रसित मुद्रामा देखिन्थे भने कतिपय मानिसहरू अब के हुन्छ ? भन्दै एक आपसमा कुरा गर्दै थिए। तर हामीहरू कर्मचारी संघको कार्यालय खोलेर निर्धक्कसँग आफ्नो गतिविधि सञ्चालन गऱ्यौं। सबै शाखा तथा मुख्य शाखा समितिका नेतृत्वमा रहेका साथीहरूलाई सम्पर्क गरेर निर्धक्कसँग आफ्नो गतिविधि गर्न निर्देशन दियौं। मुलुकमा सङ्कटकाल लागू भयो र कुनै पनि भेला बैठक गर्न नपाउने निर्देशन जारी भयो। सिङ्गो मुलुक बन्दीगृहमा परिणत भयो। यस्तो जटिल परिस्थितिमा नवनियुक्त गभर्नरले आफ्नो पदभार ग्रहण गरे। केन्द्रीय कमिटीका केही साथीहरूसँग निवर्तमान गभर्नरको बिदाइ र नवनियुक्त गभर्नरको स्वागत कार्यक्रमको बारेमा छलफल गरियो। तर केही साथीहरू कतै प्रशासनले हस्तक्षेप गर्छ कि भनेर डराउनु भयो। यसै सिलसिलामा नवनियुक्त गभर्नरलाई स्वागतको बारेमा प्रस्ताव गर्नासाथ सहमति जनाउनुभयो। सङ्कटकाल लागेको चौथो दिनमा हिम्मतका साथ जोखिम मोल्दै बैंकर्स क्लबको हलमा आमसञ्चार माध्यमको बीचमा भव्य कार्यक्रम सम्पन्न गर्न संघ सफल भयो। यस कार्यक्रमको बारेमा धेरैतिरबाट जिज्ञासा र बधाई प्राप्त भयो। यस्तो सङ्कटपूर्ण घडीमा पनि कर्मचारी संघले आफ्नो गतिविधि तीव्रताका साथ अगाडि बढाइरह्यो।

यस अवधिमा नेपाल राष्ट्र बैंक आफ्नो स्थापनाको ५० औं वर्षमा प्रवेश गऱ्यो। बैंकको स्वर्ण महोत्सवमा कर्मचारी संघले प्रभावकारी उपस्थिति जनायो। २०६२ साल वैशाख १४ गते बैंकको स्वर्ण वर्षको उपलक्ष्यमा आयोजित कार्यक्रममा संघले आफ्नो धारणा तथा दृष्टिकोण रोचक ढङ्गले प्रस्तुत गऱ्यो। संघले विभिन्न खेलकुद प्रतियोगिता, गोष्ठी तथा विभिन्न प्रकारका रचनात्मक क्रियाकलापमा योगदान पुऱ्याएबापत प्रशंसा पत्रद्वारा बैंक व्यवस्थापनले संघलाई सम्मानित गऱ्यो। यसरी सङ्कटकालमा अन्य गतिविधि सञ्चालन गर्न कठिन भइरहेको समयमा राष्ट्र बैंकको स्वर्ण उत्सवको व्यानरमा संघले चतुऱ्याईंपूर्ण ढङ्गले आफ्ना गतिविधिलाई तीव्रताका साथ अगाडि बढायो। सङ्कटकाल अलि खुकुलो भएको अवसर पारेर संघले आफ्नो चौथो केन्द्रीय महाधिवेशन यही समयमा सम्पन्न गऱ्यो। यसरी २०६२ साल चैत २४ गते, जुन दिनदेखि नेपालमा निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्र प्राप्तिको आन्दोलन सुरु भयो, उक्त आन्दोलन सफल पार्न सम्पूर्ण पेशाकर्मीहरू आन्दोलनमा उत्रनु पर्ने सात दलको प्रमुख नेताले हस्ताक्षर गरेर पत्रमार्फत् निर्देशन जारी गरेका थिए। आमहडताल कसरी सफल पार्ने, केन्द्रीय बैंकको ढुकुटी बन्द गरेर समग्र बैंकिङ्ग कारोबार कसरी ठप्प पार्ने भन्ने विषयमा गोप्य ढङ्गले योजना बनायौं। २०६२ साल चैत २४ गते थापाथलीस्थित बैंकिङ्ग कार्यालयको मूलचोकमा १० बजे सबै कर्मचारीलाई जम्मा पार्ने र १२ बजेसम्म कोणसभा गर्ने, उक्त समयमा ढुकुटीको साँचो बोकेका सबै साथीहरूलाई उक्त समयभर अनिवार्यरूपले सहभागी गराउने र ढुकुटी खोल्न नदिने विशेष योजना अघिल्लो दिन राति एक–दुईजना साथीहरूसँग सल्लाह गरेर तर्जुमा गरियो। टेलिभिजन तथा अन्य सञ्चार माध्यमका पत्रकारहरूलाई आमन्त्रण गरेर उक्त समयमा कार्यालयको कारोबार बन्द तथा सबै कर्मचारी काम छोडेर प्राङ्गणमा भेला भई बैंकको ढुकुटीसमेत बन्द गरेर आमहडतालमा सहभागी भएको पहिलो दिनको सफल कार्यक्रमको समाचार छायाङ्कन गरी प्रसारण गराउने र बाहिरको आन्दोलनलाई थप उर्जा प्रदान गर्ने उक्त योजनाको उद्देश्य थियो। उक्त दिन केन्द्रीय समिति र मातहतका सबै कमिटीका नेतृत्वमा रहेका साथीहरूलाई ९:३० बजे अनिवार्यरूपमा थापाथलीमा उपस्थिति हुन विशेष निर्देशन जारी गऱ्यौं। किनकि उक्त दिनको आन्दोलनको केन्द्र नै थापाथली थियो। २४ गते बिहान यातायातका सम्पूर्ण साधन ठप्प थियो। रिक्सा चढेर ९:४५ बजे थापाथली पुग्यौं। उक्त समय अगाडि नै कान्तिपुर टेलिभिजनका एकजना पत्रकार क्यामेरा बोकेर गेट बाहिर बसिरहेको पायौं। टेलिभिजनलाई गेटबाट भित्र नपठाउने माथिको आदेशलाई लत्याउँदै उक्त पत्रकारलाई आफूसँगै भित्र लिएर गयौं। २०६२ साल चैत २४ गते १०:०० बजेबाट कार्यक्रम सुरु भयो। टेलिभिजनको क्यामराम्यानलाई कार्यालयको सबै खाली टेबुल कुर्सी मात्र भएको कोठाको दृश्य छायाङ्कन गर्न लगायौं। केही साथीहरूलाई ढुकुटीको वरिपरि र केही साथीहरूलाई कार्यालय परिसरको निगरानी गर्न जिम्मा दिइएको थियो। कर्मचारी संघको झण्डा राखेर कार्यक्रम सञ्चालन गऱ्यौं र लामो भाषण गरेर १२:३० बजेसम्म कार्यक्रम सञ्चालन गऱ्यौं। शुक्रवार दिनको १२:३० बजे बैंकिङ्ग कारोबार समाप्त हुने भएकोले सबै कर्मचारीहरूलाई काम

नगरी १:३० बजे घर जान अनुरोध गर्दै बालुवाटार फर्क्यौं। उक्त दिन देशभरि नै ढुकुटी खोल्न दिएनौं। हामी बालुवाटार नफर्कंदै कान्तिपुर टेलिभिजन हाम्रो कार्यक्रमलाई मुख्य समाचार बनाएर प्रसारण सुरु गरिसकेको थियो। यसरी सुरु भयो २०६२।६३ को १९ दिने जनक्रान्तिको एउटा झिल्को नेपाल राष्ट्र बैंकभित्र। बालुवाटार र थापाथली प्राङ्गणमा सबै कर्मचारीलाई उतारेर १९ दिनसम्म गणतन्त्रका नारा लगाउँदै गीत, कविता वाचन गरेर कोणसभा गर्दै सम्पूर्ण बैंकिङ्ग  कारोबार ठप्प पारियो। यसरी नै उपत्यका बाहिरका कार्यालय परिसरभित्र आन्दोलनका कार्यक्रम सञ्चालन गरियो। यस अवधिमा पैसा लिन आएका नेपाल आर्मी र नेपाल प्रहरीका गाडीहरूलाई सम्झाई बुझाई ढोकाबाटै फिर्ता पठायौं। केही क्रान्तिकारी हाकिमहरूले हामीले थाहा नपाउने गरी बिदाको दिन लुकीछिपी फण्ड उडाउने कोसिस गरे तर हामीले प्रतिवाद गरेपछि सो कार्य रोकियो। कुनै पनि बैंकमा पैसा पठाउन रोकेपश्चात् सरकारी खर्च रोकिन्छ र आर्थिक सङ्कट गराएर राज्य पक्षलाई कमजोर पार्न सकिन्छ भन्ने हाम्रो उद्देश्य थियो। तत्कालीन गृहमन्त्री कमल थापाको आदेशमा एउटा चेकको भुक्तानी गर्न कोसिस गरिएको जानकारी पाउनासाथ हामीहरू सक्रिय भएर भुक्तानी रोकिदियौं। त्यसको ठीक भोलिपल्ट गृहमन्त्रीको आदेशमा नेपाल राष्ट्र बैंकमा प्रहरी हस्तक्षेप भयो। नेपाल आर्मीको सुरक्षा घेराभित्र प्रहरी प्रवेश गरेर केन्द्रीय सदस्य विमला लुइँटेल, थापाथली समिति तत्कालीन अध्यक्ष उमाकान्त थपलिया लगायतका साथीहरूलाई गिरफ्तार गरेर हनुमान ढोका पुऱ्याइयो। त्यो समाचार प्राप्त गर्नासाथ आपतकालीन बैठक बसेर प्रहरी हस्तक्षेपको विरोध गरी सम्पूर्ण गिरफ्तार साथीहरूको तत्काल रिहाइ गर्न माग गर्दै विज्ञप्ति जारी गर्नुको साथै गभर्नर र डेपुटी गभर्नरहरूलाई एकै ठाउँमा जम्मा गरेर गिरफ्तार कर्मचारीको रिहाइ नगरी घर जान नदिने जानकारी गराउँदै व्यवस्थापनलाई घेऱ्यौं। व्यवस्थापनको पहलबाट राति ११:०० बजे सबै साथीहरूलाई हनुमान ढोका जिल्ला प्रहरी कार्यालयबाट छुटाएर आ–आफ्नो घर पुऱ्यायौं र केही साथीहरूलाई अतिथि गृहमा राख्यौं। आन्दोलन सुरु हुनुभन्दा केही दिन अगाडिदेखि नै कर्मचारी संघको कार्यालयमा केही अपरिचित व्यक्ति आउने, पत्रपत्रिका पढ्ने तथा हाम्रा कुरा सुन्ने जस्ता गतिविधि गर्दै हाम्रो निगरानी गरिराखेका थिए। आन्दोलन सुरु भएको दुई दिनपश्चात् गभर्नर श्री विजयनाथ भट्टराईले मलाई बोलाएर तत्कालीन मुख्य सचिवले तपाईंलाई तत्काल कारबाही गर्न दबाब दिनुभएको छ त्यसकारण तपाईं आन्दोलनको अग्रभागमा नदेखिन र सञ्चार माध्यमबाट टाढा रहन अनुरोध गर्नुभयो। मैले तत्काल उहाँलाई यो कुरा मबाहेक अरू साथीहरूलाई नभन्नु होला। साथै मलाई कारबाही गर्दा कर्मचारी सेवा विनियमावली टेकेर कारबाही गर्नु होला र कारबाही पछिको परिणाम झन् गम्भीर हुने बारेमा पनि ख्याल गर्नु होला भनेर म गभर्नर कार्यालयबाट फर्किएँ। त्यसको ठीक दुई दिनपश्चात् तत्कालीन कार्यकारी निर्देशक श्री गणेशबहादुर श्रेष्ठले उपाध्यक्ष श्री निर्मल कार्कीलाई बोलाएर दरबारका सैनिक सचिवले कारबाही गर्न दबाब दिएकोले बसन्तजीलाई सतर्क रहन भन्नु होला भन्नुभयो भन्दै उहाँले मलाई भने पश्चात् यो कुरा मबाहेक अरू साथीहरूलाई नभन्नु होला किनकि आन्दोलनमा लागेका साथीहरूको मनोबल गिर्नसक्छ भनें र थापाथलीको कार्यक्रममा सहभागी हुन गइयो। यसरी राष्ट्र बैंकको प्राङ्गणमा १९ दिनसम्म ढुकुटी बन्द गरेर आन्दोलनलाई निरन्तरता दिनु र राज्यसत्ताको गर्भमा विद्रोह गर्नु कम चुनौतीपूर्ण कार्य थिएन। राष्ट्र बैंकका कर्मचारीहरूको आन्दोलनको सर्वत्र चर्चा परिचर्चा थियो। यो आन्दोलनले सडकमा आन्दोलन गरिरहेका जनताहरूलाई थप हौसला मिलेको थियो। आन्दोलन सफल भएपश्चात् माउ पार्टीको केन्द्रीय कमिटीको बैठकले हाम्रो कामको उच्च मूल्याङ्कन गर्दै केन्द्रीय बैंकको ढुकुटी बन्द गरी आमहडताल सफल पारेकोमा धन्यवाद प्रस्ताव पास गरी अ.पा.नि. मार्फत् सर्कुलर पठाएकोमा हामी सबैले गौरवान्वित भएको महसुस गऱ्यौं। यसरी जनताको ऐतिहासिक जनक्रान्तिमा एउटा ईंटा थप्न पाउनु यस संघको लागि गौरवको विषय थियो।

२०६३ साल बैशाख ११ गते जनक्रान्ति सम्पन्न भयो। त्यसपश्चात् कर्मचारी संघको ब्यानरमा बैंकको वार्षिक उत्सव समारोहमा सम्पन्न गरिने विविध खेलकुद कार्यक्रमलगायत अन्य थुप्रै अतिरिक्त कार्यक्रम सञ्चालन गऱ्यौं। कर्मचारी संघको स्थापना दिवस धुमधामसँग मनायौं। संघको गतिविधि र लोकप्रियता बढेको देखेर तत्कालीन अर्थमन्त्रीले गभर्नर, डेपुटी गभर्नरलाई आफ्नो कार्यकक्षमा बोलाएर संघलाई बढी स्पेस नदिन र संरक्षण नगर्न निर्देशन दिएको कुरा गभर्नर विजयनाथ भट्टराईले जानकारी गराउनुभयो। त्यसअघि बैंककै केही साथीहरू अर्थमन्त्रीकोमा गएर कर्मचारी संघको गतिविधिलाई नियन्त्रण गर्नुपऱ्यो अन्यथा हाम्रो अस्तित्व नै समाप्त हुने भयो भनेर भनेको कुरा पछि थाहा भयो। मिति २०६३ साल आषाढतिर विगतदेखि नै थाँती रहेको प्रशासनिक सेवा  र नगद सेवालाई एकीकृत गरी एउटै सेवा बनाउने विषय अगाडि बढ्यो। यसै

सिलसिलामा संघभित्र सेवा मिलानको विषयमा अन्तरविरोध सृजना भयो । उक्त अन्तरविरोध हल गर्न ज्यादै कठिन भयो । केही साथीहरूले आवेगमा आएर शाखा समितिबाट राजीनामा दिए । अन्तरविरोधलाई चर्काएर केही तत्त्वहरू संघलाई विभाजित गर्न लागिपरेको महसुस भयो र उक्त विषयलाई केन्द्रीय समितिमा सर्वसम्मत निर्णय गराउन मलाई निकै कठिन भयो । सेवामिलानसम्बन्धी विषय निर्णय गर्न बसेको केन्द्रीय समितिको जारी बैठक असहज परिस्थितिका कारण झण्डै एक महिना स्थगित गर्नुपर्‍यो । एउटै आस्था र विचार बोकी सिङ्गो मुलुकको सामाजिक रूपान्तरण तथा परिवर्तनको झण्डा बोकेर क्रान्तिमा जीवन बलिदान गर्न समेत पछि नहट्ने सपथ खाएका साथीहरूको बीचमा यस प्रकारको द्वन्द्व सृजना हुनु आफैमा आश्चर्यजनक विषय थियो। तर केही समय पछि थाहा भयो, यही विषयमा अन्तरविरोध सृजना गरी संघलाई विभाजित गरी नयाँ शक्ति निर्णय गर्न केही व्यक्ति र तत्कालीन व्यवस्थापनका केही पात्र लागिपरेको विषय पछि खुल्यो। मिति २०६३ साल भदौ १९ गते बसेको केन्द्रीय समितिको बैठकले सेवा मिलानसम्बन्धी अध्यक्षले पेश गरेको प्रस्ताव सर्वसम्मत रूपमा पारित गरी व्यवस्थापनसँग वार्ता गर्न जाँदा केही जिम्मेवार साथीहरूले अनौपचारिक रूपमा छुट्टै प्रस्तावमा सहमति गरिसकेका रहेछन्। उक्त प्रस्ताव आमकर्मचारीको हित गर्ने खालको नभएकोले हामीले विरोध गर्‍यौं । व्यवस्थापन उक्त प्रस्तावलाई खारेज गरी संघले तयार पारेको अवधारणालाई सामान्य परिमार्जन गरी सेवा मिलानसम्बन्धी विषयमा सम्झौता गरियो । झण्डै छवर्षदेखि विवादित विषयलाई हिम्मतका साथ समाधान त गरियो तर उक्त उपलब्धीको स्वामित्व लिने सवालमा केही समस्या रही नै रह्यो । कालान्तरमा उक्त सेवा मिलानसम्बन्धी उपलब्धीको आमकर्मचारीहरूले फल चाख्न पाए । उक्त निर्णयले संस्थालाई कति फाइदा भयो भएन इतिहासले समीक्षा गर्ने नै छ तर पनि सहायक स्तरका कर्मचारीको वृत्ति विकासमा उक्त निर्णय कोषेढुङ्गा नै सावित भएको छ । त्यति धेरै कर्मचारीहरू सात वर्षभित्र आन्तरिक बढुवाबाट अधिकृत हुने अवसर प्राप्त गर्नु चानचुने उपलब्धी थिएन । न यो विगतमा थियो न भविष्यमा नै हुनेछ। यो ऐतिहासिक निर्णयबाट संघलाई विभाजनको सङ्कटबाट बचाउन सकियो । यसपश्चात् संघले पाँचौं र छैटौं महाधिवेशन सफल रूपमा सम्पन्न गर्‍यो ।

आज आएर विगतलाई फर्केर हेर्दा साँच्चै नै ऐतिहासिक र साहसिक कार्य गर्न संघ सफल रहेको महसुस हुन आउँछ। यस अवधिमा दुईवटा ठूला आवासीय केन्द्रीयस्तरमा र शाखास्तरका दर्जनौं प्रशिक्षण र अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्‍यौं । थुप्रै नयाँ साथीहरूलाई सङ्गठनमा प्रवेश गराइयो । त्यसैले यस चरणमा कर्मचारी संघले साङ्गठनिक तथा वैचारिक उचाइ हासिल गर्न सफल भयो । आमकर्मचारीको पेशागत हक हित र संस्थाको विकासमा प्रत्येक दुईवर्षमा आर्थिक, वृत्ति विकास तथा संस्था सुधारसम्बन्धी माग पेश गर्ने र सामूहिक सौदाबाजीमार्फत् उक्त माग पूरा गर्ने काममा संघले निरन्तर रूपमा नेतृत्वदायीभूमिका खेल्दै अगाडि बढ्न सफल रह्यो । अतः यस संघको अविचलित र दूरदृष्टिकोणका साथ अगाडि बढ्ने प्रतिवद्धताबाट नै आज आमकर्मचारीको आर्थिक अवस्था सबल हुँदै गरेको दृश्य तपाईं हाम्रो अगाडि सचित्र खडा छ । दशवर्ष अगाडि मोटरसाइकल चढ्न मुस्किल पर्ने अवस्थाका साथीहरू आज चारपाङ्ग्रे सवारी साधनको पहुँचमा दिन दुईगुणा रात चारगुणाको दरले वृद्धि भइरहेको छ । आमकर्मचारीको एउटा आवास, सवारी साधन र आफ्ना सन्ततिहरूलाई राम्रा स्कूलमा शिक्षा दिन सहज ढङ्गले सफल भएका छन् । तर विगतमा न्यून सुविधाका कारण अहिलेको जस्तो कर्मचारीको आर्थिक अवस्था सबल थिएन । वृत्ति विकासको क्षेत्रमा पनि अकल्पनीय सुधार भएको विषय सबैको अगाडि छर्लङ्ग छ । विगतमा २५ वर्षसम्म पनि एउटै पदमा काम गर्नुपर्ने र कतिपय कर्मचारीहरू एउटै पदमा काम गरेर अवकाश पाएको दृष्टान्त पनि हाम्रै अगाडि छ। तर आज आएर औसत ७.५ वर्षमा बढुवा हुन्छ । सबै कर्मचारीलाई वैदेशिक तालिमको पहुँच उपलब्ध छ। विगतमा समेत अधिकृतस्तरका कर्मचारीले मात्र वैदेशिक तालिमको अवसर नपाएकोमा हाल सहायकस्तरका कर्मचारीले पनि सो अवसरको उपभोग गर्न पाएका छन् । कर्मचारी सेवा नियमावली, २०६२ प्रथम संशोधन, २०६८ र २०७१ सालको संसोधनमार्फत् आमकर्मचारीको वृत्ति विकास र अन्य थुप्रै सुविधालाई संस्थागत गर्न संघ सफल भएको छ। संघकै अथक सङ्घर्षबाट कर्मचारी सरुवा नीति तथा तालिम नीति तर्जुमा गरेर कार्यान्वयन गराउन संघ सफल भएको छ । यी तमाम उपलब्धीको सिंढीमा खडा भएर आमकर्मचारीले उनीहरूको जीवनमा आएको खुशियाली नियालेर हेर्दा साँच्चै नै हामी हर्षविभोर हुन्छौं । इतिहासको यस कालखण्डमा हामीले हासिल गरेको उपलब्धीलाई नजरअन्दाज गर्न खोज्नु भनेको सूर्यलाई हत्केलाले छेकेर दिउँसै रात परेको स्वप्ना देख्नु सरह हो । अतः विगतको गर्विलो इतिहास र वर्तमानको बलियो साङ्गठनिक

सञ्जाल सबल आर्थिक अवस्था र जस्तोसुकै चुनौतीसँग मुकाबिला गर्नसक्ने वैचारिक र सैद्धान्तिकरूपले परिष्कृत जुझारू तथा सृजनशील कार्यकर्ता र सदस्यहरूको विशाल पङ्क्ति नै यो संघको विकासको आधारशीला हो। अग्रजहरूले प्रज्वलित यो आस्थाको ज्योतिलाई अनन्तकालसम्म जगमगाई राख्न तपाईं हामी सबै लागिपर्नु पर्दछ। व्यक्तिगत स्वार्थबाट माथि उठेर आमकर्मचारीको र संस्थाको हितमा समर्पित भएर लाग्नाका कारण नै कर्मचारी संघले यो उचाइ हासिल गरेको छ भन्न पाउँदा हामी सबै गौरवान्वित छौं। समाजवादउन्मुख स्वाधीन राष्ट्रिय अर्थतन्त्रको विकास गर्दै समाजवादको आधारशीला निर्माण गर्ने दिशातर्फ सिङ्गो मुलुकको केन्द्रीय बैंकलाई दिशानिर्देश गर्दै सृजनशील, निस्वार्थी र जुझारू कार्यकर्ता पङ्क्तिको विकास गर्दै आमकर्मचारीको पेशागत हकहित र संस्थागत विकासका खातिर गतिशील ढङ्गले अगाडि बढ्नु नै आजको मुख्य कार्यभार हो। संस्थाले परिलक्षित गरेको उद्देश्य हासिल गर्न आमकर्मचारीलाई कर्मचारी संघको झण्डामुनि गोलबन्द गर्दै विकृति, विसङ्गति मुक्त सबल, सक्षम, गतिशील र प्रभावकारी केन्द्रीय बैंक निर्माणको ऐतिहासिक अभिभारा पूरा गर्न दृढताका साथ संघ स्थापनाको २५ वर्ष पुगेको पुनित उपलक्ष्यमा यो संघलाई यस स्थानसम्म पुऱ्याउनु हुने सबैप्रति हार्दिक आभार प्रकट गर्दछु।





नेपाल राष्ट्र बैंक कर्मचारी संघका प्रथम निर्वाचनबाट निर्वाचित पदाधिकारीहरू ।



नेपाल राष्ट्र बैंक कर्मचारी संघका प्रथम निर्वाचित पदाधिकारीहरूका
साथ गभर्नर हरिशंकर त्रिपाठी ।

**प्रथम केन्द्रीय महाधिवेशन (३–४ पौष, २०५५), काठमाडौं ।**

आम कर्मचारीका पेशागत हक हित तथा संस्थाको चौतर्फी विकासका पक्षमा यस संघ मार्फत् आवाज उठाए वापत तत्कालीन बैंक व्यवस्थापनको कोपभाजनको शीकारस्वरुप सेवाबाट बर्खास्त भई शहादत प्राप्त गर्नुभएका स्व.बद्रिप्रसाद अधिकारीलाई कर्मचारी शहीदको औपचारिक श्रद्धाञ्जली अर्पण गर्दै शुरु भएको यस महाधिवेशनमा बैंकका प्रथम गभर्नर श्री हिमालय समसेर ज.ब.रा. र संघका संस्थापक अध्यक्ष श्री दीपेन्द्र बहादुर क्षेत्रीलाई सम्मान गरिएको थियो। बैंकका तत्कालीन गभर्नर श्री सत्येन्द्रप्यारा श्रेष्ठद्वारा उद्घाटित यस महाधिवेशनले विभिन्न प्रतिवेदनहरू पारित गर्दै नेतृत्व विकास तथा सांगठनिक सुदृढीकरण र विभिन्न रचनात्मक कार्यक्रम सम्बन्धी भावी कार्यदिशा तय गरी सो लक्ष्य प्राप्तिका खातिर श्री प्रेम प्रसाद पाण्डेयको अध्यक्षतामा निम्न कार्य समिति सर्वसम्मत रूपमा चयन गरेको थियो।

| | |
|---|---|
| अध्यक्ष : | श्री प्रेम प्रसाद पाण्डेय |
| उपाध्यक्ष : | श्री राम प्रसाद उप्रेती |
| महासचिव : | श्री बसन्तराज पाण्डे |
| सचिव : | श्री राजेन्द्र रिमाल |
| कोषाध्यक्ष : | श्री पञ्चनारायण प्रजापती |
| सहकोषाध्यक्ष : | श्री छविलाल शर्मा पौडेल |
| सदस्य : | श्री केशव थापा |
| सदस्य : | श्री राजेन्द्र न्यौपाने |
| सदस्य : | श्री तीर्थराज सिल्वाल |
| सदस्य : | श्री दीर्घ अर्याल |
| सदस्य : | श्री रुद्रप्रसाद तिम्सिना |
| मनोनित सदस्य : | श्री निर्मल कार्की |
| मनोनित सदस्य : | श्री विष्णु खनाल |
| मनोनित सदस्य : | श्री खिलनाथ दाहाल |
| मनोनित सदस्य : | श्री ढुण्डीराज मिश्र |





**प्रथम केन्द्रीय महाधिवेशन उद्घाटन सत्रमा सम्मानित प्रथम गर्भनर श्री हिमालय समशेर जबरा र संस्थापक अध्यक्ष श्री दीपेन्द्रबहादुर क्षेत्री**




प्रथम केन्द्रीय महाधिवेशन उद्घाटन सत्र



प्रथम केन्द्रीय महाधिवेशनका प्रतिनिधिहरू

# स्वेत आतङ्कबीच हुर्केको कर्मचारी संघ (वेतनभोगी सङ्गठित हुँदाको भुक्तमान)

✍ दीपेन्द्रबहादुर क्षेत्री *

'कलियुगमा संघ बलियो' भन्ने उक्ति नेपालमा २०४६ सालको आन्दोनलको सफलतापछि सारवान् हुँदै आएको छ। परिवर्तनका लागि चेतना आवश्यक छ, चेतनाको सदुपयोगमा संयुक्त गतिविधि, समान लक्ष्य भएमा लक्ष्य छिटो प्राप्त हुन्छ। नेपालमा सामाजिक आर्थिक विकासमा फड्को मार्न नसक्ने अवस्था निर्देशित राजनीतिका कारण हो भन्ने थियो। वि.सं. २००७ को राणा शासन अन्त्यपछि पनि जननिर्वाचित सरकार पाउन २०१५ साल कुर्नुपर्‍यो। लगत्तै निर्वाचित सरकार भङ्ग गरी दरबार नियन्त्रित र निर्देशित व्यवस्था लादियो। प्रत्यक्ष निर्वाचनको स्वाद पाइसकेका नेपालीका लागि निर्दलीयता र निर्देशित राजनीतिक पद्धतिप्रति असन्तुष्टि थियो। राजनीतिक सङ्गठन गर्ने माध्यम शिक्षक र विद्यार्थी हुन्थे। शिक्षाको ज्योति पनि यसै वर्गमा भएकाले पाठशाला, विश्वविद्यालय विरोधी राजनीतिको अखडा बन्थे। कर्मचारी वर्ग पनि त्यही स्रोतबाट पुग्ने भएकाले मुलुकको उकुसमुकुस सजिलै बुझ्नसक्ने तप्कामा पर्दथ्यो। कर्मचारी भर्ना गर्दा भने दरबार र निर्दलीय व्यवस्थाप्रति बफादार भएको प्रहरी प्रतिवेदन नभए सेवामा समावेश गरिँदैनथ्यो।

कर्मचारी सङ्गठनको सूत्रपात वि.सं. २०४६ को आन्दोलनले गरे तापनि नेपाल राष्ट्र बैंकमा वि.सं. २०३६ सालबाटै सुरु भएको हो। विद्यार्थी आन्दोलनले सडक तताइरहँदा निजामति कर्मचारीतर्फबाट पनि पेशागत माग राख्दै सहयोग पुऱ्याउने क्रम सुरु भएको थियो। बैंकभित्र वृत्ति विकासमा सुधार, पक्षपातपूर्ण निर्णयको अन्त्य आदि माग राखी भएको हप्ताव्यापी आन्दोलनमा प्रहरी हस्तक्षेपमात्र भएन अधिकृत, कर्मचारी पक्राउ गरी ४/५ दिन हिरासतमा राखियो। बैंकको हितका निम्ति कर्मचारी र व्यवस्थापनबीच समन्वय गराउने ध्याउन्नमा लाग्ने शालिकराम शर्मा, तीर्थराजचन्द्र खरेल, शम्भु पौडेललगायत १०/१२ जनालाई हिरासतमा लिइयो । त्यो खबरले बैंकका कर्मचारीमा उत्तेजना फैलियो र आन्दोलित हुने क्रममा बालुवाटार (केन्द्र) र थापाथली (बैंकिङ्ग परिसर) का कर्मचारीले स्वेच्छाले गिरफ्तारी दिए। केही दिनपछि कर्मचारी र व्यवस्थापनबीच समझदारीमा सो आन्दोलन टुङ्गियो कर्मचारी सङ्गठित र ऐक्यबद्ध हुनुपर्छ भन्ने उद्बोधन त्यसबखत भएको हो । त्यसैबखत पञ्चायती व्यवस्थाको परीक्षण स्वरूप जनमत सङ्ग्रह गराउन सरकार बाध्य भएको थियो।

एक दशकमा ब्युँझने नेपाली राजनीतिक धरातलमा वि.सं. २०४६ को राजनीतिक परिवर्तनको कार्यसूची सहित राजनीतिक वृत्तमा आन्दोलन भयो। समाजका सबै सचेत वर्ग आन्दोलनमा होमिए। कर्मचारी पनि विस्तारै लामबद्ध हुँदै गए। यसैबीच आन्दोलनकारीहरूले सम्पूर्ण बैंकका कर्मचारीहरूको तर्फबाट भनी 'बैंकहरूमा रहेको पैसा आन्दोलन दबाउन प्रयोग गरिँदैछ', 'बैंकहरू टाट पल्टिदै छन्', 'आफ्नो रकम सुरक्षित गर्न बचत फिर्ता लिनोस्' भन्ने आव्हानका साथ काठमाडौंका जनताका नाममा व्यापक पर्चाबाजी भयो। आ–आफ्नो खाता भएका बैंकमा पैसा झिक्न जनताको भीड लाग्यो। बैंकिङ्ग क्षेत्र तहसनहस हुने लक्षण आयो। सम्भवतः सुरक्षा निकायको निर्देशनबाट हुन सक्तछ डेपुटी गभर्नर हिरण्यलाल बज्राचार्यले कृषि कर्जाका हाकिम रामबाबु पन्त र दीपेन्द्रबहादुर क्षेत्रीलाई आफ्नो मोटरमा राखी पुतलीसडकको कृषि विकास बैंक, नयाँ सडकका कृषि विकास बैंक, राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंकमा अवलोकन गराए। उनको आशय पर्चा छरेको आशङ्कामा मनोवैज्ञानिक जाँच गरेको हुन्छ सक्तछ। उनले भने "तिमीहरूलाई बैंक .... डाउन भनेको देखाउन ल्याएको।" पर्चा छर्ने काम हामीबाट नभएकाले हाम्रो आकृति र व्यवहारमा परिवर्तन आउने कुरा भएन। त्यहाँबाट फर्कदा उनी शेर्पा होटल छिरे जहाँ आन्दोलन प्रतिकार समितिको बैठक चलेको हुनु पर्दछ। हामीलाई बालुवाटार पुऱ्याइयो । उक्त पर्चा आन्दोलनकारीले जनतालाई उद्वेलित गराउन गरिएको भन्ने बुझियो। सडकमा आन्दोलन तातेकै थियो। कर्मचारीको सङ्गठन थिएन। सो मागसहित वृत्ति विकासका विषयमा २०४६ चैत १५ गते २५ सूत्रीय माग पेश भयो र चैत २४ गतेभित्र निर्णय दिनुपर्ने तिथि तोकियो। चैत २९ मा कर्मचारी प्रतिनिधिहरूसँग बसी छलफल गर्दै व्यवस्थापनले वैशाख ५ गते बोर्डको निर्णय सार्वजनिक गऱ्यो। सङ्गठनका हकमा बोर्डलाई 'जानकारी गराइयो' भनियो।

---

**संस्थापक अध्यक्ष, नेपाल राष्ट्र बैंक कर्मचारी संघ*

एउटा संस्थाका कर्मचारीको जोडले मात्र 'कर्मचारी सङ्गठन' निर्माण सम्भव थिएन। २०४७ वैशाख १४ गतेको कर्मचारी भेलाले १२ सदस्यीय केन्द्रीय तदर्थ समिति गठन गऱ्यो। सोही भेलाले श्री सीताराम तिवारी (कानुन विभाग) को संयोजकत्वमा ६ सदस्यीय विधान निर्माण समिति गठन गऱ्यो। तदर्थ समितिले आन्दोलनमा शहीद भएका र घाइतेजनलाई आर्थिक सहयोग पुऱ्याउन बैंकका कर्मचारीहरूबाट स्वेच्छिक चन्दा स्वरूप रु १,१३,७८३।७० (एक लाख तेह्र हजार सात सय त्रियासी पैसा सत्तरी) मानव अधिकार संरक्षण मञ्चलाई हस्तान्तरण गऱ्यो।

केन्द्रीय तदर्थ समिति बनेपछि कर्मचारी खासगरी अधिकृत तहभन्दा तलकामा विशेष उत्साह थियो। अपेक्षा ठूलो, विगतको दमन र स्वेच्छाचारिताको अनुभूति गरेकाहरूमा प्रतिशोध र आक्रोशको भावना थियो। सानोतिनो कुरामा पनि आवेशमा आउने र तत्काल आफूले चाहेजस्तो निर्णय खोज्ने प्रवृत्तिले गर्दा सुपरिवेक्षकीय तहका पदाधिकारीहरूमा वितृष्णा मात्र होइन परिवर्तनको उल्टो अर्थ लगाइने गरिन्थ्यो।

मूलतः कर्मचारी युनियनले वृत्ति विकास नियमित र स्वतन्त्र ढङ्गले होस्, बैंकभित्र अनियमितता नहोस्, प्रशासनिक निर्णयहरू पारदर्शी र उत्प्रेरणामूलक होऊन् भन्ने धारणा राख्दथ्यो। विगतको अभ्यस्तता र वर्तमानले सृजना गरेको मन्द किसिमको द्वन्द्वले प्रशासनयन्त्र गाँजेको थियो। यसैबीच तदर्थ समितिले बैंकमा विगतमा भएका अनियमित कार्यको घटना श्रृङ्खलाबद्ध रूपमा सार्वजनिक गर्ने नीति लियो। यसै सन्दर्भमा बैंकबाट खरिदमा भएका कतिपय अनियमितता प्रकाशमा आएपछि बैंकमा भुईंचालो गयो। बैंकको मोटर प्रयोग गर्ने राजनीतिज्ञहरूबाट कर्मचारीले सडकबाटै मोटर खोसेर ल्याएका घटना, तत्कालीन अर्थ सचिवले बैंकको मोटरमा सरकारी नम्बर प्लेट राखी प्रयोग गरेकोमा वहाँलाई जानकारी गराउनासाथ फिर्ता गराउन आदेश दिएको कुरा मननीय छ। सो जानकारी गराउन अर्थमन्त्रालय पुगेका कर्मचारी बालुवाटार फर्कनु अघि नै अर्थ सचिवको गाडी बालुवाटार पुगिसकेबाट तत्कालीन सचिव शाहको इमान्दारिता मात्र होइन बैंकका उच्च

पदाधिकारीको चाकडीको शैली पनि प्रष्ट हुन्छ। सोही भेटमा अर्थ सचिवले टक्सारको झण्डै एक करोड परेको हबिङ्ग मेसिन खरिद प्रकरण छानविन गर्न लगाउने प्रतिबद्धता पनि जनाउनु भयो। कानुन विभागका सीताराम तिवारीजीको संयोजकत्वमा गठित सो समितिमा कर्मचारी युनियनको पनि प्रतिनिधित्व थियो। प्रतिवेदनले घोटाला औंल्यायो। सञ्चालक समितिले वरिष्ट अधिवक्ता लक्ष्मण अर्यालबाट कानुनी राय माग्यो। उक्त राय पनि घोटालाको आशङ्कायुक्त थियो। कारबाहीमा ढीला गर्दै सो काण्ड दबाइयो।

केही वरिष्ट कर्मचारीले बैंकको सम्पत्ति अनुचितरूपले प्रयोग गरेकोमा सार्वजनिक भएपछि फिर्ता गरिएका घटनाले त्यस्ता गतिविधि निरुत्साहित हुन सघाउ पुऱ्याएको मात्र होइन गल्ती गर्नेको सामाजिक प्रतिष्ठामा प्रश्न उठेको पनि हो। राजपरिवारका सदस्यले विदेशी मुद्रा दुरुपयोग गरेको, बैंकले सुन, चाँदीका सिक्का दरबारका पदाधिकारीलाई उपहार चढाएको (सार्वजनिक भएपछि आंशिक फिर्ता), वीरगञ्ज कार्यालय परिसरको शिशौको रूख काटेर बनाइएका फर्निचर काठमाडौं ल्याइसकेपछि पनि फिर्ता भएको थियो। पुराना कर्मचारीको वृत्ति विकासमा चासो नराख्ने व्यवस्थापनले चार्टर्ड एकाउन्टेन्सी (बैंककै सुविधामा) उपाधी लिएकाहरूका लागि भने खप्ट्याएर पदोन्नति दिएको बारे युनियनले उठाएको प्रश्नजस्ता अनगिन्ती विषय युनियनका पदाधिकारी विरुद्ध बैंकका उच्च पदाधिकारी एकमत हुने चाँजो मिल्यो।

बैंकभित्रका अनियमितताको आंशिक नालीबेली सार्वजनिक भएपछि बैंकका कर्मचारीको मनोबल उच्च हुँदै थियो। सञ्चार माध्यमले पनि सघाएकै थिए। त्यसैबीच २०४८ मंसिर ११ गतेबाट आर्थिक लगायतका बैंक सुधारका माग राख्ने र बेवास्ता गरिए सङ्घर्षमा उत्रने निर्णय भयो। व्यवस्थापन उदासिन देखिएपछि कालोपट्टी बाँध्ने, कलम बन्द (एक दिन बन्द अर्को दिन कामको आलोपालो) गर्दा अत्तालिएको व्यवस्थापनले प्रहरी हस्तक्षेप निम्त्याई पुष १२ गते बैंकिङ्गमा झण्डै प्रहरी र सेनाको मुठभेद निम्त्यायो। कर्मचारी अडिग रहँदा र ढुकुटीमा प्रहरीको हस्तक्षेप हेर्न नसक्ने सुरक्षा सेनालाई धर्मसङ्कट पैदाहुँदा डेपुटी गभर्नरले तदर्थ समितिको संयोजकलाई थापाथली जाने सल्लाह दिएका थिए। त्यो सल्लाहको सदाशयता निक्र्योल गर्न बाँकी छ। २०४८ वैशाख १४ गते कर्मचारी संघको पदाधिकारी चयन हुने गरी वैशाख ६ गते निर्वाचन भयो। निर्वाचनले कर्मचारीबीच ध्रुवीकरण गरायो। निर्वाचित पदाधिकारीले सबैको अपेक्षा विपरीत बैंकको वयोवृद्ध वरिष्ठ पियन नरबहादुर महर्जनबाट सपथ लियो। मान खोज्ने र मर्यादा ख्याल गर्नेका लागि यो पाच्य हुने विषय थिएन। फेरि आश्रयदाता माथि संघले औंला ठड्याएपछि त ओत लाग्ने ठाउँ पनि खलबलिने बुझेपछि आफूलाई उदारवादमा दर्नेहरू संघको गतिविधिमा असहयोग गर्ने, धुलाई लगाउने र व्यवस्थापनलाई

उस्काउने काम हुन थाल्यो। फेरि २५ प्रतिशत कर्मचारीको दस्तखत भएपछि ट्रेड युनियन ऐनअन्तर्गत संस्था दर्ता गर्न पाउने प्रावधानले अर्को सङ्गठन खोल्न बाटो पनि खोल्यो। कर्मचारीबीच सैद्धान्तिक मतभेद देखिन थाल्यो। यसले व्यवस्थापनलाई सघाउ नै पुग्यो किनभने अब अनियमितताका पोथीपात्रो सार्वजनिक हुन छाडे। वर्तमानमा पनि मौका हेरी चौका हान्न केहीले पनि अवरोध नगर्ने नै भयो। आ–आफ्नो विश्वासअनुसार सङ्गठन तर्जुमा गर्ने व्यवस्थाको परिकल्पना वास्तवमा सङ्गठनका लागि आन्दोदन गर्ने कर्मचारी समूहको थिएन।

राजनीतिक परिवर्तनमा कर्मचारीको उल्लेख्य योगदान रहेकै कारण सङ्गठित हुने अधिकार दिइएको हो। निजामती कर्मचारी सङ्गठन, अन्तरसंस्थान कर्मचारी सङ्गठन र नेपाल राष्ट्र बैंकको केन्द्रीयस्तरका छुट्टाछुट्टै तदर्थ समिति बनेका थिए। समन्वय समितिमा तिनै सङ्गठनका संयोजकहरू रहेका थिए। निजामती कर्मचारीतर्फ श्री गौरीबहादुर कार्की संयोजक र श्री मोहन के.सी. महासचिव, अन्तरसंस्थानमा श्री सुनिल पोखरेल संयोजक र महासचिवमा श्री बालकृष्णमान सिंह* तथा नेपाल राष्ट्र बैंकको संयोजकमा यस आलेखका लेखक र श्री रत्नप्रसाद जोशी महासचिव रहेका थिए। २०४७ असार १२ गते सरकारले निजामती कर्मचारीले 'सङ्गठन र समितिको नाउँमा काम कारबाही तथा प्रतिनिधित्व गर्न नपाउने' परिपत्र गऱ्यो। कर्मचारी आक्रोशित बने। तत्कालीन अन्तरिम प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईसँग बालुवाटारमा भेट वार्ता भयो। उहाँ कर्मचारी सङ्गठनप्रति सकारात्मक भए पनि वरिष्ठ पदाधिकारीबाट दिइएको पृष्ठपोषणबाट त्यति खुशी देखिनु भएन। कर्मचारी सङ्गठनको लक्ष्य र कार्यक्षेत्र किटान गरेर मुख्य सचिवसँग भेट्नोस् भन्नुभयो। कर्मचारीका अभिभावक मुख्य सचिव लोकबहादुर श्रेष्ठ हुनुहुन्थ्यो। त्यो तहमा पुग्न कर्मचारी खारिएको हण्डर र ठक्कर खाएको हुन्छ।

वहाँ सौम्य स्वभावको अल्पभाषी हुनुहुन्थ्यो। कर्मचारी सङ्गठनलाई 'अम्बुड्सम्यान' अर्थात् 'सतर्कताधारक' संस्था बनाउने लक्ष्य हो भनी सोध्नुभयो। विगतका विकृति कोट्याउँदा पाका पुराना भलवाडीमा पर्ने डर पनि हुँदो हो। अन्त्यमा तीन सङ्गठनका दुई/दुई पदाधिकारीका दरले सरकारसँग बसी सङ्गठनको प्रारूप र कार्य क्षेत्र निर्धारण गरी दर्ता गर्ने पद्धतिमा अघि बढ्ने निधो भयो। त्यसपछि मात्र ट्रेड युनियनअन्तर्गत कर्मचारी सङ्गठन दर्ता र कार्यारम्भ हुन थाल्यो।

केन्द्रीय बैंकको गरिमालाई ध्यानमा राख्दै अन्तरसंस्था कर्मचारी सङ्गठनमा नबस्ने निधो नेपाल राष्ट्र बैंकका कर्मचारीको रह्यो। तर सङ्घर्ष र अभियानमा सरिक हुने कुरा महत्त्वको थियो। बैंकका कर्मचारीका माग सम्बोधन भएका थिए। निजामती कर्मचारीका सुविधाका लागि तदर्थ समितिले उठाएका कदममा राष्ट्र बैंकका कर्मचारीको पनि सहभागिता जुटाउने निर्णय लिइयो। भद्रकालीमा हस्ते अनसनको कार्यक्रममा पदाधिकारीले भाग लिइयो। त्यसबाट बैंकको व्यवस्थापन क्रुद्ध हुँदै पदाधिकारीलाई कारबाही थाल्यो। तदर्थ समितिका केही साथीलाई मोफसलमा सरुवा गरियो। केन्द्रीय पदाधिकारीलाई बाहिर सरुवा नगर्ने नीति लत्याइएको र सङ्गठनको गतिविधिमा प्रतिकूल प्रभाव पार्ने दुराशय बुझेपछि कार्यालय समयपछि डेपुटी गभर्नरसँग सरुवा रद्दको कुरा राखियो। वहाँले रद्द गराउने तोक लगाउनु पनि भयो र आफ्नो गन्तव्यमा बाटो पर्ने कर्मचारीलाई आफ्नै मोटरमा लग्नु पनि भयो। त्यही समयमा अर्थ मन्त्रालयमा बसेको सामान्य प्रशासन मन्त्री महेश्वरप्रसाद सिंह, कानुन मन्त्री तारानाट भाट, अर्थ राज्यमन्त्री महेश आचार्य, कानुन सचिव ईश्वरबहादुर श्रेष्ठ, गभर्नर हरिशंकर त्रिपाठी, डेपुटी गभर्नर हिरण्यलाल बज्राचार्य लगायतले डेपुटी गभर्नर अच्युत पौडेललाई डाकी 'ढुकुटीमा असुरक्षा पुऱ्याएको' भन्ने उजुर गर्न लगाई कर्मचारी संघलाई निषेध गर्ने योजना बनेछ। साउन १४ गते आठ जना पदाधिकारीलाई निलम्बन गरियो। दुई जनाको सरुवा यथावत् र राजेन्द्र रिमाललाई युनियनको पर्चा हेरे बापत नसिहत सहित कडा निगरानीमा नोट विभागमा राखियो। प्रशासनको दमन तीब्र बन्दै गयो। व्यवस्थापनको कारबाहीको प्रतिक्रिया स्वरूप निकालिइएका पर्चा कर्मचारीले बैंकको प्रवेश द्वारमा फाल्नु पर्ने नत्र कारबाही गर्ने चेतावनी दिइयो। बैंक हातामा सभा, सम्मेलन र बैठक गर्न नपाइने, कोशी बाढी पीडितलाई राहत बाँड्न जाने दुई पदाधिकारीलाई गभर्नरले बिदा स्वीकृत गर्न नसकी राज्यमन्त्री महेश आचार्यको मौखिक आदेशले प्रस्थान गरेका थिए। चिन्तामणि सिवाकोटीलाई घरेलु तथा साना उद्योग परियोजनाको भवनको माथिल्लो तलामा कसैलाई भेट्न नदिने गरी सीमित घेरामा राखियो। पदाधिकारीलाई भेट्ने कर्मचारीलाई पनि कालो सूचीमा राखियो। निलम्बन गरी सोधिएका स्पष्टिकरण दिन बैंक परिसरमा जाँदा सुरक्षा अधिकृतले भित्र पस्ने आदेश छैन भनी रोक्यो। एक चौथाई तलब खुवाउने र स्पष्टीकरण सोध्ने

*वर्तमान संचालक समिति सदस्य, नेपाल राष्ट्र बैंक*

तर संस्थामा प्रवेश रोक्ने हक तिमीलाई कसले दियो ? भन्दा 'मलाई भित्र जान नदिनू भन्ने आदेश छ ' भन्यो। स्पष्टीकरण हुलाकमार्फत् पठाएपछि अदालतमा सुनुवाईको क्रममा सो प्रसङ्ग उठाउँदा इलजासबाट 'त्यस्तो पनि गरियो ?' भनी आश्चर्य प्रकट गरिएको थियो । यसलाई भ्रष्टाचारको जरो उखेल्ने कर्मचारी युनियनको प्रयासको बदलास्वरूप लिइएको कदमका रूपमा ग्रहण गरिएको थियो। सङ्गठित कर्मचारीका आवाजको तर्कपूर्ण बहसमा सामेल हुन नसकेको व्यवस्थापनले कर्मचारी नियमावली संशोधन गरी अधिकृतस्तरले युनियनमा भाग लिन प्रतिबन्ध लगायो । युनियनका पदाधिकारीबीच मनोमालिन्य बढाउन सजाय फरक फरक गरेको थियो । युनियनका सचिवलाई कारबाही गरिएन, दुईजनालाई पद घटुवा, छजनालाई बर्खास्त, एकजनालाई नसिहत र दुईजनालाई कडा निगरानीमा हाजिर गराउने काम व्यवस्थापनले गरेको थियो। 'फुटाऊ र शासन गर' भन्ने साम्राज्यवादीको नीति लागू गरेको व्यवस्थापनलाई आफ्नो भ्रष्टाचारको पोल खुल्छ कि भन्ने त्राहिमाम रहने नै भयो। अदालतबाट पुनर्बहालीको आदेश हुँदा पनि हाजिर गराउन आलटाल गर्ने मात्र होइन निवृत्त भएको व्यवस्था गर्छौं घर बस्नोस् भन्नसम्म सक्यो।

उक्त परिस्थितिमा सृजना गरी हुर्काइएको नेपाल राष्ट्र बैंक कर्मचारी युनियनको कर्मचारीका वृत्ति विकास र संस्थाको हित हेर्ने उद्देश्य साँघुरिँदै गएर नितान्त आर्थिक लाभ र वैधानिक सुविधातर्फ उन्मुख हुँदै गएको गुनासो सुनिन्छ। अर्थतन्त्रका चुनौतीलाई सरकारको आर्थिक सल्लाहकारका हैसियतले दिनुपर्ने सल्लाह, स्वस्थ वित्तीय प्रणाली, सुनिश्चित भुक्तानी पद्धति कायम गर्न मन, वचन र कर्मले तल्लीन रहन भौतिक असुविधा नहोस् भन्ने आशय व्यवस्थापनको पनि छ। तर एउटै संस्थामा चारभन्दा बढी कर्मचारी सङ्गठन खडा हुने अस्वस्थ प्रवृत्ति केन्द्रीय बैंकतर्फ पनि लम्किदै गरेको आभाष मिल्छ।

कुनै पनि सङ्गठनको आफ्ना नितान्त लाभकारी उद्देश्य हुन्छन् । तर ती उद्देश्य मुलुक, आफ्नै संस्था र अन्य भातृ सङ्गठनलाई प्रतिकूल असर पार्ने हुनुहुँदैन । स्वस्थ प्रतिस्पर्धाद्वारा लाभग्राहीको न्यायोचित हित, संस्थाका उद्देश्य प्राप्तिका लागि लाग्नु नै कर्मचारी सङ्गठनको पनि अभिष्ठ हुनुपर्दछ । ती सङ्घर्षपूर्ण दिनमा पनि नेपाल राष्ट्र बैंकको कर्मचारी सङ्गठनले संस्थाको काममा बाधा पुऱ्याउने गरी गतिविधि सञ्चालन गरेन। बैंकिङ्ग समयपछि सङ्गठनका गतिविधि गर्ने गराउने प्रवृत्तिमा केही कर्मचारी साथीहरूलाई रुचि नभए पनि पछिसम्म बैंकमा कर्मचारीको अनुशासन छ भन्ने प्रभाव अन्य संस्थाका सङ्गठनको गतिविधिसँग तुलना गर्दा पाइन्छ । बदलिंदो परिस्थितिमा वृत्ति विकासमा सकारात्मक योगदान पुऱ्याई संस्था र राष्ट्रको सेवामा लाग्न प्रेरणा मिलोस् भन्ने कामना छ।






२०५६ साल साउन २१ गते आयोजना गरेको "उदार खुला अर्थव्यवस्था र केन्द्रीय बैंकको स्वायत्तता" सम्बन्धी गोष्ठीका झलक ।




कार्यपत्र प्रस्तुत गर्दै पूर्व गभर्नर श्री गणेशबहादुर थापा तथा कार्यपत्रमाथि टिप्पणी गर्दै डा. मीना आचार्य ।




डा. राघवध्वज पन्त र डा. पुष्पराज राजकर्णिकार कार्यपत्र माथि टिप्पणी गर्दै ।



निवर्तमान गभर्नर श्री सत्येन्द्रप्यारा श्रेष्ठको विदाई एवम्
नवनियुक्त गभर्नर डा. तिलक रावलको स्वागतको एक झलक ।



गभर्नर डा. तिलक रावल सर्वोच्च अदालतको फैसलाबाट पुनरवहाली पछिको एक झलक ।





नवनियुक्त गर्भनर श्री दीपेन्द्रपुरुष ढकालको स्वागत कार्यक्रमको झलक, २०५७ ।


Janata
Smart lady
SAVINGS ACCOUNT
"मेरो SMART CHOICE"
मैले रोजें जनता बैंकको स्मार्ट लेडि सेभिङ्स एकाउन्ट
जसमा छन् एउटा नारीलाई आवश्यक सुपै विशेषताहरु
साथै पाउनुहोस् हरेक महिना
जय नेपाल, कुमारी वा गोपाल (सिभिल मल, QFX) सिनेमाहलहरुको
१० वटा* सम्म
फ्रि टिकेटहरु
सुविधाहरु :
रु. १०० मै खाता खोल्न सकिने
नि:शुल्क चेक बुक सुविधा
७ प्रतिशत ब्याज दर दैनिक मौज्दातमा
नि:शुल्क Any Branch Banking Service (ABBS)
नि:शुल्क डेबिट (एटिएम) कार्ड
नि:शुल्क इन्टरनेट बैंकिङ सेवा
नि:शुल्क मोबाइल (एसएमएस) बैंकिङ सेवा
नि:शुल्क Good for Payment
सेफ डिपोजिट लकर, ट्राभलर्स चेक खरिद बिक्री, ब्यालेन्स सर्टिफिकेट तथा डिमाण्ड ड्राफ्ट शुल्कमा ५० प्रतिशत छुट
Head Office: New Baneshwor, Kathmandu 01-4786100 01-4786300
Branch Office: New Road, Kathmandu 01-4268392/93
New Road, Pokhara 061-537791/92/93/94;
Dhunche, Rasuwa 010-540026/27; Birgunj 051-531243/44;
Chautara 011-620406/07; Phungling, Taplejung 024-460630;
Gaur 055-521440/41; Birtamod 023-543860;
Inaruwa 025-561773
www.janatabank.com.np info@janatabank.com.np
Janata Bank Nepal Ltd.
जनता बैंक नेपाल लिमिटेड
तपाईंसँगै छ, सधैं...

# नेपाल राष्ट्र बैंक कर्मचारी संघ, संस्थापन, सञ्चालन एक संस्मरण

✍ प्रेमप्रसाद पाण्डेय *

## पृष्ठभूमि

विक्रम सम्वत् २०४६ सालको जनआन्दोलनको उपलब्धीपूर्व नेपालमा निजामती तथा सार्वजनिक संस्थानहरूका कर्मचारीहरू पेशागत हकहितका लागि सङ्गठित हुने अधिकार थिएन। असङ्गठित क्षेत्रका मजदूरहरू सङ्गठित हुने हालको श्रम ऐन, २०४८ को जस्तो अधिकारयुक्त व्यवस्था पनि थिएन। थियो त केवल सरकारी निर्देशनमा सङ्गठित भई काम गर्ने व्यवस्था सहितको नेपाल कारखाना तथा कारखानामा काम गर्ने मजदूरसम्बन्धी ऐन, २०१६ । यसले ट्रेड युनियनको प्रत्याभूति दिनेभन्दा तत्कालीन पञ्चायती शासकहरूको हितानुकूल कारखानामा काम गर्ने मजदूरहरूको परिचालन गर्ने आधार दस्तावेजको काम गर्दथ्यो । २०४६ सालको जनआन्दोलनले एकदलीय निरङ्कुशताको अन्त्य गरी आमरूपमा प्रजातान्त्रिक वातावरण आएपछि मात्र कर्मचारीहरूलाई पनि पेशागत रूपमा सङ्गठित हुने अवसर प्राप्तभयो । सायद उक्त आन्दोलनमा कर्मचारीहरूको अमूल्य योगदानको कारण यो अधिकार प्राप्त भएको हो भन्नुमा अत्युक्ति नहोला। उक्त आन्दोलनलाई सघाउने क्रममा यस बैंकमा व्यवस्थापन समक्ष माग पेश गर्ने र पूरा गराउन दबाब दिने नाममा हडताल लगायतका कार्यक्रम सञ्चालन गर्ने भनी बैंकमा कार्यरत निश्चित कर्मचारीहरूको गोप्य भेलाबाट तय भएको र न्यायप्रेमी कर्मचारीहरूको नामबाट कर्मचारीहरूले सङ्गठित हुन पाउनुपर्ने, बैंकभित्र झाङ्गिएको भ्रष्टाचार र अनियमितता अन्त्य गरिनुपर्ने, प्रशासनिक संयन्त्रमा सुधार, बाँच्नको निमित्त न्यूनतम आर्थिक आधार हुनुपर्ने लगायतका २५ सूत्रीय मागपत्र तयार गरी बैंकका उच्च पदाधिकारीहरू समक्ष पुऱ्याउने र आन्दोलनको लागि आमकर्मचारीहरूलाई उत्प्रेरित गर्ने लगायतका तत्कालिक अवस्थाका अत्यन्त जटिल कार्यमा संलग्न हुँदाको क्षण मेरो लागि पनि अविस्मरणीय रहेको छ।

जनआन्दोलनमा भूमिगत सङ्गठन निर्माण गरी कर्मचारीहरू सहभागी भएकोमा आन्दोलनको सफलतापश्चात् औपचारिक रूपमा सङ्गठित भई आफ्नो पेशागत हकहित संरक्षण गर्न र तत्काल सरकारी तथा सार्वजनिक निकायहरूमा व्याप्त भ्रष्टाचार र कमिशनतन्त्रको अन्त्य गरी राष्ट्र निर्माणमा सहभागी हुन कतै एक्सन कमिटी, कतै कर्मचारी युनियन त कतै कर्मचारी संघ/सङ्गठनको नाममा कर्मचारी सङ्गठनहरू निर्माण गरी कर्मचारीहरू पेशागत हकहितमा संलग्न हुन लागेकै अवस्थामा तत्कालीन शासकका भ्रष्ट पदाधिकारीहरूको उक्साहट र भ्रमजालमा परी परिवर्तित अवस्थाको सरकारले समेत जनआन्दोलनमा कर्मचारीहरूको योगदान र भूमिकालाई बिर्सेर एकाएक एकलौटीरूपमा अध्ययन समितिको गठन गरी सो समितिको प्रतिवेदन नआएसम्मको लागि (चार महिना) कर्मचारी संघ/सङ्गठन सञ्चालनमा प्रतिबन्ध घोषणा गरेकोले निजामती तथा सार्वजनिक संस्थानका कर्मचारीहरू एकताबद्ध भई पुनः आन्दोलनमा होमिनुपरेको थियो । कर्मचारीको विरोध र आन्दोलनको घोषणापश्चात् सरकारले कर्मचारी प्रतिनिधिहरूसँग छलफल गरी देशमा पेशागत सङ्गठन के कसरी व्यवस्थापन गर्ने भन्नेबारे अध्ययन गर्न गठित (पूर्वगठित) समितिलाई पुनर्गठन गरी सो समितिमा निजामती र सार्वजनिक संस्थानका कर्मचारीहरूको तर्फबाट २/२ जना प्रतिनिधिहरू समावेश गरी सो समितिले पेश गरेको प्रतिवेदनबमोजिम कर्मचारी संघ/सङ्गठन सञ्चालन गर्नदिने भन्ने सहमति भई कर्मचारी संघ/सङ्गठन सञ्चालनमा लगाएको प्रतिबन्ध फुकुवा भएको थियो । जसअनुसार समितिले मिति २०४७।५।१७ मा प्रतिवेदन पेश गरेको र प्रतिवेदनले अन्य कुराहरूका अतिरिक्त मूलतः निजामती र सार्वजनिक संस्थानहरू प्रत्येकमा एकल युनियनको व्यवस्था गर्ने सिफारीश गरेको र त्यसलाई तत्कालीन मन्त्रिपरिषद्ले अध्ययन गरी मिति २०४७।७।१५ मा स्वीकृत पनि गरेको थियो भने यतिञ्जेलसम्म निजामती तथा सार्वजनिक संस्थानहरूमा कर्मचारी संघ/सङ्गठनहरूको गठन भई तदर्थ समितिमार्फत् कार्यारम्भ भइसकेको थियो। यस बैंकमा समेत मिति २०४७।१।१४ मा भएको कर्मचारीहरूको भेलाले "नेपाल राष्ट्र बैंक, स्वतन्त्र कर्मचारी युनियन, केन्द्रीय तदर्थ समिति" को नाममा संघको गठन गरी सञ्चालनमा ल्याइएको र यसै भेलाले यस संघको विधान तयार गर्न श्री सीताराम तिवारीज्यूको संयोजकत्वमा

**पूर्व अध्यक्ष, नेपाल राष्ट्र बैंक कर्मचारी संघ*

विधान मस्यौदा समिति बनाएबमोजिम सो समितिमा रही मैले आफ्नो जिम्मेवारी पूरा गर्ने अवसर पाएको थिएँ।

### कर्मचारी युनियन दर्ताको प्रक्रिया

कर्मचारी संघ दर्ता गर्ने सम्बन्धमा बोलाइएको बैंक कर्मचारीहरूको भेलामा कुन नामबाट युनियन दर्ता गर्ने भन्ने विषयमा व्यापक छलफल भयो । मूलतः नेपाल राष्ट्र बैंक कर्मचारी सङ्गठन नामाकरण गर्ने वा संघ गर्ने भन्ने दुईवटा विषयमा विवाद भए तापनि अन्ततः संघ नै राख्नेगरी सहमति गरियो । स्मरणरहोस्, तत्कालीन अवस्थामा राजनीतिका दुई धारहरू प्रगतिशील र प्रजातान्त्रिक समूहहरू हावी रहेका र प्रगतिशील समूहले सङ्गठन राख्नखोज्ने तथा प्रजातान्त्रिक समूहले संघ राख्नखोज्ने स्थिति थियो। राष्ट्र बैंकमा प्रगतिशील समूह शक्तिशाली हुँदाहुदै पनि नाममा विवाद गर्नु राम्रो नहुने तथा विवादले कर्मचारी एकतामा असर पुग्नसक्ने र संघ नै विभाजित पनि हुनसक्ने अवस्था नरहोस् भनी नेपाल राष्ट्र बैंक कर्मचारी संघ, २०४७ नाम राखी संघ दर्ता गर्ने निर्णय भयो र त्यसै आधारमा २०४७।१२।१७ मा राष्ट्रिय निर्देशन ऐन, २०१८ अन्तर्गत द.नं.३८६/०४७–४८ मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा विधिवत् कर्मचारी संघ दर्ता गरिएको हो । संघ दर्ता गर्नुपूर्व बैंकभित्र नेपाल राष्ट्र बैंक कर्मचारी युनियन केन्द्रीय तदर्थ समिति क्रियाशील रहेको, जसको नेतृत्व यस बैंकका पूर्वगभर्नर समेत भैसक्नुभएका दीपेन्द्रबहादुर क्षेत्रीले गर्नुभएको थियो । त्यस अवस्थामा पनि युनियनले बैंकका कर्मचारीहरूको सुविधा वृद्धिमा मात्र होइन लामो समयदेखि रोकिएको वृत्ति विकासको प्रक्रिया सुरू गराउन र बैंकको खर्च कटौतीमा उल्लेख्य योगदान पुऱ्याएको थियो। बैंकका गाडीहरू उपहारको रूपमा सत्ताधारीहरूलाई प्रयोग गर्न दिइएकोमा ती गाडीहरू युनियनको पहलमा फिर्ताल्याउने, विदेशी मुद्राको दुरूपयोग गर्नेहरूको नामावली प्रकाशन गर्ने, बैंकका उच्चाधिकारीले आफन्तहरूलाई अन्तर्राष्ट्रिय टेलिफोन कल गरी लाखौंको बिल बैंकलाई तिराएकोमा सो फिर्ता गराउने, टक्सार विभागमा सिक्का मुद्रणको लागि भनी तत्कालीन अवस्थामा मेशिन खरिद गरी कमिशन खाएको विषयमा कुरा उठाई छानवीन गराउने र समग्रमा संस्थागत विकृति र विसङ्गतिको विरूद्धमा जुझारू लडाईं लडी सुशासन स्थापित गर्नमा युनियनले ठूलो भूमिका निर्वाह गरेको थियो। यसैकारण कर्मचारी संघ व्यवस्थापनको आँखाको तारो बनिरहेको र मौका पाए संघलाई सिध्याउने तयारीमा व्यवस्थापन रहेको अवस्था थियो।

संघ दर्ता भई सकेपछि नयाँ निर्वाचन गरी यसका क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने भएकोले २०४८।१।५ मा संघको निर्वाचन गरियो। त्यतिबेला एउटै संघ भएकोले प्रगतिशील र प्रजातान्त्रिक समूहको रूपमा उम्मेदवारी दर्ता भई निर्वाचन सम्पन्न भयो। केही स्वतन्त्र उम्मेदवारहरू पनि देखिएका थिए। प्रगतिशील समूहको नेतृत्व दीपेन्द्रबहादुर क्षेत्रीले गर्नुभएको र यसमा मैले उपाध्यक्षको जिम्मेवारी पाएको थिएँ भने प्रजातान्त्रिक समूहको नेतृत्व रेवतबहादुर कार्कीले गर्नुभएको थियो । निर्वाचनको समाप्तिसँगै मतगणना गरी नतिजा घोषणा हुँदा प्रगतिशील समूह दुईतिहाईभन्दा बढी मतान्तरमा विजयी भयौं भने प्रजातान्त्रिक समूहको नराम्रो हार भयो। यस पछाडि सो समूहले कर्मचारीको हकहितमा संघबाट गरिने प्रत्येक काममा गुणदोषको आधारमा समर्थन र विरोध गर्नुको सट्टा व्यवस्थापनसँग मिलोमतो गरी अनावश्यक विरोध र षड्यन्त्र गर्ने काम मात्र गर्नथाल्यो। समानान्तर युनियनको काम गऱ्यो, जुन आमकर्मचारीको लागि घातक कुरा थियो।

### संघ उपर कारवाहीको षड्यन्त्र

संघले संस्थाभित्रका विकृति र विसङ्गतिको विरोध गर्दै आमकर्मचारीहरू र संस्थाको हकहितमा काम गर्न सुरू मात्र के गरेको थियो तत्कालको अवस्थामा बजेट जारी हुनगइरहेको र त्यसमा कर्मचारीको तलब, भत्ता तथा सुविधामा पुनरावलोकन हुनुपर्ने भनी निजामती कर्मचारी सङ्गठन तथा अन्तरसंस्थान कर्मचारी सङ्गठनहरूले आवाज उठाउन थाले । यसक्रममा निजामती कर्मचारीहरूबाट माग राखी कार्यक्रम दिएकोमा तत्कालीन अन्तरिम सरकार कर्मचारीहरूको विरूद्धमा जाइलाग्दै कारबाही गर्न तम्सियो । जसको विरोधमा अन्य सार्वजनिक संस्थानका कर्मचारी संघहरूले सरह यस संघबाट समेत विरोधपत्र दिएकोमा सरकारलाई चित्त बुझेको रहेनछ। बैंकका उच्च पदाधिकारीहरू त संघसँग यसै रूष्ट छँदै थिए। सरकार निजामती कर्मचारीहरूलाई तह लगाउने उद्देश्यका साथ कारबाहीको प्रक्रियामा उत्रेको केही समय पछि सरकारकै सहमतिमा यस संघ उपर पनि षड्यन्त्रको जालो बुनियो। संघलाई निस्क्रिय बनाउने दूषित उद्देश्यका साथ संघका पदाधिकारीहरूको धनगढीदेखि इलामसम्मका कार्यालयमा सरूवाको निर्णय भयो। संघका तत्कालीन सहसचिव चिन्तामणि सिवाकोटीलाई धनगढी र सदस्य कल्याणबन्धु अर्याललाई दिपायल सरूवाको पत्र दिइयो। सरकारबाट गठित कर्मचारी संघ/सङ्गठनसम्बन्धी अध्ययन गर्न गठित समितिको प्रतिवेदन, जुन सरकारले स्वीकृत समेत गरिसकेको थियो र जसमा संघका पदाधिकारीलाई

कार्यक्षेत्र बाहिर सरूवा नगर्ने कुरा समेत उल्लेख थियो, त्यसको विपरीत सरूवा भएकोले विरोध गरी सो सरूवा बदर गर्न माग गर्दा व्यवस्थापनले अस्वीकार गऱ्यो र संघले दबाब दिने क्रममा घेराउ गर्नुपऱ्यो। सो क्रममा मिति २०४८।५।१२ मा राती ९:३० बजेसम्म घेराउ गरी तत्कालीन डेपुटी गभर्नर अच्युतप्रसाद पौडेलले तत्कालको लागि सरूवा स्थगितको चिट्ठी दिएपछि घेराउ समाप्त भयो। तर त्यतिञ्जेल बैंकमा हामीलाई पक्राउसम्म गर्नेगरी बैंकको मूल गेटमा दुई भ्यान प्रहरी समेत तैनाथ भैसकेका रहेछन्। राती भैसकेकोले बैंककै गाडीबाट हामीलाई घरघरमा छोड्ने काम भयो भने भोलिपल्ट सबैजना कार्यालय हाजिर भई सदाझैं घर फर्कियौं। तर त्यसको भोलिपल्ट बिहान कार्यालय हाजिर हुन आउँदा म लगायत अध्यक्ष दीपेन्द्रबहादुर क्षेत्री, कोषाध्यक्ष चन्द्रमान मलेकु, सहकोषाध्यक्ष प्रमिला घिमिरे, सदस्य मोतिमान शाक्य तथा वासुदेव अधिकारी, रमण नेपाल र बद्रीप्रसाद अधिकारीलाई गभर्नर, डेपुटी गभर्नरलाई अपशब्द प्रयोग गरेको, गैरकानुनी घेराउ गरेको, हुलहुज्जत गरेको, अनुचित दबाब दिएको र राष्ट्रको ढुकुटीमा असुरक्षाको स्थिति पैदा गरेकोजस्ता कपोलकल्पित आरोप लगाई निलम्बनको पत्र दिइयो।

निलम्बनको विरूद्धमा हामी सर्वोच्च अदालतमा अन्तरिम आदेशको मागसहित निर्णय बदरको लागि रिट लिएर गयौं। चिन्तामणि सिवाकोटीको रिटमा सुनुवाई भई अन्तरिम आदेश जारी भयो भने अन्यको हकमा अन्तरिम आदेशको छलफलमा झिकाएकै अवस्थामा २०४८।८।१२ मा सेवाबाट हटाउने निर्णय गरियो। यस विरूद्धमा समेत सर्वोच्च अदालतमा रिट निवेदन दिई अदालतबाट कारबाहीको निर्णय बदर गर्ने फैसला भई ३० महिनापछि २०५० फागुनको अन्त्यमा बैंकमा पुनः हाजिर भएको तथ्य अविस्मरणीय छ।

कर्मचारीको रूपमा कार्यरत अवस्थामा जागीर खोसिएपछिको जीविकोपार्जनको समस्या स्वभाविक हो। सबै साथीहरू परिवारको पालनपोषण तथा बालबच्चाको शिक्षा, स्वास्थ्यको जोहो गर्नतिर र जागीर जोगाउने क्रममा मुद्दा लड्न समेत विवश हुनुपऱ्यो। बैंकमा समानान्तर संघ सञ्चालन गर्नेहरू हामीलाई कारबाही भएपछि एक शब्द नबोली दुलोभित्र पसे भने संघका शुभेच्छुक साथीहरू आन्दोलनको तयारीमा लाग्ने पक्षमा हुनुभयो। यद्यपि त्यतिबेलाको परिस्थितिलाई मूल्याङ्कन गरी अरू थप क्षति हुनबाट रोक्न हामीले नै साथीहरूलाई आन्दोलनमा जानबाट रोक्यौं। स्मरणरहोस्, त्यसबेला हामी कारबाहीमा परेका कर्मचारीसँग कोको कर्मचारीहरू सम्पर्कमा छन् भनी बुझ्न र तर्साउन बैंक व्यवस्थापनले भरौटेहरू खटाएको अवस्था थियो। निलम्बनको पत्र बुझी म उक्त निर्णय विरूद्धमा मुद्दाको तयारी गर्न वागबजार ल फर्म आउने क्रममा कर्मचारी साथी भोगेन्द्र बस्नेतले मोटरसाइकलमा लिफ्ट दिएकोमा निजलाई समेत मौखिक स्पष्टिकरण सोधी धम्क्याइएको थियो भने निलम्बनको विरूद्धमा संघले निकालेको पर्चा बाँडेको आरोपमा राजेन्द्र रिमाल र बैंकको इलाम कार्यालयका अध्यक्ष तुलसी घिमिरेलाई निलम्बन गरियो। पछि रिमालको निलम्बन फुकुवा गरिए पनि तुलसी घिमिरेको १९ वर्षमा चलिरहेको जागीर पनि खोसियो। उहाँ अलि मुडी र केही जिद्दी स्वभावको भएकोले मुद्दा लड्न नमानेको कारणले जागीरमा पुनःस्थापित समेत हुन सक्नुभएन र १९ वर्षको सेवा भए पनि बिना पेन्सनको जीवन बिताउन बाध्य हुनुहुन्छ। त्यसमा पनि बैंकबाट सापटी लिई बुटवलमा बनाउनुभएको घरमा खिचोला परी भत्काउनुपर्ने अवस्था सृजना भएछ। जिल्ला र पुनरावेदन तहका अदालतले खिचोला ठहर गरी घर भत्काउने निर्णय सुनाए पछि मात्र मसँग सम्पर्क गर्नुभयो, म आफू कानुनको विद्यार्थी/कानुन व्यवसायी मित्र समेत भएकोले होला। दुई तह हारिसकेको मुद्दामा कानुनतः पुनरावेदनको अधिकार थिएन तर पनि दोहोऱ्याई पाउन अनुमतिको लागि माथिल्लो अदालतमा निवेदन दिन एक मात्र विकल्प बाँकी थियो र सोही आधारमा उक्त मुद्दामा सर्वोच्च अदालतमा दोहोऱ्याई पाउन निवेदन दिइयो, भाग्यवश निस्सा प्राप्त भयो, मुद्दा जितियो र घर भत्किनबाट जोगियो।

दशैंको मुखमा जागीर खोसिएपछि जीविकोपार्जनको लागि टुँडिखेलको खुल्लामञ्चमा जुत्ता पसल राख्ने र बससेवा सञ्चालन गर्ने निर्णय गरियो। बससेवा सञ्चालनको लागि कम्पनी दर्ता गर्ने सहमति भयो। जसअनुसार हामी स्वाभिमानी कर्मचारीले 'स्वाभिमान परिवहन सेवा' नामको प्रा.लि. कम्पनी दर्ता गऱ्यौं र स्वाभिमान परिवहन सेवा नामका ४ वटा बस खरिद गरी काठमाडौं–काकडभिट्टाको रूटमा सेवा सञ्चालन सुरू गरियो। यस कार्यमा मित्र मोतिमान शाक्यको योगदान अविस्मरणीय छ। कम्पनीको कार्यालय नै उहाँको ओमबहालस्थित घरमा राखियो र लगानीको लागि नपुग रकमको लागि उहाँकै घरजग्गा धितो राखी बैंकबाट ऋणसम्म लिइयो। यस बापत उहाँलाई कुनै शुल्क तिरेको मलाई सम्झना छैन। यस कम्पनीमा बैंकभित्रका र कतिपय बाहिरका साथीहरूले शेयर लगानी गरी सहयोग गर्नुभयो र हामीलाई हौसला दिनुभयो। तर

बससेवा सञ्चालनको क्रममा सञ्चालन सुरू भएको २८ दिनमै बस दुर्घटना हुनपुग्यो भने त्यसमा सहयोद्धा मित्र बद्रीप्रसाद अधिकारी र हरिप्रसाद न्यौपानेले मृत्युवरण गर्नुपर्‍यो, जुन हामी सबैको लागि अविस्मरणीय दुःखद् घटनाको रूपमा रहेको छ। कम्पनीको सञ्चालनको जिम्मा म र मोतिमानजीलाई नै दिइएको थियो । यसक्रममा काकडभिट्टामा बस व्यवसायी समितिको बैठकमा भागलिन गई आउने क्रममा चन्द्रनिगाहापुरमा बसको अगाडिको मुख्य स्प्रिङ्ग पत्ता भाँच्चिई स्टेरिङ्ग फेल हुनगएको कारण बस अनियन्त्रित भई जङ्गलतिर लागेपछि बसबाट हामफाल्दा म आफै पनि एकपटक भाग्यवश सामान्य घाइते मात्र भएको तथा धादिङ्गको जोगीमारामा दुर्घटना भई नदीमा डुबेको बस निकाली बनाउने क्रममा मित्र मोतिमानजीसँग नदी किनारमा एकहप्ता भन्दा बढी समय बिताउनु परेको क्षण पनि स्मरणमा रहिरहेको छ। हामीलाई कारबाही भएपछि बैंक युनियनविहीन अवस्थामा रह्यो र कर्मचारीहरू व्यवस्थापनको एकोहोरो थिचोमिचोमा पर्नुपर्‍यो। हामीले मुद्दा जितेपछि आमकर्मचारीहरूमा पनि उत्साह जाग्यो र हामी हाजिर भएपछि उहाँहरूबाट समेत संघलाई पुनः क्रियाशील बनाउन आग्रह गर्नुभयो। यस अवस्थामा बैंकको विद्यमान कर्मचारी नियमावलीमा संशोधन भई कर्मचारी युनियनमा अधिकृतस्तरका कर्मचारीहरू सहभागी हुन नपाउने व्यवस्था भइसकेको थियो। हाम्रो संघका अध्यक्ष दीपेन्द्रबहादुर क्षेत्री अधिकृतस्तरको कर्मचारी भएकोले उहाँलाई संघमा सक्रिय हुन प्रतिबन्ध लाग्यो। म संघको उपाध्यक्ष भएकोले स्वभावैले त्यो जिम्मेवारी मेरो काँधमा पर्‍यो। सबै साथीहरूसँग सल्लाह गरी हाजिर भएको करीब ४/५ महिना पछि कार्यवाहक अध्यक्षको हैसियत ग्रहण गरी एउटा पर्चामार्फत् संघलाई पुनः सक्रिय बनाउने काम गरियो। वैधानिक संघ क्रियाशील रहेको अवस्थामा बैंकमा समानान्तर संघ सञ्चालन गर्ने साथीहरूले व्यवस्थापनले संघका कर्मचारीलाई कारबाही गरेको अवस्थामा एक शब्द पनि उच्चारण नगर्ने तथा नेतृत्वविहीन भएका कर्मचारीहरूलाई नेतृत्व पनि नदिई चुपचाप बसेका तर हामी कानुनी लडाईं जिती बैंकमा पुनः हाजिर भई संघलाई पुनर्जीवित गरेपछि मात्र सल्बलाउन थाल्नुभयो। हामीलाई कारबाही गर्दाको अवस्थामा संघ सञ्चालन सम्बन्धमा छुट्टै कानुन नभएकोले तत्काल राष्ट्रिय निर्देशन ऐनअन्तर्गत संघ दर्ता गरिएको भए पनि हामी बैंकमा पुनःस्थापित हुँदाको अवस्थामा ट्रेड युनियन ऐन, २०४९ जारी भई क्रियाशील रहेको र अन्य सार्वजनिक संस्थानहरूमा यसै ऐनअन्तर्गत संघ दर्ता गरी सञ्चालनमा रहेको तर राष्ट्र बैंक युनियनविहीन अवस्थामै रहेको थियो। यस अवस्थामा नयाँ ऐनअनुसार संघ दर्ता गरी कर्मचारीको हितमा काम गर्न उहाँहरूलाई कसले रोकेको थियो ? त्यो उहाँहरूले नै जान्ने कुरा हो। तर पनि उहाँहरूको यस्ता क्रियाकलापले मलगायत सबै स्वाभिमानी साथीहरूलाई ज्यादै दुःखित तुल्यायो। बैंकका अधिकांश कर्मचारीहरू बैंकभित्र एउटा मात्र युनियन हुनुपर्छ भन्ने मान्यतामा रहेको र युनियन सञ्चालन सम्बन्धमा छुट्टै कानुन बनिसकेकोले संघलाई नयाँ ढङ्गले सञ्चालन गर्न जरूरी थियो। यसकारण ट्रेड युनियन ऐन, २०४९ बमोजिम संघ दर्ता गर्न कर्मचारीमाफ सदस्यता वितरण गर्न थालियो, जसमा तीनचौथाई भन्दा बढी कर्मचारीहरूको समर्थनका साथ नयाँ संघको रूपमा 'नेपाल राष्ट्र बैंक कर्मचारी संघ' लाई श्रम कार्यालय बागमती अञ्चलमा दर्ता गरी नयाँ प्रारूपमा संघको सञ्चालन सुरू गरियो।

कार्यवाहक अवधिसहित करीब चार कार्यावधि संघको केन्द्रीय नेतृत्वमा रही कार्यगर्दा सम्पूर्ण कर्मचारी मित्रहरूबाट जुन सद्भाव र सहयोग मैले प्राप्त गर्न सकैं त्यसले गर्दा पछिल्ला दिनमा संघको कार्य सञ्चालन अलि सहज भयो। अन्य क्षेत्रका कर्मचारीहरूको जस्तै राष्ट्र बैंकका कर्मचारीहरूको दैनिकी पनि त्यतिञ्जेलसम्म खासै सजिलो थिएन। अत्यन्त न्यून सुविधाका कारण प्रत्येक कर्मचारीले कार्यालयको काममा सहभागी हुँदा पनि पारिवारिक दायित्वको चिन्ताले सताउनु स्वभाविक थियो । प्रायः सबै कर्मचारीले नियमानुसार वर्षको दुईपटक सापटी लिनपाउने कर्मचारी सञ्चयकोषको रकम निकाली व्यवहार चलाउनुपर्ने बाध्यता थियो । बैंकको नियमनकारी भूमिका पूरागर्ने क्रममा कर्मचारी साथीहरू वाणिज्य बैंकहरूको निरीक्षण/सुपरीवेक्षणमा संलग्न हुनुपर्ने तर ती बैंकहरू खासगरी निजीक्षेत्रमा खुलेका बैंकहरूमा उच्च तलबमान र सुविधा रहेको तथा हामीकहाँ न्यून तलबमान र सुविधा भएको कारणले अपमानित र हीनताबोधका साथ कार्य सम्पन्न गर्नुपर्ने बाध्यात्मक अवस्थाको अनुभूति भैरहेको थियो। संस्थाको क्षमता हुँदाहुँदै पनि सरकारी अतिनियन्त्रणका कारण केन्द्रीय बैंकको गरिमा कायम हुनेगरी तलब सुविधा प्रदान हुनसकेको थिएन । कर्मचारीको वृत्ति विकासमा त्यत्तिकै असहजता थियो। जुन पदमा नियुक्ति लिएको हो सोही पदबाट अनिवार्य अवकाश लिएर जानुपरेको तितो यथार्थ भोग्नुपर्ने अवस्था थियो। संस्थामा विकृति विसङ्गति कति झाङ्गिएको थियो भन्ने कुरा सेवाबाट हटाइएको अवस्थामा हामीले २०४८ सालमा प्रकाशन गरेको "राष्ट्र बैंक भ्रष्टाचार प्रकरण र कर्मचारी संघको आवाज"* नामको प्रकाशनको

*हेर्नैपर्ने ऐतिहासिक दस्तावेज*

अध्ययनले नै स्पष्ट गर्दछ। यी सबै कुराहरूलाई संयोजन गरी संघले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने थियो। यो जिम्मेवारी पूरा गर्न संघ दृढताका साथ अघि बढिरहेकै अवस्थामा कर्मचारीको चाहना विपरीत राजनीतिक आस्थाका आधारमा कर्मचारीहरूमा विभाजन ल्याउने काम केही प्रजातन्त्रवादी भन्ने साथीहरूबाट भयो र नयाँ संघ (वित्तीय संस्था कर्मचारी संघ) को नाममा पर्चाबाजी सुरू भयो। उहाँहरू नयाँ संघ दर्ताको प्रक्रियामा लाग्नुभयो र केही कीर्ते हस्ताक्षर गरी संघ दर्ता गर्नुभयो पनि। तर आमकर्मचारीको चाहना बैंकमा एकल युनियन हुनुपर्ने भन्ने रहेकोले यस संघको तर्फबाट दावी विरोध गरी दर्ता बदर गर्न प्रयास भए पनि तत्कालीन सत्ताको प्रयोगबाट कानुनी प्रक्रिया मिची श्रम कार्यालयबाट निर्णय गराइयो। यसको विरूद्धमा श्रम अदालतमा उजुरी दिई उक्त संघको दर्ता खारेज गरियो। यो क्रम तीनपटकसम्म चल्यो। तर सरकार नै कर्मचारीमा विभाजन गरी शासन गर्ने पक्षमा रहेको र सबैतिर बहुयुनियन भएको अवस्थामा हामीकहाँ मात्र कति मुद्दा मात्र लडिरहने भन्ने निष्कर्षका साथ प्रतिस्पर्धामा जाने निर्णय गरी यो प्रक्रियालाई अन्ततः यहीँ अन्त्य गरी संघलाई संस्था र आम कर्मचारीहरूको हितमा काम गर्ने एकमात्र जिम्मेवारी पूरा गर्ने अभियानमा केन्द्रित गरियो।

२०५१ सालमा भएको मध्यावधि चुनावले देशमा सरकारको नेतृत्व परिवर्तनसँगै यस बैंकमा पनि नेतृत्व परिवर्तन भयो। बैंक सेवाबाटै खारिएका व्यक्तित्व सत्येन्द्रप्यारा श्रेष्ठ बैंकको गभर्नर हुनुभयो र उहाँले आफ्नो कार्यकालमा बैंक कर्मचारीको स्तरोन्नतिमा सक्दो योगदान गर्ने उद्घोषका साथ पदभार ग्रहण गर्नुभयो। कर्मचारी संघको तर्फबाट आर्थिक, वृत्ति विकास र संस्थागत सुधार सम्बन्धमा माग राखी व्यवस्थापनसँग छलफल गरियो। कर्मचारीका माग सम्बोधन गर्न संघ र व्यवस्थापनबीचको सहमतिको आधारमा बैंक कर्मचारीहरूको सेवा सुविधामा के कस्तो परिमार्जन गर्न आवश्यक छ भनी अध्ययन गर्न संस्थापक गभर्नर हिमालयसमसेर राणाज्यूको संयोजकत्वमा अध्ययन समिति गठन गरी प्राप्त रिपोर्टको आधारमा सेवा सुविधामा पुनरावलोकन गर्ने सहमति भयो र उक्त प्रतिवेदनको आधारमा कर्मचारीहरूको सेवा सुविधामा परिवर्तन गरी कर्मचारीहरूले प्राप्तगर्ने औषधी सुविधा र ग्रेड रकमलाई बैंककै इतिहासमा पहिलोपटक तलबसँग आबद्ध गरियो। यसबाट कर्मचारीहरूको जीविकोपार्जनको स्तरमा केही सुधारको सुरूवात भएको र हरेक पटकको तलब वृद्धिले अन्य सुविधा पनि स्वतः वृद्धि हुने पद्धतिका कारण एकाईगत सुविधा वृद्धिको लागि लड्नुपर्ने अवस्थाको अन्त्य भयो, जुन राम्रो सुरूवात हो भन्ने मलाई लागेको छ। यसैगरी कर्मचारी नियमावलीमा पनि व्यापक सुधार गरियो र वृत्ति विकासका अवसरहरू खुलाइयो। यसलाई चरणबद्ध रूपमा सुधार गर्दै हालको अवस्थामा आइपुग्दा १० वर्षसम्म एउटै पदमा रहनुपर्ने कर्मचारी अपवादको रूपमा मात्र पाउन सकिन्छ भने बैकको स्वायत्तताको लागि पनि संघको तर्फबाट प्रशस्त पहल र दबाब दिइयो। जसको फलस्वरूप अहिलेको अवस्थासम्म आइपुग्दा बैंक एउटा स्वायत्त निकायको रूपमा स्थापित हुनसकेको छ। यो प्रक्रिया भविष्यमा पनि निरन्तर जारी रहनेछ र संस्था साँच्चिकै स्वायत्त र गरिमामय बन्नेछ। यसमा कार्यरत कर्मचारीहरू पनि संस्थाको गरिमा कायम राख्दै सम्मानित र स्वच्छ छविका साथ अघि बढ्ने वातावरण विकसित हुँदै जानेछ र यसमा यस संघको अझ गहकिलो भूमिका रहनेछ भन्ने मैले अपेक्षा र विश्वास गरेको छु।

**अन्त्यमा**

माथि चर्चा गरेझैं नेपाल राष्ट्र बैंक कर्मचारी संघले धेरै आरोह अवरोह पारगरी आजको अवस्थासम्म आइपुगेको छ। मैले २०५६ सालसम्म युनियनको नेतृत्व सम्हाल्दासम्म बैंकमा दुईवटा मात्र संघहरू अस्तित्वमा थिए, तथापि नेपाल राष्ट्र बैंक कर्मचारी संघ कुनै एक आस्थाको मात्र नभई आम कर्मचारीको साझा चौतारी थियो। सबै आस्थाका साथीहरूले यसलाई विश्वास र भरोसा प्रदान गर्नुभएको थियो र संघमा आबद्ध पनि हुनुहन्थ्यो – शायद कर्मचारी संघमा आबद्ध व्यक्तिहरू कुनै सिद्धान्तमा आस्थावान हुनसक्छन्, तर केन्द्रीय बैंकजस्तो संस्थामा संघलाई आस्थाको आधारमा भन्दा पेशागत आधारमा सञ्चालन गर्नुपर्छ भन्ने मेरो मान्यता रहेको कारणले होला। अहिलेको अवस्थामा बैंकमा चारवटा संघ दर्ता भई सञ्चालनमा रहेको अवस्था छ। राजनीतिक दलको विभाजन र स्थापनासँगै अझ कति संघहरूको जन्म हुने हो त्यो भविष्यको गर्भमा नै छ।

तर पनि संघ सञ्चालन गर्दा यसको इतिहासलाई विचार गरी आगामी दिनमा पनि संघ सञ्चालन हुन सकोस्, कुनै गुट र समूहको हितमा सीमित नहोस्, संस्था र समग्र कर्मचारीको हितमा काम गर्न सकोस् र संघको साख र गरिमा कायम होस् तथा यसको प्रसिद्धिमा अझ विस्तार होस् भन्ने हामी अग्रजहरूको कामना हुनु अस्वाभाविक नहोला। संघ आगामी दिनमा अग्रगामी सोचकासाथ अघि बढोस् भन्ने अपेक्षा राख्दछु र यस संघको रजत महोत्सवको अवसरमा शुभकामना व्यक्त गर्न चाहन्छु। अस्तु।


NB HOME LOAN
8.99%
लोन प्रोसेसिङ टाईम
३ दिन मात्र
बन्दैछ, हाम्रो घर
N B Bank
नेपाल बङ्लादेश बैंक लि.
www.nbbl.com.np
SWIFT : NPBBNPKA

**प्रथम केन्द्रीय परिषद् बैठक** (२९ मंसिर –१, २ पौष, २०५६), **विराटनगर ।**

“गतिशील, जुझारु सङ्गठन निर्माण, हाम्रो अभियान ॥” भन्ने मूल नाराका साथ संघको संशोधित बिधान अनुसारको प्रथम केन्द्रीय परिषद् बैठक विराटनगर शाखा समितिको सक्रियतामा देशको दोश्रो ठूलो शहर विराटनगरमा सम्पन्न भयो । यस बैठकले महाधिवेशन पश्चात भए गरेका कामको समीक्षा गर्नुका साथै आगामी दिनमा सङ्गठनले अख्तियार गर्नुपर्ने रणनीति तथा कार्यदिशा निर्दिष्ट गरेको थियो ।









**नेतृत्व विकास सम्बन्धी प्रशिक्षणको एक झलक**


Standard Chartered
Here for good
Can a bank really stand for something? Can it balance its ambition with its conscience? To do what it must. Not what it can. As not everything in life that counts can be counted. Can it not only look at the profit it makes but how it makes that profit? And stand beside people, not above them. Where every solution depends on each person. Simply by doing good, can a bank in fact be great? In the many places we call home, our purpose remains the same. To be here for people. Here for progress. Here for the long run. Here for good.
sc.com/np

# कर्मचारी संघ मेरो संस्मरण

**प्रमिला घिमिरे***

२०३५ सालतिरको कुरा हो, काठमाडौं बैकिङ्ग कार्यालयबाट सरूवा लिएर म आफ्नो घर पाएक विराटनगरमा गएको करिब एकवर्षपछि विभिन्न संघ संस्थाका कर्मचारीहरू विभिन्न मागहरू राखेर आन्दोलित हुने घटनाहरू बढ्न थालेका थिए। नेपाल राष्ट्र बैंक पनि यसबाट अछुतो भएर रहन सकेन। विराटनगरमा हामीहरू पनि चनाखो भएर समयानुकूल सङ्गठित हुन थाल्यौ। यसैबेला हामीले काठमाडौंको केन्द्रीय कार्यालय र थापाथलीको बैंकिङ्ग कार्यालयका साथीहरू पनि सङ्गठित हुने गरेको खवर सुन्न पायौं। यो खवरले हामीलाई हौसला प्रदान गऱ्यो। जसबाट उत्साहित हुँदै हामीहरू अफिसको कुनाकाप्चामा बसेर लुकिछिपी सङ्गठित हुने कुराकानी गर्ने तरिकाको साटो समूहमा कहीँ भेला भएर बोल्ने र आफ्ना विचार, भावना र कुराहरू सबैले राख्न पाउनु पर्छ भन्ने मान्यतामा पुग्यौं।

त्यसबेला विराटनगरमा नेपाल राष्ट्र बैंक बजार अड्डाको पूर्वतिर भाडाको घरमा थियो। सानो कम्पाउण्डका साथै सानासाना कोठाहरू भएको कारण त्यस भवनमा हामीहरूलाई हाम्रा योजनाअनुसार भेला, सरसल्लाह र कार्यक्रमहरू बनाउन असुविधा हुन गयो। त्यसैले अफिसदेखि पाँच, सात मिनेट टाढा पूर्वतिरको आँप बगैंचामा हामीहरू शक्रवार १:३० बजेपछि र अरू दिन आवश्यकता हेरेर पाँच बजेपछि भेला हुन थाल्यौं। यसबेलाको राम्रो पक्ष भनेको हाकिमको चाकडी गरेर अगिपछि लाग्नेहरू बाहेक सबै स्वाभिमानी कर्मचारीहरू एकजुट थियौं। यसरी भेला हुने क्रममा जायज कुराहरू निर्भिकताकासाथ राख्ने मेरो स्वभावका कारण महिलाहरूमा प्रायःजसो म नै अगाडि पर्दथें। हामीले गरेको सम्पूर्ण क्रियाकलापको बारेमा मेनेजरलाई कुरा पुग्दो रहेछ। सबैलाई व्यक्तिगत तवरले बोलाएर आफ्नो पक्षको बनाउने उहाँको प्रवृत्तिमा मेरो स्वभाव मेल खाएन। त्यसैले तत्कालीन मेनेजरले मलाई सुत्केरी अवस्थामा टिफिन टाइममा आधा घण्टालाई घर जाँदा म अफिसबाट निस्कने बित्तिकै छड्के गरेको कुरा मेरो सहकर्मी साथीबाट मैले थाहा पाएँ। मलाई सोधिएको पहिलो चिट्ठीमै जागीरबाट किन बर्खास्त नगर्ने भनेर सोधिएको थियो। यो एउटा दुःखलाग्दो पक्ष हो।

कर्मचारी आन्दोलनको परिणामस्वरूप दीपेन्द्रबहादुर क्षेत्री सरको नेतृत्वमा नेपाल राष्ट्र बैंकबाट पूर्ण बहुमतका साथ कर्मचारी संघको पूरै प्यानेलले जित्यौं। दीपेन्द्रबहादुर क्षेत्रीको अगुवाइमा राष्ट्र बैंकभित्रका धेरै अनियमितताका कुराहरू प्रमाणसहित उठाउने कामहरू भए। जसमा हरेक फाँट र शाखाका साथीभाइहरूको प्रत्यक्ष र परोक्ष सहभागिता थियो।

दीपेन्द्रबहादुर क्षेत्रीको नेतृत्वमा कर्मचारी संघमा रहन पाउनुलाई म आफ्नो जीवनको महत्त्वपूर्ण अवसर ठान्दछु। उहाँले हामीलाई सधैँ अनुशासन र संयमी बन्ने प्रेरणा प्रदान गर्नुहुन्थ्यो। बैंकभित्रका घोटालाहरू निकाल्न थाले पछि घोटाला गर्नेहरू र तिनीहरूका पृष्टपोषकहरूलाई कर्मचारीहरूले नियाल्न थाले। यसले गर्दा कर्मचारी संघ व्यवस्थापनको तारो बनेको थियो। असल नेतृत्व र संयमी कर्मचारी संघका पदाधिकारीहरू भएका कारण व्यवस्थापनले कसैलाई केही गर्न सकेको थिएन। हामीलाई व्यक्तिगत रूपले मेनेजरको कोठामा बोलाएर जति पनि निस्केका पर्चा पम्पलेट छन् त्यसमा मेरो सहभागिता छैन भन्नेजस्ता प्रतिक्रिया दिन उक्साउने काम गऱ्यो। बैंकले भनेअनुसारको काम गरेमा बढुवा गरिदिने, विदेशमा काजमा पठाउने आदि प्रलोभन देखाउन पनि पछि परेनन्। कर्मचारीको हितका लागि लड्छु भनेर गुटबन्दी गरेर हाकिमको चाकडी गर्नेहरू हाम्रै अगाडि यी सबै सुविधा र प्रलोभनमा डुबेको सबै कर्मचारीको अगाडि स्पष्ट छ। नेपाल राष्ट्र बैंकको कर्मचारी संघको उच्च छवि यसकारणले पनि छ कि मैले जानेसम्म द्वैधछवि भएकाहरू विस्तारै पाखालागे र आफ्नो निजी स्वार्थमा लागिपरे। कर्मचारीहरूको हकहित र संस्थाको उन्नतिमा संघ तदारूकताकासाथ निर्भिक भएर लागिरहेको कुरा सबै तप्काका साथीहरू र संस्थाको भलाई चाहने व्यवस्थापनको कुर्सीमा बस्नेहरू सबैलाई थाहा भएको कुरा हो।

संस्था र कर्मचारीको उन्नति र प्रगतिभन्दा गिरोहको भलाइ चाहने तत्कालीन व्यवस्थापनले संघका पदाधिकारीहरूलाई छड्केलगायतका विभिन्न अफिसियल हतकण्डा प्रयोगमा ल्यायो। कुनै पनि जुक्ति काममा नआएपछि साजिस रचेर तत्कालीन सरकारमा रहेकाहरूको आडमा व्यवस्थापन पक्ष आक्रमक हुनपुग्यो। कर्मचारीको सरूवासम्बन्धी साधारण वार्तालापलाई लम्याउँदै लगी रातपरेपछि कुरा गर्ने बहानामा ढिलो गरी वार्तामा बोलायो। सौहार्दपूर्ण वार्तागरी आ–आफ्नो

*पूर्व उपाध्याक्ष, नेपाल राष्ट्र बैंक कर्मचारी संघ*

घर फर्कन लागेको बेलामा मूल गेटमा पुलिस भ्यानसमेत तैनाथ गर्न लगाएको बुझियो तर मलगायत अरू वार्तामा नगएका साथीहरूलाई समेत राती ढुकुटीमा असुरक्षा पुऱ्याएको बहानामा भोलिपल्ट हाजिर भैसकेपछि बर्खास्तको चिठी थमायो।

अचम्म र उदेकलाग्दो कुरा त यो हो कि वार्तामा नगएकाहरूले पनि भोलिपल्ट चिठी पायौं तर त्यसै वार्तामा दिउँसोदेखि रातिसम्म बस्नेहरू मध्येका कसैकसैले त चिठी पाएनन्। त्यसैले संघमा बसेर पनि तर चाट्ने प्रवृत्ति भएकाहरूबाट सावधान रहन पनि म साथीहरू सबैलाई अनुरोध गर्दछु। यसरी राष्ट्रको आर्थिक कारोवारको सर्वोच्च संस्थामा भैरहेको आर्थिक अनियमितताका विषयमा जुझारू भएर दृढताकासाथ कर्मचारी संघमार्फत् अगाडि बढनेहरू बाध्य भएर अदालतको ढोका ढक्ढक्याउन पुग्यौ। अदालतको काम र कारवाहीमा पनि दीपेन्द्रबहादुर क्षेत्रीले हामीलाई जहिले पनि शान्त र धैर्यको पाठ नै पढाउनु हुन्थ्यो। वर्षौं सम्म राखे पनि पेसी माथि सुनुवाइ हुने कुनै सम्भावना देखिएन। यता घरमा मलाई मेरा छोराछोरीले गरेका प्रश्नहरू न्यायाधीश विश्वनाथ उपाध्यायलाई सोध्ने जिज्ञासा ममा बढ्यो। केटाकेटीहरूलाई सही र सत्य जवाफ दिँदादिँदा प्रश्नहरू जिज्ञासा र घृणामा देखापर्न थाले। कसैलाई नभनिकन म सम्माननीय प्रधान न्यायाधीश विश्वनाथ उपाध्यायज्यूलाई उहाँ अफिसको कोठामा पस्नु अगाडि दौडेर पुगें। यसरी आएकोमा क्षमा मागे र मेरो कारणबाट मेरा छोराछोरीलाई अदालतप्रतिको घृणा बढ्दो छ भनेर उनीहरूका केही जिज्ञासा सुनाएँ। यसमा हजुरको के राय छ ? म उनीहरूलाई के जवाफ दिउँ ? मेरो झुट बोल्ने आदतचाहिँ छैन भने। यसबेलासम्ममा मेरो पछाडि सायद कोही आइसकेको थियो। मैले फर्केर हेरिन तर न्यायाधीशज्यूले नै हातको इसाराबाट जान सङ्केत गर्नुभयो र मेरो मुद्दाको बारेमा सोध्नु भयो। सबै बताए र मैले मेरो पक्षमा फैसला हुनुपर्दछ भनेर आएकी होइन बस मलाई त फैसला चाहियो चाहे मुद्दा हारौं वा जितौं, यसमा कुनै गलत अर्थ नलागोस् श्रीमान भने। तब उहाँले "तपाईंहरूको मुद्दाको लागि सरकारी तवरबाट नै मलाई दबाब आएको छ तर म निश्पक्ष रूपले हेर्छु" भन्नु भयो। आउँदो हप्तामा पेशीहरू राख्ने दिन बुधवार बिहान यसैगरी यहीँ आएर मलाई सम्झाउनुस् भन्नु भयो। पेशी राख्ने समयमा मैले उहाँको आज्ञाको पालना गरे। पेशीमा हाम्रो मुद्दा अगाडि भएर पनि न्यायाधीशले अस्वस्थताको कारण देखाएर फाइल नखोलेपछि म दौडेर प्रधान न्यायाधीशको कोठामा पसे। चारैतिरबाट सायद सुरक्षाकर्मीहरू आए। सबैलाई उहाँले रोक्नु भयो र मेरो कुरा सुन्नु भयो। सुनुवाई नगर्ने न्यायाधीशसँग रिसाउनु भयो र कुर्सिबाट उठेर "भोलि प्रधान न्यायाधीश हुने सम्भावना भएका न्यायाधीशले नै यस्ता क्रियाकलाप देखाएपछि म के गर्न सक्तछु र ? तपाइँहरूले यही कुरालाई लिखित रूपमा दिनुभयो भने म सबैका सामनेमा झपार्नसम्म सक्छु" भन्नुभयो। यी सबै कुराहरू मैले दीपेन्द्रबहादुर क्षेत्रीलगायत सहभागी साथीहरूलाई सुनाए। त्यसपछि हालको सभामुख सुवाश नेम्वाङ् र युवराज सङ्ग्रौलाज्यूहरूसँग सल्लाह गर्दा यो सबै राम्रो कुरा हो तर लिखित नदिउँ भन्ने सल्लाह भयो। दोस्रो पेशीमा न्यायाधीशद्वय रायमाझी र केदारनाथ उपाध्यायको बेञ्चले नेपाल राष्ट्र बैंकउपर कारण देखाउ आदेश जारी गऱ्यो। त्यसपछि मुद्दाको कारवाही अगाडि बढ्यो र अन्त्यमा हाम्रो जीत भयो। यसरी हाम्रो मुद्दाले किनारा पायो। नेपाल राष्ट्र बैंकको कर्मचारी संघको उच्च छविलाई कायम राख्दै हामीहरूले यसै दौरानमा आर्थिक श्रोत जुटाउन सुरू गरेको रात्री बसमा असामयिक दुर्घटनामा निधन हुनु भएको बद्रीभाइको आत्मालाई शान्तिको कामना गर्दै हाजिर भयौं। मुद्दा जितेर आएपछि संघको कार्य सुचारू रूपले सञ्चालन भयो। क्लब, क्यान्टिन, क्यास, अस्थायीहरू, सेक्युरिटीलगायत कर्मचारीहरूको फाइल बढुवा प्रक्रियादेखि लिएर बैंकिङ्गबाट भा.रू. लिन र बुझाउन कलकत्ता र पटनामा जाँदा सानो तहका कर्मचारीले पनि जान पाउने व्यवस्थामा कर्मचारी संघको नै योगदान थियो। जन्मेपछि मानिसमात्र होइन सम्पूर्ण जीवजन्तुले आआफ्नो तरिकाले जीवनयापन गर्दछन्। तर मानिस भएर बाँच्नको लागि ज्ञान, विवेक र बुद्धिको प्रयोग भएको हुनु पर्दछ। विवेक विनाको ज्ञान र बुद्धिले त झन मानिसलाई पशुको श्रेणीभन्दा तल झार्दछ। जिउँदो मानिस भनेको त्यो हो जसले कुनै पनि बेला आत्मग्लानीले शिर झुकाउनु पर्दैन।

सम्पूर्ण शक्तिको श्रोत त ईश्वर नै हुन्। त्यसैले यो नासवान शरीरमा अहम् र घमण्डले ठाउँ पाउनु हुँदैन। शरीर त एकदिन नास भएर जान्छ तर आत्मीय स्वाभिमानलाई जिउँदो राख्ने नै वास्तविक मानव हो, अन्यथा जिउँदो लास। कर्मचारी संघमा बसेर आफूले जे जति गरें त्यसमा म आफूलाई गौरव गर्छु। आज पनि कर्मचारी संघमा संलग्न हुनेहरूले यसमा गौरव गर्दै आफ्नो संघको उच्च छविमा निरन्तरता दिनु पर्दछ। आत्म स्वाभिमानलाई जिउँदो राखेर आर्जित धन–सम्पत्तिले पोषण भएका बालबालिकाहरू मात्र योग्य र सवल नागरिक बन्न सक्तछन्। त्यसैले कर्मचारी संघको आड लिएर कुनै पनि

खुराफाति प्रवृत्तिले शिर उठाउने प्रयास गर्दछ भने त्यसलाई संघले नै सजायको भागि बनाउन पछि पर्नु हुँदैन्।

**पुनश्च**

नेपाल राष्ट्र बैंक कर्मचारी संघ, रजत जयन्ती स्मारिक–२०७१ मा हामीहरू जस्ता भूतपूर्व कर्मचारीहरूलाई पनि सम्झनु भएकोमा म यस कर्मचारी संघ र पदाधिकारी कर्मचारीहरू तथा सल्लाहकारहरूमा कृतज्ञा व्यक्त गर्दछु।



**दोस्रो केन्द्रीय महाधिवेशन** (१९–२१ फागुन, २०५७), **काठमाडौं ।**

"पेशागत हक हितका लागि गतिशील, जुझारु ट्रेड युनियन आन्दोलनको उठान । वर्तमान चुनौतीसंग मुकाबिला गर्नसक्ने सबल केन्दीय बैंक निर्माण हाम्रो अभियान ॥" भन्ने मूल नाराका साथ काठमाडौंमा संचालित यस महाधिवेशनको उद्घाटन तत्कालीन गभर्नर डा.तिलक रावलले गर्नुभएको थियो । यस महाधिवेशनले महासचिवद्वारा प्रस्तुत साँगठनिक प्रतिवेदन तथा कोषाध्यक्षद्वारा प्रस्तुत आर्थिक प्रतिवेदनलाई सुझाव सहित सर्वसम्मत रूपमा अनुमोदन गर्दै नेतृत्व विकास तथा सांगठनिक सुदृढीकरण, अरुणोदय प्रकाशन एवम् रचनात्मक कार्यक्रम, बद्रि स्मृति कोषको स्थापना र परिचालन सम्बन्धी लगायतका भावी कार्यदिशा तय गरी सो लक्ष्य प्राप्तिका खातिर श्री रामप्रसाद उप्रेतीको अध्यक्षतामा निम्न कार्यसमिति सर्वसम्मतरूपमा चयन गरेको थियो ।

| | |
|---|---|
| अध्यक्ष : | श्री राम प्रसाद उप्रेती |
| उपाध्यक्ष : | श्री प्रकाशचन्द्र भट्टराई |
| महासचिव : | श्री बसन्तराज पाण्डे |
| सचिव : | श्री निर्मल कार्की |
| कोषाध्यक्ष : | श्री पञ्चनारायण प्रजापती |
| सह–कोषाध्यक्ष : | श्री छविलाल शर्मा पौडेल |
| सदस्य : | श्री राजेन्द्र न्यौपाने |
| सदस्य : | श्री रुद्रप्रसाद तिम्सिना |
| सदस्य : | श्री विष्णु खनाल |
| सदस्य : | श्री ढुण्डीराज मिश्र |
| मनोनित सदस्य : | श्री रामहरि खतिवडा |
| मनोनित सदस्य : | श्री खेमराज पौडेल |
| मनोनित सदस्य : | श्री देवेशमान जोशी |
| मनोनित सदस्य : | श्री मुरारी न्यौपाने |



**दोस्रो केन्दीय महाधिवेशनको उद्घाटन सत्र, २०५५**




दोस्रो केन्द्रीय महाधिवेशन, २०५९ मा सम्मानित उत्कृष्ट कर्मचारीहरू
श्री कर्णमान घले र श्री शिवप्रसाद अर्याल ।





दोस्रो केन्द्रीय महाधिवेशन, २०५९ का प्रतिनिधि एवम् पर्यवेक्षकहरू ।


Be OK for the future
जीवनको हरेक मोडमा, हरेक पाइलामा, BOK छ तपाईंको साथमा
बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
We make your life easier
365 Days Banking • Any Branch Banking • ATM • BOKClick • Cards • Customized Products • International Trade • Loans
• Locker • Micro Finance • M-PAISA • Remittances
Corporate Office: GPO Box 9044, Ph: 977-1-4414541, Kamal Pokhari, Kathmandu

# कर्मचारी संघ स्थापनाको सङ्घर्ष : एक विश्लेषण

मदनकाजी श्रेष्ठ*

### विषय प्रवेश

कुनै पनि कार्यालय, संघ संस्थाको उद्देश्य प्राप्तिका लागि त्यस कार्यालयका संघ संस्थामा काम गर्ने कर्मचारीहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन जान्छ। यस सन्दर्भमा नेपाल राष्ट्र बैंक पोखरामा वि.सं. २०३० सालमा प्रवेश भएपछि राष्ट्र बैंकका काम कारबाही र कार्यालय सञ्चालन विधिमा राष्ट्र बैंकका गभर्नर, डेपुटी गभर्नर र विभागीय प्रमुखको हातमा मात्र सीमित रहेको पाएँ। बैंकका गभर्नरदेखि विभागीय प्रमुखको जिल्ला भ्रमणमा शाखाका कर्मचारीहरूमा एक किसिमको त्रास हुन्थ्यो, अझ भन्नुपर्दा निरीक्षण विभागका प्रमुख निरीक्षणमा आउँदा व्यवस्थापकबाट 'टोपी लगाएर आउनू' भन्ने उर्दी हुन्थ्यो । कर्मचारीहरू टोपी लगाएर हस्याङ्ग फस्याङ्ग गर्दै बिहान १० बजे अगाडि नै आफूलाई कार्यालयमा समर्पित हुन्थे। कार्यालय समयमा आइनपुग्ने कर्मचारीले राम्रै सजाय भोग्नुपर्दथ्यो । कर्मचारीहरूको वृत्ति विकासमा कुनै संघ, सङ्गठन खोल्ने, भेला हुने, भेलामा विचार राख्ने अवसर नै हुँदैनथ्यो। यस्तो अवस्थामा कर्मचारी सङ्गठनको निर्माण गर्नु अत्यन्त आवश्यक थियो। यस सन्दर्भमा बैंक कर्मचारीहरूको वृत्ति विकास तथा उनीहरूको हक अधिकारको लागि सङ्घर्ष गर्नुबाहेक अर्को विकल्प थिएन । तर मुलुकमा पञ्चायती व्यवस्था थियो भने आफ्नो हक अधिकारको लागि आवाज उठाउँदा व्यवस्था विरोधीको बिल्ला भिर्नुपर्ने थियो । यस्तो स्थितिमा कर्मचारीहरूलाई एकै ठाउँमा गोलबन्द गर्न कठिनाइ थियो। जागिरको कुनै ग्यारेन्टी थिएन। शाखाका व्यवस्थापकहरू संघमाथि सकारात्मक दृष्टि कहिले पनि राख्दैनथे र चाकरी गर्नेको उच्च मूल्याङ्कन हुन्थ्यो। वार्षिक ग्रेड, पुरस्कार, नगद पुरस्कारलगायत विभिन्न पुरस्कार यिनै चाकरीबाजको पेवा बन्ने गर्दथ्यो। तर विडम्बना निरीह कर्मचारीहरू अनुशासनको नाममा सबै अन्याय सहेर समर्पित रहन्थे। शासक वर्ग मस्तिमा रमाएर बसेका हुन्थे। यस्तो अवस्थामा नेपाल राष्ट्र बैंकको संस्थागत प्रगति तथा कर्मचारीहरूको पेशागत हक र हितको लागि राष्ट्र बैंकमा कर्मचारी संघको आवश्यकता महसुस गरिएको थियो।

### सङ्गठित हुने प्रयास

राष्ट्र बैंक स्वायत्त संस्था भनिए पनि तत्कालीन श्री ५ को सरकारको सिधै हस्तक्षेप हुने गर्दथ्यो। यस्तो अवस्थामा केन्द्र र शाखा शाखामा हामीले अन्य बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरू समेतको मिलोमतोमा कर्मचारीहरूको हक हितका बारेमा छुट्टाछुट्टै छलफल चलाउन सुरु गरेका थियौं। पोखराको सन्दर्भमा एकदिन वि.सं. २०३५ सालको कुनै महिना (महिना याद भएन) शनिवारका दिन स्थानीय विन्ध्यवासिनी मन्दिरको प्राङ्गणमा बिहान करिब ८:३० बजेतिर हामी भेटघाट र छलफल गरी कर्मचारी हकहितको लागि सङ्गठित भई आन्दोलन गर्ने र यसको लागि एउटा समिति गठन गर्न भेला गर्ने निर्णयमा पुगेका थियौं। हाम्रो योजनाअनुसार कर्मचारीहरूको उल्लेखनीय उपस्थितिमा भेला सम्पन्न भएको र यो हाम्रो साहसिक यात्राको शुभारम्भ थियो। त्यतिबेला राष्ट्र बैंकबाट म र संयोगले विन्ध्यवासिनी मन्दिरमा दर्शन गर्न आएका कारण तत्कालीन राष्ट्र बैंक पोखराका कर्मचारी श्यामप्रसाद मल्ल पनि सो भेलामा सामेल भएका थिए। तर भोलिपल्ट आइतवारका दिन बिहान १०:०० बजेको समयमा बैंक हाताभित्र प्रवेश गर्नासाथ तत्कालीन शाखा व्यवस्थापकले हामी दुबैजना, म र श्यामप्रसाद मल्ललाई, तुरुन्त अञ्चलाधीश कार्यालयमा हाजिर हुन जाने भनी अञ्चलाधीश कार्यालयको पत्र थमाइयो। हामी दुईजनालाई व्यवस्था विरोधी भई संविधानको बर्खिलाप हुने गरी पञ्चायत व्यवस्था विरोधी काममा लागेकाले तपाईंलाई किन कारबाही गरी सजाय नगर्ने भनी अञ्चलाधीशको पत्र लेखिएको थियो। त्यतिबेला म र श्यामप्रसाद मल्ल हामी दुबैजना गण्डकी अञ्चलाधीश कार्यालयमा हाजिर हुँदा अरू बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूलाई पनि झिकाइसकेको रहेछ । नेपाल खाद्य संस्थानका एकजना कर्मचारी, जो निकै टाठो पनि थिए, हामीबीचमा मुखामुख गर्‍यौं र कार्यालयबाट हाम्रो बयान लिने काम सुरु भयो। बयानमा आफूले भेला गरी व्यवस्थापन विरोधी काममा संलग्न भएको गल्ती स्वीकार गरेर आइन्दा यस्तो काम नगर्ने भनी लिखित निवेदन दिएमा माफी दिने भनी अञ्चलाधीशको आदेश सुनाउने काम भयो। केही बैंक तथा वित्तीय संस्थाका कर्मचारी साथीहरू डरले निवेदनमा ल्याप्चे लगाउँदै लिखित माफी माग्दै छुटे तर बाँकी केही हामीले माफी मागेनौं। माफी नमाग्नेमा नेपाल खाद्य संस्थानका कर्मचारी र हामीलगायत अन्य बैंक तथा संस्थाका केही कर्मचारी थिए। यसैबीचमा

*पूर्व उपाध्यक्ष, नेपाल राष्ट्र बैंक कर्मचारी संघ*

अञ्चलाधीश कार्यालयका एक परिचित सुब्बाले खुरुक्क कागजमा सहीछाप गरेर गए भइहाल्यो नि ! भनेर मलाई सायद माया गरेर भनेका थिए । मैले कुन ठूलो अपराध गरेको छु ? भनेर प्रतिप्रश्न जवाफ दिएपछि तिनको मुखमा बुजो लागेको थियो । यसरी गण्डकी अञ्चलाधीशको कार्यालयले हामीलाई दिनभर प्रहरी घेरामा राखेपछि अन्ततः अब आइन्दा यस्तो व्यवस्था विरोधी काममा लागेमा कडा कारबाही हुनेछ भन्ने आदेश जारी गरेर हामीलाई अपरान्ह ५:३० बजेतिर छोडिएको थियो ।

**आन्दोलनमा सहभागी**

वि.सं. २०४६ सालको जनआन्दोलनको घटना हो । वि.सं. २०४६ सालको चैत्रको अन्तिम हप्ता अर्थात् २५/२६ गतेतिर मलगायत केही कर्मचारीलाई बैंकको कामको सिलसिलामा स्याङ्जा जिल्लाको वालिङ्गमा काजमा खटाइयो र त्यतिखेर काठमाडौं, पोखरालगायत मुलुकका सबै ठाउँमा व्यवस्था विरोधी आन्दोलनमा उत्कर्षमा पुगेको थियो । पोखरामा आन्दोलनको मोर्चामा रहँदा रहँदै काजमा बाहिर जिल्लामा खटिएपछि पोखराको आन्दोलनबाट छुट्नु पर्ने भयो । यो पनि हामीलाई आन्दोलनबाट अलग गर्ने एउटा तत्कालीन पञ्चायती शासक र बैंक व्यवस्थापनको करतुत थियो भने वालिङ्गमा आन्दोलनको खासै प्रभाव थिएन । हामी वालिङ्गबाट कास्कीमा आन्दोलनकारीहरूसँग नियमित सम्पर्कमा थियौं । बैंकको काजबाट फिर्ता भई पोखरामा फर्कंदा तत्कालीन राजा वीरेन्द्रबाट बहुदलको घोषणा भइसकेको थियो । बहुदल घोषणापूर्व गण्डकी अञ्चलाधीश कार्यालयको सभाकक्षमा भएको कार्यालय प्रमुखको बैठकमा प्र.जि.अ.बाट नेपाल राष्ट्र बैंक पोखरा शाखाका तत्कालीन व्यवस्थापकज्यूलाई मलगायत केही कर्मचारीलाई आन्दोलनमा लागेबापत पक्राउ गर्न आदेश दिइएको रहेछ । तर हामी पोखरा बाहिर भएका कारण हिरासतमा लिन नपाइएको व्यहोरासमेत छलफल भएको रहेछ । बहुदलको घोषणा नभएको भए हामी तत्कालीन पञ्चायती व्यवस्थाका प्रशासकबाट गिरफ्तारीमा पर्ने रहेछौं । यसबारे स्थानीय सञ्चार माध्यमले पुष्टि गरेको थियो ।

**वि.सं. २०४६ सालको जनआन्दोलनपछिको सङ्गठनमा विरोध**

वि.सं. २०४६ सालको जनआन्दोलनबाट मुलुकमा भएको परिवर्तनपछि नेपाल राष्ट्र बैंकका सबै कर्मचारीहरू नेपाल राष्ट्र बैंक, कर्मचारी संघको एउटै छानामुनि सङ्गठित भई कर्मचारीको पेशागत हक हितका काममा सबै एकताबद्धका साथ लागेका थियौं र सबैको सहभागिता र क्रियाशीलता उत्साहजनक थियो । पोखराको सन्दर्भमा नेपाल राष्ट्र बैंक कर्मचारी संघ पोखराको प्रथम निर्वाचनमा अध्यक्ष पदको लागि मेरा मित्र रामप्रसाद वस्ताकोटी र मेरो मनोनयन पत्र दाखिला भएको थियो । हाम्रो बीचमा मित्रवत् प्रतिस्पर्धा भयो । मेरो उम्मेदवारीमा केही स्वतन्त्र तथा वामपन्थी विचारधारा समूहका कर्मचारीहरूको समर्थन थियो भने रामप्रसाद वस्ताकोटीलाई प्रजातन्त्रवादी समूहका कर्मचारीहरूको समर्थन थियो । तत्कालीन व्यवस्थापक जयरामसिंह बोहराको व्यवस्थापनमा भएको निर्वाचनमा अध्यक्ष पदको लागि मेरो विजयी घोषणा भयो भने कार्यसमितिमा मिश्रित परिणाम आयो । यो परिणाम कसैको जीत र हारमा थिएन कर्मचारीहरूको हकहित, अधिकार र बैंकको संस्थागत विकासमा थियो ।

**कर्मचारी संघको दोस्रो निर्वाचन**

नेपाल राष्ट्र बैंक कर्मचारी संघको दोस्रो निर्वाचनपूर्व नै कर्मचारी संघमा विभाजनको गन्ध आइसकेको थियो । यसरी सबै कर्मचारी एउटै संघका छातामुनि रहेकोमा राजनीतिक नेताहरूको स्वार्थका कारण कर्मचारी संघमा फुटको बीजारोपण भयो । आफूलाई प्रजातन्त्रवादी भनिएका कर्मचारीहरूको समर्थनमा गठित नेपाल वित्तीय संस्था कर्मचारी संघको जन्म भयो । यसरी एउटा सङ्गठन हुँदाहुँदै त्यसै सङ्गठनभित्र बसी कर्मचारीहरूको हकहितको लागि अन्तरसङ्घर्ष गर्नुपर्नेमा त्यसो नहुनाले विभाजनबाट व्यवस्थापनले फाइदा लिने काम भयो । विस्तारै राजनीतिक आस्थाका आधारमा अर्को कर्मचारी संघ खोलिन थाले पनि नेपाल राष्ट्र बैंक कर्मचारी संघ कर्मचारीहरूको पेशागत हितको सवालमा यसको निरन्तर सक्रिय क्रियाकलापलाई सबैले उच्च मूल्याङ्कन गरेको पाइन्छ । यसरी सक्रिय रूपमा रहेको यो कर्मचारी संघको विधान संशोधन भई भएको दोस्रो केन्द्रीय अधिवेशनले प्रेमप्रसाद पाण्डेयको नेतृत्वमा गठित कर्मचारी संघमा म केन्द्रीय उपाध्यक्ष पदमा निर्वाचित भएँ । यसलाई अवसरको रूपमा लिएर मैले संस्थागत विकास र कर्मचारीहरूको पेशागत हकहितमा जति काम गर्ने अवसर पाएँ त्यो उल्लेखनीय नै रहन गयो । यसको लागि नेपाल राष्ट्र बैंकका सबै कर्मचारीहरूको उल्लेखनीय सहयोग अत्यन्त सह्राहनीय रहेको महसुस गरेको छु ।

**मेरो काठमाडौंमा सरुवा**

कुरा वि.सं. २०५४ सालतिरको हो । म कार्यालयमा पुगेपछि आफ्नो काममा व्यस्त थिएँ । त्यसैबेला आन्तरिक लेखा परीक्षण विभागको निरीक्षणको टोली पोखरामा आएको रहेछ । आन्तरिक लेखा परीक्षणमा आउनुभएका टोली प्रमुखबाट आन्तरिक लेखा परीक्षणमा सरुवा भएको कर्मचारीको नाताले मेरो खोजी भएपछि मात्र मेरा सरुवाबारे मलाई थाहा भयो । किन मलाई सरुवा गरेको रहेछ ? भनेर खोजी गर्दा मैले नेपाल राष्ट्र बैंक कर्मचारी संघको पदाधिकारीको हैसियतले राजनीति गरेको हुँदा मलाई काठमाडौं सरुवा गरी सजाय दिएको भन्ने पत्ता लगाएँ । सरुवा भएको केही दिनपछि म बिदामा काठमाडौं गएँ र नेपाल राष्ट्र बैंक, केन्द्रीय

कार्यालय, बालुवाटारमा नै पुगें। करिब ४:०० बजेतिर बालुवाटार पुगेको थिएँ, संजोग कस्तो परेछ भने गभर्नर सत्येन्द्रप्यारा श्रेष्ठ केन्द्रीय कार्यालयबाट बाहिर जान लाग्नुभएको रहेछ। गभर्नर गाडी चढ्न लाग्दा मैले भेट गरी मेरा सरुवाको कारणबारे प्रश्न तेर्स्याएँ। गभर्नरज्यूबाट सुरुमा मेरै भलाइको लागि सरुवा गरेको उत्तर पाएँ र मैले गभर्नरज्यूबाट मेरो भलाइको लागि माया नगर्न प्रतिउत्तर गर्दा सरुवा गरेको कारण बाध्यता भएको जानकारी भएपछि उहाँलाई कस्तो बाध्यता परेछ? यस विषयमा मैले आफैलाई प्रश्न तेर्स्याएँ।

**मेरो विभागमा हाजिरी**

मेरो सरुवा केन्द्रीय कार्यालय, आन्तरिक लेखा परीक्षण विभागमा भएको महिनौं बितिसक्दा पनि पोखरा शाखाबाट केन्द्रमा हाजिर हुन जाने प्रस्थान पूर्जी मैले पनि मागिन र व्यवस्थापकज्यूबाट पनि दिने काम भएन। पछि लामो समयपछि प्रस्थान पूर्जी मागेर विभागमा हाजिरी भएँ। त्यसबेला आन्तरिक लेखा परीक्षण विभागमा हाजिर भएपछि झन् राजनीतिमा खुलेर लाग्न प्रेरणा मिल्यो। केन्द्रमा बसेर आफूलाई परिचित गराउने अवसर मेरो लागि ठूलो अवसर पनि भयो। तर केन्द्रले सरुवा गर्ने र शाखाले लामो समयसम्म सरुवा भएको कार्यालयमा हाजिर हुन प्रस्थान पूर्जी दिन किन ढिलाइ गरेको भन्नेबारे आजसम्म मैले बुझ्न सकेको छैन।

**अवसर र चुनौती**

काठमाडौंमा रहँदा कर्मचारी संघको केन्द्रीय उपाध्यक्षको हैसियतले थप जिम्मेवारीका साथ काम गर्ने अवसर मेरो लागि चुनौती पनि थियो। अध्यक्ष प्रेमप्रसाद पाण्डेयको नेतृत्वमा Team Work को रूपमा काम गर्दथ्यौँ। त्यतिखेर कर्मचारीहरूको पेशागत हकहित र संस्थागत विषयमा थुप्रै थुप्रै कामहरू भएका थिए।

काठमाडौं आएपछि आफ्नो पदीय कामको पनि उत्तिकै जिम्मेवारी थियो। पोखराबाट सरुवा भएर विभागमा हाजिर भएपछि माथिल्लो तहमा कायम मुकायम भई काम गर्ने अवसर पनि मिल्यो। राष्ट्र बैंकका सबै शाखाहरू घुम्ने र आन्तरिक लेखा परीक्षण गर्ने क्रममा अभ्यस्त हुने मौकासमेत प्राप्त भयो। विभागका प्रमुख र सबै कर्मचारीहरूबाट पाएको उत्साहजनक माया र सहयोग जुन मेरो जीवनमा सधैं सम्झनालायक एवम् प्रेरणादायक छ। यसरी काम गर्ने सवालमा त्यसबेला नेपाल राष्ट्र बैंकबाट उच्चस्तरीय व्यवस्थापन गोष्ठीको आयोजना पोखरामा गर्ने निर्णय भयो र त्यसको व्यवस्थापनको जिम्मा आन्तरिक लेखा परीक्षण विभागमा आयो। विभागीय प्रमुख र शाखा व्यवस्थापनको सहभागिता रहने र गभर्नरबाट उद्घाटन हुने उक्त कार्यक्रम पोखराको स्थानीय नगर केन्द्रमा हुँदाहुँदै पनि मैले व्यवस्थापनमा सहयोग गर्ने एवम् उद्घाटन सत्रमा उद्घोषण गर्ने जिम्मा पाएँ। उच्चस्तरीय व्यवस्थापनमा यो मेरो लागि ठूलो जिम्मेवारी र चुनौती थियो। यसलाई मैले सफलताका साथ राम्रो उद्घोषण गरेकोले तालिमको सम्बन्धमा समेत विभागीय प्रमुखहरूबाट सोधनी हुँदा म गौरवान्वित भएको थिएँ। यो मेरो लागि विशेष अवसर पनि थियो। काठमाडौंमा सरुवा भएपछि मैले धेरै थप कुराहरू सिकें।

**निष्कर्ष**

निष्कर्षमा भन्नुपर्दा वि.सं. २०४६ सालको जनआन्दोलनले प्रजातन्त्र पुनरस्थापना भए पनि राजतन्त्र समाप्त भएको थिएन। नेपालमा सामन्ती अवशेष यथावत थियो। बैंकमा पुरानो कार्यशैली फेरिएको थिएन। कर्मचारी संघको सङ्घर्षको कारणले गर्दा सङ्गठन खोल्ने अवसर मात्र पाएका थियौं। कर्मचारीका पेशागत हकहित र संस्थागत विकासका कुरा गर्दा अर्थ मन्त्रालयको स्वीकृति बेगर राष्ट्र बैंकले केही निर्णय गर्न सक्दैनथ्यो र हरेक कुरा सरकारी नियन्त्रणमा थियो। यस्तो बेला कर्मचारीका पेशागत हकहितका लागि ठूलै सङ्घर्ष नै गर्नुपर्दथ्यो। कर्मचारीहरूमा उत्पीडन थियो। अधिकृतभन्दा तल्लो तहका कर्मचारीहरू एक तह बढुवा हुन १२ देखि १५ वर्षमा पनि निकै कठिन थियो। सीमित दरबन्दी, बढ्दो चाकडीको कारण इमान्दार कर्मचारीहरू सदैव पाखा पर्ने गर्दथ्यौं। यस्तो अवस्थामा कर्मचारीहरूले आफ्नो पेशागत हित र संस्थागत विकास तथा सुधारमा सदैव सङ्घर्ष गर्नुको विकल्प नै थिएन। अझ भन्नुपर्दा मुलुकमा वि.सं. २०४६ सालको सफल जनआन्दोलनबाट स्थापित प्रजातन्त्रपछि पनि राष्ट्र बैंक संस्थागत रूपमा सञ्चालन हुन सकेको थिएन। कर्मचारीको पेशागत हकहित र संस्थागत विकासका काममा निरन्तर सङ्घर्षमा रहँदा रहँदै घरायसी कारणले वि.सं. २०५८ को कात्तिक महिनामा मैले स्वेच्छिक अवकाश लिएँ। नेपाल राष्ट्र बैंकको सेवामा रहँदा इमान्दारिताका साथ काम गरेको कारण पटकपटक पुरस्कृत हुनु र राष्ट्र बैंक कर्मचारी संघमा रही कर्मचारीहरूको हतहितका लागि सङ्घर्षरत रहँदा गरेको कामको मूल्याङ्कन गरी संघबाट सम्मानित हुनु मेरो लागि सन्तोषको विषय हो। आज राष्ट्र बैंकको कर्मचारीहरूको पेशागत हक अधिकारको विषयमा कुरा गर्दा कर्मचारी संघको निरन्तर सङ्घर्षको कारण कर्मचारीहरूको वृत्ति विकासमा भएको सुधार उल्लेखनीय छ। तसर्थ, नेपाल राष्ट्र बैंक कर्मचारी संघ सङ्घर्षको एउटा उपज हो भने कर्मचारीको पेशागत हकहित र राष्ट्र बैंकको संस्थागत सुधारमा एउटा साधन पनि हो भन्ने कुरामा दुईमत हुन सक्दैन।


Siddhartha Development Bank Ltd.
सिद्धार्थ डेभलपमेण्ट बैंक लिमिटेड
MOBILE BANKING
"Bank is no longer what it used to be SDBL offers the mobile banking facility to all it's Bank."
Alert Facilities
Expiry of fixed deposit alert.
Latest loan installment due.
Credit cards bills due.
Amt. debited or credited on your account.
Request Facilities
Account balance details.
Last 3 transaction details.
Blocking of cheque books.
Request to stop operation of credit/debit cards if lost.
SDBL DEBIT CARD
Our debit card has:
Country wide acceptance
24 hour ATM network
Balance Enquiry.
Mini Statement.
And many more...
Yes, you have heard the right thing now you don't have to wait in queue SDBL offers you a suitable accessory which you can swipe at restaurants, shopping malls, petrol pumps, multiplexes etc.
Head Office
Branch Office


सधैं आत्मनिर्भर भई जीवन बिताइरहनुभएका जेष्ठ नागरिकहरुको लागि
भिबोर जेष्ठ नागरिक वचत खाता
VIBOR
भिबोर विकास बैंक लि.
VIBOR BIKAS BANK LTD.
प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौं
सम्पर्क : ०१ ४२३३३७३

# ओझेल पर्न नसकेका केही स्मृतिहरू

✍ केशव थापा *

## विषय उठान

२४ वर्ष पार गरिसकेको नेपाल राष्ट्र बैंकको सबैभन्दा पुरानो कर्मचारी संघले स्थापना दिवसको पच्चिसौं वर्षगाँठ मनाइरहेको छ। साङ्गठनिक जीवनमा यो समय गणना नै नहुने वा हुन नपर्ने समय भए तापनि संघमा आबद्ध हुने व्यक्ति विशेषको लागि भने यो समय आफ्नो आयुको एक तिहाई अंशभन्दा बढी हो। पच्चिसौं हिउँद–वसन्त गुजारेको संघसँग विगतदेखि वर्तमानसम्म आबद्ध महानुभावहरूबाट स्मरण सङ्कलन गरी स्मरण विशेषाङ्क प्रकाशन गर्ने स्तुत्य अभियानमा जुट्नु भएको छ, अध्यक्ष श्री बसन्तराज पाण्डेलगायतका वर्तमान संघका पदाधिकारी साथीहरू। साधुवाद भन्नै पर्छ वहाँहरूको यो विशेष कर्म गर्ने सोच र जाँगरलाई। मित्र श्री ढुण्डीराज मिश्रले दस्तखत गरेर संस्मरणात्मक लेख उपलब्ध गराई दिनहुन भनी मिति २०७१।४।१५ मा लेख्नु भएको आग्रहपत्र मेरो बिछ्यौना छेउको टेबुलमा पल्टिएको पनि करिब पाँच महिना भई सक्यो। संस्मरण विशेषाङ्कलाई लामो–छोटो जस्तो भए पनि एउटा रचना उपलब्ध गराउनै पर्छ। भित्री मनले अठोट गरिरहेको छ। बानी नभएर वा केले हो कुन्नि लेख्न भने हात अगाडि बढिरहेकै छैन। संघ स्थापनाको ऐतिहासिक कालखण्डदेखि यस अभियानमा निःस्वार्थरूपले स्वेच्छाले जोडिएका तत्कालीन अनगिन्ती पात्रमध्ये आफू पनि एक भएकोले बैंक सेवामा प्रवेश (२०४५ साल जेठ ३ गते) देखि २०७१ साल पुष महिनाको पहिलो हप्तासम्मका बग्रेल्ती संस्मरणहरू चलचित्रको रिलझैं मानसपटलमा वरिपरि घुमिरहेका छन्। केही स्मृति अति सुखद् छन् भने केही स्मृति मुटु चिर्थोने अत्यासलाग्दा पनि छन्, काँडा र गुलाफ एउटै बोटमा साथसाथै भए जस्तो। गुलाफ त जसले पनि टिप्छ त्यसैले काँडालाई आफ्नो भागमा पारौं कि झैं पनि लाग्छ। तर काँडा आखिर काँडै हो त्यसले हिजो पनि घोच्यो र धर्म छाडेको छैन त्यसैले आज पनि घोच्ला कि भनेर नजानिँदो भय उत्पन्न हुन्छ।

गुलाफतिरै पो ढल्कौं कि भन्दा पनि हिजो सुन्दर देखेका गुलाफ धेरै हातहरूले सुम्सुम्याउँदा सुम्सुम्याउँदै आज कतै लत्याकलुतुक भएर गली पो सक्यो कि झैं पनि लाग्छ भने एकातिर अर्कातर्फ गुलाफ सुम्सुम्याउने सुपात्र म हुँ र ? जस्तो पनि लाग्छ। यस्तै–यस्तै द्विविधा र आशङ्काले गर्दा मैले संस्मरण लेख्ने कामको प्रारम्भ नै गर्न सकेको छैन। साथीहरूको ताकेता आएको आयै छ। कहिले त साथी हो माफ गर्नोस्, मैले त संस्मरण लेख्नै सकिन भनेर यो कठिन कामबाट उम्कियूँ कि झैं पनि लाग्छ। सिधै त्यसो भनेर निष्फिक्रीसँग बस्ने हिम्मत पनि गर्न सकेको छैन। आफूलाई ठीक नलागेको र गर्न नसक्ने कामलाई ठाडै सक्दिन र नाईं भन्ने र आफूलाई सही लागेको काममा ज्यानको बाजी लगाएरै भए पनि हिम्मतका साथ अगाडि बढ्न नसक्ने मेरो कमजोरीले पनौतीको त्रिवेणीघाटमा पुगुञ्जेलसम्म पनि नछोड्ने भयो।

जे होस्, आज मिति २०७१ पुस ६ गते आइतवारका साँझ आँट गरेरै संस्मरण लेखनका लागि कलम समाएको छु। संघ सम्बद्ध बृहद् विषय थुप्रै अग्रज र अन्य मित्रहरूले कोर्नु नै हुनेछ। सकेसम्म विषयको दोहोरोपन नहोस् भनी आफ्नो संस्मरणमा अलिकति पनि धुमिल नभई अद्यावधिक तरोताजा रहिरहेको अतीतलाई मात्र चियाउने प्रयास गरेको छु, मैले।

## म कोषाध्यक्ष पदमा उठिन

वि.सं. २०४७ बैशाख १४ गते थापाथली बैंकर्स क्लबको हलमा बसेको यस बैंकका अगुवा कर्मचारीको बैठकले श्री दीपेन्द्रबहादुर क्षेत्रीको संयोजकत्वमा 'नेपाल राष्ट्र बैंक स्वतन्त्र कर्मचारी युनियन, केन्द्रीय तदर्थ समिति' गठन गरी कर्मचारी वर्गको हकहितको सम्बर्द्धनका अतिरिक्त बैंकको उद्देश्यहरू पूरा गर्न कर्मचारीहरूको तर्फबाट पुऱ्याउने योगदान काम उल्लेखनीय तवरले गरिरहेको थियो। समितिलाई लामो समयसम्म तदर्थरूपमा राखिरहनु उपयुक्त नहुने ठहर गरी तदर्थ समितिले बैंक व्यवस्थापनसमक्ष प्रत्यक्ष निर्वाचनमार्फत् नेतृत्व चयनको लागि माग गऱ्यो। तत्कालीन पञ्चायती शासनकालमा एउटै हण्डर भुक्तमान खेपी हातेमालो गर्दै सँगसँगै अगाडि बढिरहेका साथीहरू पनि धेरथोर राजनीतिक दलको इशारामा दायाँ र बायाँ कुनामा ध्रुवीकृत भई व्यक्तिगत क्षमता र लोकप्रियताको आधारमा भन्दा पनि आस्थाको आधारमा गुट बनाएर निर्वाचनमा जाने अप्रिय अवस्था उत्पन्न भयो। म दीपेन्द्रबहादुर क्षेत्रीको कित्तातर्फ परेँ। मलाई कोषाध्यक्षमा पदमा नाम दर्ता गराउन

*तत्कालीन सचिव, नेपाल राष्ट्र बैंक कर्मचारी संघ

फर्मान जारी गर्नु भएको थियो साथीहरूले। मनोनय–पत्र दर्ता गराउने दिन नजिकिदै जाँदा व्यापक एकता र आमसहभागिताको लागि चन्द्रमान मलेकूलाई पनि उम्मेदवार बनाउनु पर्ने प्रस्ताव लिएर आउनु भयो केही साथीहरू। गहन छलफल चल्यो त्यस विषयमा। पूर्व तयारीको सिलसिलामा यस किसिमको अनुमान नगरिएकोले अब के गर्ने भन्ने अलमलको अवस्था उत्पन्न भयो। निर्वाचनको माहौल नजिकिदै जाँदा कर्मचारीबीच ध्रुवीकरणको मात्रा बढ्दै जाँदो थियो। तत्कालीन लेखा तथा खर्च विभागमा वहाँले प्रधान सहायक र मैले सहायक पदमा रही सँगसँगै काम गरेकोले वहाँको निडर स्वभाव, निर्लोभीपना र बैंकप्रतिको रहरलाग्दो उत्तरदायित्व बोधको भावनाले वहाँले मेरो मन पहिले नै जितिसक्नु भएको थियो। बृहद् एकता र कुनै वर्ग एवम् खण्डले पनि उम्मेदवारीको अवसरसम्म पनि दिइएन भन्ने नमिठो तुष पाल्ने अवस्था उत्पन्न नहोस् भनी मलेकू सरको समर्थनमा आफूले उम्मेदवारी नदिने घोषणा गरें, मैले। यस विषयलाई कसरी सम्बोधन गर्ने भनी साथीहरूलाई परेको सकस पनि एकाएक सहजतामा परिणत भयो।

मिति २०४८ वैशाख ६ गतेका दिन भएको निर्वाचनमा दीपेन्द्रबहादुर क्षेत्रीको सिङ्गो समूहसँगै मलेकू सर पनि अत्यधिक मतले विजयी हुनुभयो। काठमाडौं बाहिरका शाखा/उपशाखा कार्यालयहरूका परिणाम पनि केन्द्रीय परिणाम झैं नै आयो। श्री क्षेत्री र वहाँका सहकर्मीहरूले पेशागत मर्यादा र आचरणभित्रै रहेर पनि वि.सं. २०३६ र त्यसपछि पनि निरन्तर बैंकको हितको पक्षमा जारी राख्नुभएको सुकर्मको स्वभाविक परिणाम थियो यो। ३० वर्ष लामो एकदलीय निरङ्कुश शासनको भर्खरमात्र अन्त भएको, देशका आम सर्वसाधरणहरूदेखि पढेलेखेका वुद्धिजीवीहरूमा समेत काँग्रेस र कम्युनिष्ट पार्टीको सदस्यता लिने, कार्यकर्ता बन्ने क्रम तीव्र रूपले बढेको र बहुदलीय प्रजातन्त्र संयुक्त आन्दोलनको परिणाम भए पनि त्यसलाई व्यवस्थापन गर्न अझै केही वर्ष सहकार्य गर्नुपर्ने प्रजातान्त्रिक शक्ति र वामपन्थी शक्तिको अदूरदर्शिता एवम् अल्पसोचको कारण मुलुक अनपेक्षित र अनावश्यक द्वन्द्व र झडपतर्फ धकेलिइरहेको थियो। यसको प्रत्यक्ष प्रभाव राष्ट्रसेवक कर्मचारीहरूको बीच पनि चैतको डडेलोझैं व्यापकरूपले सल्किरहेको थियो। आम निर्वाचन सम्पन्न भएर प्रजान्त्रिक पार्टीको सरकार गठन भए पनि प्रतिपक्ष दल सरकारप्रति सहिष्णु भएर केही दिन पर्खेर उसको काम कारबाहीलाई गुण–दोषको आधारमा समर्थन विरोध गर्नेगरी पर्खनसक्ने धैर्यतामा थिएन। सत्तापक्ष पनि जितको उन्मादले प्रतिपक्षप्रति ज्यादै आक्रामक र असहिष्णु बन्दै गइरहेको थियो। स्थायी सरकारको संयन्त्र निजामति कर्मचारीलाई पनि आशङ्काको दृष्टिकोणले हेर्थ्यो, तत्कालीन सरकार। स्थायी सरकार (कर्मचारी प्रशासन) मैत्री बन्न सकेन जीतको उन्मादले उम्लिएको तत्कालीन सत्तापक्ष। यस्तै विषम परिस्थितिले वि.सं. २०४८ सालमा निजामती कर्मचारीहरूको आन्दोलन निम्त्यायो। भाइचाराको नाताले नेपाल राष्ट्र बैंक कर्मचारी संघ तथा अन्य कर्मचारीहरूले त्यसप्रति नैतिक समर्थन जनाउनु स्वभाविक थियो। आफ्नो संस्थाभित्रको विकृति र विसङ्गतिको विरूद्ध नित्य सङ्घर्ष गर्दागर्दै पनि कर्मचारी संघले निजामती आन्दोलनमा आफ्नोतर्फबाट अधिकतम सहयोग गऱ्यो। बैंकभित्र त्यसै पनि संघ विरूद्ध तानाबाना बुनिँदै थियो तर निजामती कर्मचारीहरूको आन्दोलनलाई आफ्नै आन्दोलनजस्तो गरी सघाएपछि बैंक व्यवस्थापन र सोभन्दा बाहिरका शक्ति पनि कर्मचारी संघ र यसका पदाधिकारीहरूसँग ज्यादै रूष्ट भए। अहिलेको जस्तो नेपाल राष्ट्र बैंक बढी स्वायत्त नभएको कारण बैंक उच्च व्यवस्थापन सरकारी तावेदारी नगरी नहुने अवस्थामा भएकोले सम्भवतः आफ्नो स्वविवेकले भन्दा पनि बाहिरबाट आएको इशाराकै आधारमा योजनाबद्ध तवरले संघको केन्द्रीय समितिका निर्वाचित पदाधिकारीलाई उपत्यका बाहिरका दूर्गम स्थानमा अन्यायपूर्वक सरूवा गरेर इबी साँध्ने रवैया देखाउन थाल्यो। अघिल्लो साँझ त्यसैको सशक्त प्रतिकार गर्दा भोलिपल्टबाटै तत्कालीन अवस्थामा ढुकुटी नै नभएको केन्द्रीय कार्यालयमा ढुकुटी कब्जाको मिथ्या आरोप लगाएर संघका अध्यक्ष श्री दीपेन्द्रबहादुर क्षेत्री, प्रेमप्रसाद पाण्डेय, वासुदेव अधिकारी, बद्रीप्रसाद अधिकारीसँगै चन्द्रमान मलेकूलाई पनि बैंक सेवाबाट बर्खास्त गरियो। पेन्सनको मुखमा पुगिसकेको जागीरबाट वहाँ निष्कासन भएपछि भने मलाई ज्यादै दिक्दारी लाग्यो। यदि मैले उक्त पद छाड्दिन भनेको भए सायद वहाँको जागिर त जाँदैन थियो, आखिर मेरो दुई तीन वर्षमात्र पुगेको जागीर खोसिएर त खासै केही हुने थिएन नि, मनमा यस्तै भावनाहरू नाचिरहन्थे। साथीहरूलाई बैंक सेवाबाट बर्खास्त गरेपछि बैंकभित्र भित्रभित्रै ज्वालामुखी दन्किरहेको भए पनि बाहिर भने केही समय मुर्दा शान्ति छाएको अवस्था थियो। स्वाभिमानी कर्मचारी अन्यमनष्कको अवस्थामा थिए। यही सिलसिला चलिरहेकै बखत जीवनसँगी श्रीमती सरस्वती थापा (जोशी) असाध्य रोगको शिकार बनिन्।

बचाउन नसके पनि संयोगवश बैंकको जागीर बचेकै कारणले स्वदेशमा सम्भव भएसम्मको अधिकतम उपचार गराउन सकें। बैंक क्लिनिकका श्री केशवराज ढकाल, जितेन्द्र बज्राचार्य, मिनाजीहरू (ढकाल, कोइराला) को सहयोगप्रति म सदा आभारी छु। विजया क्षेत्री दिदीको पलपलको सहयोगलाई म कसरी भुल्न सकूँला ? संयोगले बैंक व्यवस्थापनको लाठो नबज्रे पनि दैविक लाठो भने बर्सेरै छाड्यो। अहिले पनि मलाई लागिरहन्छ यही नियतिबाट गुजार्न भावीले मलाई तत्कालीन अवस्थामा कोषाध्यक्ष बन्नबाट रोकेका रहेछन्।

### अरूणोदयको प्रकाशन र नामाकरण

सर्वोच्चको न्यायिक फैसलापछि अन्यायपूर्वक सेवाबाट बर्खास्त गरिएका आदरणीय मित्रहरूले पुनः पद बहाली गरेपछि कर्मचारी संघका कामलाई पुनर्व्यवस्थित गर्ने सिलसिलामा श्री प्रेमप्रसाद पाण्डेयको नेतृत्वमा कर्मचारी संघको पदाधिकारी भएर कर्ममा हेलिने अवसर जुट्यो। अग्रजका विरासतलाई पछ्याउँदै बैंकभित्रको विकृति/विसङ्गति र अन्यायपूर्ण कामलाई डटेर विरोध गर्दै देश, संस्था र कर्मचारी साथीहरूको भलो हुने कामका अतिरिक्त थप रचनात्मक कार्य पनि सँगसँगै अगाडि बढाउनु उपयुक्त हुने निष्कर्षका साथ संघको तर्फबाट वार्षिकरूपमा नियमित तवरले मुखपत्रको रूपमा स्मारिका प्रकाशन गर्ने निर्णय गरियो। नेपाल राष्ट्र बैंक स्वयम्ले मासिकरूपमा प्रकाशन गर्ने ख्यातिप्राप्त पत्रिका मिर्मिरे छँदै थियो। त्यसैसँग मिल्दोजुल्दो नाम राख्न पाए हुन्थ्यो भन्ने सदिच्छा त राखियो तर कसैगरी उपयुक्त नाम जुराउन सकिएन। केही सीप नलागेपछि त्यतिञ्जेलसम्म 'पारिजात' साहित्यिक पत्रिकाको सम्पादनमा जुटिरहनु भएका, बैंकभन्दा मरिमेट्ने र लो प्रोफाइलमा बसेर पनि बैंकका प्रत्येक आरोह अवरोहलाई नजिकैबाट दृष्टिगोचर गरी हरेक घटनाका जीवित साक्षी श्री तीर्थचन्द्रराज खरेलज्यूको शरणमा पुगियो। वहाँले पनि प्रस्ताव ठीक हो म सोच्छु भन्नु भयो। भोलिपल्ट 'अरूणोदय' नाम सुझाउनु भयो। मिर्मिरेपछि हुने भनेकै अरूणोदय हो। ज्यादै उपयुक्त नाम पाएर हामी दङ्ग पर्‍यौं। शुभारम्भ अङ्कस्वरूप बैंकका कलाकार साथी सुन्दर श्रेष्ठको आकर्षक डिजाइनको गाते पृष्ठसहितको अरूणोदयको पहिलो अङ्क वि.सं. २०५३ सालमा प्रकाशित भयो। भोजपुरका केही प्रगतिशील साथीहरूले पहिले नै यो नामबाट पत्रिका प्रकाशित गरिसक्नु भएको रहेछ। नाम चोरेको भनेर मार रिसाउनु भयो। हामीले सबै कुरा बताएर अरूणोदयलाई नियमित गरी खोजमूलक प्रगतिशील आर्थिक साहित्यको सशक्त पत्रिका बनाएरै छाड्छौं भनी सम्झायौं। वहाँहरू पनि चित्त बुझाएर फर्किनु भयो। अहिले नेपाल राष्ट्र बैंक कर्मचारी संघको पर्याय झै बनेको छ, अरूणोदय। कर्मचारी संघलाई आर्थिक रूपले सुदृढ तुल्याउन पनि अरूणोदयको ठूलो योगदान रहेको छ। भोजपुरे साथीहरूलाई आश्वासन दिएझैँ प्रगतिशील विशेष गरेर समयसापेक्ष समाजवादी आर्थिक सोच र दृष्टिकोणको सवालमा भने केही गर्नुपर्ने दायित्व छ, अरूणोदयको। जागीरको फर्म भर्ने र बढुवाको जाँच दिनेलाई मात्र उपयोगी नभएर नीति निर्माताहरूको सन्दर्भ सामाग्री बन्ने हैसियत बनाउनु आवश्यक छ, अरूणोदयले। सबै मित्रहरूको सामूहिक सोच र दृष्टिकोणको परिणाम भए पनि सुरूमा यसलाई प्रकाशन र स्थापित गर्नमा श्री पञ्चनारायण प्रजापतीले गर्नु भएको दुःखलाई स्मरण नगर्नु पनि कृतघ्नता नै हुन्छ। अरूणोदय दोस्रो अङ्कमा म आफैले कर्मचारी शहीद स्व. श्री बद्री अधिकारीको संक्षिप्त भए पनि जीवन उतारें। उक्त आलेख प्रस्तुत संस्मरण विशेषाङ्कमा साभार गर्न सकेमा पछि बैंक प्रवेश गर्ने साथीहरूले वहाँलाई नजिकबाट चिन्न पाउँने थिए भन्ने लोभ लागिरहेको छ, मलाई।

### केन्द्रीय बैंकको स्वायत्ततासम्बन्धी गोष्ठी

बढ्दो आर्थिक उदारीकरणसँगै विकसित अर्थतन्त्रका केन्द्रीय बैंक मुद्रास्फीति–लक्षित मौद्रिक नीतिको तर्जुमातर्फ अघि बढिरहेका थिए। यसका लागि केन्द्रीय बैंकको स्वायत्तता पहिलो पूर्व शर्त थियो। बैंक व्यवस्थापनमाथि नेपाल सरकारको बढ्दो हस्तक्षेप, गभर्नरले बैंकको प्रभावकारी कार्यसम्पादनभन्दा पनि नियुक्त गर्ने सरकारप्रति अनुचित तवरले दर्शाउनु पर्ने भक्तिभाव र तत्कालीन सरकारको इशारामा कर्मचारीमाथि गरिएको अन्यायपूर्ण दमनले कर्मचारी संघले स्थापनाकालदेखि नै उठाउँदै आएको केन्द्रीय बैंकको स्वायत्तताको औचित्यता पुष्टि गर्न यसै विषयमा अन्तर्क्रियात्मक गोष्ठी कार्यक्रमको आयोजना गर्ने निर्णय गरियो। उक्त विषयमा कार्यपत्र प्रस्तुत गर्ने स्रोतव्यक्तिलगायत कार्यक्रमको संयोजनमा सहयोग पुऱ्याउने जिम्मा कसोकसो मेरो थाप्लोमा पर्‍यो। विषयको ओजअनुसार यसको निमित्त ज्यादै उपयुक्त पात्र पूर्वगभर्नर श्री कुलशेखर शर्मा नै हो भनी ठहर गरी श्री दीपेन्द्रबहादुर क्षेत्रीको सहायताले प्रेमप्रसाद पाण्डेय र म वहाँको निवासमा पुग्दा भागवद्गीताको स्वाध्यायनमा तल्लीन निस्पृह ऋषितुल्य व्यक्तित्व वहाँले विनम्रतापूर्वक आफू भागवद्गीताको माध्यमबाट अन्तर्तिरको यात्रामा लम्केको र अब बहिर्मुखी यात्रातर्फ रूची नभएकोले अरू नै स्रोतव्यक्ति खोज्न आग्रह गर्नु

भयो । कुराकानीको सिलसिलामा तत्कालीन प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले उच्चस्तरीय प्रशासन सुधार आयोग गठन गरी प्रतिवेदन पेस गर्न लगाएर व्यवहारमा कार्यान्वयन नगरिदिएको कारणले वहाँ बढी निराश हुनुभएको अनुमान गर्न भने गाह्रो पर्दैन थियो। त्यसपछि हामी सङ्कोचपूर्ण तवरले भए पनि पूर्वगर्भनर श्री गणेशबहादुर थापाको निवास बत्तीसपुतली पुग्यौं । भर्खर बहुदल आएको उन्मादमा बैंकभित्रका हामी कर्मचारीहरूको केही उत्ताउलो गतिविधि र क्रियाकलापको आभास पाइसक्नु भएका सुझबुझपूर्ण व्यक्तित्व वहाँले बैंकमा नै नआई एयरपोर्टबाटै राजीनामा दिनुपर्ने अनपेक्षित र अस्वभाविक अवस्था उत्पन्न भएकोले कतै त्यो कुरो सम्झेर इन्कार पो गर्नु होला कि भन्ने भय थियो, प्रेमजी र म दुवैमा। हामीले तत्कालीन परिवेशको स्मरण गराएर त्यो दुःखद् अवस्था परिस्थितिजन्य अवस्थाको परिणाम हो। सरलाई अन्यथा लागेको भए हामी क्षमाप्रार्थी छौं भनेपछि वहाँ बढी नै गम्भीर हुनुभयो। धेरै समय हराएर भेट भएका माउ-बाच्छाको जस्तो थियो हाम्रो पुनर्मिलनको त्यो क्षण । केन्द्रीय बैंकको स्वायत्ततासम्बन्धी हाम्रो प्रस्ताव सुनेर वहाँ खुशी हुनुभयो । केन्द्रीय बैंकको आधारभूत पहिचान र जीवन्तताको एकमात्र आधार भनेकै यसको स्वायत्तता हो भन्दै केही सन्दर्भ सामग्रीको लागि आग्रह गर्दै कार्यपत्र प्रस्तुतीका लागि मञ्जुरी दिनुभयो । तत्कालीन डे.ग.स्व. श्री भरतकृष्ण शर्मा, पूर्व डे.ग. श्री हरिहरदेव पन्त, वर्तमान गभर्नर युवराज खतिवडाको सौजन्यतामा यथेष्ठ सन्दर्भ सामग्री भेला पारेर वहाँकोमा पुऱ्याइयो। ती सामग्री फोटोकपी गरेर एकएकप्रति संघको कार्यालयमा पनि अभिलेखको लागि राखिएको थियो। गोष्ठीको दिन नजिकै आइसक्दा पनि गर्भनर थापाले कार्यपत्र तयार गरिसक्नु भएको थिएन । म बारम्बार वहाँलाई घच्घच्याउन पुग्थें। लेख्न सुरू गरेको छैन, नआत्तिनु म लेख्छु नेताजी भन्नु हुन्थ्यो । खै किन हो, पूर्व गभर्नर श्री गणेशबहादुर र कार्यकारी निर्देशक श्री जयरामसिंह बोहरा (कर्मचारी व्यवस्थापनसम्बन्धी वहाँको विशेष कौशल,सीप र निर्णय क्षमताको अद्यावधि बैंक कर्मचारीहरूबीच चर्चा चलिरहन्छ ) भने मलाई नेताजी भन्ने गर्नुहुन्थ्यो। कार्यपत्र तयार नभइसकेको सम्बन्धमा श्री भरतकृष्ण शर्मालाई जानकारी गराउँदा आत्तिनु पर्दैन वहाँले तपाँईहरूले सोचेभन्दा धेरै राम्रो कार्यपत्र तयार पारेर ल्याउनु हुन्छ भनी ढाडस दिनुहुन्थ्यो। पछि थाहा भयो रेशम किराले जस्तो थुप्रो किम्बू पचाएर बहुमूल्य रेशम निकाल्ने वहाँको स्वभावसँग परिचित भएर नै भरतकृष्ण सरले त्यसो भन्नुभएको रहेछ। मिति २०५६ श्रावण २१ गतेका दिन वहाँले जुन कार्यपत्र प्रस्तुत गर्नुभयो, त्यसले सबैतिरबाट वाहवाही पायो । उक्त कार्यपत्रको विस्तृत विवरण र सोमाथि सम्बन्धित क्षेत्रका विद्वानहरूको टिप्पणी 'अरूणोदय अङ्क ४ (वि.सं. २०५७)' मा सङ्ग्रहित छन् । नेपाल राष्ट्र बैंकको सापेक्षित स्वायत्तताको प्रत्याभूति दिने नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा प्रस्तुत कार्यपत्रका भावनाहरू प्रतिविम्बित भएका छन्। संघमा आबद्ध भएर केन्द्रीय बैंकको टर्निङ्ग प्वाइन्टको सिलसिलामा गर्न पाएको यो कामले साङ्गठनिक एवम् व्यक्तिगत दुवैरूपले मलाई अत्यधिक सन्तुष्टि मिलेको छ।

### निषेधको अविराम यात्रा

पञ्चायती शासनकालमै स्वतन्त्र कर्मचारी युनियन तदर्थ समिति गठन गरेर एउटै अभियानामा जुटेका साथीहरू बहुदलीय शासन व्यवस्था आएपछि भने भित्री अन्तर्हृदयमा माया र ममता हुँदाहुँदै पनि राजनीतिक दलको अघोषित इशारा बबनाएर दिनानुदिन टाढा हुने क्रम बढिरहेको थियो । प्रजातान्त्रिक र वामपन्थी शक्तिको संयुक्त जनआन्दोलनले २०४६ सालमा बहुदलीय प्रजातन्त्र आएको, २०४८ सालपछिका आम निर्वाचनहरूले पनि प्रजातान्त्रिक र वामपन्थी शक्तिलाई क्रमशः एकपछि अर्को गरी पहिलो र दोस्रो शक्ति हुने गरी मतदान गरी दुवै शक्तिको अस्तित्वलाई सहमान्यता प्रदान गरिरहेको, देशको ठूलो वामपन्थी शक्तिले त्यतिबेलै स्वस्थ र रचनात्मक प्रतिष्पर्धामा आधारित बहुदलीय जनवादको नीति अवलम्बन गरिसकेको अवस्थामा पनि बैंकभित्रको दुईवटा संघबीच पानी बाराबारको स्थिति रह्यो। केन्द्रीय बैंकका युनियनहरूले प्रजातान्त्रिक मूल्यमान्यता अनुरूप एकले अर्काको अस्तित्व स्वीकार गरेर रचनात्मक, स्वस्थ प्रतिष्पर्धात्मक एवम् खुला हृदयले सहकार्य गरी नेपालको ट्रेड युनियन आन्दोलनमा नवसोच र मान्यतासहित विशिष्ठ योगदान पुऱ्याउने कार्य गर्नुपर्नेमा अझै पनि मित्रताको क्षितिज उघ्रने छाँट देखिएको छैन। यस किसिमको रवैयाबाट हामी व्यक्ति विशेषको अहम्ले त धेरथोर जित्यो पनि होला तर राष्ट्र बैंक त जहिले पनि हार्ने अवस्थामा नै रह्यो । सन्तानको झगडामा आमा कहिल्यै जित्दिनन्। यस तथ्यको अब बिना पूर्वाग्रह खुल्ला हृदयले सबै कित्ताबाट निर्मम समीक्षा गर्न अबेर भइसकेको छ। नेतृत्वमा रहेका बखत निम्छरो प्रयास गरेको भए तापनि अलि कस्सिएर यसको लागि किन मिहिनेत गरिन होला मैले, स्वयम्मा जिज्ञासा उठिरहन्छ। व्यक्ति हारेर पनि राष्ट्र बैंक जित्नुपर्ने शाश्वत सत्यलाई मनन गरी यसको निमित्त कुनै

बहादुरले अब प्रयत्न गर्नैपर्छ। शरीर ठूलो हुनेको हृदय पनि ठूलो हुनसके सुनमा सुगन्ध हुन्थ्यो। अन्यथा दम्भको अग्निले अझ धेरै विनाश गर्न पनि सक्छ।

**अब तपाईं टाइपराटर पनि बोक्न थाल्नु हुन्छ**

ती दिनमा नेपाल राष्ट्र बैंक स्वयम्ले पर्याप्त अनुदानमा चमेनागृह सञ्चालन गरेको थियो। अरू बेला कामले बाहिर गए पनि चमेनाको लागि भने कर्मचारी बैंकभित्र नै आउँथे। अहिले जस्तो खाजाको लागि बरालिएर बाहिर भौंतारिनु पर्दैन थियो। त्यसबेला शङ्करदेव पारीको टुकुचा नजीक वागबजारमा मेरो डेरा थियो। स–साना छोराछोरीको उपचारको निमित्त श्रीमती पनौतीबाट काठमाडौं आएकी थिइन्। तलब अहिलेजस्तो मनग्गे नभएकोले महिना चलाउन कठिन नै हुन्थ्यो। केटाकेटीलाई पापा हुन्छ भनेर रू. दशमा बैंकको क्यान्टिनबाट दशवटा रोट किनी प्लाष्टिकमा झुण्ड्याउँदै आइरहेको थिएँ, संघका तत्कालीन अध्यक्ष श्री दीपेन्द्रवहादुर क्षेत्रीले बाटैमा भेट्नु भयो र सोध्नु भयो – थापाजी त्यो पोको के हो ? मैले बेलीविस्तार लगाएँ–केटाकेटी गाउँबाट आएका छन्, तिनीहरूकै लागि चमेनागृहबाट सस्तो पापा लिएर आएको सर। वहाँले एकछिन् पनि अबेर नगरी भन्नु भयो– थापाजी तपाईं नरिसाउनुहोस्, मलाई यो तरिका ठीक लागेन। कर्मचारीले खान पाउँछन् भनेर बैंकको अनुदानमा बनाएको चिज तपाईं एक्लैले यसरी दश–दशवटा लिएपछि अरू नौजनाले त खान पाएनन् नि। आज सस्तो भनेर रोट, भोलि लेख्न दिएको भनेर कलम कापी गर्दै एकदिन तपाईं टाइपराटर (सायद, अहिले जस्तो कम्प्युटर र ल्यापटपको जमाना भइदिएको भए वहाँले यिनै चिजको नाम लिनुहुन्थ्यो होला) नै बोक्ने अवस्थामा पुग्नु हुन्छ।। लोभ झ्याङ्गिने र गलत प्रवृत्तिले प्रोत्साहन पाउने यसरी नै त हो नि। वहाँको यस्तो वाणीले मेरो छैठौं नेत्र खुल्यो र यस्ता आदत चट्टक्कै त्यागें। कोही रिसाओस् कि खुसाओस् यति खरो कुरा गर्नसक्ने आँट र जतिसुकै प्रतिकूल अवस्थामा पनि कुराअनुसार आचरण गर्नसक्ने वहाँको बानीबाट बैंकका अन्य साथीहरूझैं म पनि कायल नै भएको छु।

**विषय बैठान**

रोम एक दिनमा नबनेको भनेझैं कर्मचारी संघको स्थापना र विकासको पछाडि पनि लामो ऐतिहासिक कालखण्डको विरासत रहेको छ। बाहिर देखिने काण्ड, हाँगा–पात मात्र वनस्पति नभएर जमिनमुनि रहेका जरा र जरासँगै जोडिएर नदेखिने गरी वनस्पतिका लागि अत्यावश्यक लवण–पानी उपलब्ध गराउने भूखण्ड पनि सोही वनस्पतिको अभिन्न अङ्ग भएको तथ्य समझदार व्यक्तिले सिधै बुझ्ने विषय हो। अग्रजहरूको त्याग, बलिदान, सुकर्म र वर्तमान नेतृत्वको सोहीअनुरूपको कार्यशैलीले नै संघको भविष्यको रूपरेखा कोरिंदै र साख बन्दै जाने हो। स्थापनाकालमा आम कर्मचारीहरूको आशा र भरोसाको केन्द्र रहेको यो संघप्रति अझै पनि बहुसङ्ख्यक कर्मचारीहरू आस्थावान् हुनुहुन्छ। कर्मचारीहरूको चाहना र इच्छा नहुँदा नहुँदै पनि बैंकभित्र समयक्रमसँगै चारवटा कर्मचारी युनियनहरू स्थापना भइसकेका छन्। युनियनहरूको यति धेरै सङ्ख्या केन्द्रीय बैंकजस्तो विशिष्ट प्रकृतिको संस्थाको निमित्त कुनै दृष्टिकोणले पनि आवश्यक र उपयुक्त होइन। सम्बन्धित सबैले गम्भीर भएर सोच्नै पर्छ। यही अस्वभाविक रूपको अधिक सङ्ख्या र अस्वस्थ प्रतिष्पर्धाको प्रतिछाँया सरूवा, बढुवा, वैदेशिक काज, पदस्थापना आदिमा देखापरिरहेका छन्। गुटबन्दीमा विश्वास नगर्ने, बैंक र बैंकको कामप्रति बफादार, चाकरी चाप्लुसी (व्यवस्थापन र युनियनको पदाधिकारी दुवैको) गर्न नजान्ने, अस्वस्थ प्रतिपर्ष्धा र चरम गुटबन्दी देखेर कुनै पनि संघको सदस्यता ग्रहण नगर्ने इमान्दार र सोझा कर्मचारीहरू विगत लामो समयदेखि नै यो वा त्यो बहाना तथा प्रयोगको नाममा पटकपटक पछारिनु पर्दा कर्मचारी युनियनप्रति कस्तो धारणा राख्छन् होला भनी छातीमा हात राखेर सोच्न सक्नुपर्छ, कर्मचारीको हितको पक्षमा लड्छु भन्नेहरूले। हो, युनियनले त आफ्ना सदस्यता धारण गर्नेहरूको नाजायज नै भए पनि स्वार्थ रक्षा गर्न खोजेर जाना–जानमा चुके पनि होलान्। तर, आम कर्मचारीको अभिभावक भएको र हुनुपर्ने बैंक व्यवस्थापन किन विवेकको सहाराले शतप्रतिशत सम्भव नभए पनि अधिकतर तवरले दूधको दूध पानीको पानी हुने गरी हाम्रोभन्दा पनि राम्रो हुने गरी निष्पक्ष व्यहार गर्न सक्दैन होला ? कि प्रत्येक व्यवस्थापनको बाध्यता उही र एउटै हुन्छ भन्ने अनुत्तरित प्रश्न मनमा मडारिइरहन्छ। यदि यस्तै हो भने संघको विगतको आन्दोलन र सङ्घर्षको औचित्यता कसरी प्रमाणित गर्ने ? सायद, अवकाश पाएर जाने दिनसम्म पनि यो प्रश्न अनुत्तरित्त नै रहला कि। जागीरे जीवनका अनगिन्ति अनुत्तरित प्रश्नहरूमध्ये यो पनि एक बनेर मेरा मानसपटलमा छचल्किरहला, सायद। साङ्गठनिक जीवनको लागि एकदुई वर्षको समय वा एक दुई जनाको कत्लेआम गणनामा नआउने विषय पनि होलान्। तर बिनासित्तीमा मर्कामा पर्ने व्यक्तिको लागि त एक घण्टा पनि त एक युग हुन्छ नि। खुकुरी मात्र भएर त अचानोको पीडा

कसरी बुझ्न सकिएला र ? यस तथ्यलाई कर्मचारी हकहित गर्छु भन्ने संघहरू र व्यवस्थापनको अधिकार र अख्तियारी पाएका महानुभावहरूले गम्भीरतापूर्वक मनन गर्नुपर्छ। व्यक्तिको भाग्य र भविष्यसँग जोडिएको सवाललाई तर्कको जलपमा अन्यथा गर्नु कुनै अर्थमा पनि पुण्यकर्म हुन सक्दैन। २१ औं शताब्दी पार गर्न लागिसकेको केन्द्रीय बैंकभित्र आयन्दा सोझो निर्दोष एउटा कर्मचारीलाई बिगारेर अर्को एउटालाई बनाउने गलत अभ्यास, एउटै प्रकृतिका विषयमा एकै कालखण्डमा भिन्नभिन्न तवरले लागू हुने दोहोरो मापदण्ड अन्त्य हुनसके जाति हुन्थ्यो। प्रचण्ड रापको कारणले सूर्यमा केही नदेखिए पनि स्निग्ध शितल चन्द्रमामा त सानो दाग पनि यमानको ठूलो पो देखिन्छ। जति नै ठूलो पहाड बोके पनि कर्मचारी संघ आवाजविहीनको आवाज र निःसहायको सहारा बन्न सकेन भने यसको खासै उपादेयता रहने छैन। यसतर्फ सबैको ध्यान जाओस् र कर्मचारी संघको गौरवमय इतिहास युगयुगान्तर निविर्ध्नरूपले अक्षुण रहन सकोस्, हार्दिक शुभकामना। अन्त्यमा मसँगै डढेर खरानी भएर जाने यी स्मृतिलाई पानामा कोरेर पछिल्लो पुस्तामा हस्तान्तरण गर्ने अवसर दिने साथीहरूमा हार्दिक आभारीका साथ यस्ता नूतन सुकर्म गर्ने सोच र साहसका लागि सम्बन्धित सबैमा सलाम अर्पण गर्दछु।



**दोस्रो केन्द्रीय परिषद् बैठक (१० चैत्र, २०५८), काठमाडौं ।**

“विकृति तथा विसंगतिमुक्त आधुनिक केन्द्रीय बैंक निर्माण, हाम्रो अभियान ॥” भन्ने मूल नाराका साथ संघको दोस्रो केन्द्रीय परिषद् बैठक काठमाडौंमा सम्पन्न भयो। तत्कालीन गभर्नर डा.तिलक रावलले उद्घाटन गर्नुभएको यस बैठकले महाधिवेशन पश्चात भए गरेका कामको समीक्षा गर्नुका साथै सङ्गठनका तत्कालीन चुनौतीको विश्लेषण र भावी रणनीति तय गरेको थियो।



दोस्रो केन्द्रीय परिषद् बैठकका प्रतिनिधिहरू ।






संघले आयोजना गरेको बाल चित्रकला प्रतियोगिता, २०६३


Fulfill Your Desires... Anytime Anywhere
SiddharthaBank VISA Credit Card
Easy credit lines to meet short term requirements
Valid in Nepal and India
Useful while travelling
Bank account not required
Can be used for purchase of goods and services
Cash withdrawal facility (Upto 90% of Credit Limit)
Revolving 15-45 days credit facility
Convenient and safe
Special privileges & discounts at different merchant outlets
Joining fee waiver for group applicants
*Conditions apply
SiddharthaBank
Tel: 01-4443755, 4442920, Ext. 2415
Email/Chat: talk2us@siddharthabank.com
Web: www.siddharthabank.com

# संस्थागत सुधार र कर्मचारी हक हितको सन्दर्भमा नेपाल राष्ट्र बैंक कर्मचारी संघः केही अनुभूति र सम्झनाहरू

चिन्तामणि शिवाकोटी*

## विषय प्रवेश

२०७१ साउन १५ गते नेपाल राष्ट्र बैंक कर्मचारी संघ केन्द्रीय समितिले संस्मरणात्मक लेख–रचना उपलब्ध गराइदिन अनुरोध गरिएको पत्र प्राप्तभयो। समयाभाव र पछिल्लो समय कर्मचारी युनियनहरूसँग आफ्नो सामिप्यताको दूरीको कारण केही समय मैले त्यो पत्रलाई सम्बोधन गर्न त्यति चासो र महत्त्व दिइन। समय बित्दै जाँदा मभित्र मेरा कर्मचारी शहीद मित्रहरूको आत्माले कताकताबाट धिक्कारे जस्तो महसुस हुँदै गयो। हिजो कर्मचारी आन्दोलन र संस्थागत सुदृढीकरणको सामूहिक सवाललाई उजागर गर्न सँगसँगै हातेमालो गरेर हिँडेका आदरणीय शहीद मित्र स्व. बद्री अधिकारीजस्ता नेपाल आमाका होनहार छोराहरू, जसले कर्मचारी आन्दोलनमा लागेकै कारण आफ्नो अमूल्य ज्यान गुमाउनु परेको थियो, कम्तिमा बद्रीजी र उहाँजस्ता श्रद्धेय शहीदहरूको आत्माको चीरशान्तिकै लागि भए पनि मैले एउटा छोटो संस्मरण त लेख्नैपर्छ भन्ने भावना जागृत भयो र पत्र प्राप्त गरेको पाँच महिनापछि यी हरफहरू लेख्ने धृष्टता गरेको छु। जीवनमा डायरी व्यवस्थापन नगर्ने अल्छीभित्र पर्छु म, मैले न त कुनै घटना परिघटनालाई टिपोट गरेर राखेको छु न त कुनै प्रकाशन पर्चा, पम्प्लेट आदिलाई अभिलेख नै गर्नेगरेको छु। यसर्थ, केवल सम्झनाको आधारमा नेपाल राष्ट्र बैंक कर्मचारी संघको गठन तथा त्यसका क्रियाकलापमा संलग्न हुँदाका केही प्रमुख तीतामीठा सम्झनाहरूलाई प्रिय पाठक महोदयहरूबीच पस्कने जमर्को गरेको छु।

## नेपाल राष्ट्र बैंक कर्मचारी संघको उदय

तीस वर्षसम्म चलेको निरङ्कुश जहानियाँ पञ्चायती व्यवस्थाले मुलुकमा विकास, निर्माणका एजेण्डालाई आशातीतरूपमा आत्मसात गर्नसकेको थिएन। देशमा घुसखोरी, कालोबजारी, तस्करी र भ्रष्टाचार मौलाउँदै गएका थिए। मानिसहरूका वाक् स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, राजनीतिक स्वतन्त्रता, मौलिक हक अधिकारलगायतका मानव अधिकारहरू कुण्ठित भएका थिए। अभाव, गरीबी, विपन्नता, अशिक्षा, बेरोजगारीलगायतका जनजीवनलाई प्रत्यक्ष प्रभाव पार्ने विषयलाई राज्यको नीति तथा कार्यक्रमले सम्बोधन गर्नसकेको थिएन। देश २०४६ सालको जनआन्दोलनको ज्वारभाटामा होमिएको थियो। कर्मचारीतन्त्रभित्रका भ्रष्टाचार, अनियमितता र विसङ्गतिहरूको कारण सिङ्गो कर्मचारीतन्त्र पनि विस्तारै बहुदलीय प्रजातन्त्रको पुनरस्थापनातर्फ होमिँदै थियो। राष्ट्रलाई चुसेर निर्दोष जनताको छातीमाथि रजाइँ गरिरहेकाहरूको विरूद्धको अभियानलाई सचेत र बुद्धिजीवी कर्मचारीवर्गले पनि सहयोग गर्नुपर्ने आफ्नो जिम्मेवारी महसुस गरेर नेपाल राष्ट्र बैंकका न्यायप्रेमी कर्मचारीहरूले पनि बैंकभित्र मौलाइरहेका अनियमितता र विसङ्गतिहरूको उन्मूलन गर्न प्रशासनयन्त्रमा सुधार गर्नुपर्ने माग राखेर आन्दोलन सुरू गरेका थिए। प्रजातन्त्रको सानो झिल्का नेपाल राष्ट्र बैंकमा पनि पस्नेछ, बैंकभित्रको भ्रष्टाचार र अकर्मण्यता नियन्त्रण हुनेछ, वर्षौंदेखि हेपिएर, दबिएर रहेका कर्मचारीहरूले न्यायको घाम ताप्न पाउने छन्, बैंकभित्रको वातावरण स्वस्थ र सुन्दर हुनेछ, शासक र शासितजस्तो नभई एकले अर्कालाई सदाचार, शिष्टाचार र सद्भावयुक्त व्यवहार गर्ने सुखद् परम्पराको बीजारोपण हुनेछ र कर्मचारीवर्गले आफ्नो जीविका धान्न पुग्ने सेवा सुविधा बैंकबाट पाउने छन् भन्ने उत्कट अभिलाषाले आमकर्मचारीका आवाजहरू व्यवस्थापनसमक्ष सङ्गठितरूपमा प्रस्तुतगर्ने माध्यमको रूपमा वि.सं.२०४७ वैशाख १४ गते 'नेपाल राष्ट्र बैंक स्वतन्त्र कर्मचारी युनियन केन्द्रीय तदर्थ समिति' को जन्म भएको थियो। दीपेन्द्रबहादुर क्षेत्रीको अध्यक्षतामा गठन भएको ११ सदस्यीय उक्त तदर्थ समितिमा मैले सहसचिवको जिम्मेवारी पाएको थिएँ। समितिमा कुनै वाद, समूह र पक्षको आभास थिएन। थियो त केवल निरङ्कुश शासनयन्त्रको अवशेषका रूपमा रहेका परम्परागत सोच र दम्भको विरूद्ध एउटा विशुद्ध पेशागत एजेण्डालाई आमकर्मचारीबीच रचनात्मकरूपमा प्रवाहित गरी संस्था र यसभित्रका कर्मचारी विशेषको हितको रक्षा गर्ने महान् उद्देश्य।

केन्द्रीयस्तरमा कर्मचारी संघको गठनपश्चात् हरेक शाखा/उपशाखाहरूमा पनि नयाँ जोश र उत्साहका साथ शाखा/उपशाखा समितिहरू गठन भए। प्रजातन्त्रको पुनरस्थापनासँगै कर्मचारीहरूको सङ्गठित हुने अधिकार लाई राज्यले इन्कार्न सकेन। बरू के–कसरी कर्मचारी सङ्गठनहरूलाई व्यवस्थितरूपमा सङ्गठित गर्ने र कर्मचारी संघ/सङ्गठनको संरचना कस्तो रहने भन्ने सवालमाथि अध्ययन गरी प्रतिवेदन पेश गर्न तत्कालीन श्री ५ को सरकारले सामान्य

*पूर्व सहसचिव, नेपाल राष्ट्र बैंक कर्मचारी संघ*

प्रशासन सचिवको अध्यक्षतामा नेपाल निजामती कर्मचारी सङ्गठन तथा अन्तरसंस्थान कर्मचारी संघका पदाधिकारीहरूसहितको समिति गठन गऱ्यो। समितिको सिफारिसअनुसार सरकारी क्षेत्रमा एकमात्र नेपाल निजामती कर्मचारी सङ्गठन तथा संस्थानहरूको लागि राष्ट्रियस्तरमा अन्तरसंस्थान कर्मचारी संघ नामक संस्थाले कर्मचारी हकहितको सवालमा कामगर्ने र प्रतिष्ठानस्तरमा अन्तरसंस्थान कर्मचारी संघको मातहतमा केन्द्रीय समिति गठन भई कार्यगर्ने सिफारिस गरेपछि त्यही अवसरलाई उपयोग गर्दै मिति २०४७ चैत्र १७ गते नेपाल राष्ट्र बैंक कर्मचारी संघले बृहद् कर्मचारी भेलाद्वारा अनुमोदित विधान जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता गराई विधिवत् कार्य सुरू गरिएको थियो ।

**युनियन स्थापनापछिका गतिविधिहरू**

आफ्नो स्थापनाकालदेखि नै कर्मचारी वर्गको हकहित संरक्षणका अतिरिक्त बैंकभित्र रहेका अनियमितताहरूको विरूद्ध युनियनले आफ्नो आवाज मुखरित गऱ्यो । पदोन्नति प्रक्रिया, तालिम, सरूवा, वैदेशिक अध्ययन, अनावश्यक खर्चको कटौती र संस्थागत सुदृढीकरणका मुद्दाहरू सशक्त ढङ्गले कर्मचारी संघले उठाएकै कारण एकातर्फ थुप्रै सवालहरूमा सुधारहरू त भए तर अर्कोतर्फ अख्तियारवालाहरूको कालो नियतसित मेल नखाएको कारण संस्था डुवाएर आफू मोटाउन पल्केका पुरातनवादी सोचका पृष्ठपोषकहरूको समूहमा एउटा दरिलो कम्पन पनि पैदा भयो । फलतः क्रमिकरूपमा उनीहरू कर्मचारी संघका गतिविधिहरूलाई निरूत्साहित र निस्तेज गर्न सक्रिय हुन थाले। एउटै संघमा आबद्ध सम्पूर्ण कर्मचारीहरूबीच "फुटाउ र शासन गर" को बल्छी फ्याँक्न थाले । समय काल बित्दै जाँदा ट्रेड युनियन आन्दोलनका केही अग्रजहरूले एउटै सङ्गठनको मूलमन्त्र र मर्मलाई भुल्न थाले र संघ स्थापनाको एक वर्षमै यसलाई चिरा पार्न अग्रसर बने।

एक वर्ष तदर्थ समितिमा रहँदा हामीले संस्थाभित्र मौलाएका भ्रष्टाचार र अकर्मण्यतामाथि सशक्त प्रहार गऱ्यौं । टेलिफोन सुविधा दुरूपयोग, औषधी खर्चको दुरूपयोग, गाडी सुविधाको दुरूपयोग, विदेशी मुद्राको दुरूपयोग, मेसिन औजार तथा सामान खरिदमा भएको अनियमितता आदि विषयलाई संघले उच्च प्राथमिकताका साथ उजागर गरेपछि ती विषयहरू माथि छानवीन भई उलेख्य सुधारहरू भए । संघकै पहलमा लामो समयदेखि रोकिएको पदोन्नति प्रक्रियालाई नियमित गरियो, उच्चपदस्थ व्यक्तिले अतियमिततापूर्वक लिएका कतिपय रकम असुल उपर भई बैंकको आम्दानीको रूपमा दाखिला भयो । लामो समयदेखि खर्च बुझेर सण्ड्री फछ्यौंट नभएका रकमहरू फछ्यौंट गरिए। औषधी खर्चको नाममा ठूलो परिमाणमा विदेशी मुद्राको पेश्की लिई फछ्यौट नगरी विदेशी मुद्राको अपचलन गर्ने प्रवृत्तिमा सुधार सुरू भयो । अनधिकृत व्यक्तिले प्रयोग गरिरहेका बैंकका केही मोटरहरू बैंकमा फिर्ता ल्याइए । राजनीतिक पूर्वाग्रहपूर्वक सेवाबाट बर्खास्त गरिएका कर्मचारीहरू पुनरवहाली भए। बैकका कर्मचारीलाई वर्षौंसम्म घरको निजी काममा लगाउने परम्पराको अन्त्य भयो । निजी प्रयोजनका लागि लगेका बैकका सामानहरू – कार्पेट, हिटर, टेलिफोन सेट, इमरजेन्सी लाइट, पोलिथिन पाइप, फर्निचर आदि सम्बन्धित पदाधिकारीबाट बैकमा फिर्ता ल्याइए । कार्यालय हाताभित्रका रूख काटेर हाकिमले घर पुऱ्याएका फर्निचरहरू रातारात कार्यालयमा दाखिला भए। संघकै आवाजका कारण टक्सार विभागमा खरिद गरिएको हबिङ्ग मेसिन खरिदमा भएको भ्रष्टाचारको छानविन आयोग बन्यो, दोषीलाई खासै कारबाही हुननसके पनि भ्रष्टाचारको तथ्यगत विवरण भने अभिलिखित हुनगयो। बैकका गभर्नर, डेपुटी गभर्नरले विदेश भ्रमणमा जाँदा विदेशीलाई र विशेष अवसरहरूमा दरबारलाई अनावश्यकरूपमा असर्फी उपहार चढाउने परम्परा संघकै आवाजको कारण रोकियो । यसका साथै कर्मचारीहरूको आर्थिक सुविधामा पुनरावलोकन भई उल्लेख्य रूपमा वृद्धि भयो । साविकमा वार्षिक एक महिनाको तलब प्रदान गरिने कर्मचारी कल्याणकारी कोषको रकममा वृद्धि गर्न सुरू गरियो। खास गरी केन्द्रीय बैंकको स्वायत्तताको पक्षमा उभिन एउटा ठूलो समुदायलाई उर्जा प्राप्त भयो।

**संघको निर्वाचनको तयारी**

तदर्थ समिति स्थापना भएको ठीक एक वर्षपछि २०४८ बैशाख ६ गते संघको आधिकारिक चुनाव हुने कार्यक्रम घोषणा भयो। संघले विगत एक वर्षमा गरेका काम कारबाही तथा उपलब्धीहरूसहित आगामी दिनमा संघका योजना र कार्यदिशा सम्बन्धमा आमकर्मचारीलाई जानकारी गराउने सिलसिलामा काठमाडौं पश्चिम कार्यालयहरूको भ्रमणका लागि म खटिएँ। त्यतिबेला संघका पदाधिकारीलाई अहिलेको जस्तो बिनाभत्ता काज दिने प्रचलन थिएन। भैपरी बिदा बचत थिएन। घर बिदा लिएर म पश्चिम हानिएँ। सर्वप्रथम पोखरा पुगें म। त्यहाँ कार्यक्रम गर्ने प्रयास भयो। कार्यालय समयभित्रै गर्ने योजना गरिएको उक्त कार्यक्रम प्रजातन्त्रवादी भनिएका केही साथीहरूले कार्यालयको सभाकक्षमा गर्न नदिने अडान लिए। त्यहाँ एकैछिनमा नेपाली कांग्रेस पार्टीको एउटा जिल्लास्तरीय कार्यक्रम गरिने र जिल्लास्तरीय नेताले सम्बोधन गर्ने कार्यक्रम तय गरिएको कुरा सुनाइयो। स्थिति झण्डै मुठभेडमा परिणत

भयो । तत्कालीन पोखरा शाखा समितिका अध्यक्ष मदनकाजी श्रेष्ठको कुशल नेतृत्व क्षमता, अडान र प्रतिवादकै कारण मात्र हामीले त्यहाँ कार्यक्रम गर्‍यौँ । त्यसो त कार्यक्रम चलिरहेको बेला ने.का.का जिल्ला नेता शुक्रराज शर्मा आएर बाहिरबाट अवलोकन गरी आफ्ना कार्यकर्ताहरू लिएर फर्कनु भएछ । मभित्र बोलिरहेको थिएँ, मलाई यो कुरा कार्यक्रम पछिमात्र साथीहरूले सुनाउनु भयो । म वहाँलाई चिन्दा पनि चिन्दिनथे । शुक्रराज शर्मा साँच्चिकै सुझबुझ भएको नेता हुनुहुँदोरैछ । “आफ्नै संस्थाको कार्यक्रम भैरहेको ठाउँमा बखेडा झिक्नुहुन्न” भन्दै वहाँले लफडा गर्न खोज्ने कार्यकर्ताहरूलाई सम्झाईबुझाई बिग्रन लागेको स्थितिलाई सम्हाल्नु भएको थियो ।

सिद्धार्थनगर कार्यालयको कार्यक्रममा कर्मचारीहरूको उल्लेख्य उपस्थिति थियो । कार्यक्रम सकिने बेलामा शाखा समितिका अध्यक्ष डिकबहादुर विश्वकर्माले केन्द्रबाट आउनु हुने संघका केन्द्रीय सहसचिवको सिद्धार्थनगर बस्दाको गेष्ट हाउसको शुल्क तथा खाना खर्च सिद्धार्थनगर शाखा समितिले व्यहोर्ने जानकारी गराउनु भयो । तत्कालीन सिद्धार्थनगर शाखाका व्यवस्थापक श्री जुद्धबहादुर थापाले यो कुनै जरूरी छैन, वहाँ व्यवस्थापकको अतिथि कक्षमा बस्नु हुन्छ र खानाको व्यवस्थासमेत व्यवस्थापक कार्यालयले नै गर्नेछ भनी उद्घोष गर्नुभयो । राष्ट्र बैंक प्रवेशको बेला मैले जुद्धबहादुर थापासँग केन्द्रीय लेखा फाँटमा काम गरेको थिए। वहाँ त्यस महाशाखाको प्रमुख हुनुहुन्थ्यो, पछि त्यहीँबाट का.मु. पाएर सिद्धार्थनगरको व्यवस्थापक भै जानुभएको थियो। वहाँको खुला हृदय र अतिथि सत्कारप्रतिको सफेद भावनाप्रति उपस्थित सम्पूर्ण कर्मचारीले ताली बजाएर धन्यवाद दिए। भोलिपल्ट बिहान बैंकले मलाई जीवनको प्रथम पटक लुम्बिनी दर्शन गर्न समेत कार्यालयको गाडी उपलब्ध गरायो । समग्रमा सिद्धार्थनगर शाखाको भ्रमण व्यापक सहभागिता, रूची तथा उत्साहको हिसाबले अत्यन्त सफल रह्यो।

त्यसको भोलिपल्ट नेपालगञ्ज कार्यालयमा दिउँसो १:०० बजेपछि कार्यक्रम गर्ने कुरा थियो। त्यहाँ पनि शाखाका प्रजातन्त्रवादी भनिएका केही साथीहरूले कार्यालय समयमा कार्यक्रम गर्न पाइँदैन भनेर बखेडा झिके । अधिकांश ३:०० बजेपछि घर जाने हुँदा ३:०० बजेपछि नै कार्यक्रम सुरू गर्ने तय गरियो । ३:०० बजेपछि पाँच नबजी गर्न नदिने भन्ने लफडा झिकियो । ५:०० बजेपछि ड्यामडुम कार्यालयका ढोका बन्द गरी हल र कोठाका सबै साँचो मारेर सुरक्षा समूहको जिम्मा लगाइयो र मलाई भनियो “पञ्चायत प्रशिक्षण केन्द्रमा जाऊ तिम्रो भाषण गर्न। यो कार्यालयमा पाइँदैन।” उनीहरूले जे भनून्, म मेरो संस्थाभित्रको आधिकारिक युनियनको मिसन लिएर आएको हूँ, भोलि धनगढी जानैपर्छ। समय घटिसक्यो। बरू यिनीहरूले कुटे कुटून्। मारी त हाल्दैनन् होला ? म यो बैंकको कम्पाउण्डभित्रै आफ्ना धारणा राख्ने प्रयत्न गर्छुगर्छु । यही सोचका साथ तत्कालीन शाखा समितिका अध्यक्ष तेजप्रसाद शर्मालगायत ५–६ जना साथीहरूलाई कार्यालयको दक्षिणतर्फ बगैँचामा राखेर मैले बोल्न सुरू गरेँ। विस्तारै डराउँदै डराउँदै अरू साथीहरू थपिन थाले । तत्कालीन शाखा व्यवस्थापक कार्यालय बाहिर भएकोले विष्णु नेपाल का.मु. कार्यालय प्रमुख हुनुहुन्थ्यो। वहाँ पनि आउनु भएपछि माहौल निकै सहज भयो। पछि कुल ३४ जना कर्मचारीहरू हुनुहुन्थ्यो हाम्रो कार्यक्रमको अन्तसम्ममा। ५:१५ बजेदेखि झण्डै ७:०० बजेसम्म बोलिएछ, राती भयो । विष्णु सरलगायतले मेरो प्रस्तुतिलाई तारिफ गर्नुभयो। प्रश्नोत्तर कार्यक्रम हुँदै थियो। अघि दिउँसो कार्यक्रम गर्न नदिने अभियानका नेतृत्वकर्ताहरू कार्यक्रम बिथोल्न सफल भएको खुसियालीमा कतै बैठक गरिरहेका थिए रे। उनीहरूलाई सुनाई दिएछ कसैले, पुनः कार्यालय प्राङगणमा देखिए उनीहरू उद्दण्ड स्वभावमा । अभद्र र अशिष्ट व्यवहार गर्ने प्रयत्न हुँदै थियो, हाम्रो कार्यक्रम सकियो। विष्णु नेपाल त्यहाँ नभएको भए सायद ममाथि हातपात हुनसक्थ्यो, त्यस दिन। त्यस अराजक अभियानका नेतृत्वकर्ताहरूमध्ये एक जोगेन्द्रसिंह राठौर जागीर छाडेर पछि ने. वि. संघको केन्द्रीय उपाघ्यक्ष भएको सुनेको थिएँ र अर्का जगदीशबहादुर सिंह भने बैक सेवाबाट अवकाश भै एक मधेश एक प्रदेशको अभियन्ता एउटा मधेशवादी आन्दोलनको नेतृत्व गर्दै हिँडेका छन्, अहिले।

२०४७ सालको चैत्रको गर्मी महिना थियो। नेपालगञ्जको कारकाँदोस्थित भाडाको घरमा रहेको शाखाको गेष्ट हाउसबाट बिहान ४:०० बजे नै रिक्सा पक्डेर सबेरै बहराइचबाट छुट्ने रेल भेट्न हानिएँ म। त्यति बेलासम्म कर्णालीको पुल बनिनसकेकोले नेपालगञ्जबाट धनगढी जान भारतीय भूमि हुँदै रेलको यात्रा गर्नुपर्ने र पलिया भन्ने जक्सनमा रेल परिवर्तन गर्नुपर्ने अवस्था रहेछ। सोध्दै, खोज्दै र रेल परिवर्तन गर्दै पुगेँ म नेपालको बोर्डर गौरीफण्टा। गौरीफण्टामा रेलबाट ओर्लदा त मलाई लिन धनगढी शाखा समितिका अध्यक्ष कोमल कोइरालालगायतको टोली गाडी लिएर तैनाथ हुनुहुन्थ्यो। म त छक्क परेँ। एउटै अभियानमा हिडेको हूँ म, सिदार्थनगर र धनगढीका कर्मचारीहरू एकमतले स्वागत गर्दै सद्भावका हातहरू मिलाउँछन् तर पोखरा र नेपालगञ्जमा कर्मचारीहरू विभाजित मात्र छैनन्, यसको एउटा चिरा कर्मचारी संघको कार्यक्रम भन्ने बित्तिकै त्यसलाई

विथोल्न उत्तेजनामा आइहाल्छन् । धनगढीका कर्मचारीहरूमा व्यापक उत्साह देखियो संघको काम कारबाहीप्रति । काज नलिई सामूहिक कार्यको लागि बिदा लिएर आउने साथीलाई गेष्ट हाउसको व्ययभार नलगाउने भनेर साथीहरूले अध्यक्ष कोमल कोइरालाजीको घरमै खाने बस्ने व्यवस्था मिलाउनु भयो। साँझ केही अगुवा मित्रहरू त्यहाँ पनि आउनुभयो र राति अबेरसम्म छलफल भलाकुसारी भयो। त्यसपछि उही भारतीय भूमि हुँदै म काठमाडौं फर्कदा कर्मचारी संघको चुनावले रौनक लिइसकेको थियो।

**निर्वाचन परिणाम र कारबाहीको श्रृङ्खला**

२०४८ साल बैशाख ६ गते देशव्यापीरूपमा संघको चुनाव सम्पन्न भयो। तत्कालीन अवस्थामा काठमाडौंलगायत मुलुकभर रहेका सबै शाखा/प्रशाखा कार्यालयका कर्मचारीहरूले आ–आफ्नो स्थानीय समिति र केन्द्रीय समितिको लागि मतदान गरे। चुनावको मुखमा आएर केही साथीहरूले कर्मचारी संघको मूल मर्ममाथि गहिरो प्रहार गर्दै प्रजातन्त्रवादी प्यानलको नामबाट उम्मेदवारी दर्ज गरे। बहुदलीय प्रजातन्त्रको एउटा सुन्दर पक्ष संघ सङ्गठन खोल्न पाउने अधिकारको उपयोग त गरे मित्रहरूले, तर यसमा आ–आफ्नो आस्था रहेको राजनीतिक पक्षको स्वार्थसिद्ध गर्ने बाटो खुल्यो। कर्मचारी एकताको माला चुँडियो। फुटाउ र शासन गर भन्ने सूत्रका पारखी प्रशासकहरूलाई त्राण मिल्यो। जेहोस् व्यापक सहभागिता र उत्साहका साथ संघको चुनाव सम्पन्न भयो । २,६०० जति मतदाता रहेकोमा २,५०० भन्दा बढी मत खस्यो । अत्यधिक बहुमतले दीपेन्द्रबहादुर क्षेत्रीको पुरै प्यानल विजयी भयो । अध्यक्ष पदमा निकटतम प्रतिद्वन्दी रेवतबहादुर कार्कीको ५३७ मत विरूद्ध दीपेन्द्रबहादुर क्षेत्रीको १,६५३ मत थियो। सहकोषाध्यक्षका प्रत्यासी प्रमिला घिमिरेले १,७५२ मत प्राप्त गर्नुभएको थियो भने सहसचिव पदमा मैले प्राप्त गरेको मत १,७२८ थियो। सह सचिवका तीन उम्मेदवारमध्ये मैले प्राप्त गरेको मत निकटतम प्रतिद्वन्दीको भन्दा १,२२३ बढी थियो भने सहकोषाध्यक्षमा दुई उम्मेदवार रहेकोमा विजयी उम्मेदवारले प्राप्त गरेको मत निकटतम प्रतिद्वन्दीको भन्दा १,१५८ बढी थियो। चुनाव प्रसङ्गको एउटा सानो कुरा अझै याद आउँछ, विराटनगरमा चुनाव प्रचारको सिलसिलामा एकजना माली कर्मचारीसँग विभिन्न प्यानलले भोट माग्ने क्रममा उनले भनेछन् "अरू जसलाई दिए पनि एक भोट चाहिँ चिन्तामणिलाई"। भोट माग्नेहरूले सोधेछन्। किन ? उनको उत्तर थियो रे "कमसे कम ऊ आउँदा हात त मिलाउँछ।"

नेपाल राष्ट्र बैंकको इतिहासमा त्यो नै एकमात्र निर्वाचन थियो, जसमा आमकर्मचारीको सहभागिता थियो। सबैले केन्द्रीय समितिलाई प्रत्यक्ष मतदान गर्न पाउने गरी विधानले व्यवस्था गरेको थियो। त्यसपछिका दिनहरूमा संघको चुनावमा सबै कर्मचारी एकजुट हुन सकेनन्। आ–आफ्नो आस्थाको आधारमा एकपक्षीय चुनाव मात्र हुन्छ, आजकाल । आमकर्मचारीको भावनालाई बोक्ने नेताहरूको खडेरी परेको छ, ऐले । कर्मचारी नेतृत्व आ–आफ्ना राजनीतिक नाट्यशालाको डम्फु बजाउन तल्लीन छन्। आमकर्मचारीले आफ्नो नेतृत्व चयन गर्नपाउने अधिकार कुण्ठित छ। छानिएका र टीका लगाएका सीमित कर्मचारीले नेतृत्व चयन गर्ने परिपाटी झाङ्गिएको छ, ऐले। आजकाल सबैलाई नेता हुनुपरेको छ। त्यतिबेला एउटा मात्र युनियन थियो, एघार जनाको केन्द्रीय कमिटीले सम्पूर्ण काम भ्याउँथ्यो र काम पनि अहिलेको भन्दा गुणस्तरीय नै हुन्थ्यो। अहिले चार–चार वटा युनियन छन् र ती प्रत्येकको केन्द्रीय समितिमा ३०–४० जनासम्मको डफ्फा रहन्छ। त्यसबाहेक थापाथली, बालुवाटार र टक्सारका बेग्ला बेग्लै समिति। शाखाहरूको अवस्था पनि त्यस्तै छ। जे होस् रमाइलो छ, ट्रेड युनियन व्यवसाय फस्टाएको छ।

निर्वाचन परिणामले एकाधिकाररूपमा सत्ताको स्वाद रसास्वादन गर्ने जिब्रोहरूलाई धक्का दियो। अनियमितताको बाटोबाट संस्थालाई चुस्न पल्केका प्रशासकहरूको दाँतमा ढुङ्गा लाग्यो । हिजोका भ्रष्टाचार र कुकृत्यका फाइलहरू अब झन् सशक्त रूपमा खुल्छन् भन्ने डरले भ्रष्टहरूको मुटुले ढ्याङ्ग्रो ठोक्यो र सुरू भयो कर्मचारी संघको गतिविधिलाई प्रतिशोधपूर्ण कारबाहीको माध्यमबाट निस्तेज गर्ने षडयन्त्र। यसैक्रममा चुनाव सम्पन्न भएको लगत्तै मलाई केन्द्रीय लेखा फाँट, थापाथलीबाट बैंक व्यवस्था विभाग, बालुवाटार सरूवा गरी काजमा प्राथमिकता क्षेत्र कार्यक्रम नक्साल पठाइयो। त्यहाँ ममाथि कैदीको जस्तो तुच्छ व्यवहार गर्न थालियो। केन्द्रीय लेखा फाँटबाट सरूवा भएको केही दिनपछि उक्त फाँटले कार्यालय समययमा आयोजना गरेको बिदाई समारोहमा सहभागी हुनजाने अनुमति दिइएन। एक घण्टाको छुट्टी नदिएर प्रा.क्षे.का तत्कालीन हाकिम विमलनाथ रिमालले नीचताको पराकाष्ठा प्रस्तुत गरे। फरकफरक फाँटमा सारेको साञ्चै गर्ने, खाजा खान जाँदा पनि छड्के गर्ने, बिहान १०:०० भन्दा दुई मिनेट ढिला हुन नहुने, साँझ कार्यालय समयभन्दा एक मिनेट छिटो हाजिर हुन नपाउने, लिथो मेसिन, टाइप फाँटमा जानै नपाइने नियम लागू भयो र फाँटको टेलिफोन लाइन काटियो। यसैबीच एकपटक विराटनगरबाट मेरा भिनाजुले फोन गर्नुभयो । जरूरी परेछ ।

हाकिमको कोठामा मात्र थियो फोन र तत्कालीन अवस्थामा मोबाइलको सुविधा थिएन । कुरो २०४८ साल भाद्रको हो । मैले हतारहतार २–३ मिनेटमा कुरा सिध्याएँ र फोनको रिसिभर राखेँ । विमलनाथ रिमालले भन्नुभयो, "यो कार्यालयको हाकिमको टेलिफोन हो। मलाई गभर्नरको फोन आइरहन्छ। यहाँ यसरी व्यक्तिगत कल आउन निषेध छ। तिम्रा मानिसहरूलाई फोन नम्बर नदिनू ।" म रातोपिरो भएँ, तर सवालको जवाफ फर्काइ हालेँ – अत्यन्त जरूरी समाचार कसरी सम्प्रेषण गर्ने त, सर ? वहाँको सहज उत्तर थियो, "बाहिर कैलाश फोटो स्टुडियोको नम्बर दिनू ।" मैले थप प्रतिवाद गरिन । मनमनै विश्लेषण गरेँ, हाकिमले भनेजस्तै कैलाश फोटो स्टुडियोमा फोन आउँदा बोलाई माग्ने हो भने उसले नेपाल राष्ट्र बैंकको कर्मचारीलाई कुन दृष्टिकोणले हेर्ला ? के सोच्ला ? कसैको फोन आउँदा कैलाश फोटोको मालिकलाई के खाँचो अफिस –अफिसमा मान्छे पठाएर बोलाउन ? तैपनि कथंकदाचित बोलाइ दि'हाल्यो भने त्यहाँ गएर आउँदा ५–७ मिनेटको समयको अन्तरालमा छड्के गरेर जागीर खान पाइन्थ्यो कि भन्ने दुर्भावनायुक्त प्यास थियो सायद हाकिमको तिर्खाएको घाँटीमा।

यसैबीच भाद्र १७ गते मलाई धनगढी उपशाखा सरूवा गरियो। संघका केन्द्रीय पदाधिकारीलाई सरूवा गर्ने रवैयाको विरूद्ध कर्मचारी संघका अध्यक्ष दीपेन्द्रबहादुर क्षेत्रीको नेतृत्वमा गभर्नर कहाँ पुगेको टोलीले गभर्नर हरिशङ्कर त्रिपाठीलाई भेट्न सकेन। प्रशासन हेर्ने डे.ग. अच्युतप्रसाद पौडेललाई घेराउ गर्न पुग्यो टोली। तीन बजेदेखिको घेराउ कार्यक्रमले राती अबेरसम्म निरन्तरता पायो। अन्ततः राति ९:३० बजे सरूवा रद्द गरेको पत्र पाएपछि मात्र हामी घर गयौं । त्यसमध्ये चारजना कर्मचारी डे.ग.पौडेलकै गाडीमा लिफ्ट पाएर घर गएका थिए। भोलिपल्ट कार्यालय आउँदा परिस्थितिले अर्कै मोड लिइसकेको थियो । रातभरिमा ठूलै चमत्कार भएछ। बैंकका उच्च अधिकारीहरू रातभर नसुती कारबाहीको तानाबाना बुनिएछ। अरूको सरूवाको विषयलाई लिएर उच्चपदस्थ पदाधिकारीलाई अमर्यादित तवरले घेराउ गरेको र ढुकुटीको सुरक्षा माथि खलल पुऱ्याएको भन्दै आठजना साथीहरूलाई निलम्बन गरिएको सूचना टाँस गरी उनीहरूलाई कार्यालयमा प्रवेश गर्न रोक लगाइयो भने मलाई अरूको सहारा लिई हुलहुज्जत गरेर रद्द गरेको सरूवाले मान्यता पाउँदैन, सरूवा यथावत छ, तोकिएको समयमा धनगढी हाजिर हुन पुग्नुहोला भन्ने पत्र काटिएको रहेछ। लेखा तथा खर्च विभागको बोधार्थ प्रतिबाट व्यहोरा अवगत भै मलाई साथीहरूले चिटमा लेखेर नक्साल पठाएका थिए। त्यतिबेला मोबाइल थिएन, अफिसको फोन पनि निषेध गरिएको थियो। नक्सालमा भएकोले पत्र आइपुग्न केही घण्टा ढिलो भयो, त्यसैबीच सरूवापत्र नबुझ्न संघका अध्यक्ष दीपेद्रबहादुर क्षेत्री तथा सीताराम तिवारीले कानुनी सल्लाह उपलब्ध गराउनु भयो। उता संघका केन्द्रीय सदस्य कल्याणबन्धु अर्यालेलाई दिपायल सरूवा गरिएको पत्र काटियो। घेराउमा सुरूमा ५० भन्दा बढी कर्मचारी सरिक थिए, ३०–३२ जना त रातिसम्मै थिए। डेपुटी गभर्नर र निजका पि.ए.ले नाम जानेका आठजना निलम्बन र हामी दुईजना सरूवामा पऱ्यौं। कर्मचारी संघको सदस्य नभएका वासुदेव अधिकारीलाई पनि निलम्बन गरियो। आश्चर्य त यो भयो कि घेराउ कार्यक्रममा सरिक नै नभएका रमण नेपाल र बद्री अधिकारीलाई समेत निलम्बनको पुर्जी थमाइयो। तैपनि व्यवस्थापनको धित मरेन र थप शिकार खोज्न डेपुटी गभर्नर पौडेल आफै थापाथली कार्यालयको कोठा–कोठामा पुग्नभयो। उहाँले घेराउमा बस्ने थप कर्मचारी त पहिचान गर्नुभएन तर नोट विभागका राजेन्द्र रिमाललाई भने संघमाथि भएको कारबाही विरूद्ध पर्चा वितरण गरेको अभियोगमा तीन महिनाको लागि निलम्बन गरिदिनु भयो।

सरूवा निर्णयको विपक्षमा बैंक व्यवस्थापन विरूद्ध रिट निवेदन गर्ने निर्णयमा पुगेँ म र सरूवाको पत्र म भोलिमात्र बुझ्छु भनेँ । धन्य त्यसदिन विमलनाथ रिमाल अफिसमा हुनुहुन्थेन। सेकेण्ड क्लास हाकिम सुर्जितप्रसाद श्रेष्ठले त्यति चाहिँ मान्नुभयो। त्यसको भोलिपल्ट मैले साथीमार्फत् पठाएको बिदाको निवेदन व्यवस्थापनले दर्ता गरेन । पत्र लिएर जाने गोविन्द अधिकारीलाई समेत झपारेछन् बिमलजीले। त्यसको धेरै अगाडिदेखि मलाई पिनासको समस्याले ग्रस्त पारेको थियो म वीर अस्पताल गएँ। नाक, कान, घाँटीका डाक्टर माधव दाहालले दुई हप्ता बेड रेष्ट लेखिदिए। "के खोज्छस् काना आँखो" । मैले अस्पतालको प्रेसक्रिप्सन सहितको बिदाको निवेदन हुलाकमार्फत् रजिष्ट्री गरिदिएँ र प्रेसक्रिप्सन लिएर औषधी लिन थापाथली कार्यालयस्थित डिस्पेन्सरी जाँदा गेटबाटै पस्न दिइएन। धेरै बेरको वार्तालापपछि मलाई दुईजना सुरक्षा गार्डले दुईतिर पाखुरामा समातेर एउटा भाग्न लागेको ज्यानमाराझैं गरी तगारोबाट कार्यालय भवनतिर लैजाँदै थिए, सुरक्षा प्रमुख आएर रोके, "डे.ग.ज्यू तथा कार्यकारी प्रमुखको आदेश छ भित्र पस्न नदिनू भन्ने किन ल्याएको ?" गार्डहरूले गाली खाए। अबभने मलाई रीसले झन् तातायो। त्यसमाथि ज्वरो आइरहेको थियो। पिनासले टाउको दुखिराखेको थियो। तिम्रो डे.ग.लाई भन मलाई नाघेर जान नत्र वहाँ यहाँ नआएसम्म म पनि उठ्ने वाला छैन। पिठ्यूको झोला सिरानी हालेर बैंकिङ्ग कार्यालय र ट्रेनिङ्ग सेन्टर अगाडि पिच गरिएको आँगनमा

म सुतेँ । बैंकका ग्राहक तथा ड्राइभरहरूको हेर्ने भीड जम्मा भयो । माथि कार्यालयमा तला-तला, बार्दली र झ्यालबाट धेरै कर्मचारीहरूले हेरे र आँसु झारे। जागीर, रोजीरोटी र छोराछोरीको लालनपालन सम्झे । ओर्लन चाहेर पनि सकेनन् । ग्राहकहरू "बिचरा यति ठूलो ज्यादती त गर्नुहुँदैन नि" भन्दै आपसमा कुराकानी गरेको सुन्दै एकघण्टा जति म त्यहाँ सुतेँ सिमन्टीका चिसो भुईंमा । एक घण्टापछि पुनः दुई मुसण्ड गार्डहरूले मलाई दुईटा पातामा समातेर "ल जाऊँ सर, औषधी पाइने भो" भने, मेरा खुट्टै टेकिएनन् भुईंमा । मैले खुट्टा छोडिदिएँ, दुईजनाले मलाई भुत्ल्याउन लगेको कुखुरा झै तुर्लुङ्ग झुण्ड्याएर डिस्पेन्सरी पुऱ्याए। पहिले बाथरूम जान चाहैं मैले। गार्ड बाथरूममा भित्रै पसेर १०-१५ मिनेट मैले कनेको हेरेरै बस्यो। एक बजे थापाथली पुगेको मैले बल्ल ४:२० मा औषधी बुझेर बाहिरिएँ । मलाई डिस्पेन्सरी पठाएर डे.ग. पौडेल निस्किनुभयो होला सायद ।

एकातिर घटनाको सर्वत्र विरोध हुँदै थियो अर्कोतिर बैंक व्यवस्थापन झन् कठोररूपमा उत्रियो । प्रत्येक शाखाका कर्मचारी संघका पदाधिकारीलाई संघबाट राजीनामा गर्न र ढुकुटीको सुरक्षामा आँच पुऱ्याउने केन्द्रीय समितिका विरूद्ध खेद प्रस्ताव पारित गर्न दबाब दिइयो । यसक्रममा व्यवस्थापनको रवैयाको विरोध गरी कर्मचारी हकहितको विपरीतका गतिविधिमा आफू संघको अभियानमा अडिग भएर लागिपर्ने वाक्यांश लेखेबापत इलाम कार्यालयका संघका अध्यक्ष तथा प्रजातन्त्रवादी आन्दोलनका अग्रज स्वाभिमानी कर्मचारी तुलसीप्रसाद घिमिरेलाई आफूलाई प्रजातान्त्रिक विचारको मसिहा हूँ भन्ने तत्कालीन इलाम शाखाका व्यवस्थापकले इलामबाटै निलम्बन गरे । यसैबीच कल्याणबन्धुजी विरामी परी अस्पतालमा भर्ना भए । सम्मानित सर्वोच्च अदालतमा हाम्रो सरूवाको मुद्दा वारेसमार्फत् दर्ज भयो । खुलामञ्चमा "स्वाभिमानी कर्मचारीको पसल" नामक व्यानरसहित ३-४ वटा खाट राखेर जुत्ता चप्पल, ब्याग, रेडिमेट कपडा आदिको पसल खोलियो। वागबजारमा सामान राख्ने कोठा थियो भाडामा। बबरमहल कुरिया गाउँबाट म ५:०० बजे बिहानै पुग्थेँ वागबजार । अनि भरिया लगाएर सामान पुऱ्याउथेँ खुलामञ्च र पसल फिजाउथेँ । पसलको ओत लगाउने अस्थायी घरका डण्डीहरू म आफैँ बोकेर लैजान्थे भरियासँगै । निलम्बनमा परेका साथीहरू खाना खाएर पसल चलाउन आउँथे, म अफिस जान्थेँ । निकै टेन्सन बढिरहेको थियो । दुई हप्ताको बिदा पनि सकियो। अब के गर्ने ? चिन्ताले गाँजिरहेको थियो। धपेडी र खानपिनको असुविधाको कारण एकाएक जण्डिसले च्याप्यो र उपचारार्थ आयुर्वेदिक अस्पताल, नरदेवीमा रातारात भर्ना भएँ म । काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर !

उता बैंकले गोरखापत्रमा मेरो तीन पुस्तेसहित असोज ८, ९ र १० गते सार्वजनिक सूचना जारी गऱ्यो। सूचना यस्तो थियो - "तपाईंलाई धनगढी उपशाखामा मिति २०४८।५।१७ भित्र हाजिर हुन जानेगरी सरूवा गरेकामा रमानापत्र नबुझी मिति २०४८।५।१८मा १५ दिनको विरामी बिदा माग गर्नुभएकोमा यस बैकका वरिष्ट स्वास्थसुपरभाइजरलाई तपाईं रहेबसेको ठेगानामा पटकपटक विभिन्न समयमा पठाउँदा तपाईं फेला नपर्नु भएकोले तपाईं उपचारमा बस्नुभएको पाइएन र तपाईंलाई यस बैकबाट र हुलाकबाट समेत पत्र पठाउँदा पत्र फिर्ता आएकोले यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना गो. प. मा प्रथम पटक प्रकाशित मितिले ३ दिनभित्र कार्यालयमा सम्पर्क राखी आफ्नो विवरण प्रस्तुत गर्नु भै सरूवापत्र र रमानापत्र बुझ्न आउनुहोला । अन्यथा नेपाल राष्ट्र बैक, कर्मचारी नियमावली, २०४७ बमोजिम कारबाही गरिने व्यहोरा सूचित गरिन्छ ।" म एक्लो मान्छेलाई डेरामा कसले सुसार गरोस् । विरामले आलसतालस भएपछि साथीहरूले अस्पताल पुऱ्याएका थिए। पाठकहरू अनुमान गर्नुहोस्, बिरामी भएपछि मान्छे अस्पतालमा जान्छ कि डेरामा बस्छ ? डेरामा सुत्न नआएकोले तिमी बिरामी भएर उपचारमा बसेको ठहरेन भन्ने कुतर्क केन्द्रीय बैकका उच्चपदस्थ अधिकारीहरूको लागि शोभादिने कुरा हो ?

### अदालतको फैसला र त्यसपछिका सकसपूर्ण दिनहरू

असोज ९ गते सर्वोच्च अदालतले मेरो सरूवा मुद्दामा अन्तरिम आदेश जारी गऱ्यो । माननीय न्यायाधिश कृष्णजंग रायमाझीको एकल इजलाशबाट विपक्षी ने.रा.बैकको नाममा जारी उत्प्रेषण आदेशमा लेखिएको थियो "यसमा के भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुननपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र जवाफ लिई आफैँ वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनू भनी रिट निवेदकलाई एकप्रति नक्कल साथै राखी विपक्षीलाई सूचना दिनू। साथै प्रस्तुत रिटको अन्तिम किनारा नभएसम्मको लागि रिट निवेदक उपरको सरूवासम्बन्धी निर्णयको कार्यान्वयन नगर्नू नगराउनू र यथावत् कार्यालयमा नै हाजिर गराउनू भनी स. अ. नियमावली २०२१ को नियम ५८(३) बमोजिम अन्तरिम आदेश जारी गरिएको छ। सोको सूचना विपक्षीलाई दिनू ।"

संयोग पनि कस्तो ? ९ गते अन्तिम घडीमा यो फैसला नभएको भए मलाई बर्खास्तीमा पर्नबाट कसैले रोक्न सक्दैनथ्यो । पूरा आराम नभए पनि अफिसमा निवेदन हाल्न जानैपर्ने भो। १० गते अस्पतालबाट डिस्चार्ज भएर अदालतको फैसलाको प्रतिसहित निवेदन लिएर कर्मचारी प्रशासन विभाग

पुग्दा त्यहाँका हाकिम र उनका चम्चाहरू हर्षविभोर थिए कि यो गल्यो रमानापत्र बुझ्न आज अन्तिम दिन भएकोले आयो भनेर। मलाई एक घण्टा कुराएपछि उनीहरूले रमानापत्र ल्याएर थमाउन थाले। मैले खल्तीबाट आफ्नो निवेदन झिकेर बुझाएँ, अदालतको पत्रसहित। अदालतको आदेशबमोजिम साविकको कार्यालयमा हाजिर भै कामकाज गर्न पाऊँ । उनीहरूलाई अदालतको अन्तरिम आदेशबारे थाहा रहेनछ। छाँगाबाट खसे। लत्र्याकलुत्रुक भए। कर्मचारी प्रशासन विभागका प्रमुख बटुराम रिजाल "म यस केटालाई हाजिर गराउने पत्रमा सही गर्न सक्दिन" भनेर मातहतका कर्मचारीलाई अह्राएर कुलेलम ठोके। नठोकुन् पनि किन ? गभर्नर हरिशंकर त्रिपाठीले म र कल्याणबन्धु अर्याललाई पनि आठभाइसँगै निलम्बन गर्ने प्रस्ताव गर्दा यिनै वटुराम रिजालले "होइन यिनलाई सरूवा भएको ठाउँमा जान बाध्य पार्ने, त्यसपछि त्यस कार्यालयअन्तर्गतको विकटको सटही काउण्टर (जस्तै– ठोरी सटही काउण्टर) पठाउने। त्यहाँ दुईजना खटाउने, अर्को कर्मचारीलाई पैसा लुकाउन लगाउने र त्यो पैसा यिनीहरूले हिनामिना गरेको भनेर त्यही केसमा बर्खास्त गर्ने" भनी अडान लिएका रहेछन् उनले । बैंकमा जागीर खाँदैगर्दा पछिल्ला दिनमा मैले यसबारेमा गाइँगुइँ सुनेको हुँ। नीचताको पराकाष्टा योभन्दा बढी के हुन सक्छ ? प्रसाशनका हाकिम हिँडेको निकैबेरपछि मलाई अधिकृत प्रथम तुलकविक्रम राणाले साविकको कार्यालयमा हाजिर हुने पत्र दिनुभयो। साविकको कार्यालयमा धाउँदा धाउँदा चार दिनसम्म हाजिर नगराएपछि चौथो दिन शुक्रवार कार्यालय बन्द हुनै लाग्दा मैले गभर्नर त्रिपाठीका पि.ए.लाई फोन गरेर "कि मलाई हाजिर गराउनुस् कि मलाई गभर्नरज्यूसमक्ष भेट गर्न दिनुस्। नत्र म अदालतको मानहानीको मुद्दा हाल्छु भन्ने सुनाइ दिनुस्" भन्ने खबर सम्प्रेषण गर्न अनुरोध गरें। मलाई १५ मिनेट बस्न भनियो। १० मिनेटपछि हाजिर गर्नु रे भन्ने खबर आयो। सबै कर्मचारी हिँडिसकेका थिए। आफैंले हाजिर खातामा नाम लेखेर सही बजाएँ चार दिनको लगालग।

अदालतको आदेशपछिको प्रा.क्षे.को जागीर सकसपूर्ण थियो। फोन गर्न नपाइने प्रतिबन्ध मिलाइयो। मलाई छुट्टै कोठामा राखी अरू कसैसँग घेटघाट गर्न नदिने र मेरो हाकिमले मात्र काम अह्राउने परिपाटी बसालियो । ममाथि कैदीझैं व्यवहार हुन थाल्यो। बाहिर निस्क्यो कि छड्के गर्ने, मैले खाजा खाने समय माग गरेपछि कार्यालयले १ देखि १:४५ बजे सबै कर्मचारीले खाजा खाने समय निर्धारण भयो। एउटा उदाहरण मात्र काफी होला यहाँ –मेरा ठूलो बुवाका छोरा हरि सिवाकोटीको डेढ वर्षको छोराको खाटबाट खसेर निधन भएछ। कान्ती अस्पताल हुँदै आर्यघाट पुगेपछि मलामी गएका दाइ मदन सिवाकोटीले वाणिज्य बैंक केन्द्रीय कार्यालय टंगालमा कार्यरत मेरो काकाको छोरा कृष्ण सिवाकोटीमार्फत् फोन गरी खबर गरेका रहेछन्। ऊ मलाई लिन आत्तिएर अफिसमा आइपुग्यो। हाकिम विमलनाथ कार्यालयमा नभएकोले सेकेण्ड क्लास सुर्जितप्रसाद श्रेष्ठसँग बिदा मागें, तीन बजिसक्यो म फर्कन्न होला भनें। वहाँले "हेर्नुस् हाकिम फर्कन्छन् तपाई एक घण्टाभित्र जसरी पनि आउनुस्।" मैले उसो भए कार्यालयको मोटर साइकल दिनुस् भनें। उनले इन्कार गर्दै थिए मित्र पूर्णलाल महर्जन कड्किए "यस्तो बेलामा पनि उसलाई मोटरसाइकल नदिने तपाईंले यो के गर्न खोजेको ?" मलाई बल्ल मोटरसाइकल दिइयो। भर्खरभर्खर सिकेको, बाटोमा २-४ पटक स्टार्ट बन्द हुँदै आर्यघाट पुग्यौं हामी। सबैतिर खोज्यौं, अघि नै बच्चाको लास गाडेर मलामीहरू फर्किसकेछन्। ढिलो भएकोले भेट भएन। वाणिज्य बैंकको भाइ मैतिदेवी ओर्लेर घर गयो, म अफिस पुग्दा चार बजेको थियो। म अफिस पस्नु र विमलनाथ रिमाल गाडी चढेर निस्कनु सँगसँगै भयो । मलाई देखेर पनि नदेखे जस्तो गरेर गाडी हुइँकियो। कुरो त छड्के गरेर गभर्नरकोमा पुऱ्याउन पो हतारो रैछ त। साथीहरूले बाथरूम छिर्दै सही गर्न ढिलाई त गरेछन् सकेसम्म। पूर्णलाल महर्जन, हेरम्बरत्न बज्राचार्य, सागर सिग्देल, सविता बस्नेत आदि साथीहरूले बढी माया गर्नुहुन्थ्यो मलाई । मैले फेरी त्यो मोटरसाइकलको कान निमोठीहालें। छिनमै बालुवाटार पुग्दा विमलसर गभर्नर कक्षको बाहिर कुरिरहनु भएको थियो। "सर मलाई हाजिर गर्न दिनुस्। नत्र म पनि छिर्छु हजुरसँगै गभर्नरज्यूलाई भेट्न" भनें मैले। धेरै गाह्रो मानेर मलाई छड्केको कागजमा सही गराइयो।

संघका अधिकांश पदाधिकारीहरू निलम्बनमा परेपछि सचिव रत्नप्रसाद जोशी र म तथा केही सदस्यहरू मात्र भित्र थियौं । व्यापक दबाबकाबीच कठिनरूपमा हामी बिस्तारै बिस्तारै काम गर्दै कर्मचारी संघको धरोहर बचाउन चाहन्थ्यौं। तर व्यवस्थापन संघलाई ठेगान लगाएरै छाड्ने भन्दै समझदारी, सहकार्य र मेलमिलापको भावना विपरीत उत्रियो। कर्मचारीहरू शुक्रवार कार्यालय समयपश्चात् छलफलको लागि भेला हुने कार्यक्रम गर्न नदिन बालुवाटारबाट थापाथलीसम्म सवारी साधन उपलब्ध नगराउने, कार्यक्रम स्थगित गर्न गभर्नरले आदेश दिने, बैङ्कर्स क्लबको हल उपलब्ध नगराउनेजस्ता कार्य व्यवस्थापन पक्षले सुरू गरेपछि कर्मचारीले आमसभाबाट गभर्नरप्रति खेदप्रस्ताव पारित गरे। यसरी संघ र व्यवस्थापनबीच असमझदारी र अविश्वासको बीजारोपण भयो । संघलाई तह लगाउन प्रतिकार समिति र सचेतक समितिको नामबाट पर्चाबाजी सुरू भए । केन्द्रीय समिति र जिल्लास्थित

कार्यालयका शाखा समितिलाई ट्रंकलमार्फत् सम्पर्क गर्ने सुविधामा रोक लगाइयो। पर्चा टाइप गर्ने, लिथो तथा वितरणमा सहयोग गर्ने कर्मचारी उपर कडा निगरानी सुरू गरियो। अन्ततः बैंक व्यवस्थापनले कर्मचारी संघको वैधानिकतामाथि हस्तक्षेप गर्दै संघका निर्वाचित पदाधिकारीहरू माथि कानुनी कारबाही चलाउन सुरू गऱ्यो। संघका पदाधिकारी उपर कडा निगरानीका साथै कपोलकल्पित आरोपमा स्पष्टिकरण सोध्नेजस्ता कार्य सुरू भए। प्रजातन्त्र पुनर्स्थापनाको दुईवर्षपछि पनि सभा जुलुसमा जाने कर्मचारीको नाम नोट गर्दै हिँड्ने मित्रहरू पनि सचेतक समूहको पर्चा बाँड्दै हिंडे। गभर्नरज्यूद्वारा विभागीय प्रमुखहरूको भेला बोलाई कालोपट्टी बाँध्ने कर्मचारी संघका अगुवाहरूलाई नसियत दिने र ग्रेड खोस्ने कारबाही चलाउन आदेश दिइयो। संघका पदाधिकारी रहेका फाटँहरूमा छड्के गर्न निर्देशन दिइयो। कतिपय विभागीय प्रमुखहरूलाई त समान दर्जाका हाकिमहरूले थर्काउने र कर्मचारीउपर लगाम कस्न उर्दी दिने कामसमेत भयो। संघले वैधानिक बाटो अवलम्बन गर्दागर्दै पनि व्यवस्थापनले दमनको बाटो समात्यो। तर शान्तिपूर्ण बाटो खोज्दै कर्मचारीहरूको हक हितमा अगाडि बढ्न संघलाई यस्ता कदमले विचलित भने बनाएन। संघ आफ्नो कर्तव्यपक्षमा दृढतापूर्वक अगाडि बढिरह्यो।

उता निलम्बनमा परेका सुरूका आठ र पछि थप तीनजनालाई तीन महिना निलम्बन थप गरी अन्ततः नौजनालाई बर्खास्त र दुईजना (चन्द्रमान मलेकु र मोतिमान शाक्य) लाई एक तह घटुवा गरियो। बर्खास्तीमा परेका साथीहरू दिनभरि भेला भएर रत्नपार्कमा पसल चलाउँथे। मेरो सरूवा बदर गराउन डेलिगेसन जानेहरू बाहिर म चाहिँभित्र। मभित्र पीडाको साँधी थिएन। बिहानै पसल बिछ्याउने र साँझ पसल उठाउने कार्य मेरो दिनचर्या थियो। डिग्रीको पढाई पूरै गोलमाल भयो। दुईचार महिना त चलाइयो पसल तर लामो समय चलाउन गाह्रो हुँदै गयो। रमण नेपालले आफैं पसल खोल्नुभो। हामीले एउटा स्थायी व्यवस्था गरौं भन्ने सल्लाह गऱ्यौँ। पसलमा रू. २५ हजार शेयर हालेको थिएँ। फिर्ता आउँदा १७ हजारमा झरेको थियो। मैले त रियल स्टेटको काम गरौं भनेको थिएँ। दीपेन्द्रबहादुर क्षेत्रीको बिरोध रह्यो। "खान नपाएकाहरू जग्गा दलाल भए भन्ने आरोप आउँछ" भन्ने डर रहेछ वहाँलाई। अन्तमा दीपेन्द्रबहादुर क्षेत्रीले विशाल ट्राभल्स नामक कम्पनी दर्ता गरी रात्री बस चलाउने प्रस्ताव ल्याउनु भयो। त्यसलाई 'स्वाभिमान ट्राभल्स' को नामाकारण गर्ने म नै थिएँ। कम्तिमा रू. दुई लाख शेयर हाल्ने निर्णय भयो। मैले एकपैसा लगानी गर्न सकिन बस कम्पनीमा। एउटा गाडी तयार भै आयो। काठमाडौं काकडभिट्टा चलाउने गरी रोड परमिट लिइएको उक्त गाडीको पहिलो व्यावसायिक यात्रामा म र बद्रीजी नै गएका थियौं, काकडभिट्टा टिकट काउण्टरको व्यवस्था गर्न। त्यसपछि, बसको अर्को चेसिस आयो र वीरगञ्जमा बडी बनाउने कामको रेखदेखमा बद्रीजी नै खटिनु भएको थियो।

### कारबाहीका नायकहरूको बहिर्गमन पनि दुःखद् रह्यो

वीरगञ्ज ग्यारेजमा दोस्रो गाडीको बडी तयार हुँदै थियो र बद्रीजी खटिनुभएको थियो रेखदेख गर्न। एउटा ठूलो र अनिष्ट घटना घट्यो। थाई एयरवेजको बोइङ् जहाज नेपालमा अवतरण गर्ने क्रममा नुवाकोटको घ्याम्पे डाँडामा दुर्घटनाग्रस्त हुनपुग्यो। त्यसमा सवार सबैको देहावशान भयो। त्यस दुर्घटनामा पर्ने राष्ट्र बैंकका डेपुटी गभर्नर हिरण्यलाल बज्राचार्य पनि हुनुहुन्थ्यो। रेडियोले यो सन्सनीपूर्ण खबर फुक्यो। सायद बद्रीजीले यो समाचार सुनेको हुनुपर्छ। त्यसै दिन स्वाभिमान ट्राभल्सको बस काकडभिट्टाबाट फर्कंदै थियो। बद्रीजीले हेटौंडामा पुगेर त्यसलाई समात्नु भएछ। त्यसको भोलिपल्ट शनिवार थियो। आखिर मिस्त्रीले भोलि काम पनि गर्दैनन्। जान्छु, रातभरिमा पुगिहाल्छु, भोलि दिउँसो साथीभाइ भेटेर पुनः रात्रीसेवाको त्यही बसमा फर्कन्छु भनेर काठमाडौं आउने धृष्टता गर्नुभएछ। स्वाभिमान ट्राभल्सको ब्राण्ड न्यू गाडी मात्र २१ दिन चलेको थियो। जोगीमाराको कृष्ण भीरमा माथिबाट खसेको ठूलो ढुङ्गाले लागेर त्रिशुलीमा डुब्यो। बद्रीजीलगायत सबै यात्रु बेपत्ता भए। पहिरोले रातभर गाडी रोकिएको थियो। रातभरमा के कति यात्रु ओर्लिए के कति थपिए पत्तो भएन। यसरी जागीर खोस्ने अभियानमा सक्रिय हिरण्यलाल प्लेन दुर्घटनामा परेको २४ घण्टा नपुग्दै जागीर खोसिने बद्रीजीको पनि देहलीला समाप्त भयो। घेराउमा उपस्थित नै नभएको व्यक्तिको जागीर नखोसिदिएको भए न त बद्रीजी स्वाभिमान ट्राभल्सको काममा खटिनुहुन्थ्यो, न त वहाँको ज्यान जान्थ्यो। दुर्घटनामा बसका कण्डक्टर हरि न्यौपाने पनि बेपत्ता भए। सामान्य सेवा विभागको कार्यालय सहयोगी पदबाट पेन्सन लिएर जागीरबाट राजीनामा गरी स्वाभिमान ट्राभल्समा कण्डक्टरको काम गर्नुहुन्थ्यो हरिजी। यसरी त्यो साल हामीलाई प्रशासन मात्र लागेन दैव पनि लाग्यो। प्राकृतिक प्रकोपको गम्भीर शिकार पनि हुनुपऱ्यो कर्मचारी संघ।

हिरण्यलाल मात्र हैन कारबाहीका नाइकेहरू सबैको बहिर्गमन दुःखद् नै भयो। गभर्नर त्रिपाठीलाई पुनः कार्याकाल थपिदिने आश्वासन देखाएर बीचैमा राजीनामा दिन बाध्य पारियो। लामो समय जागीरको तर मारेर बस्ने सपना देखिरहेका वटुराम रिजाल बैंकले अवलम्बन गरेको ३० वर्षे

सेवा अवकाश नीतिको कारण रूँदै घर गए। उनीसँग सामान्य सेवा विभागको प्रमुख हुँदा अनियमितता गरेको चारहजार अमेरिकी डलर पनि अप्रत्यक्ष रूपमा असुलियो। यही लाजले हुनसक्छ उनलाई त्यसपछि कहिल्यै राष्ट्र बैंकमा छिरेको देखिएको छैन। सबैलाई ३० वर्षे पत्र काटेबापत पुरस्कृत हुने आशा बोकेका डे.ग. अच्युतप्रसाद पौडेललाई पनि त्यसरी नै धपाइयो। संघले वितरण गरेका पर्चा च्यात्ने, सूचनाहरू उप्काएर गभर्नर कार्यालय पुऱ्याउने र मलाई कैदीभैँ दुर्व्यवहार गर्ने विमलनाथ रिमाल कृषि सामाग्री संस्थानको सञ्चालक समितिको सदस्य भएको कारण मलकाण्डमा नराम्ररी फँसे र २८ वर्ष काम गरेर पेन्सन बेगर जागीरबाटै निकालिए। यसरी अरूलाई फसाउन पल्केकाहरूले आफू फस्दा कस्तो हालत हुँदो रैछ अनुभव चाहिँ गर्न पाए। अरूको पीडामा उत्सवको बाँसुरी बजाउनेहरू मान पाऊँला भन्थे, उल्टै भुक्तमान पाए।

**संघका संस्थापकबाटै आशामाथि तुषारापात**

तेत्तीस महिना मुद्दा लडेपछि बर्खास्तमा परेका साथीहरू सम्मानित सर्वोच्च अदालतबाट निर्दोष सावित भै कार्यालयमा हाजिर भए। स्वाभिमानको जित भएरै छाड्यो। त्यतिमात्र होइन एकदिन बैंकको ढुकुटीको सुरक्षामाथि अवरोध पुऱ्याएको आरोपमा बर्खास्त गरिएका दीपेन्द्रबहादुर क्षेत्री यही संस्थाको सर्वोच्च स्थान गभर्नरको पदमा आसिन हुनपुग्दा सम्पूर्ण स्वाभिमानी कर्मचारीको शीर गर्वले ठाडो भयो। तर बिडम्बना हिजो आफैंले कर्मचारी संघको नेतृत्व गर्दा सँगै काम गरेका संघका सहयोद्धाहरूसँग सद्भावपूर्ण र न्यायोचित व्यवहार गर्न सक्नुभएन। संघभित्र रहँदाको वहाँको फराकिलो छाती गभर्नरसम्म पुग्दा सङ्किर्ण र सङ्कुचित भइसकेको पाउनु चाहिँ दुःखद् पक्ष बन्नपुग्यो। यसको मतलब वहाँबाट मैले कुनै व्यक्तिगत लाभको आशा गरेको चाहिँ किमार्थ होइन। तर हिजो वहाँ नै कर्मचारी संघको अध्यक्ष भएको बेला वहाँकै महत्त्वाकाङ्क्षी नेतृत्वका कारण संघमाथि भएको निन्दनीय कारबाहीको शिकार भएका समकालीन सहयोद्धाहरूलाई पाखा नलगाई न्यायोचित व्यवहार गर्नु होला भन्ने मेरो आग्रह थियो। तर वहाँले संस्थाको नेतृत्वको बागडोर सम्हालिरहँदा त्यो आशामाथि तुषारापात भयो। एउटा उदाहरण, वहाँ गभर्नरमा नियुक्त हुँदा मैले वहाँलाई घरमा फोन गरेर भेटेर बधाई दिन खोज्दा समेत घरमा आउनु पर्दैन अफिसमै भेटौंला भन्ने जवाफ पाइयो। संघको पदाधिकारी हुँदा वहाँको घरमा पटकपटक हुने भेला, छलफल, बैठकमा गएको, खाना खाएको, खाना खाने प्रत्येकले आ–आफ्नो थाल आफै सफा गर्नुपर्ने संस्कार पनि वहाँकै घरबाट सिकेको नाताले त्यो धृष्टता गरेको थिएँ। वहाँ बर्खास्तीमा परेपछि पर्चा लिन घरमै बोलाउनु हुन्थ्यो, हामी ल्याएर लिथो गरेर वितरण गर्थ्यौं वा सूचनापाटीमा टास्थ्यौं। दीपेन्द्रबहादुर गभर्नर हुनु होला र म यो स्थानमा पुगौंला भनेर म संघमा लागेको पनि थिइन। संघको पक्षमा लाग्ने र विपक्षमा लाग्नेहरूले पनि त्यसलाई भजाएर विभिन्न लाभको पद हासिल गरेका छन्। तर तत्कालीन अवस्थामा पनि बैंकको मूल प्रवाहमा काम गर्ने अवसरबाट बञ्चित गरियो।

त्यसो त २७ वर्षको जागीरे जीवनमा मैले भोगका तीतामीठा क्षणहरू र यस्ता थुप्रै घटना—परिघटनाहरूको चाङ एउटा ग्रन्थ नै भैसकेको छ। भविष्यमा "नेपाल राष्ट्र बैंकमा मेरा ३० वर्षहरू" नामक कृतिमा सकेसम्म समेट्ने प्रयत्नमा छु। मलाई कसैप्रति आग्रह र पूर्वाग्रह साध्नु छैन। जे भोगियो, जे देखियो सत्यतथ्य बाहिर ल्याउने कोसिसमा छु।

**वर्तमानको समीक्षा**

म यतिबेला हिजोका दिनहरूलाई सम्झन्छु। २०४६ सालको जनआन्दोलनले गति लिइरहँदा बैंकिङ्ग कार्यालयको कर्मचारी आन्दोलनको नेतृत्व गर्ने मैं थिएँ। बैंकिङ्ग कार्यालयमा प्रहरी पसेर धरपकड गर्दा अग्रपङ्तिमा उभिएर प्रतिवाद गर्ने मैं थिएँ। तदर्थ समितिमा रहँदा सरकारले आह्वान गरेअनुसार कोशी कटानलगायतका बाढीपीडितलाई राहतस्वरूप कर्मचारीबाट उठाइएको रकमबाट खरिद गरेको कम्बल र धुसा वितरण गर्न कोशी ब्यारेज र माइधार पुग्ने मैं थिएँ (साथमा रमणजी हुनुहुन्थ्यो)। संघको निर्वाचनमा सर्वाधिक मत प्राप्त गर्ने मैं थिएँ, संघको धारणा लिएर पोखरा र नेपालगञ्ज जाँदा प्रतिशोधको शिकार हुने मैं थिएँ, संघमाथिको कारबाहीपछि पुसरमाघको जाडोमा एकाबिहानै रत्नपार्कमा पसलको ओत लगाउने, डण्डा बोकेर पसल थाप्न र साँझ पसल उठाएर भरियाको पछिपछि घोचा बोक्ने मैं थिएँ। सरूवाको रिटमा अदालतको आदेशले हाजिर भएपछि अघोषित कैदीको सजाय काट्ने पनि मैं थिए। त्यतिबेला थापाथली परिसरमा सर्वश्री हरिशरण पुडासैनी, उत्तम उप्रेती, विष्णु खनाल, खगेन्द्र गौतम, खेमराज पौडेल, हरिगोपाल अधिकारी, रूद्रबहादुर घिमिरे, प्रेमप्रसाद पाण्डेय, प्रमिला घिमिरे, लक्ष्मी गिरी, रत्नप्रसाद जोशीलगायतको निःस्वार्थ सहयोगले भने मलाई उर्जा र उत्साह भरिरहन्थ्यो। कर्मचारी संघको विगतको गतिविधिमा लागेको अभियोगमा सरूवा, बढुवा, तालिम हरेक पक्षमा अन्याय भैरहँदा कर्मचारी संघ सङ्गठनहरूबाट निष्पक्षरूपमा आवाज उठाउने हिम्मत गरिएन भने त्यो सार्थक हुँदैन। बरू इतिहासमा कोही युनियनकर्मी भएको आधार समातेर कुनै विशेष विभागमा पदस्थापना, कुनै संस्थाको सञ्चालक वा कुनै समितिको सदस्य हुनबाट

रोक्ने कार्यमा उल्टै पृष्ठपोषक बन्ने गरेका युनियनहरूको गतिविधिलाई हेर्दा दिक्क लागेर आउँछ। यहाँनेर बभ्नुपर्ने के हो भने सबैले आ–आफ्नो पदीय मर्यादा र गरिमालाई ख्याल गरेर काम गर्नुपर्छ । पेशाप्रतिको निष्ठा, बफादारिता र इमान्दारिता नै सबभन्दा ठूलो कर्तव्यपरायणता हो। आज म विशुद्ध पेशाप्रति बफादार रही इमान्दारिता र निष्ठापूर्वक पदीय मर्यादा पूरा गर्न लागिपरेको छु। मेरो चेतना, मूल्य, मान्यता र दर्शन उही छ। लाभको पद र अवसर प्राप्त गर्नकै लागि मैले विवेकलाई बन्धकी राखेर कसैको चाकडी कहिल्यै गरिन र गर्ने पनि छैन। संस्थालाई सर्वोपरि ठानी कर्मचारी एकता र न्यायपूर्ण आवाजहरूको पक्षमा उभिन म अहिले पनि स्पष्ट छु। मैले हिजो कर्मचारी संघबाट सिकेको पाठ पनि यही हो।

हिजो हामीले निकै लामो त्याग र योगदानबाट स्थापना गरेको संस्था आज काँक्राफैं चिरा पारिएको छ । चार–चारवटा सङ्गठन जो संस्थाले धान्न पनि सक्दैन र त्यस्मा प्रतिनिधित्वको लावा लस्कर देख्दा सन्तोष लिन सकिने ठाउँ छैन। संस्थाभित्र एउटामात्र आधिकारिक ट्रेड युनियन हुनुपर्छ। यसको लागि सि.बि.ए.को चुनाव गर्न गराउन संघहरू पहल नै गर्दैनन्। सि.बि.ए.को चुनाव भएमा आफू र आफ्ना भाइभारदार हरूको पद घरासायी हुने अनुमान छ। चारवटै सङ्गठनको नेतृत्वभित्र यो ज्वलन्त सवालमा किन सबै चुप छन् ? के एउटा आस्थाको आधारमा आ–आफ्नो पक्ष र समूहमा उभिनेहरूको पृष्ठपोषण गर्नु र उनीहरूको मात्र सरूवा, बढुवा, तालिम र वृत्ति विकासको लागि आवाज उठाउनु मात्र धर्म हो कर्मचारी युनियनहरूको ? नातावाद, कृपावाद, भनसुन, चाकडी र चुक्ली आज भन् विषाक्त रोगको रूपमा संस्थामा गाँजिएको छ। कर्मचारी संघ पनि त्यसलाई चिर्न सशक्त बन्न सकेको छैन। कर्मचारी हकहितका जायज कुराको पक्षपोषण गर्ने र नाजायज कुराको वकालत नगर्नेहरूलाई आज कर्मचारी संघ सङ्गठनले न्याय गर्नसकेको देखिँदैन। एउटा उदाहरण, २०७१ साल बैशाख १५ गते संघले स्थापनाको २५ वर्षे रजत महोत्वसमा संघप्रति बफादार र निष्ठावान् रहेका तथा व्यवस्थापनको कोपभाजनमा परेर पनि स्वाभिमान डगमगाउन नदिएका योद्धाहरूलाई सम्मान गर्ने कार्यक्रम गऱ्यो । सम्मानित व्यक्तित्वहरूलाई हामीले ताली पड्काएर सम्मान त व्यक्त गऱ्यौं। त्यहाँ संघको लागि अतुलनीय योगदान गर्ने दीपेन्द्रबहादुर क्षेत्री, सचिव रत्नप्रसाद जोशी, विधान मस्यौदा कमिटीका संयोजक सिताराम तिवारी, कर्मचारी संघ स्थापनाको संघारमा भएको २०४६ सालको जनआन्दोलनको समयमा कार्यालयको काममा खटिएका बखत गिरफ्तारीमा परेका, हातखुट्टा भाँचिएका र संघको गतिविधिमा कारबाहीमा परेका तथा तदर्थ समितिका व्यक्तित्वहरूलाई सम्भनुपर्छ संघले। आज सिङ्गो मुलुक सहकार्य, समभदारी र साभा विचारबाट चलेको छ। सहमति आजको राष्ट्रिय अपरिहार्यता भएको छ। १२ वटा शिक्षक सङ्गठनहरू हालै एउटै भण्डामा गोलबन्द भएर एकताको नमूना उदाहरण प्रस्तुत गरेका छन् तर हाम्रा संघहरूले भने एकता, सहकार्य र सहमति त कता हो कता, एक–अर्काले आयोजना गरेको कार्यक्रममा भाग समेत लिँदैनन्। यसमा संघलाई समेत एकता, सहकार्य र सहमतिमा जान आग्रह गर्दछु।

**उपसंहार**

जनआन्दोलनको सफलताले विभिन्न वर्ग र पेशाका नेपालीलाई सङ्गठित हुने र बोल्ने अवसर दिएको थियो। कर्मचारीवर्ग पनि यसबाट अत्यन्तै उत्साहित भएको थियो। यही उत्साहमा हामीले एक वर्ष तदर्थ समितिमा रहेर गरेका गतिविधिहरू प्रतिफलमूलक साबित हुँदै गएका थिए। तर यो कुरा परम्परागत सोच र अनुभवका अनुयायीहरूलाई पाच्य भएन । त्यसो त कर्मचारी संघको विचार र उद्देश्य एउटा सम्पन्न संस्था र सुयोग्य कर्मचारी समाजको निमार्ण गर्नुमा स्पष्ट थियो । यद्यपि यसको नेतृत्व बढी महत्त्वाकाङ्क्षी थियो। यो कुरा तत्कालमा अनुभूत हुननसके पनि पछिपछिका परिणामहरूबाट मैले महसुस गरेको छु। हामीले संस्थागत सुधारलगायतका सवालहरूमा खरो उत्रन अलि बढी हतारो गऱ्यौं । निरङ्कुश पञ्चायत ढले पनि यसका अवषेशहरू बाँकी नै थिए। जनआन्दोलनको उपलब्धीको अवसर छोपी विगत लामो समयसम्म कुकृत्यको आहालमा डुबेकाहरू आफैं इमान्दार, बफादार र राष्ट्रप्रेमी भएको नाटक गर्न सफल बने। नयाँ परिवेशमा उनीहरू नै अग्रपङ्क्तिमा उभिन सफल भए। फलतः निर्दोष कर्मचारीहरूलाई षड्यन्त्रको शिकार बनाइयो। यो कुरालाई बेलैमा नजर अन्दाज गर्न सकेको भए र रचनात्मक सुधारका कार्यहरूलाई बिस्तारै अगाडि बढाउँदै पहिला संघलाई संस्थागत र कानुनीरूपमा बलियो बनाएपछि मात्र संस्थागत भ्रष्टाचारका करतुतहरूको भण्डाफोर गर्ने नीति लिएको भए संघले त्यति ठूलो क्षति व्यहोर्नु पर्ने थिएन सायद । सबैभन्दा ठूलो क्षति चाहिँ बद्रीजी र हरिजीलाई हामीले गुमायौं। त्यसैगरी तुलसीजीले मुद्दा लडेर खोसिएको जागीर फिर्ता माग्न नजाने अडान लिएकोले सँगै जागिर खोसिएका अरूले अदालतबाट न्याय पाए पनि वहाँले न्याय पाउनु भएन। उन्नाइसवर्ष स्थायी सेवा पूरा गरेर पनि वहाँ पेन्सनलगायतका सुविधाहरूबाट बञ्चित हुनुपऱ्यो।

**अन्तमा,**

आगामी दिनमा विगतका कमीकमजोरीबाट शिक्षा लिँदै कर्मचारी हक–हितको श्रीवृद्धि गर्ने कार्यमा संघलाई उर्जा प्राप्त होस्, नेपाल राष्ट्र बैंकभित्र एउटै आधिकारिक ट्रेड युनियन बनेको देख्न पाइयोस्। दम्भ, घमण्ड र स्वार्थ त्यागेर त्याग र योगदानको सही मूल्याङ्कनका आधारमा विश्लेषण र कदर गर्ने परिपाटीको विकास होस्। कर्मचारीबीचमा एकता, सहकार्य, सहमति, सद्भाव र समझदारीको वातावरण बनोस्। मेरा भोगाई र कुण्ठाहरूबाट कसैलाई चोट पुगको भए माफी दिनुहोला। कमसेकम संस्मरण लेख्ने मौकासम्म प्रदान गरेकोमा संघलाई धन्यवाद।




CENTURY BANK
सेञ्चुरी बैंक
६%
ब्याजदर
के हजुरले आफ्नो बचतको उचित ब्याजदर पाउनु भएको छ ?
आउनुहोस्, हामी प्लाटिनम बचतमा ६% दिन्छौं!
सरल बैंकिङ सबैको लागि
सेञ्चुरी कमर्सियल बैंक लि.

**तेस्रो केन्द्रीय महाधिवेशन** (२३–२६ फागुन, २०५९), **काठमाडौं ।**

"वर्गीय स्वार्थ पूर्तिका खातिर विचारधारात्मक एकीकृत, जुझारु, सृजनशील, स्वतन्त्र पेशागत संगठन निर्माण । सबै खाले हस्तक्षेपमुक्त सबल, सक्षम तथा गतिशील आधुनिक केन्दीय बैंक निर्माण हाम्रो अभियान ॥" भन्ने मूल नाराका साथ काठमाडौंमा सम्पन्न यस महाधिवेशनको उद्घाटन तत्कालीन गभर्नर डा. तिलक रावलले गर्नुभएको थियो । देशमा प्रतिगमनको कालो छाँयाले छोपिराखेको र ट्रेड युनियनका गतिबिधि माथि समेत अघोषित प्रतिबन्ध कायम रहेको यस घडीमा आफ्ना सांगठनिक क्रियाशीलतालाई चुस्त दुरुस्त राख्दै नियमित समय भित्रै केन्द्रीय महाधिवेशन सफलतापूर्वक सम्पन्न गर्नु यस संघको ऐतिहासिक उपलब्धी थियो । राजनीतिमा छाएको निरंकुशताको कालो ग्रहणका बाबजूद आम कर्मचारीका पेशागत हक हित तथा संस्थाको निरन्तर समुन्नतिका पक्षमा संगठनलाई अझ बढी क्रियाशील एवम् जुझारु बनाउने सम्बन्धी लगायतका भावी कार्यभार तय गरी श्री बसन्तराज पाण्डेको अध्यक्षतामा निम्न कार्य समिति सर्वसम्मत रूपमा चयन गरेको थियो ।

| | |
|---|---|
| अध्यक्ष : | श्री बसन्तराज पाण्डे |
| उपाध्यक्ष : | श्री पञ्चनारायण प्रजापती |
| उपाध्यक्ष : | श्री जगदीश प्रसाद ओझा |
| महासचिव : | श्री निर्मल कार्की |
| सचिव : | श्री छविलाल शर्मा पौडेल |
| सचिव : | श्री ढुण्डीराज मिश्र |
| कोषाध्यक्ष : | श्री रुद्र प्रसाद तिम्सिना |
| सह–कोषाध्यक्ष : | श्री पुष्पराज आचार्य |
| सदस्य : | श्री राम प्रसाद उप्रेती |
| सदस्य : | श्री राजेन्द्र न्यौपाने |
| सदस्य : | श्री विष्णु खनाल |
| सदस्य : | श्री देवेशमान जोशी |
| सदस्य : | श्री मुरारी न्यौपाने |
| सदस्य : | श्री बाबुराम कोइराला |
| सदस्य : | श्री शिव प्रसाद घिमिरे |
| मनोनित सदस्य : | श्री रामहरि खतिवडा |
| मनोनित सदस्य : | श्री विष्णु बहादुर श्रेष्ठ |
| मनोनित सदस्य : | श्री राजन चौलागाई |
| मनोनित सदस्य : | श्री महेन्द्रराज कार्की |



तेस्रो केन्द्रीय महाधिवेशनको बन्द सत्र ।



तेस्रो महाधिवेशन, २०५९ का प्रनिनिधि एवम् पर्यवेक्षकहरू



तेस्रो महाधिवेशन, २०५९ का निर्वाचित पदाधिकारीहरू ।

# नेपाल राष्ट्र बैंकमा बटुलेका अनुभवहरू

तुलसी घिमिरे 'पुष्प'*

मलाई मेरा मातापिताले बाल्यकालमै पाल्पाको बराङ्गदी नामक गाउँबाट पैदल बुटवल–भैरहवा हुँदै सन् १९५९–५८ ताका भारत लग्नुभयो। त्यहाँ मेरो पिताले मध्यप्रदेश राज्यको भिलाइनगरमा र सन् २००० मा टुक्रिएर छत्तीसगढ बन्यो। बस चालकको नोकरी पाउनुभयो। भिलाई नगरमा एसियाकै ठूलो फलामको कारखाना छ। त्यहाँ कर्मचारीका छोराछोरीहरूलाई निःशुल्क पढाउने (कक्षा ११ सम्म ड्रेस दिने र दैनिक खाजा दिने र सबै निःशुल्क) व्यवस्था थियो। त्यो उद्योग रूस सरकारको सहयोगमा स्थापित भएको हो। मैले सन् १९६७ मा विशेष योग्यता साथ प्रथम श्रेणीमा मैट्रिक उत्तीर्ण गरे। अगाडि छात्रवृत्ति लिएर (देशको सेवा गर्ने पवित्र उद्देश्य लिएर) नेपालमार्फत् पढ्ने र देश सेव ागर्ने भावना बोकेर २०२५ सालमा म भैरहवा आएँ। म नेपालबारे खासै ज्ञानभिज्ञ थिइन्। जीवन धान्न मैले २०२५ सालमा भैरहवा हाइस्कूलमा मासिक रु. १५०।– मा शिक्षक भएर पढाउन थालें। दिउँसो विद्यालयमा पढाउँथे। रात्रीमा पब्लिहवा क्याम्पसमा आई.एस्सी. पढ्थेँ। हाम्रा साथीहरूमा जीवराज आश्रित (नेकपा (एमाले) का सङ्गठन प्रमुख) पनि हुनुहुन्थ्यो। उहाँ बी.ए. पढ्दै हुनुहुन्थ्यो। यसैबीच रु. २२५।– को तलबमा म कृषि सप्लाई संस्थानको स्टोरकिपर भएँ। तौलिहवाका आनन्दवागमा पूर्व प्रधानमन्त्री श्री विश्वेश्वरप्रसाद कोइरालाज्यूको ससुरा श्री कमलाप्रसाद उपाध्याय (हाल) को घरमा कृषि सप्लाई संस्थानको कार्यालय थियो। बी.पी.को बारे धेरै ज्ञान उहाँका ससुरामार्फत् मलाई प्राप्त भयो। त्यहाँबाट गण्डकी अञ्चल कृषि विकास योजना तनहुँ खैरेनीटारमा मेरो सरुवा भयो। २०२६ देखि २०२८ सम्म मैले गाउँगाउँमा गण्डकी अञ्चलका मनाङ्ग, तनहुँ, स्याङ्जा, कास्की, लमजुङ्ग, गोर्खामा गाडी, पैदल, घोडा, खच्चडबाट मलखाद, वीऊविजन, किटनाशक औषधीहरू पुऱ्याएँ। प्रत्येक जिल्लामा कृषि सप्लाई सस्थाको डिपो कार्यालय र सेल्स सेन्टर स्थापित गरेँ। अस्थायी जागिर थियो।

२०२८ सालमा संस्थानका महाप्रबन्धक श्री सागरबहादुर प्रधान स्याङ्जा भ्रमणमा आउनुभयो। मैले उहाँको सक्दो सेवा गरेँ। पोखरामा हाकिम थिए त्रिभुवनमान प्रधान, स्याङ्जामा जिल्ला कृषि पविकास अधिकृत थिए टीकाबहादुर प्रधान, महाप्रबन्धक सागरबहादुर प्रधान। यी तीनैजना स्याङ्जा भ्रमणमा सँगै थिए। मेरो ६ महिने म्याद सिद्धिएको थियो। जाँदाजाँदै २०२८ सालमा सागरबहादुर प्रधानले मेरो जागिर खोसेर आफ्नो भतिजो (प्रधान) लाई नियुक्ति गरे। तीन वर्षपछि म बुटवल आएँ र पुल्चोकमा चिया पसल गर्न थालेँ। बाँच्नु त पऱ्यो।

यसैबीच नेपाल राष्ट्र बैंकमा 'सहायक' पदको विज्ञापन खुल्यो। लिखित परीक्षा उत्तीर्ण गरेँ। २०२९/१०/२० का दिनदेखि भैरहवा शाखाको स्थायी सहायक पदमा मेरो नियुक्ति भयो। म आफ्नो ज्ञान, विद्या, बुद्धि, विवेकले सेवा गर्न थालेँ। भारतम मलाई कडा अनुशासन र संस्कारशील शिक्षादीक्षा प्रदान गरिएको थियो। लगनशील, परिश्रमी, आज्ञाकारीको पाठ पढाइएको थियो । म नेपाल राष्ट्र बैंकलाई मन्दिर र आफ्नो कर्मलाई पुजा ठानेर समर्पित भएर मन, वचन, कर्मले सेवा गर्थे। मैले कसैको कुभलो चिताइन। सबै फाँट र विभागमा बसेर काम गरेँ। मलाई चाकडी, चाप्लुसी, चुक्लीबारे खासै ज्ञान छैन। यसैबीच मैले २०३८ सालमा त्रिभुवन विश्वविद्यालयबाट मेजर अर्थशास्थ लिएर निजी छात्रको हैसियतले स्नातक पनि पास गरेँ। नेपाल राष्ट्र बैंकद्वारा लिइएको खुला प्रधान सहायकको लिखित परीक्षामा २०३६ साल, २०३८ साल, २०४८ सालमा उत्तीर्ण गरेँ। तर तीनै पटक अन्तर्वार्तामा मलाई फालियो। यसैबीच घरेलु तथा साना उद्योग (काठमाडौं) मा मेरो सरुवा भयो। त्यहाँ कुनै पनि कर्मचारी मित्रहरू मेरो सम्पर्कमा आउन, बोल्न चाहनु भएन। म सरुवा मागेर इलाम गएँ।

मेरो संस्कारमा पद, पैसा, प्रतिष्ठा र शैक्षिक डिग्री हुँदैमा व्यक्ति श्रद्धेय हुँदैन। म यस आधारमा मात्र व्यक्तिलाई श्रद्धा गर्दिन। श्रद्धेय हुन व्यक्तिले दीनदुःखीहरूको आँसु पुछ्नु पर्छ। उदास अनुसारमा सन्तोषको भाव र सुकेका ओँठहरूमा मृदुमुस्कान दिन सक्नुपर्छ। जस्तै मदर टेरेसा म सानैबाट दीनदुःखीहरूको सक्दो सेवा तन, मन, धनले गर्दै आएको थिएँ। आज पनि गर्दैछु। हाकिमहरूले मप्रति कस्तो धारणा राख्छन् ? यसको मलाई वास्ता थिएन। संस्थाप्रति म मन, वचन र कर्मले समर्पित थिएँ। सबै हाकिमहरू (एकजना बाहेक) मेरो दृष्टिमा असल थिए। एकजना हाकिम चरित्रहीन र जँड्याहा भ्रष्ट थिए। उनीसँग मेरो आमनेसामने भएन। तर उनले मेरो प्रगतिमा तगारो हाले। अन्त्यमा उनैको निर्देशनमा मेरो जागीर खोसियो। आज उनी जीवित छैनन्। म उनको आत्माको शान्तिका लागि भगवान् पशुपतिनाथसँग प्रार्थना गर्दछु। उर्दूमा एउटा वाक्यांश छ– "मुदई लाख कुरा चाहे त्यो क्या होता है ? वहि होता हे जो मंजुरे खुदा होता है।" भगवान्का कृपाले म आजसम्म जीवित छु र जनसेवा र देशसेवा गर्दैछु। २०४६ सालको सफल जनआन्दोलनपछि म नेपाल राष्ट्र बैंक, ईलाम उप–उपशाखाको कर्मचारी युनियनको अध्यक्ष भएँ। म सबैको

*पूर्व अध्यक्ष, नेपाल राष्ट्र बैंक कर्मचारी संघ इलाम समिति*

भलो र हित चाहन्थे। तर मेरो हित र भलो चाहने पशुपतिनाथ मात्र थिए। २०४८/६/४ का दिन निजामती कर्मचारी सङ्गठनले हातेमालो कार्यक्रम गरेको थियो। उनीहरू तीन महिनादेखि हड्तालमा थिए। तर गिरिजा सरकारले उनीहरूसँग वार्तासमेत गरेको थिएन। यसैको विरोधमा ती सङ्गठनका कर्मचारी मित्रहरू मेचीदेखि महाकालीसम्म विरोधस्वरूप हातेमालो कार्यक्रममा थिए। म सानैदेखि दमित, शोषित, उत्पीडितहरूको पक्षमा मन, वचन र कर्मले उभिन्थे। त्यसमा पनि हाम्रो कर्मचारी युनियनको स्पष्ट धारणा थियो– "कुनै पनि व्यक्ति जसले मानसिक र शारीरिक श्रम बेच्दछ, ऊ मजदुर हो। मजदुरको व्यक्तिगत राजनीतिक आस्थासँग कुनै सरोकार नराखी ऊमाथि अन्याय, दमन र शोषण हुन्छ भने हामीले उसको पक्षमा मन, वचन र कर्मले साथ दिनुपर्छ।" मैले केन्द्रको युनियनसँग पनि सम्पर्क राखेको थिएँ। केन्द्रबाट पनि 'सक्रिय सहयोग गर्ने' भन्ने जवाफ आयो। म हातेमालो कार्यक्रममा उत्रिएँ। स्थानीय प्रशासनले मेरो पनि भिडियोग्राफी उतार्‍यो। सोही दिन साँझ मसँग स्पष्टिकरण सोधेर निलम्बन पत्र थमाइयो। केन्द्रबाट ११ जना र बाहिरबाट ममात्रै निलम्बनमा परेका रहेछौँ। मलाई केन्द्रीय नेतृत्वको कार्यशैली शङ्कास्पद लाग्थ्यो। एक त उहाँहरू टूर मार्नु हुन्थ्यो। दोस्रो, उहाँहरू राजनीतिक दल र दलका नेताहरूसँग सम्पर्कमा हुनुहुन्थ्यो।

म २०७० मंसिर २२ गतेसम्म पनि कुनै दलमा सम्मिलित थिइन र मैले कुनै पनि नेतासँग सम्पर्क गरेको थिइन। मलाई यो सब मन पर्दैन। २०७० मंसिर ४ गते हुने संविधानसभाको निर्वाचनमा रूपन्देही जिल्लाको क्षेत्र नं. ४ बाट म पनि स्वतन्त्र उम्मेदवार भएँ। मेरो दर्ता नं. १ थियो। पछि एक दलले मलाई आमन्त्रित गर्‍यो। केन्द्रीय सदस्य र प्रवक्ताका रूपमा मलाई राखेको छ। मैले लगभग १९ वर्ष बैंकमा जागिर गरेँ (मिति २०४८/६/९ देखि मलाई सेवाबाट हटाइएको हो)। यस अवधिसम्म मैले नेपालमा 'सच्चा मानव' पाउन सकेको छैन। सबै स्वार्थी र आफ्नो दुनो सोझ्याउने प्रकृतिका मात्र फेला परे।

मलाई स्वार्थी मानिसहरू मन पर्दैनन्। सबै मित्रहरू सर्वोच्चमा पुग्नुभयो। म पनि पुगेँ। तर मेरो मनमा दुविधा थियो। त्यसबेलासम्म 'नेपाल राष्ट्र बैंक, कर्मचारी नियमावली' पुरानै थियो। त्यसमा स्पष्ट व्यवस्था थियो कि जागीर खोसिएमा पहिले गभर्नरसमक्ष पुनरावेदन गर्ने। गभर्नरको अन्तिम निर्णयमा चित्त नबुझे मात्र अदालत जान पाउने व्यवस्था थियो। यहाँ सोझै पुनरावेदन गर्न अदालत जाँदै थियौँ। यो ठाडै कानुनको उल्लङ्घन थियो। म कानुनको सम्मान गर्छु। म गभर्नर समक्ष निवेदन गर्न गएँ। गभर्नरले मेरो पुनःबहालीको अनुरोध ठाडै अस्वीकार गरे। अदालत जान म एक्लै भएँ। धनको पनि अभाव भयो। अर्को पक्ष के पनि थियो भने म जुन आस्था र श्रद्धाका साथ बैंकमा सेवा गर्थें मुद्दा जितेर पुनःबहाली भए पनि मेरो मनमा त्यो आस्था र श्रद्धा रहने थिएन। म जागिर नगर्ने मनस्थितिमा थिएँ। प्रकृतिको एउटा नियम छ। जब एउटा ढोका बन्द हुन्छ तब अर्को ढोका खुल्छ। मलाई बैंकले ४० वर्षको उमेरमा जागिरबाट हटाइयो। म यता न उता परेँ। न निवृत्तिभरण नै पाएँ। बाँच्न धौ धौ पर्‍यो। चार छोराछोरी, मातापिता र पतिपत्नी–आठ–आठ जना परिवार पाल्न धौधौ पर्‍यो। म सन् १९६५ देखि नै लेखन साहित्यमा समर्पित छु। गोरखापत्र, मधुपर्क, मिर्मिरे, कान्तिपुर आदि पत्रपत्रिकारूमा समसामयिकी कथा, कविताहरू लेखेर र कोठा बहाल उठाएर बाँचेको छु। आज पनि बुटवलबाट प्रकाशित हुने 'मेचीकाली' दैनिकको स्तम्भकार छु। सकारात्मक सोच तथा सृजनशील मानसिकताका बाबजुद नेपालका हाकिमहरूले मेरो पेटमा लात हान्ने काम गरे। म निर्दोष थिएँ। तर मैले न्याय पाइन। म आज पनि देश र जनताप्रति समर्पित छु। आजीवन समर्पित रहने छु। कम्तिमा मलाई निवृत्तिभरणको व्यवस्था हुन सके बुढेसकाल आरामसँग बित्ने थियो। म ६३ वर्षको भएँ। सेवा गर्ने र सृजनशील कार्य गर्ने मन छ। म सानो दियो बनेर अन्धकार हटाउन सत्प्रयास गर्दैछु। मैले आजीवन सबैको हित र कल्याण सोचेर काम गरेँ। अरूले मेरो हित र कल्याण गर्नु साटो ममाथि समस्याहरू थोपरी दिए। कसैले फर्केर पनि हेरेनन्। सायद मेरो नियति नै यस्तो रहेछ।






चौथो महाधिवेशन, २०६२ का सम्मानित उत्कृष्ट कर्मचारीहरू हरिलाल ज्ञवाली र उत्तम लामिछाने ।



चौथो महाधिवेशन, २०६२ को बन्द सत्र ।








संघद्वारा आयोजित रक्तदान कार्यक्रमको झलकहरू तथा हाजिर जवाफ प्रतियोगिताको शिल्ड ।

# जागीरे जीवनको आरोहयुक्त पूर्वार्द्ध

✍ वासुदेव अधिकारी*

## जागीरको आरम्भ

सबैको झैँ मेरो जागीरे जीवनको पनि आफ्नै कथा छ। यसका कथामा धेरै व्यथाहरू छ भन्न पनि सकिन्छ तर म व्यथाभन्दा पनि यसलाई कथा भन्न रुचाउँछु। साधारण जागिरेको भन्दा भिन्न छ केही वर्षको घटना क्रम। त्यसो त म त्यसपछि पनि आफूलाई सकेसम्म सक्रिय र पृथक बनाउन खोजिरहेको छु। म खासमा थकाइ, लोभ र गुनासोको पोको बन्नबाट आफूलाई जोगाउन खोज्छु। यस आलेखमा मेरो नेपाल राष्ट्र बैंकमा मैले पाइला टेकेको पहिलो आधा दर्जन वर्ष अर्थात् आरम्भिक जागीरे जीवनको केही पदचापलाई सङ्क्षिप्तमा उतार्ने कोसिस गरेको छु।

राष्ट्र बैंकको जागीर स्नातक तहको पढाइ सकिनुपूर्व दाल भातको लागि भरेको फाराम, गणित तथा सामान्य ज्ञान आदिको सबलता तथा लेखन शैलीमा भएको केही न केही पक्षको कारण आइलागेको बोनस थियो। अस्कलमा सँगै आइ.एस्सी. पढेका साथीहरू डाक्टर इन्जिनियर भएका कारण समयले दिएको सहानुभूति पनि थियो। त्यतिखेर म आइ.एस्सी.पछि आइ.ए. सकी बी.ए. अन्तिम वर्षको विद्यार्थी थिएँ। नेपाल सरकारमा लोकसेवा पास गरेपछि खरिदार भएको दुई वर्ष पाँच महिनापछि म त्यहाँ आइपुगेको थिएँ। त्यहाँ आउनुपूर्व मैले रामचन्द्र शर्मा पौड्यालजस्ता असल प्रशासकको सङ्गतले सकारात्मक ऊर्जाको स्पर्श गरिसकेको थिएँ। बैंकमा आइपुग्दा म सामाजिक कामको विश्वासिलो कर्मी पनि भइसकेको थिएँ भने साहित्यिक लेखनतर्फ मेरो अभिरुची राम्रैस्तरमा स्थापित भइसकेको थियो। म काठमाडौँमा नियमित रूपमा सञ्चालन गर्ने साहित्य सन्ध्याको अगुवामध्ये एक व्यक्ति बनिसकेको थिएँ। विचार र कामको उर्जा अलि छरिए पनि सबै बटुलबाटुल पार्दा अरूको भन्दा केही बढी नै हुन्छ भन्ने विश्वास आफूमा विद्यमान थियो। तथापि ममा आत्मश्लाघा थिएन। पारिजात, युद्धप्रसाद मिश्र आदिको सङ्गतले मलाई असमयमै पाकोजस्तो मनोविज्ञान प्रदान गरिसकेको थियो। २०४४ साल चैतमा प्रधान सहायक परीक्षा पास गर्दा हामी २४ भाइ सबै नै ऊर्जावान् कर्मचारीको रूपमा छिरेका थियौँ। हामीलाई कामको लागि रातो डट्पेन दिइन्थ्यो। सुरूमै मैले जानी नजानी लेजर लेखाको ढड्डामा पौडिन पाएको थिएँ। बढी तलब, मीठो र सस्तो खाजा – हामीलाई के चाहियो ? २०४४ साल दङ्दास परेर बित्यो।

## जनआन्दोलन र सहभागिता

सामाजिक चेतनाले छोइएपछि आफू र आफ्नो सवालमा मात्र सीमित हुन वा सन्तुष्ट हुन सकिँदो रहेनछ। २०४६ सालको पूर्व कार्यमा धेरै अगुवाहरू लागिरहेका थिए। हामी पनि बिहान बेलुका आ–आफ्नो किसिमले लाग्यौँ, गोप्य तर अहोरात्र रूपमा, धेरैरात सुतिएन। जुनकिरी बनेर वा जुनकिरी लिएर हामी अनेक कार्यमा जुट्यौँ। त्यो समयको माग थियो। निद्रा भोक र वैयक्तिकतालाई अरूझैँ हामीले पनि तिलाञ्जली दियौँ। म खासगरी साहित्यिक काममा लाग्ने र वैचारिक काममा लाग्ने अगुवाको समिपमा रहने सन्दर्भमा समय बिताउनेमा पर्थें। त्यसक्रममा अफिस पनि ठूलो कार्यथलो बन्यो। नयाँ पूराना साथीहरूसँग परिचित भई र समकालीन चेतनालाई व्यक्तिको मानसमा छर्ने क्रममा हामीले त्यहाँ पनि कामको बीचमा बचेको समयलाई उपयोग गर्‍यौँ। त्यतिबेला हरहमेसा आफूलाई आन्दोलनको केन्द्रबिन्दु हूँ जस्तो लागिरहन्थ्यो। विचारमा बेरिएको, थकाइलाई जितेको र सानो स्वार्थमा नअलमलिने भएको कारण हामी जस्तोसुकै जोखिम लिन पनि हिम्मत गर्थ्यौँ।

बाह्य आन्दोलनलाई जगाउने सिलसिलामा २०४५ को आखिरीदेखि नेपालको वातावरण तात्दै गयो। नेपाल राष्ट्र बैंकमा हामीले त्यसको आगो फुक्यौँ। यसमा धेरै साथीहरूको योगदान छ। २०४५ सालमा केशव थापालगायतका साथीहरूको प्रहरी रिपोर्ट नराम्रो आयो। अनेक विधिबाट हामीले त्यसलाई सच्यायौँ। २०४६ पूर्व केशव थापा लगायतका साथीहरूसँग म नियमित छलफलमा जुट्थेँ। हामीले आफ्नो मतोको एक सेल पनि बनाएका थियौँ। २०४६ ताका भित्री सेलभन्दा पनि बाह्य काम गर्न आवश्यक भयो। त्यसको निम्ति अरू पनि जुझारू साथीहरू अगाडि आए। अगाडि आउनेलाई स्वागत गर्नैपर्थ्यो। कल्याणबन्धु अर्याल, बद्री अधिकारी, खेमराज भेटुवाल, रत्न जोशी, चिन्तामणि शिवाकोटी, चन्द्रमान मलेकु... लिनपर्ने धेरै नाम हुन सक्छ। समकालीन आन्दोलनमा निर्भयताका साथ लाग्नसक्ने व्यक्तिमा दीपेन्द्रबहादुर क्षेत्रीको नाम अघि आउँथ्यो।

*निर्देशक, नेपाल राष्ट्र बैंक*

उहाँलाई पद, उमेर र २०३६ सालताकाको आन्दोलनको नेतृत्वकारी भूमिकाको अनुभवले पनि साथ दिएको थियो । त्यसका लागि एकपटक खेमराज भेटवालको घर बाँसबारीमा र अर्को पटक बद्री घिमिरेको डेरा कोपुण्डोलमा बसेको मलाई सम्झना छ । बद्री घिमिरेको घरमा पर्चा लेखी त्यहीँ खाना खाएको सम्झना पनि ताजै छ । प्रकाशचन्द्र भट्टराई त्यतिखेर विद्यार्थी क्षेत्रको काममा बेग्लै किसिमले लाग्नु भएको थियो भने हरिशरण, रामप्रसाद उप्रेतीहरू थापाथली कार्यालयमा । यही लगावको फलस्वरूप नेपाल राष्ट्र बैंकमा २०४६ सालमा पटकपटक कालो पट्टी, पेन डाउन, हड्ताल आदि हुन सक्यो । सैनिकको परेडका बीच पनि साथीहरू डराएनन् । आन्दोलन र खबरदारीको त्यो क्रम संविधान जारी नभएसम्म चालूरह्यो । त्यस क्रममा माथि उल्लिखित नामका अतिरिक्त पञ्चनारायण, माधव बराल, गणेश पाण्डे, रविन्द्र खनाल, बिन्दु नेकु, यादव भट्टराई, विश्व पौडेल लगायतका साथीहरूको सक्रियता पनि म सम्झिन्छु । परिवर्तनको साझा सवालमा अधिकांश उच्च अधिकृतहरू पनि हुनुहुन्थ्यो । लामो समयसम्म परिवर्तन रूचाउने साथीहरू खेमा वा आस्थागत गुटमा बाँडिनु भएन । शाखा शाखामा पनि सोही चरित्र देखा पर्दै गयो ।

**कर्मचारी युनियनको संस्थापना र पदाधिकार विहीन सक्रियता**

प्रजातान्त्रिक समाजमा पेशागत युनियनले महत्त्वपूर्ण भूमिका खेल्छन् र त्यो आवश्यक पनि मानिन्छ । लामो समयसम्म निरङ्कुशताले गाँजेको मुलकमा व्यवस्थापनमा निहित जडतालाई धोइपखाली गर्न कर्मचारी युनियन झन् आवश्यक पर्छ । तर जब व्यवस्थापन सहभागितामूलक र पारदर्शी हुँदै जान्छ युनियनको भूमिका त्यसै सीमित हुँदै जान्छ । हामी स्वेच्छिक रूपमा कर्मचारी पङ्तिमा सक्रिय भएको अवस्थामा कर्मचारी संघ स्थापनाको लागि अरू साथीहरूसँग लागिमेली गरी सघाउने अवसर मिल्यो । काममा सक्रिय तर पदीय जिम्मेवारीमा अलिपछि बस्ने स्वभावअनुसार म संस्थापनाको तदर्थ समितिमा बसिन । दीपेन्द्रबहादुर क्षेत्री नै कर्मचारी संघ तदर्थ समितिको संयोजक हुनुभयो । म त्यस अन्तरिम अवधिमा प्रेम पाण्डेयजी तथा श्याम खनाल रहनुभएको विधान मस्यौदा समितिमा बसेँ । हामीले विधान तर्जुमा गरी काठमाडौँ तथा उपत्यका बाहिरका कार्यालयमा केही अन्तर्क्रिया कार्यक्रम आयोजना गर्‍यौँ ।

संयोग हो कि रहर ? युनियनको पदाधिकारी नभए पनि युनियनका अधिकांश गतिविधि, भेला र बैठकमा म सहभागी हुन्थेँ । युनियनले एकपछि अर्को सवालमा पर्चा लेखिरहन्थ्यो । त्यो पर्चा अहिले नियमन विभागले गर्ने सर्कुलरतुल्य महत्त्वपूर्ण र चासोयुक्त पनि मानिन्थ्यो । पदाधिकार नभए पनि मैले स्वयम् पनि कैयौँ पर्चा लेखेँ । साथीहरूले पत्याउनु भयो । संघ स्थापना र सञ्चालनको क्रममा मैले एकाध सभाहरूमा भाषणसमेत गर्ने पनि मौका पाएँ । म भाषण गर्न त त्यति जान्दिनथेँ तर पनि अवसर पाउँदा मन रमाइ हाल्थ्यो ।

युनियनमा बिना पद सक्रिय हुने क्रममा मैले बैंकर्स क्लबको सञ्चालक समितिमा प्रतिनिधित्व गरी मिमिरेको कामसित नजिक हुन पाएँ । त्यसैको फलस्वरूप २०५१/५२ सालमा म बैंकर्स क्लबको व्यवस्थापक तथा मिमिरेको कार्यकारी सम्पादक हुन पुगेँ । बिना पदको युनियन गतिविधिले त्यतिबेलाका राष्ट्र बैंकका अधिकांश कर्मचारीसँग यथोचित सम्बन्ध र जानकारी हुनगयो । हामीलाई सो क्रममा तीर्थराजचन्द्र खरेल र सीताराम तिवारीले निकै मसिनोसित सघाउनु भएको र तीर्थराजचन्द्र खरेलको इमान्दारिताबाट आफूले धेरै उज्यालो र ममता प्राप्त गरेको सन्दर्भ पनि यहाँनेरि म स्मरण गर्न चाहन्छु । कर्मचारी संघ सञ्चालनको क्रममा साथीहरूले यदाकदा हामीसँग सरसल्लाह गर्नुहुन्थ्यो । सञ्चालनको क्रमको घटना र आन्दोलनमा आफ्नो सक्रियपनको कारण म कतै न कतै पुगिहाल्दो रहेछु । अरूले हेर्दा म युनियनको सक्रिय नेता पनि देखिँदो रहेछु । खासमा मेरो संलग्नता संस्थागत सुधार र अग्रगमनका लागि आमवातावरण बनाउने मात्र थियो । आफू नेता हुने वा देखिने किमार्थ थिएन । उता, कर्मचारी संघले निजामती कर्मचारी संघको आन्दोलनलाई सरकारले गरेको रूखो व्यवहार विरूद्ध सशक्त रूपले प्रतिवाद गर्दै आइरहेको थियो । त्यही अवधिमा अन्तरसंस्थान कर्मचारी संघ पनि गठन भयो । म त्यस संघको कयौँ कार्यक्रममा सहभागी भए पनि साङ्गठनिक आबद्धता जनाइन । एकपटक त्यस संघले आयोजना गरेको कविता प्रतियोगितामा भाग लिई तृतीय पुरस्कार चाहिँ पाएको थिएँ ।

**प्रतिशोधको मोहोरी**

कर्मचारी युनियनमा पद धारण नगर्नु र सहयोगीको मात्र भूमिकामा रहनु मेरो रूचि, स्वभाव तथा केही सामाजिक बाध्यता पनि थियो । आन्दोलन र तदर्थकालीन बेलामा म अलि नै सम्वेदनशील राजनीतिक व्यक्तिको सेल्टरदाता थिएँ । त्यही कारण पनि मैले आफ्नो गतिविधि पुलिसले पछ्याउने तहमा सार्वजनिक गर्न मिल्दैनथ्यो । त्यो कुरा समकालीन र अन्य तहमा खुलिहाल्दो रहेछ । २०४६ सालको आन्दोलन सफल भई समाज खुला भएको

र युनियनको गतिविधि तेजिलोस्तरमा रहेको बेला पनि मैले त्यो स्वभावमा परिवर्तन गरी युनियनको पदमा बसिन। परबाट सघाइ मात्र रहेँ। सघाउको कुरा गर्दा कैयौँ पदमा बस्नेहरूले भन्दा मैले निरन्तर, स्तरीय र योजनाबद्ध काम गर्नका लागि सघाएँ हूँला भन्नेचाहिँ लाग्छ। युनियनको आरम्भिक चरणमा युनियन बढी आक्रामक र व्यवस्थापन बाहिरबाट लचिलो तर भित्र असहिष्णु हुनु स्वाभाविकै हो। गरिएका सम्झौताहरू पूरा नहुने, असहमतिहरू पैदा भइरहने आदि सवाल र कर्मचारी आन्दोलनमा युनियनले खेलेको भूमिकालाई लिएर सरकारले बैंकको उच्च व्यवस्थापनलाई दिएको निर्देशन समेतलाई मध्यनजर गरी एकपटक युनियनका पदसहित सक्रिय मित्रहरू चिन्तामणि शिवाकोटी र कल्याणबन्धु अर्याललाई व्यवस्थापनले नेपालगञ्ज तथा धनगढी सरूवा गऱ्यो। त्यसको विरूद्धमा कर्मचारी संघ डेलिगेसन जाने भयो। म लेजर लेखाबाट लेखाकै अर्को फाँट सञ्चय कोषमा कार्यरत थिएँ। डेलिगेसनमा बल पुऱ्याउनका लागि दीपेन्द्र बहादुर क्षेत्रीले बोलाउनु भयो। बिना पदाधिकारका हामी पनि डेलिगेशनमा सामेल भयौँ। डेपुटी गभर्नर अच्युतप्रसाद पौडेलसँग हाम्रो कुराकानी अतिशयोक्तिपूर्ण भयो। युनियनका पदाधिकारीलाई सहमती विपरीत टाढा सरूवा गरेर छिन्नभिन्न बनाउन खोजेको हाम्रो बुझाइ थियो। व्यवस्थापन टसकामस भएन। डेलिगेसनमा दीपेन्द्र बहादुर क्षेत्री निकै जङ्गिनु भयो। कुराकानी गर्दागर्दै साँझ अबेर भयो। हामीले एकप्रकारले उहाँलाई घेराउ गऱ्यौँ। प्रशासनले प्रहरीलाई खवर गरिसकेछ। त्यसको सुइँको पाएपछि मैले मदन भण्डारीलाई नक्सालमा फोन गरेँ। उहाँले सायद प्रहरी हेडक्वाटरमा केही सम्वाद गर्नुभयो क्यारे, पुलिस कम्पाउडभित्र छिरी हामीलाई दखखल गरेन। कुरा नमिलेपछि व्यवस्थापन आखिरमा अलि मत्थर भयो। भोलि कुरा गर्ने सहमतिमा डेलिगेसन सकियो। हामीलाई बैंककै मोटरमा घर जाने व्यवस्था भयो। भोलिपल्ट अफिस जाँदा गेटका गार्डले हामीलाई छिर्न दिनुको साटो निलम्बनको पत्र बुझाए। पत्रमा हामीले हुलहुज्जत गरेको र बैंकको ढुकुटी असुरक्षित गरेको आरोप लगाइएको थियो। हामीले त्यसको प्रतिवाद गऱ्यौँ। गभर्नरलाई पुनरावेदन दियौँ तर त्यसको केही सुनुवाइ भएन। व्यवस्थापनले निलम्बनको तीन महिनामा हामीलाई बैकबाट बर्खास्त नै गऱ्यो। सामूहिक रूपमा बर्खास्त हुनेमा मलगायत दीपेन्द्रबहादुर क्षेत्री, चन्द्रमान मलेकू, प्रेमप्रसाद पाण्डेय, कल्याणबन्धु अर्याल, मोतीमान शाक्य, रमण नेपाल, प्रमिला घिमिरे र बद्री अधिकारी गरी नौ जना थियौँ। तुलसीप्रसाद घिमिरे इलामबाट सामान्य निहुँमा बर्खास्त हुनुभएको थियो।

### सडकको जीवन र कानुनी लडाइँ

त्यतिखेर टुँडिखेल खुद्रा बजारको केन्द्र थियो। त्यहाँ ससाना पसलहरू थापी गुजारा गर्ने चलन थियो। निलम्बन भए लगत्तै हामीले आपसमा सल्लाह गरी केही रकम जम्मा गरी सामान्य गुजारा तथा विषयलाई सार्वजनिकसमेत गर्ने हेतुले 'स्वाभिमान बेच्नुभन्दा जुत्ता बेच्नु बेस' भन्ने ब्यानर टाँगी पहिला जुत्ता र त्यसपछि अरूअरू सामान राखी कारोबार सुरू गऱ्यौँ। त्यसमा सञ्चार माध्यमले मनग्य साथ दिए। सो व्यवसाय सञ्चालनका लागि हामी सबैले भन्दा मोतीमान शाक्यले बढी जिम्मेवारी लिनुभयो। उहाँको इमान्दारिता र लगन प्रशंसा गर्नलायक थियो। त्यसपछि हामीले साथीहरूको घेरा विस्तार गरी शेयरको रूपमा केही लाख परिचालन गरी बस व्यवसायमा होमियौँ। हामीले सुरूमा एक र पछि चारवटा बस जुटायौँ। त्यो पेसा हाम्रो लागि नयाँ र चुनौतीको विषय बन्यो। हामीले काठमाडौँ काकडभिट्टा रूटको अनुमति लियौँ। बद्री र त्यही कामको लागि जागिरबाट अवकाश लिएका साथी हरि न्यौपाने पूर्णकालीन तथा कल्याणजी अल्पकालीन रूपमा बसमा लाग्नुभयो। एकाध पटक म पनि कन्डक्टर बनी बसमा हिडेँ। बसमा कन्डक्टर भई हिँड्दा एकपटक हेटौँडाभन्दा अलि परको चुरेमा दुर्घटनामा परेपछि म हच्किहालेँ। साथी बद्री जोगिमाराको पहिरोमा परी बससँगै अन्तर्ध्यान हुनुपऱ्यो। मोतीजीको परिवार आन्तरिक व्यवस्थापनमा लाग्यो। पैसा अरूको हातमा हुने, पैसा हातमा पर्नेले नबुझाउने भएपछि व्यवसाय धरापमा पर्नु स्वाभाविक नै थियो। हुन पनि त्यस्तै भयो। हामीले खासैराम्रो नतिजा हासिल गर्न सकेनौँ। साथी बद्री दुर्घटनामा परेको बेला म महिनौँसम्म जोगिमारामा पहिरो लडेको हेरेर, उर्लिएको धमिलो खोलाको छाल गनेर तथा त्रिशुलीको किनारमा लास खोजेर पनि बसेको छु। यतिखेर हामीले राज्यलाई दबाब दिई बङ्गलादेशबाट गोताखोर मगाई बस तथा लाश खोजेको परिदृश्य पनि आँखामा आइरहेको छ।

कानुनी लडाइँको सन्दर्भमा, सोही अविधमा हामीले अन्यायपूर्वकको बर्खास्तीबाट न्याय पाउनका लागि सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गऱ्यौँ। सोका लागि युवराज सङ्ग्रौलाको ल फर्मले निकै धेरै सहयोग गऱ्यो। युवराजले बहसलगायत मुद्दाको नेतृत्वमा र खिमलाल देवकोटाले मस्यौदामा गरेको सहयोग तथा मिहिनेतको म अहिले पनि कदर गर्छु। सर्वोच्चमा पहिला त निवेदन दर्ता गर्न पनि आनाकानी भयो। तथापि निवेदन दर्ता भयो। करीब ३ वर्ष (२ वर्ष ७ महिना)

अदालत धाइयो, तारेख लिइयो र त्यहाँको चौरमा बदाम, क्यान्टिनमा चना चिउरा खाइयो । मुद्दा मामिलाको सन्दर्भमा हुने तनावका साथै समय तथा साधनको अपव्ययको अनुभूति त्यही समयमा मैले गर्न पाएको हूँ। सघाउने वकिल नभएको भए हाम्रो पनि ढाड भाँच्चिन्थ्यो । त्यस अवधिमा हामीले धेरै वरिष्ठ वकिलसँग सल्लाह गरी बहस गर्न अनुरोध गर्‍यौं, सबैले स्वीकार्नु भयो । करीब ३० जना वकिलले हप्तौंहप्ता बहस गर्नुभयो। ती कसैलाई पनि हामीले पारिश्रमिक दिएनौं। फर्मलाई सामान्य पारिश्रमिक मात्र दियौं। बहसका लागि म आफैं वरिष्ठ अधिवक्ता कृष्णप्रसाद पन्तकहाँ पुगेको, उहाँले आफ्नो घररहेको ठूलो कम्पाउण्डमा प्रातः भ्रमण गर्दै सहयोगी वकिल साथीको ब्रिफिङ् सुन्दै बहसको तयारी गर्नेगरेको विधि मलाई मनमा गढेको थियो।

सोही समयमा आफूलाई व्यस्त बनाउन मैले काभ्रे बहुमुखी कलेजमा पढाएँ । मदन भण्डारीको अवसानपछि त्यो काम छोडिदिएँ । त्यसपछि मैले आंशिक प्राध्यापकका रूपमा महेन्द्ररत्न क्याम्पसमा स्नातकका विद्यार्थीलाई नेपाली साहित्य पढाएँ। काम गर्दै मुद्दा खेप्दै गर्दा हामीले नेपाल राष्ट्र बैंकको कर्मचारी संघले त्यतिबेलासम्म निकालेका पर्चाहरूको सङ्कलन निकाल्ने योजना बनाइ मैले त्यसको सम्पादनको काम गरें। पर्चाहरू सङ्कलित भएपछि ग्रन्थाकारमा देखिए। म स्वयम्ले त्यसको लामो भूमिका लेख्ने अनुमति प्राप्त गरें। मैले जीवनमा लेखेको पहिलो लामो लेख त्यही नै थियो। त्यस कामले आफूलाई अलिकति सन्तुष्टि पनि मिल्यो। हामीले त्यस किताबलाई बेचेर ऋण चुक्ता गर्न त सकेनौं तर पूर्वाग्रहयुक्त किसिमले इबी साध्ने अधिकारीलाई झापट लगाउन भने राम्ररी नै सफल भयौं। त्यतिबेला दीपेन्द बहादुर क्षेत्रीसँग घरमा आउनेजाने भइरहन्थ्यो । एकदिन उहाँले 'घरको बुढी कुखुरी काटेर खाने' सल्लाह गर्नु भयो । मैले स्वीकृतिसूचक टाउको हल्लाएँ र घर पुगें। साँझ खान बस्यौं। मैले चाँडै खाना खाइसकेर खाएको थाल भाउजुले उठाइ हाल्नुहुन्छ भनी भुईंमै छोडेर चुठ्न गएँ । एकछिनपछि दीपेन्द्र बहादुर क्षेत्रीले मैले भुईंमा छोडेको थालसमेत उठाई आफ्नो र मेरो गरी दुबै थाल माझ्नुभयो, म लाजले पानी पानी भएँ। त्यस दिनदेखि म सकेसम्म परिस्थिति हेरेर अन्यत्र गएको बेला पनि थाल माझ्न उद्यत हुनथालें।

**आगमन र पेसागत जीवनको नैरन्तर्यता**

सर्वोच्च अदालतमा हामीले राम्रै सहयोग पायौं । तारेख पाउन त्यति झमेला भएन। कर्मचारी वकिल सबै साथी बन्दै गए । आवश्यकता पर्दा हामीले न्यायाधीश समेतलाई भेटी आफ्नो कुरा प्रष्ट पनि गर्‍यौं। बहस गर्दै जाँदा न्यायमूर्तीहरूले कुरोको चुरो फेला पारी हामीलाई गरेको अन्यायको सूत्र पैल्याए, हामीले मुद्दा जित्यौं। हाम्रो जितमा सबै क्षेत्र उत्साहित भयो। मुद्दा जितेर आउँदा बढुवामा जाँच दिने अवसर खुस्किइसकेको रहेछ। पुनः पदस्थापना पछि म राष्ट्र ऋण व्यवस्थापन विभागमा पुगें।

**सिकिएको आठ पाठ**

जीवनको ऊर्जावान् बेला तथा दिगो पेशा प्रारम्भ गरेको आरम्भिक आधा दर्जन वर्षभित्रका उहापोहले मलाई धेरै कुरा सिकाएको छ । पहिलो, आफ्नो व्यक्तित्व अरूमा समाहित गरेर हिंड्दा नाफा र जस जति अरूलाई नोक्सानी र घाटा जति आफ्नो भागमा आउने रहेछ । दोस्रो, आवेगमा गइरहेको परिस्थितिलाई साम्य पार्ने खुबी नेतृत्व वर्गमा हुनुपर्ने रहेछ। तेस्रो, कुनै परियोजना सिध्याउन बाह्य होइन आन्तरिक सल्लाह नै पर्याप्त हुँदोरहेछ। चौथो, सही काममा उभिनेलाई समाजका अरू असल पक्षले जहिले पनि साथ दिँदा रहेछन्। कर्मचारी संघ र बर्खास्त गरिएका हामी सबैजना त्यस अर्थमा इमान्दारिताबाट चुकेका थिएनौं । पाँचौं, यथास्थिति र स्वार्थी तत्त्वहरूका बीचमा दिगो र आत्मीय साँठगाँठ कायम भई असल तत्त्वलाई समाप्त पार्ने तानाबाना बुनिँदो रहेछ । छैठौं, असल मूल्यको संस्थापकले त्यागयुक्त दृष्टिले त्यसपछिका नेतृत्व कमसल भएमा स्वार्थपूर्ण तवरले संस्थालाई उपयोग गर्दोरहेछ । सातौं, कर्मचारी युनियनले सही विषय उठान गरे पनि त्यसलाई व्यवस्थापन समक्ष पेस गर्ने विधिमा हिजोदेखि नै केही न केही परिमार्जनको आवश्यकता थियो। आठौं, परिवर्तनलाई बहुआयामिक तवरले संस्थागत गर्न त्यति सजिलो छैन। परिवर्तनबाट इमान्दारले भन्दा छट्टुहरूले अधिक अवसर पाउने सम्भावनालाई नकार्न सकिदैन, तथापि यसलाई संस्थागत गर्न हदैसम्मको प्रयत्न गर्नुपर्छ।


बढ्छ खुशी...
पाइन्छ जब सोचेको भन्दा बढी
एनएमबि बैंक
'अतुल्य
बचत
अतुलनीय व्याजदर वार्षिक
५.५%
त्रैमासिक ब्याज भुक्तानी
तपाईंको बचतमा यति आकर्षक ब्याज कि तपाईंलाई प्राप्त हुनेछ वास्तविक खुशी, अनि बचत रकम हुनेछ बढी... झन् बढी !
• न्यूनतम मौजदात- रु.२५00 - रु.१0,000*
• डेबिट कार्ड, मोबाईल बैंकिङ्ग तथा इन्टरनेट बैंकिङ्ग सेवा शुल्कमा विशेष छुट
*शर्तहरू लागू हुनेछन्
Trikon\NMB\14
NMB
NMB BANK
एनएमबि बैंक
हिजो, आज, भोलि - सधैंभरी
विस्तृत जानकारीका लागि:
टोल फ्रि नं.: १६६०० १२५२५२
CALL टाईप गरी ७४४७ मा SMS पठाउनुहोस्
ईमेल: call@nmb.com.np
www.nmb.com.np



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन गर्भनर विजयनाथ भट्टराई विरुद्ध मुद्धा दायर गरेपछि आयोजित विरोध कार्यक्रम ।





पाँचौ केन्द्रीय महाधिवेशनका केही झलकहरू



संघको मुखपत्र 'अरुणोदय' सार्वजनिक गरिदै



'नेपालको वित्तीय क्षेत्र: विद्यमान अवस्था र आगामी कार्यदिशा' र 'Macroeconomic Situation and Monitory Policy' विषयक कार्यशाला गोष्ठीको झलक । जसमा तत्कालीन निर्देशकद्वय भिष्मराज ढुंगाना र डा. मीनबहादुर श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने श्री रामेश्वर खनाल र प्रा.डा. मदन दाहालले टिप्पणी गर्नु भएको थियो ।




छैठौं केन्द्रीय महाधिवेशनको स्वागत द्वार








छैठौं केन्द्रीय महाधिवेशनको उद्घाटन समारोहमा कर्मचारी शहीद स्व. बद्रीप्रसाद अधिकारीका माता–पितालाई सम्मान गर्दै



छैठौं केन्द्रीय महाधिवेशनको उद्घाटन समारोहको झलक



छैठौं केन्द्रीय महाधिवेशनको उद्घाटन समारोहमा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्दै



छैठौं केन्द्रीय महाधिवेशन बन्द सत्रको झलक



छैठौं केन्द्रीय महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिका साथ प्रतिनिधि एवम् पर्यवेक्षकहरू




छैठौं केन्द्रीय महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति

# कर्मचारी आन्दोलन, खुल्लामञ्चको संङ्घर्ष, अदालतको न्याय तथा जागिर पुनर्बहाली एक अनुभव

✍ रमण नेपाल*

मानिसको जीवनमा हरेक पलहरू कुनै न कुनै अवस्थामा द्वन्द्वबाट गुजिँदो रहेछ, अधिकांश रूपमा हरेक पल केही कुरा प्राप्तिका लागि सङ्घर्षमय हुँदो रहेछ । व्यक्तिको आफ्नो आकाङ्क्षाअनुरूप सङ्घर्ष केका लागि भन्ने कुराचाहिँ फरक पर्दो रहेछ। केही व्यक्तिहरू आफ्नो निजी स्वार्थ पूरा गर्नका लागि राष्ट्र, समाज, संस्था आदिको परिवेशमा सङ्घर्ष गरिरहेका हुन्छन भने केही व्यक्तिहरू सामूहिक स्वार्थका लागि सङ्घर्ष गरिरहेका पाइन्छन् । यही सङ्घर्षको दौरानमा बीच-बीचमा कतिपय बाधा व्यवधानहरू सृजना हुने र ती बाधा व्यवधानहरू चिर्नका लागि आक्रोश, पीडा, हिम्मत, हौसला आदि पैदा हुँदोरहेछ । यहाँ यी सबै आरोह अवरोहका बीचमा महसुस गरिएका केही रमाइला पलहरू संस्मरण गर्ने प्रयास गरेको छु। तर जति नै कोसिस गर्दा पनि रमाइला पलहरूको सम्झनासँगै पीडा र दु:खका पलहरूले मुटुको कुनै कुनामा सियोले रोपेजस्तो चस्सचस्स घोचेको महसुस चैँ भई नै रहँदो रहेछ भने आँखा रसाएर आउँदो रहेछ।

सन्दर्भ २०४८ सालको कर्मचारी आन्दोलनमा नेपाल राष्ट्र बैंकबाट हामी केही साथीहरूले गरेका सङ्घर्ष, नेपाल राष्ट्र बैंकमा नेपालका अन्य संस्थाहरूमा जस्तै भ्रष्टाचार, नातावाद, कृपावाद व्याप्त थियो । अधिकांश कर्मचारीहरू ठूला हाकिमको अगाडि केही बोल्न नसक्ने संघ सङ्गठन पनि भरखर भरखर स्थापना भई क्रियाशिल हुँदै गरेको अवस्था यस्तैमा प्रत्येक कार्यालयहरूमा पनि एक प्रकारको वर्गीय भिन्नता देखियो हाकिम र अन्य कर्मचारीहरूको । अधिकांश हाकिम भनाउँदाहरूले कुनै एउटा राजनीतिक पार्टीको दौराको फेर समाएर फेरी रजाईं गर्न सुरू गरेको अवस्थामा नेपाल राष्ट्र बैंक कर्मचारी संघको अगुवाइमा विभिन्न विकृतिका विरुद्धमा विज्ञप्तीहरू निकालेर खबरदारी गर्ने र सबैलाई सुसूचित गर्ने अभियान सुरू भयो । त्यस बेलाको सत्ताधारी पार्टीको आडमा हामी नौजना कर्मचारी साथीहरूलाई निलम्बनपश्चात् जागिरबाट बर्खास्त गरियो आरोप लगाइयो ढुकुटी लुट्ने प्रयास गरेको, अचम्म के भने विभिन्न बाहानामा ढुकुटी लुट्नेहरूले हामीलाई, यस्तो आरोप लगाएकोमा कति आक्रोशित भयौं त्यसको मापन यदि त्यही समयमा हामीलाई कारवाही गर्नेहरू हाम्रो सामुन्ने परेको भए कुनै पनि दुर्घटना हुने थियो तर हाम्रो संयमता र ती व्यक्तिहरू कहिल्यै बाहिर भेटिएनन् तिनीहरूको अवकाशपछि भेट हुँदा टाउको निहुराएर नबोली तर्केर हिंडे हामीले नै विचरा भन्नुपर्ने अवस्था आयो।

त्यो घटनापछि विभिन्न माध्यमबाट आन्दोलन जारी राख्दै जागिर बर्खास्तका विरुद्धमा अदालती प्रक्रियामा जानुपर्ने अवस्था आयो केही भ्रष्टहरूका कारण आफ्नो गरिमामय संस्था विरुद्धको मुद्दा अनि संस्थाले हाम्रा विरुद्ध अख्तियार गरेका अदालती प्रक्रियामा गरेको खर्च सम्झदा हाम्रो मन चिरिएर आउँथो तर ती व्यक्तिहरू जसले हामीलाई त्यस हदसम्मको कारवाही गरे तिनीहरूमा अति ठूलो दम्भको भावना विकास भएको सुन्न पाइएको थियो। तर त्यस समयमा जसका आदेशमा ती व्यक्तिहरूले हामीमाथि कारवाहीको डण्डा चलाएका थिए, ती आदेश दिने प्रभुहरूको सरकारले गरेको निर्णयको सिकार भई खाली हात घर जानु पर्‍यो। त्यसपछि ती प्रभुको आदेशपालक केही व्यक्तिहरूले कर्मचारी संघलाई निष्क्रिय पार्न गरेको त्यो कारवाहीका कारणले गर्दा नै हामी खाली हात निस्किनु पर्‍यो कर्मचारी संघलाई निष्क्रिय नबनाएको भए त केही सुविधाहरू लिएर निस्कन पाइन्थो की भनी कुरा गरेको सुन्न पाइयो। यस परिवेशमा कवि शिरोमणि लेखनाथ पौडेलको "म खाउ मै लाउ सुख सयल वा मोज म गरू, म बाँचु मै हाँसु अरू सब मरून दुर्बलहरू, भनि दारा धस्ने अबुझ सठदेखि छक्क परि, चिता खित्का छोडी अभयसँग हाँसो मरिमरी" भन्ने कविता पटक पटक याद आयो । आखिरमा जसले जे रोपो त्यहि फल्ने न हो ती मुर्खहरूले क्षणिक भुलभुलैयामा परी हामीमाथि हदैसम्मको अन्याय गरेका थिए। यसै दौरानमा धैरै कुराको पाठसमेत सिकियो, सानो तिनो झट्काले केही नहुने अनुभूति गर्न सकियो, कतिपय समकर्मी साथीहरूलाई चिन्ने मौका पाइयो। केही नेपाल राष्ट्र बैंकका पदाधिकारीहरू तथा कर्मचारी हरूले त्यस समयको कर्मचारी आन्दोलनमा सहभागी हामीहरूको जासुसी गर्ने तथा हाम्रा विरूद्धमा हुने कारवाहीमा रमाउने गरेको समेत पाइयो भने अधिकांश बहालवाला तथा निवृत नेपाल राष्ट्र बैंकलगायत अन्य निकायका साथीहरूबाट वित्तीय तथा आत्मिय सहयोगका साथै हाम्रो मनोबल बढाउन ठूलो गुण लगाउनु भयो। जसमध्ये

*निर्देशक, नेपाल राष्ट्र बैंक

कानुन व्यवसायी साथीहरूले हाम्रा मुद्दा दर्ता गर्ने, बहस गर्ने लगायतका कार्यहरू निःशुल्क गरेर हामीलाई न्याय दिलाउने काम सम्पन्न गरिदिनु भएकोमा हामी कारवाहीमा परेका युनियनकर्मी साथीहरूलाई आभारी बनाउनु भएको सन्दर्भ आजीवन स्मरणयोग्य रहेको छ।

जागिरबाट बर्खास्त भएपश्चात् हाम्रो आन्दोलन दुई प्रकारले चलाउनु पर्ने भयो । एउटा त्यस बेलाको सरकार कसको पक्षमा काम गर्छ भनी सर्वसाधारणमा चेतना फैलाउनु पर्ने भयो भने दोस्रो, तत्काल सानो लगानीमा सबैले बिहान बेलुका डेरामा स्टोभ बाल्नु पनि केही गर्नुपर्ने भयो। उक्त उद्देश्य पूरा गर्न तत्काललाई काठमाडौंको खुलामञ्चको एक कुनामा नेपाल राष्ट्र बैंकबाट बर्खास्त कर्मचारीहरूबाट सञ्चालित पसल भनी टुल टाँगेर हामीले संयुक्त रूपमा विभिन्न रेडिमेड सामानहरूको व्यापार गर्न सुरू गऱ्यौं। त्यसताका खुल्लामञ्चमा विभिन्न प्रकारका अनुभवहरू बटुल्न पाइयो, नेपालीहरू कतिले कतिसम्म दुःख गर्ने र कतिसम्म अन्यायमा बाच्नु पर्दो रहेछ, कति मानिसले कतिको ठगाई, फटाहीहरू सहनु पर्दो रहेछ त्यो सबै प्रत्यक्ष रूपमा देख्न पाइयो। यस्तैमा एउटा रमाइलो घटना सम्झनायोग्य रहेकोले राख्ने जमर्को गरेको छु।

एकदिनको कुरो भर्खर भर्खर पसलका सामान मिलाएर पसल कुर्दै गर्दा हाम्रो नजिकका पसले जसले अरूको भाग्य हेर्ने गर्थे तर आफ्नो भाग्यको पत्तो नभएको निदार भरी सेतो र रातो चन्दन धसेको हेर्दा मङ्गोलियन देखिने जोतिषी। उसले पनि आफ्नो पसल भुइँमा बिछ्यायो, जमिन सफा पाऱ्यो, एक छेऊमा मयुरका प्वाँख गाड्यो, एक दुईवटा फोटाहरू खै कुन कुन देउताका हो ठाडो पाऱ्यो, अगरवत्ती बाल्यो, एक छेउमा दुई/चारवटा किताब मिलायो, बोरा ओछ्यायो, एउटा लौरो गाड्यो, अनि छाता खोलेर त्यसमा बाँध्यो, केही मन्त्रहरू पढेर बोरामा बस्यो, त्यसपछि उसको फुर्सद भएको महसुस गरी हाम्रा साथी बद्री अधिकारीहरूले कुरा गर्न सुरू गरे। त्यस बेलाका अल्लारे ठीटा बद्रीले जोतिषीका घरायसी कुरादेखि अरूको भाग्य हेरी कमाएको पैसा खर्च गर्ने भट्टीसम्मका कुरासम्म ओकल्न लगाए रमाइलो पारामा। त्यतिकैमा एकजना त्यस्तै २०/२२ वर्षकी बर्खैर काठमाडौं बाहिरबाट आएकी केटी हात हेराउन आइपुगी। जोतिषीको बोहोनी सुरू भयो तर हाम्रो बोहोनी शुरु भएको थिएन। जोतिषीले पनि यसो हाउभाउ हेरेर रु. ५०।– हातमा राख्न भने। अनि एकछिन के के गुनगुनायो, पैसा हातबाट टिपेर किताब, फोटाहरूमा घुमाएर खल्तीमा राख्यो। हामीलाई पनि रमाइलो लागिरहेको थियो। हामी पनि आफ्नो पसल हेर्दै उसको व्यापारको अनुगमन गर्दै बसिरहेका थियौं। जोतिषीले धेरै कुरा भन्यो, जस्तैः नानीको भाग्य त बसीबसी खाने रहेछ अलिकति आफन्तले नै बिगार्दा रहेछन्, पैसा त प्रशस्तै हातमा पर्छ तर अडिदैं अडिदैन आदि। हामीले सबैमा ध्यान दिइरहने कुरा त भएन। तर केटीले जब मैले मन पराएको केटासँग घरबार हुन्छ की हुन्न भनेर सोधी। हाम्रा पनि कान ठाडा भए। जोतिषीले खै तिमीले पहिले मन पराएकोलाई छोडेर अर्कै मन पराउन थालिछौ। त्यसको त सारै भर छैन्। तिमीलाई एउटा बुटी लाइदिन्छु त्यसले त्यो केटा तिमीबाहेक अरूलाई हेर्दा पनि नहेर्ने हुन्छ भने। हामी जिल्ल पऱ्यौं। त्यसपछि बुटी लगाई दिन भनि त्यो केटीले उसले थप रु. ५०।– माग्यो। केटीले खुरूक्क पैसा दिई बुटी लगाई। अनि केही मन्त्र पढे जस्तो गरेर जोतिषीले केही परे फेरी आउन भन्दै केटीलाई बिदा गऱ्यो। अब फेरि साथीहरूको जोतिषीसँग गफ सुरू भयो। उसबाट मानिसहरूलाई कसरी बेवकुफ बनाउने भन्ने धेरै शिक्षाहरू हाम्रा साथीहरूले ग्रहण गर्नु त्यो कुरा हामी पछिसम्म पनि रमाइलो मानी कुराकानीको सिलसिलामा सम्झने गरिन्छ।

यस्तै सम्झन लायक अर्को घटना खुल्लामञ्चमा सञ्चालित पसललाई बन्द गर्ने निर्णय भयो। सामान थपिएन भएका सामानहरू बिक्री गर्ने भइयो। त्यसरी सामान बेचेर सक्ने सोचमा बसेका हामी सबै सामान किन बिक्री हुन्थो र, केही हामी आफैलाई चाहिने सामानहरू हामीले राख्यौ र बाँकी सामान सप्तरी जिल्लामा भएको कोशी नदीका बाढी पीडितहरूलाई बाँड्ने निर्णय गरी म र चिन्तामणि सिवाकोटीले आफ्नो घर मोरङ्ग जाँदा लिएर जाने अनी बाँड्ने निर्णय भयो। केही बोरा सामानहरू लिई हामी त्यसतर्फ लाग्यौ। सप्तरीको हनुमाननगरमा बसबाट ओर्लिएर बाढी प्रभावित क्षेत्रतिर गएको त जग्गा जमिनमात्र कटान भएको रहेछ। कसैको पनि घर बगाएर बेघरवार भएको देखिएन। हामीलाई उक्त ठाउँ पुऱ्याउने व्यक्तिले रुपैयाँ पैसा भए सहयोग दिनुस् नभए लुगा कपडाहरू यहाँका मानिसले लिँदैनन् भन्यो। हामी आफै पीडित व्यक्तिहरू पैसा भए दिनुस भनेपछि हामीले पनि अर्को उपाय सोच्नु पऱ्यो ल भैगो हामीसँग पैसा छैन्। यो सामान अरू ठाउँमै बाँडुला भनी ती बोराका सामान फेरि अर्को बसमा हालेर पूर्व लागियो के गर्ने त्यो सामान ? त्यतिकैमा ल भुटानी शरणार्थी शिविरमा सामान लगेर छोडेर आउने निदो गरियो र कन्काई नदीको किनारामा बसेका शरणार्थी शिविरतिर लागियो। आफै एक किसिमले शरणार्थी भएको बेलामा शरणार्थीलाई सहयोग बाँड्न जाने बाटो भरी तर्क वितर्कहरू गर्दै

हामी त्यहाँ पुग्यौ। भुटानी शरणार्थी बसेको ठाउँ तिनीहरूको दुःख पूर्ण कहानीहरू बच्चाबच्चीहरूको अवस्था, बुढाबुढीहरूको बेदना सुनेर हामीले सही ठाऊँ चयन गरेकोमा हामी दङ्ग परेका थियौ। भरखरै शिविर बनाई शरणार्थीहरूको व्यवस्थापन भइरहेको अवस्थामा सानो सहयोग पनि धेरै महत्त्वको हुँदो रहेछ हामीले प्रत्यक्ष महसुस गऱ्यौ । हामीले लगेका सबै सामानहरू बिक्री नभएर बाँकी रहेकै भए पनि नयाँ थिए भने त्यसमा केही थान कम्बलहरू पनि किनेर थप गरिएको थियो। ती सामानहरू त्यहाँको समितिले आवश्यकता र पालोअनुसार हाम्रै अगाडि वितरण गरे। सामान पाउनेहरू खुशी भएको देखिन्थो तर त्यहाँ कुनै प्रकारको रिस, डाह, तँछाड–मछाड थिएन। यस्तैमा दुई जोर जुत्ताको साइज अलगअलग परेछ। अनुभव नभएका हामीले खुलामञ्चमा पसल चलाएको जुत्ताको साइज बिगारेर बिक्री गरेको बल्ल पो थाहा पाइयो।

केही समयको खुल्लामञ्चको सङ्घर्ष सम्पन्न गरी हामीमध्ये केही साथीहरू आफ्नो आफ्नो किसिमले जीविकोपार्जन तिर लाग्यौ भने बद्री अधिकारीलगायत केही साथीहरू संयुक्त रूपमा सञ्चालित बस सेवाको काममा सामेल हुनुभयो। यो बस सेवा सञ्चालन गर्नु पनि सङ्घर्षको एउटा माध्यम नै थियो जसले उक्त बस सेवा सञ्चालन भएका रूटका सर्वसाधारण जनता तथा यात्रुहरूलाई नेपाल राष्ट्र बैंकभित्रका भ्रष्टाचारीहरूलाई तत्कालीन सरकारले कति संरक्षण दिएको थियो र देशमा प्रजातन्त्रको पुनर्बहालीपश्चात्को सरकारले कसको पक्षपोषण गरेको रहेछ सोको प्रचारप्रसारको माध्यमको रूपमा अथवा जनचेतना फैलाउने कार्यमा सहयोग पुगोस् भन्ने नै थियो। तर सोही अभियानमा हामीले बद्री अधिकारीजस्ता होनहार साथी गुमाउनु पऱ्यो भने त्यस दुर्घटनाले हाम्रो सङ्घर्षको त्यस अभियानलाई पनि दुःखद् अन्त्य गर्नु पऱ्यो।

यस्तै यस्तै अनुभुतीहरू सङ्गाल्दै हामीमाथि गरिएको त्यस अन्यायपूर्ण कारवाहीको विरुद्धमा सम्मानित सर्वोच्च अदालतमा मुद्दाका तारेख धाउने काम र जीविकोपार्जनका लागि विभिन्न कामहरूमा हामी लागेका थियौं। जाडो महिनामा सर्वोच्च अदालतको प्राङ्गणमा हामीले धेरै माना बदाम, केही के.जी. सुन्तलाहरूको खपत पनि गऱ्यौ हामीजस्तै न्यायको आसमा आफ्नो जीवनका अमूल्य वर्षहरू व्यतित गर्ने मानिसहरूको हुलमा। मुद्दाको पेशीको दिन आज त पक्कै फैसला होला भनी करीब १०/११ बजेतिर अदालत पुगेँ आज यति नम्बर बेञ्चमा यति नम्बरमा पेशी छ भनो कुऱ्यो पछि भ्याइएन भन्ने सूचना आउँथ्यो यस्तै प्रक्रिया निरन्तर केही पटक चलेको हुन्थ्यो।

यसरी फैसलाको आशमा अदालतको प्राङ्गणमा समय बिताउँदा केही घण्टा साह्रै रमाइलो महसुस हुन्थ्यो, गफगाफ पनि रमाइलो हुन्थ्यो। ती पलहरूमा कतिपय मानिसहरूका पीडादायक कथाहरू सुन्न पाइन्थ्यो भने कतिपय मानिसहरूले अरूलाई कतिसम्म दुःख, पीडा दिन सक्छन् भन्ने उदाहरणहरू प्रसस्तै पाइन्थ्यो, हामीमा पनि धेरै नै पीडा महसुस भए पनि मुद्दाको किनारा सुखद हुने आशले रमाइलो नै लाग्थो। यसैबीचमा दीपेन्द्रबहादुर क्षेत्रीका पेचिला, ओजपूर्ण तथा रमाइला कुराहरूले त हामीलाई धेरै नै उर्जा थप्ने काम गरेको हुन्थ्यो भने वासुदेव अधिकारीका कविता तथा साहित्यिक रचनाहरूले अझ धेरै बल प्रदान गर्थ्यो। यो अवधिभर त कुनै कुनै समयमा मानिसले धेरै कुराको अनुभव, ज्ञानलगायत मानिसका छलकपट गर्न सक्ने क्षमता, पदमा पुगेपछि आफ्नो धरातल बिर्सिएर अरूलाई पीडा दिनसक्ने आँट, वकिलहरूका तर्कवितर्क आदि आदि बुझ्नलाई पनि एकपटक मुद्दा खेप्नु राम्रो नै हुन्छ कि भन्ने भान पनि परेको थियो। यस्तै यस्तैमा एक दिन हाम्रो मुद्दाको पेशी शुरू भयो। प्रत्येक साथीका अलग अलग मुद्दाहरू केही दिन त पेशी मै बित्यो। अन्तमा हामीहरूले न्याय पायौं। करीब चार वर्षको अवधिमा हामीले एकजना साथी बद्री अधिकारीलाई गुमाउनु पऱ्यो भने कति साथीहरूको पदोन्नतिको अवसर गुम्यो। कति साथीहरूलाई मुद्दापछि पनि कार्यालयमा हाजिरपश्चात् पनि कतिपय बहानामा हतोत्साही गर्ने लगायतका कामसमेत भयो। जे भए पनि अन्त्यमा पीडकहरूले उनीहरूको कर्मको फल पाए भने हामी सबै साथीहरू (शहीद साथी बाहेक) को आफ्नो आफ्नो क्षमता र अनुकूलताअनुसार संस्थाको सर्वोच्च पद प्राप्तिसम्मको उपलब्धी भएको हामीले प्रत्यक्ष रूपमा अनुभव गर्न पायौं। त्यसैले सङ्घर्षका दौरानमा विभिन्न कठिनाइहरू भोग्नु परे पनि त्यसबाट प्राप्त हुने सुखद अनुभूति अति नै मीठो सम्मानजनक र उर्जाबर्द्धक हुने अनुभव गर्न पाइयो।

अन्त्यमा मानिसको जीवन सङ्घर्षपूर्ण हुन्छ नै तर सङ्घर्ष केका लागि आफैले त्यसलाई निर्धारण गर्नु पर्छ सामूहिक स्वार्थका लागि गरिएको सङ्घर्षले जुनसुकै अवस्थामा पनि सुखद अनुभुति दिन्छ भने व्यक्तिगत स्वार्थका लागि गरिएको सङ्घर्ष त्यस्ता व्यक्तिहरूले केही हासिल गर्न त सक्लान् तर आत्मसम्मान गिराउने र अरूको नजरमा स्वार्थी तथा लालची देखाउने रहेछ, जागिर ⇨ सडक ⇨ जागिरको दौरानमा हामीले भोगेका अनि सँगालेका अनुभवहरू। यस अवधिमा यस्ता धेरै घटनाहरूको सामना गर्नु पऱ्यो तर सबैलाई यहाँ समेट्न सकिने कुरै भएन मौका मिले आगामी धारावाहिकमा वर्णन गर्ने नै छु। अस्तु ।


www.apexbanknepal.com
मेरो मात्र हैन, हाम्रो बैंक बनाऊँ, नजिकको शाखामा
मुद्दती बचत गर्न जाऔं
एपेक्स मुद्दती निक्षेप
८.५%
वार्षिक ब्याज
विशेषताहरु:
न्यूनतम मौज्दात रू. १०,००० बाट खाता सञ्चालन गर्न सकिने
दैनिक मौज्दातमा ब्याज गणना गरिने
बार्षिक ब्याज भुक्तानी गरिने
Internet Banking सुविधा
मुद्दति रसिद धितोमा कर्जा सुविधा
त्रैमासिक ब्याज भुक्तानी सुविधा
Apex Development Bank Ltd.
एपेक्स डेभलपमेण्ट बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त संस्था)
Central Office
P. O. Box: 24062, Hattisar, Kathmandu
Tel: 01-4429907, 4429876 Fax: +977-1-4429850
Email: info@apexbanknepal.com





संघको वार्षिक कार्यक्रम अन्तर्गत स्वीट्जरल्याण्ड पार्कमा आयोजित बृहत वनभोज कार्यक्रमका झलकहरू






नेपाल राष्ट्र बैंक कर्मचारी संघको छैठौं केन्द्रीय परिषद् बैठक उद्घाटन समारोहका झलकहरू





नेपाल राष्ट्र बैंक कर्मचारी संघको छैठौं केन्द्रीय परिषद् बैठक उद्घाटन समारोहका झलकहरू







नेपाल राष्ट्र बैंक कर्मचारी संघद्वारा नगरकोटमा आयोजित आवासीय प्रशिक्षणका झलकहरू





नेपाल राष्ट्र बैंक कर्मचारी संघद्वारा नगरकोटमा आयोजित आवासीय प्रशिक्षणका झलक



नेपाल राष्ट्र बैंक कर्मचारी संघद्वारा बोडेंमा आयोजित आवासीय प्रशिक्षणका झलक






नेपाल राष्ट्र बैंक कर्मचारी संघद्वारा बोर्डमा आयोजित आवासीय प्रशिक्षणका झलक





नेपाल राष्ट्र बैंक कर्मचारी संघद्वारा बोर्डेमा आयोजित आवासीय प्रशिक्षणका झलक

# अतितका सम्झना

✍ तीर्थराज खरेल*

*हुँदैन बिहान मिर्मिरेमा तारा झरेर नगए*
*बन्दैन मुलुक दुईचार सपूत मरेर नगए ।*

–भूपि शेरचन

आँधीबेहरी आउनुभन्दा अगाडि वातावरण शान्त र सन्नाटा देखिन्छ । समय बलवान् र क्रुर हुँदोरहेछ । पत्याउने गाह्रो पर्ने अकल्पनीय घटना सुन्नु र देख्नु पर्दोरहेछ। यस्तै केही घटना मेरो मन–मस्तिष्कमा आज पनि अमिटरूपले रहेका छन्।

–१–

एक राजनेताको अन्त्य विदेशमा भयो । त्यसको असर नेपालमा पऱ्यो। घटना विक्रम सम्वत् २०३५ सालको अन्त्यतिरको हो । जुल्फिकार अलि भुट्टोको निर्वाचित सरकारलाई अपदस्थ गरी जनरल जियाउल हक पाकिस्तानमा सत्तासिन भएछन् । अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो कदम सही थियो भन्ने प्रमाणित गराउन जियाउल हक लाग्नु स्वाभाविक थियो । राजनीतिक विरोधीको हत्या गर्ने षड्यन्त्र गरेको अभियोगमा भुट्टोलाई पक्राउ गरी मुद्दा चलाइएछ। पाकिस्तानको सर्वोच्च अदालतले भुट्टोमाथि लगाइएको आरोप सही प्रमाणित गरी उनलाई मृत्युदण्ड दिने फैसला गरेछ। यही फैसलाको आधारमा विक्रम सम्वत् २०३५ साल चैत्रको अन्तिम हप्ता पाकिस्तानका पूर्वप्रधानमन्त्री जुल्फिकार अलि भुट्टोलाई रावलपिण्डीको जेलमा फाँसी दिइएछ। यसरी जनरल जियाउल हकले आफ्नो सत्ता लम्ब्याउने प्रपञ्च मिलाए छन्।

भुट्टोको मृत्युदण्डको छिट्टा नेपालमा पनि पर्नु स्वभाविक थियो। समय बलवान् हुँदोरहेछ । यस्तो त्रासदिपूर्ण अकल्पनीय घटना सुन्नुपर्दा नेपालका चेतनशील नागरिक चुप लागेर बस्नसक्ने कुरै भएन । मृत्युदण्डको विरोधमा काठमाडौं उपत्यकास्थित क्याम्पसका विद्यार्थीहरूले पाकिस्तानी दुतावासमा विरोधपत्र दिने निर्णय गरेछन् । विरोधपत्र बुझाउन निस्केको जुलुसले जियाउल हकको विरूद्धमा नारा लगाउँदै लैनचौरतर्फ अघि बढ्दै थियो । प्रहरीले जुलुसलाई पानीपोखरी जाने गौंडो लैनचौरबाट अघि बढ्न दिएनछ। प्रहरी र विद्यार्थीका बीच भिषण सङ्घर्ष भएछ। सङ्घर्षमा प्रहरीको निर्मम लाठीचार्जबाट धेरै विद्यार्थी घाइते भएछन् भने सयौं विद्यार्थीलाई पक्राउ समेत गरेछ। चैत्र महिनाको चौथो हप्ताको यो घटना खडेरीको डडेलोझैं देशव्यापी रूपमा फैलिन पुग्यो।

देशभित्रको घटना थाहा पाउन अहिलेको जस्तो सञ्चार माध्यम सर्वसुलभ थिएन। कार्यालय समय पछाडि नयाँसडक पुग्नु र कहाँ कहाँ के के भयो भन्ने जानकारी लिनु दैनिकी भैसकेको थियो। सधैँझैं २०३६ साल जेठ ९ गते पनि कार्यालय पछि घुम्दै न्युरोड गेट काट्न लाग्दा आकाशमा एकजुवा घाम बाँकी नै थियो। फुटपाथका दुबैतर्फ मानिसको भिड पश्चिमतिर हेरेर कौतुहलताका साथ कुरा गरिरहेका थिए। न्यूरोड गेटबाट टेबहाल जाने मोडमा उभिएर पश्चिमतर्फ आँखा दौडाउँदा करिब दुई सय मिटरको फरकमा ठेलगाडामाथि मानिस उभिएको देखियो। को थिए त तिनीहरू भनी जिज्ञाशा राख्दा, विद्यार्थी नेताहरू हुन् भन्ने थाहा पाइयो।

विद्यार्थी आन्दोलन उत्कर्षमा पुगिरहेको मौकामा नेपाल विद्यार्थी संघका बलबहादुर के.सी., अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनका शरणविक्रम मल्ल र नेपाल राष्ट्रिय फेडरेशनका कैलाश कार्की समेतले त्रि.वि. क्याम्पस कीर्तिपुरमा आमसभा गरेछन् । आमसभामा "हाम्रो माग पूरा भएकाले परिस्थितिलाई ध्यानमा राखी पढाइ चालु राख्न" विद्यार्थी साथीहरूलाई आह्वान गरेछन्। यो भनाइबाट आक्रोशित अस्कल क्याम्पसमा भेला भएका विद्यार्थीहरूले "देशव्यापी धरपकडमा हजारौं विद्यार्थी साथीहरू थुनामा रहेको अवस्थामा आन्दोलनलाई शिथिल बनाउने प्रयत्न गरेको" भन्दै तीन विद्यार्थी सङ्गठनका तीन व्यक्तिलाई नेताको रूपमा उनीहरूको विजयमा सम्मानस्वरूप मुखमा कालोमोसो दली, जुत्ताको माला लगाई दोसल्लाको रूपमा बोरा (भाङ्ग्रा) ओढाएर त्यही ठेलगाडामा राखी नगर परिक्रमा गराउँदै ल्याएका रहेछन्।

न्युरोड गेटस्थित घरेलु शिल्पकला बिक्री भण्डार अगाडि बिजुली चम्केझैं प्रहरीका दुई ट्रक आई रोकिए । क्षणभरमा त्यहाँको माहोल लाठीधारी प्रहरीमय भयो। ठेलगाडामा उभ्याइएर गडगडाहट तालीबाट अभिनन्दित विद्यार्थी नेतालाई हेरेर बसेका दर्शकलाई के हुँदैछ भन्ने के थाहा ? प्रहरी इञ्चार्जबाट

**विधान मस्यौदा समिति सदस्य, नेपाल राष्ट्र बैंक कर्मचारी संघ*

सिठ्ठी बज्नासाथ दर्शकमाथि एकैचोटी निर्ममतापूर्वक लाठी बर्सन थाल्यो। कता जिली कता गाँठी ? विद्यार्थी नेतालाई हेरी अभिनन्दन गर्ने धोको हुँदाहुँदै तोरीको फूल देखिने गरी लाठी खाएर ज्यान जोगाउन भागदौड मच्चियो। टेबहाल चोकभित्रको एउटा घरको छिँडिभित्र लुकेर ज्यान जोगाउन पुगें।

ठेलागाडे विद्यार्थी नेतालाई आक्रोशित भिडबाट जोगाउन सरकारले त्यत्रो माहोल रचेको रहेछ। यिनीहरूलाई आर.एन.ए.सी. भवनभित्र पुऱ्याई भिडलाई तितरवितर गरी संरक्षण दिइएकोमा विद्यार्थी र आक्रोशित जनसमुदायको भिडले आर.एन.ए.सी. भवनका सबै सिसा फुटाएछन्। त्यहाँ पनि एकत्रित भिडमाथि प्रहरीले बर्बरतापूर्वक लाठी र अश्रुग्याँस एकैपटक प्रहार गरेछ । सरकारको अमानवीय दमनबाट आक्रोशित आन्दोलित समूहले साँझ गोरखापत्र संस्थानमा आगजनी गरिदिएछन्।

यो घटनाको भोलिपल्ट अर्थात् विक्रम सम्वत् २०३६ जेठ १० गते बिहान, देशमा चलिरहेको विद्यमान समस्या समाधानको लागि श्री ५ वीरेन्द्रबाट नौलो उपायस्वरूप जनमत सङ्ग्रह गराउने घोषणा गरियो। यही घोषणाबाट नेपालमा गणतन्त्रको गर्भाधान भएको थियो भनी अनुमान गर्दा अतिसयोक्ति नहोला।

सङ्घर्ष गर्न सक्नुपर्छ। सङ्घर्ष गरेपछि थोरै गुमाए पनि धेरै पाइँदोरहेछ भन्ने चेतनाको विकास भयो । यस्तो चेतना तरङ्गित हुँदै कर्मचारीको मन–मस्तिष्कमा प्रवेश गऱ्यो । जेठ १० को घटनापश्चात् विद्यार्थी वर्गमा लागेको डढेलोको लप्काले संस्थानका कर्मचारीमा पनि एकपछि अर्को संस्थामा लपेट्दै गयो । नेपाल राष्ट्र बैंकको इतिहासमा पहिलो पटक कर्मचारीले कर्मचारीका हकहित सम्बन्धमा २३ सूत्रीय माग उच्च व्यवस्थापनसमक्ष पेश गऱ्यो। त्यसमा मुख्य गरेर तलब वृद्धि, दैनिक खाजाभत्ता वृद्धि, छोराछोरी पढाउन शिक्षाभत्ता, परिवहन सुविधा, महङ्गीभत्ता, घरजग्गा सापटीमा सीमा वृद्धि गरी कर्जालाई बीमा गर्ने व्यवस्था आदि थिए।

एकपछि अर्कोमा गर्दै सम्पूर्ण संस्थानका व्यवस्थापनसमक्ष कर्मचारीका माग पेश गर्ने काम एक हप्ताभित्रमै पूरा भइसकेको थियो। त्यस समयमा कर्मचारीका माग पेश नगर्नेमा निजामती, सैनिक र प्रहरी सङ्गठन मात्र बाँकी रहे।

नेपाल राष्ट्र बैंकको स्थापनाकालपछि कर्मचारीले पहिलो पटक माग पेश गरेका थिए । बैंकको उच्च व्यवस्थापनले समाधानको (अन्य) वैकल्पिक उपाय नपहिल्याई तत्कालीन व्यवस्थाको मूलमन्त्र दमनलाई नै रोज्यो । बैंक व्यवस्थापनले स्थानीय प्रशासन गुहारेर कर्मचारीलाई कार्यालय आउँदै गर्दा बाटैबाट चीलले कुखुरा टिपेझैँ पक्रन सुरू गऱ्यो । यसरी पक्राउ पर्नेमा अधिकृत द्वितीय शालिकराम शर्मा, मो.मे. उमाभक्त श्रेष्ठ र प्र.स. शम्भुप्रसाद पौडेल थिए। यिनीहरूलाई स्थानीय प्रशासनले सुरक्षा कानुनअन्तर्गत सेन्ट्रल जेलमा पुऱ्याइसकेको थियो। काठमाडौं उपत्यकास्थित कार्यालयका सम्पूर्ण कर्मचारी बिहान हाजिर गरेर माग पूरा गराउन र हिरासतमा रहेका साथीको रिहाइको लागि दिनदिनै आन्दोलन गर्दै भवन बाहिर कार्यालय चौघेराभित्र बसी व्यवस्थापनलाई दबाब दिँदै थिए।

अर्कोतर्फ, व्यवस्थापनले अग्रपङ्तीमा प्रहरी र पछिल्लो पङ्तीमा गुप्तचर राखी कर्मचारीमाथि धरपकड सुरू गऱ्यो । यसरी १५/२० जना कर्मचारीलाई पक्रेर लगिसकेको थियो । उपत्यकास्थित कार्यालयका कर्मचारीमध्ये ९० प्रतिशतले सामूहिक गिरफ्तारी दिए। गिरफ्तारी दिने कर्मचारीलाई ट्रकमा राखी भृकुटीमण्डपस्थित महेन्द्र पुलिस क्लबको चउरमा जेठको टन्टलापुर घाममा थुपारेर राख्यो । तिर्खा लाग्नेले पानी खान माग्दा '.... गरेर खा' भन्ने अप्रिय शब्द प्रहरीबाट गुञ्जिन्थ्यो। यस्ता भनाइले त्यस समयको शासन पद्धति कस्तो थियो होला भनी अनुमान लगाउन गाह्रो पर्दैन।

साँझपख हडतालरत कर्मचारीलाई पङ्तीबद्ध गराइयो । पालैपालो एउटा सानो हलमा लगियो। केरकार गर्न अञ्चालाधीश कार्यालयका प्रतिनिधि, काठमाडौंका प्रमुख जिल्ला अधिकारी र प्रहरीका डि.आई.जी. सहितको टोली रहेको टेबुल अगाडि पुऱ्याउँदै सोधनी गर्न थालियो। प्रश्न सरल थियो "काम गर्ने कि नगर्ने" ? टेबुलमा तीन थान रजिष्टर राखिएको रहेछ। "काम गर्छु" भन्नेका लागि एउटा, "थुनिएका साथी छुटेमा काम गर्छु" भन्नेका लागि दोस्रो र "माग पूरा भई थुनिएका साथी छुटेपछि काम गर्छु" भन्नेका लागि तेस्रो रजिष्टरमा सही गराई छुट्टाछुट्टै स्थानमा राखियो। पहिलो रजिष्टरमा सही गर्नेलाई सोही दिन बेलुका सम्बन्धित कार्यालयमा पुऱ्याई छाडिदिएछ। दोस्रो रजिष्मा सही गर्ने ७४ जना साथीलाई एकरात महेन्द्र पुलिस क्लबमै राखी भोलिपल्ट बिहान छाडिएछ। तेस्रो रजिष्टरमा सही गर्ने मसहित १० जनाको समूहलाई राती दस बजे हनुमानढोकास्थित जिल्ला प्रहरी कार्यालयको खोरमा थुन्यो। कोठा सानो थियो। बस्नको लागि थोत्रो सुकुल त्यो पनि ठाउँठाउँमा च्यातिएको। चार पाँच जना अट्ने कोठामा हामी सकसपूर्ण तरिकाले लामखुट्टे, उपियाँ र उडुसको थप पीडा भोग्दै आदिकवि भानुभक्त आचार्यलाई सम्झन पुग्थ्यौं।

तीन दिन लगाएर सरकारी वकिलको रोहवरमा हामी (दिवाकर शर्मा, तीर्थराज खरेल, तिलक श्रेष्ठ, साधुराम कपाली,

इन्दुशमशेर राणा, लक्ष्मी थापा, .... चन्द सहित) लाई बयान लिइयो । अत्यावश्यकीय सेवालाई अवरोध पुऱ्याएकोले सोही ऐनअन्तर्गत हामीमाथि मुद्दा चलाउने अभिप्रायले बयान लिइएको थियो। यो कुरा बाहिर बस्ने साथीहरूले थाहा पाई कार्यालयको काम ठप्प पारेछन् । का.मु. गभर्नरले विभागीय प्रमुखहरूलाई साथमा लिई उपत्यकास्थित सम्पूर्ण कार्यालयका कोठा कोठामा गई कर्मचारीलाई आफ्नो जिम्मेवारी सम्हाल्न अनुरोधको भाका बोल्दै अप्रत्यक्ष रूपमा दबाब दिएछन् । तर, साथीहरूले "हिरासतमा रहेका हाम्रा साथीहरू नछुटी र पेश गरिएका मागलाई व्यवस्थापनले सम्बोधन नगरेसम्म काम गर्न अप्ठ्यारो पर्छ" भन्ने जवाफ दिएछन् । बैंकको उच्च व्यवस्थापनले यस किसिमबाट कार्यालय सञ्चालन गर्न नसकिने महसुस गरेछन् । गभर्नरले बागमती अञ्चलाधीश र काठमाडौंका प्रमुख जिल्ला अधिकारी सँग कार्यालयको यथार्थ स्थिति जानकारी गराई आन्दोलनको क्रममा हिरासतमा रहेका कर्मचारीलाई मुक्त गराई आफ्नो कुर्सी सुरक्षित राख्ने बाटो रोजेछन् ।

सातौं दिन हनुमानढोकास्थित जि.प्र.का. काठमाडौंको हिरासतबाट हामीलाई महेन्द्र पुलिस क्लबमा ल्याइयो । त्यहाँ बागमती अञ्चलाधीश, काठमाडौंका प्रमुख जिल्ला अधिकारी, प्रहरीका डि.आई.जी., नेपाल राष्ट्र बैंकका आर्थिक सल्लाहकार मीना आचार्य र कानुन अधिकृत जयरामसिंह बोहरा रहेको बैठकमा उपस्थित गराइयो । बैंक प्रतिनिधिलाई जिम्मा लगाई हामीलाई छोड्ने विषयमा छलफल भयो । स्थानीय प्रशासनले हिरासतमा रहेका कर्मचारीलाई मुक्त गरी सम्बन्धित कार्यालयका प्रतिनिधिलाई जिम्मा लगाउने कागज तयार गरिसकेका रहेछन्। स्थानीय प्रशासनका एक अधिकारीबाट "यो कागजमा तपाईंहरूको जहाँ आ-आफ्नु नाम छ, त्यहीं त्यहीं सही गर्नू" भन्ने भनाइ आयो। यो भनाइपछि परिस्थिति गम्भीर देखियो। सरकारी वकिलको रोहवरमा तयार गरिएको बयानको कागजलाई जिल्ला प्रहरी कार्यालयमा यथावत् छोडेर हिरासतबाट म निस्कन्न भन्ने मेरो भनाइले लामो छलफल गरायो । केही साथी, मेरो भनाइप्रति असन्तुष्ट देखिए । उनीहरू पारिवारिक विछोडबाट निराश देखिन्थे । तैपनि मैले आफ्नो अडान राख्दै सरकारले लगाउने मुद्दाबाट पछि हट्दिन भनें । त्यहाँ उपस्थित उच्च अधिकारीको छलफलपछि प्रमुख जिल्ला अधिकारीको निर्देशनमा जिल्ला प्रहरी कार्यालयबाट हामीहरू माथि मुद्दा चलाउन बयान गराइएको फाइल मगाइयो। हाम्रो रोहबरमा हामीले गरेको बयानको कागजलाई च्याती जलाइयो । हामीहरू र सोही समयमा सुरक्षा कानुनअन्तर्गत सेन्ट्रल जेलमा रहेका साथीहरूले समेत थुनाबाट छुटेको कागजमा सही गरी बैंक प्रतिनिधिसँग महेन्द्र पुलिस क्लबबाट निस्क्यौं । भोलिपल्ट गभर्नरको कार्यालयमा हामीलाई बोलाइयो । त्यहाँ आरोप/प्रत्यारोप केही समय चल्यो । दुबै पक्षका (व्यवस्थापन र कर्मचारी) नरमपन्थी व्यक्तिबाट समस्या नतताउने भूमिका निभाउनुभयो । तत्पश्चात् "कर्मचारीका मागलाई पूरा गर्दै जाने, व्यवस्थापनबाट कर्मचारीमाथि पक्षपातको गन्ध आउन नदिने, अवसरलाई एकपक्षीय हुन नदिने, कर्मचारीलाई स्थानीय प्रशासन गुहारेर पुलिसद्वारा पक्राउने काम व्यवस्थापनबाट नभएको र भविष्यमा पनि कर्मचारी माथि दूराग्रह राखी यस्तो कार्य गरिने छैन" भन्ने आश्वासन का.मु. गर्भनरबाट दिइयो ।

वि.सं.२०३६ को कर्मचारी हडतालबाट नेपाल राष्ट्र बैंकका कर्मचारीले पेश गरेका मागमध्ये पूरा भएका प्रमुख माग निम्न थिए – (१) घरजग्गा सापटीको सीमा वृद्धि (२) घरजग्गा सापटीको बीमा (३) परिवहनको व्यवस्था (४) दैनिक खाजा खर्चमा वृद्धि र (५) छोरा/छोरी पढाउने शैक्षिक भत्ता आदि । त्यसमा घरजग्गा सापटीको बीमा महत्त्वपूर्ण थियो । घरजग्गा सापटी बीमा नहुँदा सापटीको मासिक किस्ता र तीन प्रतिशत ब्याज तिर्नुपर्दा मासिक तलब लिंदा नगण्य रकममात्र हातपर्ने स्थितिबाट कर्मचारीले मुक्ति पाएका थिए । वि.सं. २०३६ सालमा नेपाल राष्ट्र बैंकमा भएको कर्मचारी आन्दोलन यसरी समाप्त भएको थियो ।

जुल्फिकार अलि भुट्टोको फाँसीको समाचारबाट वि.सं. २०३५ चैत्र अन्तिम हप्तादेखि सुरू भएको देशव्यापी आन्दोलनमा सहभागी विद्यार्थी र सर्वसाधारण गरी जम्मा १३ जनाले जीवनको आहुती दिएका थिए ।

–२–

परिवर्तनकारी जनता परिर्वतन चाहिरहन्छन् । नेपालको इतिहासमा प्रत्येक दश वर्षमा यस्तै भइरहेको देखिन्छ । वि.सं. २०४६ फागुन ७ देखि प्रथम जनआन्दोलनको शङ्खनाद भयो । यो पटकको जनआन्दोलन विस्तार विस्तार अघि बढ्दै उत्कर्षमा पुग्यो । चैत्र २४, २६ र २७ गते स्मरणीय दिन रह्यो । यो आन्दोलनमा सहभागी हुन नेपाल राष्ट्र बैंकका कर्मचारीहरू पनि पछि परेनन् ।

जनआन्दोलनको सफलतासँगै नेपाल राष्ट्र बैंकमा कर्मचारीका मागहरू समेत पेश हुन थाले । यससँगै गभर्नरको राजीनामा माग गरिएको पर्चा पनि झुल्किन पुग्यो । वि.सं.

२०३६ को घटना राम्रोसँग हेरेका र बुझेका गर्भनरले आफ्नो पद सुरक्षित राख्न सक्दो प्रयास गर्नु अस्वभाविक थिएन। त्यसैले कर्मचारीका केही माग तत्कालै पूरा पनि गराए।

नेपाल राष्ट्र बैंकभित्र कर्मचारीले सङ्गठित हुन युनियको आवश्यकता महसुस गरे। शाखा, विभागदेखि केन्द्रीयस्तरसम्मको तदर्थ समिति गठन भयो। पहिलो चरणमा एकाई समितिले कुन कुन ठाउँमा क–कसले के कस्तो अनियमितता गरेको छ ? सोको जानकारी केन्द्रीय तदर्थ समितिमा पठाउँथ्यो। केन्द्रीय तदर्थ समितिले प्राप्त जानकारीमा छानविन गरी दोषीमाथि कारबाही गर्ने अभियान थालनी गरेको थियो। अनियमिततामा खासगरी तल्लो निकायदेखि माथिल्लो निकायसम्मका कार्यालय प्रमुखहरूको नै संलग्नता हुन्थ्यो। अनियमितता गर्ने धेरै अधिकारीबाट त्यस्ता भौतिक सामग्री बैंकमा फिर्ता ल्याउने काम भयो। भौतिक सामग्री फिर्ता ल्याउन नसकिने स्थानबाट सो सामानको मूल्य नेपाल राष्ट्र बैंकमा दाखिला गर्ने काम सम्बन्धित अधिकारीद्वारा गराइएको पनि थियो।

नेपाल राष्ट्र बैंक स्वतन्त्र कर्मचारी युनियन केन्द्रीय तदर्थ समितिका पदाधिकारी संस्थालाई भ्रष्टचारमुक्त र पारदर्शिता कायम राखी अनियमितता नियन्त्रण गर्ने अभियानबाट बैंक व्यवस्थापनका उच्च अधिकारीको कोपभाजन हुँदै गए। यो हल्लै हल्लाको देशमा दिनदिनै थरीथरीका हल्ला फैलिन्थे। त्यस्ता हल्लामा खासगरी कालोमोसो, जुत्ताको माला आदि हुन्थे। त्यस बेलाका गभर्नर इरानको राजधानी तेहरानमा हुने एसियन क्लियरिङ्ग युनियनको सम्मेलनमा सहभागी भई फर्कर आउँदाको घटना रोचक छ। सम्मेलनबाट फर्की त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आइपुगेपछि आफ्नो संस्थामा के कसो भएको छ, ताजा स्थिति बुझ्न मन लागेछ। विमानस्थलबाट बाहिरिनुअघि संस्थाको आफ्नू डेपुटीसँग हालचाल बुझ्न विद्युतीय सम्पर्क गरेछन्। निकटतम डेपुटीबाट "यताको माहोल बिग्रेको छ, तपाई कार्यालयमा आउँदा ढोकैमा कालोमोसो दली जुत्ताको माला लगाउने कार्यक्रम तय गरेर तदर्थ समितिका पदाधिकारीहरू बसेको कुरा विश्वस्त सूत्रबाट थाहा पाएकोछु" भन्ने जवाफ पाएछन्। कटुबाणीबाट रन्थनिँदै घर पुगेछन् र रातभर सोचमग्न रही बिहान अप्रिय निर्णय गर्न कम्मर कसेछन्। शेरको हुँकार गरेर बसेको विरासदबाट रङ्गीन स्याल बनेर कसरी निस्कनु भनी भोलिपल्ट घरबाटै गभर्नर पदको त्यागपत्र पठाएछन्। यथार्थमा यो घटना हल्लै हल्लाको परिणति थियो। यस्तो गैरजिम्मेवार हल्लाबाट हुने रिक्ततामा आफू अघि बढ्ने चाहना राख्नेका लागि त्यो विरासद पनि आखिर मृगतृष्णा नै भयो।

संक्रमणकालमा बैंकभित्र थुप्रै आरोह अवरोह भई नै रह्यो। उच्च व्यवस्थापनमा रहेकामध्ये निर्णायक तहका बहुमत अधिकारीहरू छेपारे रूपान्तरण भइसकेका रहेछन्। उनीहरूमा शकुनी प्रवृत्ति हावी हुँदै गएछ। यस्तो मौका छोपी बैंक व्यवस्थापनले वि.सं. २०४७ पुसतिर कुटील नाटकको मञ्चन गऱ्यो। कर्मचारी युनियनका पदाधिकारीसहितलाई भुलाई आफ्नो स्वार्थसिद्ध गर्नु एकमात्र उद्देश्य रहेको शकुनीचाल कालान्तरमा देखियो। गभर्नरको स्वीकृतिमा तीनवटा समिति गठन गरियो।

१) **केन्द्रीय समन्वय तथा सुधार समिति (स्थायी समिति)** : यस समितिमा क.प्र.वि.का मुख्य व्यवस्थापक संयोजक तोकिए भने अरू विभागीय प्रमुख सदस्य थिए। यो समितिमा कर्मचारी प्रतिनिधि दीपेन्द्रबहादुर क्षेत्री, चिन्तामणि सिवाकोटी, रेवतबहादुर कार्की र तीर्थराज खरेल सदस्य थिए।

२) **आर्थिक समिति** : यस समितिमा अनुसन्धान विभाग हेर्ने डेपुटी गभर्नरको अध्यक्षतामा अन्य विभागीय प्रमुख सदस्य थिए। कर्मचारीबाट दीपेन्द्रबहादुर क्षेत्री, रेवतबहादुर कार्की, चिन्तामणि सिवाकोटी र तीर्थराज खरेल सदस्य थिए।

३) **बैंकर्श क्लब सञ्चालन सल्लाहकार समिति** : रूवी जोशीको संयोजकत्वमा आमोद अर्याल, सुरेशबाबु सत्याल र दिव्यमणि आदि व्यवस्थापनतर्फका प्रतिनिधि थिए भने कर्मचारीबाट तीर्थराज खरेल, प्रमिला घिमिरे र कल्याणबन्धु अर्याल सदस्य रहेका थिए।

बैंकभित्र कुनै जटिल समस्या आईपर्ने बित्तिकै क.प्र.वि.का ना.मु.व्य.ले माथिका समितिमध्येको स्थायी समितिको बैठक बोलाउने परिपाटी थियो। बृहत् छलफलपश्चात् त्यो समस्या समाधानका उपाय पहिल्याइन्थ्यो। अन्य समितिको हकमा समितिको प्रकृतिअनुसार खोजपूर्ण तथ्याङ्कहरू सङ्कलन गरी संस्था र कर्मचारीको हितमा के गर्दा राम्रो हुने हो सो विषयमा बृहद् छलफल हुन्थ्यो। छुट्टाछुट्टै समस्यालाई समाधान गर्ने राय सहितको प्रतिवेदन तयार गरी समितिका अध्यक्ष वा संयोजक सहितको उपस्थितिमा गभर्नरलाई बुझाइन्थ्यो। ती प्रतिवेदनबाट आंशिक सुझाव कार्यान्वयन भएका पनि थिए।

वि.सं.२०४७ फागुनमा मेरो सरूवा बैंकर्स क्लबको व्यवस्थापकमा भयो। क्लबले २०४८ वैशाख १४ गते सम्पन्न

हुने वार्षिक उत्सवमा विभिन्न खेलकुद प्रतियोगिताको प्रबन्ध मिलाउनुका साथै सोही अवसरमा प्रकाशित हुने 'मिमिरे' आर्थिक विशेषाङ्कको लागि लेख सङ्कलन गरी पत्रिकाको डमी बनाई प्रेसमा दिनु थियो। समयमै सबै काम सम्पन्न गरियो।

नेपाल राष्ट्र बैंकको ३६ औं वार्षिकोत्सवको कार्यक्रम केन्द्रीय कार्यालय भवनको मूलचोकमा चलिरहेको थियो। प्रमुख अतिथी, अतिथी र कार्यक्रमका सहभागीलाई मिमिरेको आर्थिक लेख विशेषाङ्कको ८८ औं अङ्कसहित बैंकका अन्य समसामयिक प्रकाशित सामग्री राखिएको झोला जनसम्पर्क कार्यालयबाट उपहारस्वरूप वितरण भइसकेको थियो। वार्षिक कार्यक्रम पनि सुचारू भइरहेको थियो। मेरो नजिक एक शुभेच्छुक आएर बस्नुभयो। उहाँले "तिम्रो नाउँमा उजुरी परेको छ, होस् पुऱ्याएर काम गर्नुपर्दैन ?" भन्नुभयो। "के गल्ती गरेछु" भनी जिज्ञाशा राख्दा "नेपाल राष्ट्र बैंकको लोगोलाई सूर्यभित्र राख्न सञ्चालक समितिबाट कहिले निर्णय भएछ ? जानकारी पाऊँ भनी दुई जना वरिष्ट अधिकृतले संयुक्त रूपमा गभर्नर कार्यालयलाई सम्बोधन गरी जनसम्पर्क कार्यालयमार्फत् उजुरी दिएका छन्" भन्ने जवाफ पाएँ। यो कुरा सुनेको एक घण्टा नबित्दै क्लबका अध्यक्ष सामु उभिनु पऱ्यो। क्लबका अध्यक्ष डेपुटी गभर्नरबाट पनि माथिकै प्रश्न दोहोरियो। "कलाकारले जस्तो कला तयार गरेर दिए, त्यही नै प्रेसमा दिएर प्रकाशित गरेको हूँ" भन्ने आफ्नू भनाइ राखें। मेरो भनाइबाट उहाँमा असन्तुष्टीको भाव झल्किएको पाएँ। आफूले सद्‌भाव राखी गरेको कामलाई अरूले गरेको आलोचना सहन सक्नुपर्छ भनी मन बुझाएँ।

नेपाल राष्ट्र बैंक स्वतन्त्र कर्मचारी युनियनको अथक प्रयासमा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट २०४७ चैत १७ गते "नेपाल राष्ट्र बैंक कर्मचारी संघ, २०४७" विधिवत दर्ता भयो। नेपाल राष्ट्र बैंक स्वतन्त्र कर्मचारी युनियन केन्द्रीय तदर्थ समितिलाई वैधानिकता दिनको लागि जतिसक्दो चाँडो निर्वाचन सम्पन्न गर्नु थियो। स्वतन्त्र कर्मचारी युनियन केन्द्रीय तदर्थ समितिले कानुन अधिकृत श्री सीताराम तिवारीको संयोजकत्वमा निर्वाचन समिति गठन गऱ्यो। निर्वाचन समितिले प्रकाशित कार्यक्रमअनुसार सम्वत् २०४८ वैशाख ६ गते निर्वाचन हुने मिति तोकियो। निर्वाचन तालिकाअनुसार निर्वाचन सम्पन्न भयो। यो निर्वाचनमा चारजना साथीले अध्यक्ष पदमा उम्मेदवारी दिनुभएको थियो। अन्य पदाधिकारी र सदस्यहरूमा धेरैको सहभागिता थियो। वैधानिक तरिकाले सम्पन्न निर्वाचनबाट देहायका पदमा देहायका उम्मेदवारहरू विजयी हुनुभएको घोषणा निर्वाचन समितिले गरेको थियो।

| **कर्मचारी संघको पद** | **निर्वाचित पदाधिकारीको नाम, थर** |
|---|---|
| अध्यक्ष | दीपेन्द्रबहादुर क्षेत्री |
| उपाध्यक्ष | प्रेमप्रसाद पाण्डेय |
| सचिव | रत्नप्रसाद जोशी |
| सहसचिव | चिन्तामणि सिवाकोटी |
| कोषाध्यक्ष | चन्द्रमान मलेकु |
| सदस्य | कल्याणबन्धु अर्याल |
| सदस्य | खेमराज पौडेल |
| सदस्य | जीतलाल तामाङ् |
| सदस्य | नेपालमान डंगोल |
| सदस्य | मोतीमान शाक्य |

विजयी उम्मेदवारले निर्वाचनमा खसेको मतको दुईतिहाई मत पाई विजयी हुनुभयो। नेपाल राष्ट्र बैंक कर्मचारी युनियन तदर्थ समितिका पदाधिकारीलाई निर्वाचनबाट पाखा लगाई आफ्ना चम्चाहरूलाई जिताउँदै अखण्ड रजाईं गर्ने मनसाय राखी बैंक व्यवस्थापनले कर्मचारी सङ्गठनको निर्वाचन गराउने प्रपञ्च रचेको रहेछ। संस्थाको कर्मचारी सङ्गठनको आधिकारिक निर्वाचनबाट निर्वाचित पदाधिकारीको सपथ ग्रहण कार्यक्रममा संस्थाको उच्च व्यवस्थापनले सहभागी हुन नचाहनु यसको बलियो प्रमाण थियो। कर्मचारी संघका निर्वाचित पदाधिकारी र सदस्यहरूको सपथ ग्रहण थापाथलीस्थित बैंकर्स क्लबको हलमा सम्पन्न गर्ने कार्यक्रम तय भयो। सम्वत् २०४८ वैशाख १३ गतेका दिन नेपाल राष्ट्र बैंकका वरिष्ट पियन श्री नरबहादुर महर्जनले कर्मचारी संघका विजयी पदाधिकारी र सदस्यहरूलाई एक भव्य समारोहकाबीच पदीय दायित्व, निष्पक्षता, इमान्दारिता र कर्तव्यनिष्ठ रही काम गर्ने बाचाका साथ सपथ ग्रहण गराएका थिए।

संस्थाभित्र झ्याङ्गिएर रहेका र थपथाप हुन लागेका समस्यालाई कसरी समाधान गर्ने भन्ने सोचमा कर्मचारी संघका नवनिर्वाचित पदाधिकारीहरू लागिरहेका थिए। अर्कोतर्फ, संघका निर्वाचित पदाधिकारीहरूको तेजोवध कसरी गर्न सकिन्छ भन्ने रणनीति तयार गर्न पराजित उम्मेदवारको एक समूह लागिपरेको आभाश हुन्थ्यो। यस्तो रणनीति निर्माण गर्न उनीहरूलाई उच्च व्यवस्थापनको असीम आशिर्वाद प्राप्त थियो। उच्च व्यवस्थापनबाट भए गरेका नियम विपरीतका

काम कारबाहीलाई ढाकछोप गर्न पराजित समूहले सहयोग गरेको देखिन्थ्यो। स्वीकृत बजेटमा दाँई गर्न कसैले पनि रोक नलगाओस् भन्ने चाहना उच्च व्यवस्थापनमा रहेका पदाधिकारीहरू गर्थे। यसरी संस्थाको वार्षिक बजेटमा दाँई गरेर आफ्नो सम्पन्नता देखाउनेका लागि संघका निर्वाचित पदाधिकारीहरूको छायाँले देखिरहनु अस्वभाविक थिएन।

कर्मचारी हकहितका लागि केन्द्रदेखि जिल्लासम्मका निर्वाचित पदाधिकारीले कर्मचारीका मागहरू व्यवस्थापनसमक्ष पेशगर्नु आफ्नो दायित्व थियो। साथै, कर्मचारी संघका पदाधिकारीले संस्थाभित्र सुशासन, पारदर्शिता र निष्पक्षताको वकालत उच्च व्यवस्थापन समक्ष राखिरहन्थे। यस्तो आर्दशोन्मुख कुरा व्यवस्थापनलाई पाच्य भएन। उनीहरूमा आक्रोशको पारो दिन दुगुना रात चौगुनाका दरले चढ्न थाल्यो। यसको परिणाम संघका पदाधिकारी विरुद्ध व्यवस्थापनबाट दिनदिनै नयाँ ढङ्गले अनर्गल प्रचार हुन थाल्यो।

पञ्चायतकालको उत्तरार्द्धमा एउटा नारा चलनचल्तीको थेगो बनिसकेको थियो। राजादेखि रङ्कसम्मको मुखमा "सबै नेपाली पञ्च, सबै पञ्च नेपाली" गुञ्जिरहन्थ्यो। देशका शासकवर्ग प्रजातान्त्रिक व्यवस्थामा पनि आफूले ओढेको छाता अनुकूल पञ्चायतकालको जस्तै नारामा सम्पूर्ण कर्मचारी समाहित हुनुपर्छ भन्ने कामना गर्थे। तर सत्ताधारीवर्गको कामना पूरा गर्न कर्मचारी संघका स्वाभिमानी पदाधिकारीको अन्तरात्माले स्वीकार्ने कुरै भएन।

पञ्चायती व्यवस्थामा हुर्की बढी माथिल्लो तह ओगट्न पुगेका अधिकारीहरू रातारात छेपारे रूपान्तरण भइसकेका रहेछन्। उनीहरूले स्वाभिमानलाई पदीय लोभको दाउमा राखिसकेछन्। त्यस्ता अधिकारीको अगाडि कर्मचारी संघका पदाधिकारी कोपभाजन हुनपुग्नु अस्वभाविक थिएन। वातावरण तात्दै थियो। संघका पदाधिकारीलाई दुर्गम जिल्लामा सरूवा गरिएको र अन्य मागका विषयमा संघका पदाधिकारीहरूसँग कार्यालय समयपछि डेपुटी गभर्नरको कार्यालयमा छलफल गर्ने समय तय भएछ। रातको ९.३० बजेसम्म कुनै निष्कर्ष निस्केन। छलफल केवल बहाना मात्र रहेछ। भोलि पुनः छलफल गर्ने समझदारी भएछ र डेपुटी गभर्नरले आफ्ना घर भएको क्षेत्रको बाटेबाट जाने कर्मचारी संघका पदाधिकारीलाई आफ्नै सवारी साधनमा राखी लिएर गएछन्। आफूसँग गएकालाई घरघरमै छोडी दिएछन्। अन्य बाँकी संघका पदाधिकारीलाई पनि बैंककै सवारीले घरघरमा पुर्‍याउने व्यवस्था मिलाइदिएका रहेछन्। यस्तो व्यवस्था मिलाउने डेपुटी गभर्नर त्यही रात घरजानुको बदला अर्थ मन्त्रालय वागदरबारतर्फ हानिएछन्। देशको आर्थिक नीति निर्माण गर्न रातरातभर बसेर बजेट बनाउनुपर्ने स्थानका मठाधीश र राष्ट्र बैंकका शीरदेखि काँधसम्मका अधिकारीको भेला चल्दैरहेछ। सो स्थानमा डेपुटी गभर्नर फुल्किन पुग्छन् र बालुवाटार वार्तामा भएका इतिवृतान्त सुनाउँछन्। लामो छलफल हुन्छ। मठाधीशको "के उपाय अपनाउने ?" भन्ने जिज्ञाशा भुईंमा झर्न नपाउँदै एक खुराफाती, मधुशालाप्रेमी, भुँडीसुधारक व्यक्तिबाट "राष्ट्र बैंकको ढुकुटीमा असुरक्षा पुर्‍याएको" अभियोग लगाई भविष्यमा समेत नोकरी गर्न नपाउने गरी भसाई दिनुपर्छ भन्ने मन्तव्य व्यक्त गरेछन्। यो सुझावलाई मठाधीशले मुण्टो हल्लाएपछि सर्वस्वीकार्य भएछ। यो काम सम्पन्न गर्न बेलुका ९:३० बजेसम्म वार्ताको टेबुलमा व्यवस्थापनको तर्फबाट बस्ने अधिकारीलाई शिखण्डीको रूपमा अघि सारेछन् र अन्य रणनीति तय गरेछन्। सदाझैं भोलिपल्ट कर्मचारी कार्यालयमा आउँदा नौलो दृश्य देखियो। केन्द्रीय बैंकको केन्द्रीय कार्यालय प्रहरीले घेरेको थियो। बैंक हाता प्रवेशमा निगरानी बढाइएको थियो। कर्मचारीहरू के–कसो भन्ने जिज्ञाशा राख्ने अवस्थामा थिएनन्। बैंक उच्च व्यवस्थापनमा रहेका अधिकारीको ओहोरदोहोर गभर्नर र डेपुटी गभर्नरको कोठामा निरन्तर भई नै रह्यो। अर्थ मन्त्रालयमा अघिल्लो दिन भएको निर्णयानुसार बैंक व्यवस्थापनले समस्यालाई जटिल बनाउन प्रहरी बोलाइएको सुनियो।

दिनभर कानुनी परामर्शमा बैंक व्यवथापन लागिरह्यो। उसले कर्मचारी संघ र यसका पदाधिकारीहरूलाई अरिङ्गालको गोलो देख्न लाग्यो। धनगढी र दिपायलमा सरूवा भएका चिन्तामणि शिवाकोटी र कल्याणबन्धु अर्यालको सरूवा पनि बदर भएन। यी दुई साथीको सरूवा रद्द गर्ने वार्ता केवल रणनीति मात्र रहेछ।

बैंक व्यवस्थापनले विभिन्न बहाना रची एकपछि अर्कोलाई निलम्बनको पत्र बुझाउन थाल्यो। कर्मचारी संघका ११ पदाधिकारीमध्ये सातजनालाई बैंक सेवाबाट हात धुवाइयो। कारबाहीमा परेका संघका पदाधिकारीमध्ये चिन्तामणि शिवाकोटी फुत्किन सफल भए। छजना पदाधिकारीको लागि बैंकको ढोकामा भोटेताल्चा मारिएको थियो। अन्तिम कारबाहीमा चारजनालाई अवकाश र दुईजना संघका पदाधिकारीलाई एक श्रेणी घटुवा गरेको थियो। कर्मचारी संघका पदाधिकारीहरूलाई सहयोग गरी व्यवस्थापनको अनुयायी हुन नचाहने साथी वासुदेव अधिकारी, रमण नेपाल र बद्रीप्रसाद अधिकारी पनि व्यवस्थापनको आँखी बने। उनीहरूलाई पनि कर्मचारी संघका पदाधिकारीहरूको मतियारको रूपमा लिई अवकाश दिइयो।

अवकाश प्राप्त साथीहरू न्यायको लागि सर्वोच्च अदालत पुगे। राष्ट्र बैंक व्यवस्थापनलाई रिङ्गटा चल्यो। दुअन्ने चौअन्नेको उक्साहटमा निमुखा कर्मचारीलाई दुःख दिएका थिए, केवल कुर्सीका लागि माथिकाको चाकडी बजाउन। बैंक उच्च व्यवस्थापनसँग अवकाश प्राप्त साथीहरूले दिएको रिटलाई खण्डन गर्ने सामर्थ्य थिएन। त्यसैले मै हूँ भन्ने अधिवक्ताहरूको स्वागतार्थ नेपाल राष्ट्र बैंकको ढुकुटीको भोटे ताल्चा खुल्ला गरेको थियो। बिहानदेखि बेलुकासम्म पालैपालो अधिवक्ताहरूका झुण्ड सिनोको पछाडि गिद्ध घुमेझैं बैंक व्यवस्थापनको वरिपरि घुमिरहन्थे र झुमिरहन्थे। उनीहरूले मनचाह फिस लिइरहन्थे। नेपाल राष्ट्र बैंकको क्यान्टिन बिहान सबेरैदेखि राति अबेरसम्म उनीहरूकै लागि पकवानको भण्डार तयार गर्न तल्लिन रहन्थ्यो।

कारबाहीको मुद्दा खेपिरहनु भएका साथीहरूले टुँडिखेलको खुलामञ्चमा जुत्ताको पसल थापी देशमा फैलिँदै गरेको फासीवादको विरोध गरिरहनु भयो। यसका साथै कारबाहीमा पारिएका साथीहरूले यातायात सञ्चालन गर्ने सोच विकास गर्नुभयो। स्वावलम्वीहरूद्वारा सञ्चालित यातायात (बस) सेवाको नाम नै 'स्वाभिमान यातायात बस सेवा' राखिएको थियो। शुभेच्छुक साथीहरूबाट शेयर उठाई दुईवटा बस खरिद गरी काठमाडौंबाट पूर्वी नेपालको काकडभिट्टासम्म जाने र आउने रूट परमिट लिई सञ्चालन प्रारम्भ गरिएको थियो। बस सञ्चालनका बखत टिकट काट्ने काममा खटिने साथी आलोपालो गर्ने तालिका बनाइएको रहेछ। एकदिन बसको टिकट बिक्रीका अर्धकट्टी ग्राहकसँग रूजु गर्ने अमुक साथीको व्यवहार देखेर बसमा सवार एकजना भलाद्मीले प्रश्न राखेछन् "तपाई यो बसको मालिक वा कर्मचारी के हो ? बस सेवामा यस्तो भद्रताले उद्देश्य प्राप्त गर्न गाह्रो पर्छ ? यहाँ त कर्णप्रिय बोल्नेले होइन, पाँडेगाली गर्नजान्ने र मसल देखाउनसक्ने व्यक्तिले मात्र सफलता पाउँछ।" भद्र व्यक्तिका यी कुरामा अमुक साथीले हंसमुख लगाएर स्वीकारेको भाव प्रदर्शन गर्नु बाहेक केही थिएन भन्नुहुन्थ्यो।

स्वाभिमान यातायात (बस) सेवा सञ्चालनमा आरोह अवरोह आइ नै रहन्थ्यो। यसो हुनुमा यातायात क्षेत्रको अनुभव नभएका व्यक्तिहरूले सञ्चालन गरेको भएर। वर्षाद्को समयमा यात्रुसहित काठमाडौं आउँदै गरेको एउटा बस दुर्घटनामा परी त्रिशुली नदीमा खसी बेपत्ता भयो। बस दुर्घटनामा कति व्यक्ति परे भन्ने एकिन तथ्याङ्क रहेन। जे जति थिए ती सब मेधा भए। दुर्घटनामा पर्नेको खोजीमा स्थानीय प्रशासनलाई गुहारेर सक्दो प्रयास भयो। त्यसबाट पत्ता लगाउन नसक्दा विदेशबाट गोताखोर झिकाएर पनि खोजतलास भयो, तैपनि कुनै यात्रीको शव पाइएन। शव त के भीमकाय बससमेत फेला पार्न सकिएन। यो बस दुर्घटनामा बैंक व्यवस्थापनसँग सर्वोच्च अदालतमा इन्साफ खोजिरहनुभएका साथी बद्रीप्रसाद अधिकारीलाई गुमाउन पुगियो। उहाँ निडर, साहसी र प्रखर वक्तासमेत हुनुहुन्थ्यो। उहाँसँगै पूर्वकर्मचारी हरि न्यौपानेलाई पनि गुमाउनु पऱ्यो। बस दुर्घटनामा पर्नेका शव र बस निकाल्न भगिरथ प्रयास गर्नेमा दीपेन्द्रबहादुर क्षेत्री र वासुदेव अधिकारी खटिनु भएको थियो। अन्य साथीको संलग्नता थिएन भन्ने चाहिँ होइन। डेढ वर्षको अथक प्रयासपछि दुर्घटनाग्रस्त बसको बीमा रकम बीमा संस्थानबाट भुक्तानी लिने कार्य अन्तिम चरणमा पुगेको थियो। त्यही समयमा दुर्घटित बसको इञ्जिन त्रिशुलीको बगरमा फेला परेछ। इञ्जिन फेला परेको बसको बडी बनाई अर्को चलनचल्तीको बस समेत बिक्री गरी शेयरहोल्डरको लगानी फिर्ता गर्ने कार्य भयो। शेयरहोल्डर साथीलाई स्वाभिमान यातायातको शेयर फिर्ता गर्दा घाटा परेको रकम दीपेन्द्रबहादुर क्षेत्री र मोतिमान शाक्यले व्यहोर्नु भएको कुरा सुन्नमा आएको थियो। समय जान धेरै लाग्दो रहेनछ। उच्च व्यवस्थापनको आँखाका कसिङ्गर बनेका आधिकारिक कर्मचारी सङ्गठनका न्यायप्रेमी साथीहरूको मुद्दा सर्वोच्च अदालतमा चल्दै थियो। घुम्दैफिर्दै रूम्जाटार भने झैं सम्वत् २०४९ मार्ग आयो। सरकारी कर्मचारीलाई झैं नेपाल राष्ट्र बैंकका ३० वर्षे सेवा अवधि पुगेका कर्मचारीलाई पनि अनिवार्य अवकाश दिने हल्ला चल्यो। त्यो हल्लाको आँधी बेहरीमा धेरै परे। कर्मचारी संघका पदाधिकारी र निर्दोष निमुखा कर्मचारी साथीलाई कारबाही गराउन होष्टेमा हैंसे गर्ने अधिकांश मतियारलाई आँधीबेहरीले कान्लामुनी पुऱ्याइदियो। कमसेकम बैंक व्यवस्थापनले ३० वर्षे बैंक सेवा पूरा गरिसकेका पदाधिकारीलाई अवकाशको पत्र घरमै पुऱ्याउने प्रबन्ध मिलाइएको थियो। तर यो घटनाका खलनायकलाई सदा झैं कार्यालयमा आएर आफ्नो कुर्सीमा बसेका बखत पत्र बुझायो। फेरी कसलाई के कारबाही गर्न यो पत्र आयो भनी अर्थ मन्त्रालयको खाम खोलेर हेर्दा आफ्नै अवकाश पत्र पढ्न पुगेछन्। अनायस सेवा अन्त्य हुँदाका क्षणमा के कस्तो पीडा हुँदोरहेछ उनले अवकाशको पत्र पढिसक्दानसक्दै रन्थनिएर कुर्सीबाट उठेर हिंड्नु परेको दृश्य देख्नेहरूका लागि समेत अविष्मरणीय रह्यो। यो घटनाबाट बाँकी उच्चपदमा आसीनहरूले परपीडक बन्न नहुनेरहेछ भन्ने शिक्षा पाएको हुनुपर्छ। यसरी नेपाल राष्ट्र बैंक कर्मचारी संघका दुईतिहाईभन्दा बढी मतले निर्वाचित पदाधिकारी सहितलाई बक्रदृष्टिले हेर्ने नायकबाहेक अधिकांशले मनको धोको मनमै राखी नेपाल राष्ट्र बैंकबाट बिदा पाए।

सम्वत् २०४९ साल मार्गको कर्मचारी अवकाश पर्वपश्चात् नेपाल राष्ट्र बैंकमा रिक्त हुन आएको डेपुटी गभर्नर दुई पदमा बहालवाला प्रधानमन्त्री र भूतपूर्व प्रधानमन्त्रीको सिफारिसमा एक/ एक जना गरी दुई जना डेपुटी गभर्नरको एकैदिन नियुक्ति भयो।

कर्मचारी संघका निर्वाचित निमुखा न्यायप्रेमी पदाधिकारी र कर्मचारीलाई आफ्नो कुर्सी जोगाउनको निमित्त नेपाल राष्ट्र बैंक उच्च व्यवस्थापनको काम पीडादायक, दुस्साहसपूर्वक गरिएको भ्रष्ट निर्णय थियो। नेपाल राष्ट्र बैंकको यो निर्णयलाई सर्वोच्च अदालतले सम्वत् २०५० माघ १७ गतेको निर्णयबाट उल्टाई दियो। सर्वोच्च अदालतको फैसलाले न्यायप्रेमी निमुखा पदाधिकारी कर्मचारीले स–सम्मान स्वाभिमानलाई उच्च राखी नेपाल राष्ट्र बैंकको सेवा गर्ने अवसर पाए।

सर्वोच्च अदालतको फैसला लिएर आउनु भएका साथीहरूले २०५० फागुन २७ गतेदेखि पुनर्वहाली पाउनु भयो। त्यसैले यो दिन नेपाल राष्ट्र बैंकको इतिहासमा अविस्मरणीय रहनेछ।

– ३ –

संस्थाले आफ्नो वार्षिक प्रगतिको लक्ष्य निर्धारण गरेको हुन्छ। निर्धारित लक्ष्य प्राप्तिका लागि संस्थाका कर्मचारीको अहम् भूमिका रहन्छ। कर्मचारीलाई संस्थाको मेरुदण्डको रुपमा लिइएको हुन्छ र हुनुपर्छ पनि। संस्थाको उच्च व्यवस्थापन र कर्मचारीबीच कार्यसम्पादनमा नियमानुसार सुशासनको मूलमन्त्रलाई अङ्गीकार गरी अगाडि बढ्दामात्र संस्थाले लक्ष्य प्राप्त गर्न सक्दोरहेछ। कर्मचारीमा मतैक्य नहुँदा त्यो संस्थाले निर्धारण गरेको प्रगति लक्ष्य प्राप्त गर्न पछिपर्ने क्रम फराकिलो हुँदै गई कालन्तरमा संस्था घराशायी बन्ने सम्भावना हुन्छ।

वि.सं. २०४६ को जनआन्दोलनमा कर्मचारीवर्गको पूर्ण सहभागिता रहेको थियो। प्रजातन्त्र प्राप्तिमा आफ्नो सहभागिताले मूर्तरूप प्राप्त भएबाट उनीहरूमा उत्साह छाउनु स्वभाविक थियो। जायज माग राखी सङ्गठित भएर सङ्घर्ष गर्दा सफलता पाईंदोरहेछ भन्ने चेतना कर्मचारीवर्गमा पलायो।

सङ्गठनको निर्वाचनमा निर्वाचित कर्मचारीको समूहले संस्थालाई भ्रष्टाचारमुक्त, सुशासनयुक्त र पारदर्शी संस्था बनाउने अभियानलाईअगाडिबढाउनथाले।यस्तोअभियानबाटक–कसलाई कुन–कुन ठाउँमा के–कस्तो किसिमको ठेस लाग्यो थाहा भएन। तापनि संस्थाका उच्च व्यवस्थापन हुँदै मन्त्रिपरिषद्का सदस्यसमेत आक्रोशित बन्न पुगे। जसको फलस्वरूप निर्वाचनबाट निर्वाचित आधिकारिक कर्मचारी सङ्गठनका पदाधिकारीलाई अनावश्यक लाञ्छना लगाई निस्क्रिय बनाउन केन्द्रित भए। एउटा संस्थामा एउटामात्र आधिकारिक कर्मचारी सङ्गठन हुने प्रावधानलाई पाखा लगाउने धृष्टता गरियो। सत्ताधारीलाई राम्रो मान्छेभन्दा हाम्रो मान्छे छान्ने धोको मौलाएर आयो। पाँचवर्षे कार्यावधि पूरा नहुँदै छिटोछिटो सरकार परिवर्तनको लहर चल्यो। जसको फलस्वरूप एउटा संस्थाभित्र कर्मचारी सङ्गठनका पाँचवटा साइनबोर्ड टाँसिन पुगे। संस्था प्रमुखलाई सङ्गठनपिच्छेका एकपछि अर्कोको मागपत्रमा उल्लिखित माग पूरा गर्न/गराउन दबाब बढ्न थाल्यो। संस्थाको दैनिकी अप्रत्यक्षरूपमा धिमा गतिमा चल्न थाल्यो। जसको फलस्वरूप सार्वजनिक संस्था अधोगतितर्फ उन्मुख हुन पुगे।

वि.सं. २०४७ देखि कर्मचारीले आफू कार्यरत संस्थामा आफूहरूबीच सङ्गठन गर्ने अधिकारप्राप्त गरी कार्य गरेका छन्। यस्ता सङ्गठनहरूले केही हदसम्म कर्मचारीका हक र हित प्रबर्द्धन गर्न ध्यान दिइरहेको पाइन्छ। नेपालको सन्दर्भमा कर्मचारी सङ्गठन कर्मचारी केन्द्रित भन्दा राजनीतिक पार्टीको भातृ सङ्गठनको रूपमा कार्यरत रहेको भनी आरोप लाग्ने गरेको पाइन्छ। वास्तवमा राजनीतिक पार्टीका भातृ सङ्गठनको रूपमा कार्यरत कर्मचारी सङ्गठनले न त कर्मचारीहरूको हक र हितको कार्य गर्नसक्छ न त आफू कार्यरत रहेको संस्थाको उद्देश्य प्राप्तिमा योगदान पुऱ्याउन सक्दछन्। यसर्थ, कर्मचारीहरूले चुनावी प्रक्रियाबाट एउटै कर्मचारी सङ्गठन छनोट गरेर निश्चित अवधि काम गर्नदिने व्यवस्था गरिनुपर्छ।

राजनीतिक पार्टीहरूले एउटै कर्मचारी संघमात्र राख्ने व्यवस्थाको लागि प्रतिबद्ध हुनु जरुरी छ। कर्मचारी सङ्गठन र भातृ सङ्गठनबीच भेद राख्नु आवश्यक छ। अर्कोतर्फ, कर्मचारीहरूले पनि आफ्नो छनोटको राजनीतिक पार्टीलाई गोप्य मतदानमा छनोट गर्ने बाहेक आफू कार्यरत संस्थाको क्रियाकलापमा प्रस्तुत नगर्नेतर्फ ध्यान दिनुपर्दछ। वास्तवमा कर्मचारीको हक र हितका लागि गठन हुने सङ्गठनहरूले आफू कार्यरत रहेको संस्था र कर्मचारीहरूबीच सेतुको रूपमा कार्यगर्न सक्नुपर्छ। कर्मचारीहरूको दक्षता वृद्धि, वृत्ति विकास एवम् सङ्गठनको उद्देश्य प्राप्तिमा उत्प्रेरित गराउने वातावरण तयार गर्न कर्मचारी सङ्गठनहरूले ध्यान केन्द्रित गर्नुपर्छ। यसर्थ, राजनीतिक पार्टी, सरकार एवम् कर्मचारी तीनै पक्षले एउटै कर्मचारी सङ्गठन राख्ने व्यवस्था गर्ने पहल गर्न जरुरी छ।


नेपाल राष्ट्र बैंक कर्मचारी संघको रजत महोत्सव शुभारम्भ
तथा नेपाल राष्ट्र बैंकको ५९ औं वार्षिकोत्सवको
उपलक्ष्यमा आयोजित
वित्तीय जन चेतनामूलक प्रभातफेरी कार्यक्रम २०७१
मिति: २०७१ वैशाख १४ गते
नेपाल राष्ट्र बैंक कर्मचारी संघ











संघको २५ औं स्थापना दिवसको प्रभातफेरी कार्यक्रमका झलकहरू






संघको २५ औं स्थापना दिवसको प्रभातफेरी कार्यक्रमका झलकहरू


नेपाल राष्ट्र बैंक


नेपाल राष्ट्र बैंक

# नेपाल राष्ट्र बैंक कर्मचारी संघ : केही सम्झना

केशव आचार्य*

मैले आफ्नै हातले केही पनि नलेखेको सात–आठ वर्षभन्दा बढी भैसक्यो । यसबीचमा मेरो नाममा जे–जति विचार, टिकाटिप्पणी प्रकाशनमा आए ती सबै नै सहृदयी पत्रकार बहिनी–भाइले मसँग भएको कुराकानीको आधारमा मलाई लेखकत्व दिएका हुन् । सम्वत् २०७१ को तिहाल लगत्तै नेपाल राष्ट्र बैंक, कर्मचारी संघका वर्तमान पदाधिकारी मित्रहरूले पटक–पटक फोन गरेर हाम्रो संघ स्थापनाको पच्चिसौं वार्षिकोत्सवको उत्सवमा संघसँगको वा संघबारे स्मरण लेखी दिन आग्रह गर्नुभयो । धेरै पहिले नै अवकास लिइसकेको थोत्रो कलम समातेर, थाकेर थिलथिलो भैसकेको बुढो हातले प्रस्तुत स्मरण लेखें ।

संघसँग मेरो पाँच किसिमका सम्बन्ध, सान्निध्य र भावना रहे । पहिलो, पञ्चालत कालमा संघ, सङ्गठन उपरको प्रतिबन्धपश्चात् प्रजातन्त्र पुनर्बहाली भएपछिको संघ, सङ्गठन गठन र सञ्चालन गर्न पाइने नयाँ अवस्थाले ल्याएको उल्लास र उमङ्ग; दोस्रो, प्रजातन्त्र पुनर्बहाली र पछि गएर गणतन्त्रको स्थापनाको क्रममा नेपाल राष्ट्र बैंक, कर्मचारी संघले निर्वाह गरेको अग्रणी साहसी र नेतृत्वदायी भूमिका; तेस्रो, सामान्यतया नेपालको समग्र वित्तीय प्रणाली र विशेषतः नेपाल राष्ट्र बैंकको सुशासन प्रवर्द्धनमा कर्मचारी संघले पुऱ्याएको योगदान; चौथो, संस्थागत प्रवर्द्धन र वृत्ति विकासमा यस संघले गरेको अथक सङ्घर्ष र पाँचौं, कर्मचारी संघमा संलग्न नेतृत्व र मित्रहरूको प्रगतिशील, अग्रगामी र वस्तुनिष्ठ सोचप्रति मेरो वैचारिक सान्निध्य ।

नेपाल राष्ट्र बैंक, कर्मचारी संघको स्थापना बहुदलीय प्रजातान्त्रिक प्रणालीको पुनर्स्थापनापछि २०४७ मा भयो । विनरक इन्टरनेशनलको फेलोशीपको प्रतिस्पर्धा जितेर अर्थशास्त्रमा उच्च अध्ययन गर्न २०४४ सालको निगल्दो चैततिर फिलिपिन्सको स्कूल अफ इकोनोमिक्स गएर २०४९ को दशैंको केही अघिमात्र नेपाल फर्कें । म फर्कंदा मेरा अनन्यमित्र दीपेन्द्रबहादुर क्षेत्रीको नेतृत्वमा निर्वाचित पहिलो कर्मचारी संघले बैंकको टक्सार विभाग लगायतमा भएको भ्रष्टाचारको सार्वजनिकरण गरेबापत् तात्कालीन बैंक प्रशासनले संघका नौ जना पदाधिकारीलाई सेवाबाट बर्खास्त गरेको थियो । बर्खास्तगीमा परेका साथीहरूले काठमाडौं–काँकडभित्ता रूटमा 'स्वाभिमान' नामक बस सेवा सञ्चालन गर्नु भएको थियो । र, उक्त सेवाको एउटा बस त्रिशुली नदीमा खसेको थियो । बर्खास्तमा परेका साथीहरू अदालतको फैसलाबाट पूर्ववत बैंक सेवामा पुनर्बहाली हुनुभएको थियो र 'स्वाभिमान' बस सेवा बन्द भैसकेको थियो ।

सम्वत् २०५० को हिउँदतिर म आन्तरिक प्रतिस्पर्धात्मक जाँच पास गरेर प्रथम श्रेणीमा बढुवा भएर अनुसन्धान विभागमै पदस्थापना भएँ । संघका साथीहरू बरोबर मकहाँ आएर देशको आर्थिक, वित्तीय, मौद्रिक, शोधनान्तर, मूल्य स्थितिबारे जानकारी माग्नु हुन्थ्यो । अर्थतन्त्रको गन्तव्य के ? अहिले भै रहेको के ? गन्तव्यमा पुग्न सरकारले के गर्ने ? राष्ट्र बैंकले के गर्ने ? र त्यसमा संघले के–कसरी सघाउन सक्छ ? भनेर विचार विमर्श गर्ने मात्र होइन, मलाई ऱ्याखऱ्याखती पार्नु हुन्थ्यो ।

वि.सं. २०५५ वा २०५६ तिर हुनुपर्छ राष्ट्र बैंकको सेवा शर्त के–कस्तो हुनुपर्छ भनेर सिफारिस गर्न बैंकले संस्थापक गभर्नर हिमालयशमशेर जबराको संयोजकत्वमा पूर्व मुख्य सचिव दामोदर गौतम सहितको एक आयोग बनाएको थियो । त्यसमा कर्मचारी संघले एकदमै रचनात्मक सुझाव प्रस्तुत गरेको थियो । सायद २०५६ साल हुनुपर्छ कर्मचारी सहुलियत वृद्धिको माग राखेर संघ आन्दोलनरत थियो । तत्कालीन गभर्नर सत्येन्द्रप्यारा श्रेष्ठले बैंक व्यवस्थापनको तर्फबाट युनियनहरूसँग वार्ता गर्ने टोलीमा मलाई पनि राख्नु भएको थियो । वार्ताको दौरानमा संघका प्रतिनिधिको तथ्यगत, वस्तुगत र तर्कगत प्रस्तुतीबाट हामी सबै मोहित भएका थियौं । अन्ततोगत्वा वार्ताको लामो र थकाइलाग्दो शृङ्खलाबाट अन्तिम रातको १२ बजेतिर सहमती भएको थियो । सम्भवतः त्यही बेलादेखि केन्द्रीय बैंक भत्ता र कर्मचारी कल्याणकारी कोषमा नयाँ प्रणालीको सुरुवात भएको थियो ।

वि.सं. २०५६ असारदेखि २०५८ सम्म कायममुकायम र २०५८ देखि २०६१ सम्म आन्तरिक लेखा परीक्षण विभागको कार्यकारी निर्देशकको रूपमा कार्यरत रहे । यस अवधिमा बैंकको आन्तरिक क्रियाकलाप, लेखाङ्कन, नोट व्यवस्थापन लगायत बैंक सञ्चालनका धेरै प्रक्रिया र प्रणाली बुझ्ने अवसर पाएँ । यस अवधिमा कर्मचारी लगायत धेरै नियमावली र

**पूर्व कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक*

विनियमावलीहरूमा काम गर्ने अवसर जुट्यो। यस क्रममा बैंकको नियमित सञ्चालनमा संलग्न विभागहरू र युनियनहरूसँग सघन वार्ता, अन्तर्क्रिया र घम्साघम्सीका मीठा सम्झनाहरू अझै ताजा छन् । यी अनुभवहरूले अर्थ मन्त्रालय एवम् विभिन्न वित्तीय संस्थाहरूको अध्यक्ष र सञ्चालक हुँदा धैरै नै सघाउ पुऱ्याए।

अहिले साल सम्झना भएन । कुनै वर्षदेखि कर्मचारी सघले बैंकको वार्षिकोत्सवको अवसर पारेर 'अरूणोदय' नामक सङ्गालो प्रकाशन गर्न थाल्यो । यसले एकातर्फ अर्ध–आर्थिक विश्लेषणको न्यूनतालाई धैरै हदसम्म पूरा गऱ्यो भने अर्कोतर्फ विज्ञापन उठाएर संघले आफ्नो कोषलाई धैरै सुदृढ बनायो । बैंकको वार्षिकोत्सवको अवसर पारेर संघले बैंकको सहयोग र आफ्नो कोषबाट समेत कर्मचारीका छोराछोरीको चित्रकला प्रतियोगिता लगायत धैरै रचनात्मक काम गरेको मैले अनुभूत गरेको छु ।

संघका यी व्यापक क्रियाकलापले बैंकको उद्देश्य हासिल गर्न सघाउ पुऱ्याएको अनुभव मैले गरेको छु । २०६५ वैशाख २५ गते रिटायर भएको पनि ६ वर्ष पूरा भएर सात वर्ष लागिसक्यो। तसर्थ, संघका वर्तमान गतिविधिबारे म पूर्ण अनभिज्ञ छु। उर्जाशील र अधवैंसे उमेर बैंकमै बितेको र अहिले पनि जिउने एकमात्र आधार राष्ट्र बैंकबाट पाउने पेन्सन भएकोले बैंकप्रति स्वाभाविक चासो रहन्छ। यस अवसरमा संघको वर्तमान र आगत नेतृत्वसँग निम्न अपेक्षा राख्दछु।

पहिलो, संघमा खराब तत्व छिर्न नपाओस् भन्नेतर्फ सचेत रहनोस्। संघको नेतृत्व इमान, अध्ययन, सादगी, कठिन श्रम र उत्कृष्ट चरित्रको नमुना बनोस्। सर्लाही जिल्लाको नारायण हाइस्कूलमा २०२३ सालमा आठ क्लासमा अङ्ग्रेजी पढाउने गंगाबाबु सरले भन्नु भएको– "If wealth is lost nothing is lost, If health is lost something is lost; but, If character is lost everything is lost ." भनाइ म कहिल्यै बिर्सन्न। ४८ वर्षपछि पनि यो भनाइ मेरो कानमा ताजा भएर अद्यपि गुञ्जिरहन्छ, तपाईंहरू पनि मनन गर्नुहोस्।

दोस्रो, नेतृत्व विकास हेतु एउटा नेतृत्वलाई अधिकतम दुई कार्यकालभन्दा बढी अवसर नदिनोस् ।

तेस्रो, नेतृत्वमा वा कार्यसमितिमा रहेको व्यक्तिको खराब आचरण प्रमाणित भएमा उसलाई निलम्बन गरेर कार्यबाही गरी कालोसूचीमा राखिहाल्ने उन्नत परम्परा विकास गर्नुहोस्।

चौथो, कार्यसमितिलाई लैङ्गिक, जातीय र क्षेत्रीय रूपले समावेसी बनाउँदै लैजानोस् ।

पाँचौं, कुन वरिष्ठ अधिकृतलाई कुन विभागमा प्रतिस्थापना वा सरुवा गर्ने भन्नेजस्ता फिनामसिना कुरामा व्यवस्थापनलाई दुःख नदिनोस् । बरु कुनै पनि विभागीय प्रमुख वा वरिष्ठ अधिकृतले नचाहिने निर्णय वा काम गरेमा तिनलाई नियमानुसार कार्यवाहीको लागि आवाज बुलन्द पार्नोस्।

छैटौं, प्रतिस्ठान स्तरीय निर्वाचन गरी बैंकमा एउटै मात्र आधिकारिक युनियन निर्माण गर्न दिलो ज्यानले लागिहाल्नोस्।

सातौं, कर्मचारी विनियमावली संशोधन वा तर्जुमा गर्दा सेवा अवधिको प्रावधान हटाएर हाललाई ५८ वर्ष वा २०८५ देखि उमेरको हदबन्दी बढाएर ६५ पुऱ्याउने व्यवस्थापन गर्नोस्।

आठौं, अधिकृत तहले व्यवस्थापन तहको पनि फाइदा पाउने भएकोले युनियनको सदस्यतामा अधिकृत स्तरभन्दा मुनिको जनशक्तिलाई मात्र पहुँच दिनुहोस्।

नवौं, व्यवस्थापनलाई सुझाव दिन वा ऊ समक्ष आफ्नो गुनासो पोख्न सहमतीमा एउटा निश्चित समय निर्धारण गर्नुहोस्। उदाहरणको लागि, जनशक्ति व्यवस्थापन विभागसँग प्रत्येक महिनाको अन्तिम शुक्रवार, व्यवस्थापन समितिसँग प्रत्येक दोस्रो महिनाको अन्तिम शुक्रवार, डेपुटी गभर्नरसँग प्रत्येक तेस्रो महिनाको अन्तिम शुक्रवार र गभर्नरसँग प्रत्येक चौथो महिनाको अन्तिम शुक्रवार।

दशौं, म बैंकमा कार्यरत अवस्थामा संघका कोषको व्यवस्थापन पारदर्शी थियो। अहिले कोषको आकार धैरै नै बढेको हुनपर्छ । यसको लेखापरीक्षण गर्ने पद्धति बनाल्नोस् । कोषको रचनात्मक प्रयोगका विकल्प खोज्नुहोस् । उदाहरणको लागि, आर्थिक अवस्था निकै कमजोर रहेका संघ सदस्यका छोराछोरीले मेडिकल वा इन्जिनियरिङ्ग कलेजमा भर्ना पाएमा सदस्यको तलब सुविधाको धितोमा सुलभ ऋण दिनुहोस्। आधा ऋण सदस्यबाट र बाँकी आधा संघ सदस्यका ऋणी सन्तानले कमाउन थालेपछि बजारमा प्रचलित ब्याजदरमा असूलउपर गर्ने व्यवस्था गर्नुहोस्।

एघारौं, संस्थाको प्रतिष्ठामा आँच आउने गरी बैंकको सूचना सार्वजनिक नगर्नुहोस् । बेथिति विरुद्ध संस्थाभित्रै जोडदार सङ्घर्ष गर्नुहोस्।

बाह्रौं, संस्थाको जरा वा जगलाई माया गर्ने बानी बसाल्नोस्। आज तपाईंहरू कार्यरत बैंकमा २०१२–२०१३ सालदेखि काम गरेका दिवंगत र जीवित कर्मचारीको श्रम, समर्पण र योगदानको बाक्लो अंश छ। तपाईहरूले गैरतलबगत सुविधाको माग गर्दा संस्थाका मातृ/पितृ वा पितृतूल्य अग्रजको व्यथा पनि सम्झी दिनुहोस्।


नेपाल राष्ट्र बैंक कर्मचारी संघको
रजत महोत्सव शुभारम्भ कार्यक्रम
उद्घाटन समारोह २०७१
नेपाल राष्ट्र बैंक कर्मचारी संघ









संघको रजत महोत्सव उद्घाटनका झलकहरू





संघको मुखपत्र 'अरुणोदय' अंक १८ सार्वजनिक गरिदै



संघको रजत महोत्सव सुभारम्भमा पूर्व अध्यक्ष श्री प्रेमप्रसाद पाण्डेय र
उत्कृष्ट कर्मचारी श्री शिवराम दवाडी सम्मान ग्रहण गर्दै ।



संघको रजत महोत्सव सुभारम्भमा सम्मानित हुनु भएका अग्रजहरू ।

# कर्मचारीको रूपमा सङ्गठित कर्मचारी समूहसँगका केही संस्मरणीय अनुभवहरू

✍ तुलसीप्रसाद उप्रेती*

**पृष्ठभूमि**

वि.सं. २०३० सालमा सहायक पदमा प्रवेश गरी नेपाल राष्ट्र बैंकको कर्मचारी भएर काम सुरु गरेदेखि २०६१ सालमा कार्यकारी निर्देशकबाट स्वेच्छिक लिँदा र त्यसपछिको दशकमा पनि बैंक परिवारसँग नजिक रहेर विभिन्न परामर्श सेवा गरिरहँदा सबै रोचक अनुभवहरू सँगाल्न थालियो भने त एउटा पुस्तकै तयार हुनेछ। त्यसैले यस संस्मरणमा आफै कर्मचारी भएको तर समूहमा काम गर्दा एक्लैले गर्ने कामभन्दा बढी मूल्यवान हुने तर त्यसमा अन्तर्निहित चुनौतीहरू पनि हुने भएकाले त्यस पक्षका केही रोचक स्मरणहरू प्रस्तुत गरेको छु।

**संस्मरण – १**

वि.सं. २०४० सालको अन्त्यतिर अधिकृत द्वितीयमा बढुवासँगै नेपालगञ्ज शाखाको अनुसन्धान अधिकृतमा सरुवा भयो। त्यसबेला बैंकभित्र वा बाहिर कर्मचारी संघको कल्पना समेत हुँदैनथ्यो। पञ्चायतलाई नै सुदृढ गर्ने अघोषित उद्देश्यका साथ जिल्लास्थित सबै कार्यालय प्रमुख मात्र रहने गरी कर्मचारी मिलन केन्द्र खोलिएको हुन्थ्यो। म कार्यालय प्रमुख नभए तापनि त्यहाँ एउटा प्रस्तुतीकरणका सिलसिलामा पुगेकाले मैले 'मिलन केन्द्रमा इच्छुक कर्मचारी' लाई पनि सदस्यता दिन र केन्द्रलाई सक्रिय बनाउन प्रस्ताव गरेँ। केही महिनाको छलफलपछि सो प्रस्ताव स्वीकृत भयो र नेपाल राष्ट्र बैंकबाट श्री नीलबहादुर शाक्य, श्री सुशील अर्ज्येल लगायत मसमेत केही कर्मचारीहरू केन्द्रमा सक्रिय रह्यौं। हाम्रो बोली व्यवहारले मुक्त वातावरणको पक्षमा देखिएको महसुस भै राजनीतिक र प्रशासनीक क्षेत्रबाट अप्रत्यक्ष चेतावनीहरू आइरहे पनि ठोस प्रमाणको अभावमा कुनै कारबाहीमा भने कोही पनि परिएन। तर केन्द्र अलि बढी सक्रिय र पहिलेभन्दा समावेशी भने हुँदै गएको अनुभूति सबैमा भयो।

**संस्मरण – २**

वि.सं. २०४२ सालको अन्तमा पोखरा (उप) शाखाको व्यवस्थापनमा सरुवा भै गएपछि केही दिनपछि नै पञ्चायती पक्षधर पत्रकारको अभद्र व्यवहारको प्रतिकार स्वरूप नगद भुक्तानीमा ढिलाई गर्ने खजाञ्जी लगायत केही कर्मचारीको सङ्गठित दबाबले निकै गम्भीर स्थितिको सृजना भयो। कुनै अनपेक्षित व्यवहारप्रतिको प्रतिक्रिया स्वरूप ग्राहकको नगद भुक्तानी जानाजानी ढिलो गर्नु वा नगर्नु राम्रो व्यावसायिक कर्तव्यको परिधिबाट बाहिर जाने र ग्राहक सेवाको विश्वव्यापी मान्यतासँग मेल नखानेबारे सम्झाउन कठिन त भयो तर असम्भव भने भएन। तत्कालीन प्रशासन तथा राजनीतिक क्षेत्रको नजिकको निगरानीमा रहेका तिनै कर्मचारी मित्रहरूलाई २०४६ सालको आन्दोलनताका कारबाही गर्न दबाब आउने गरेको र नगरेमा आफूमाथि नै कारबाही गर्ने धम्कीसमेत आउँथ्यो। तर कानुनी अस्पष्टता र ठोस प्रमाणको अभावमा त्यतिखेर नाउँ लिइएका मित्रहरू श्री मदनकाजी श्रेष्ठ, श्री राजेश पालिखे, श्री कृष्णबहादुर श्रेष्ठ, श्री माधव अधिकारी लगायत जो बैंकका सक्रिय, मेहनती र कामको ज्ञान (तथा शीपयुक्त) थिए प्रशासनको कोपभाजनबाट बच्न सफल हुनुभयो। म पनि पटक–पटकको दबाबको बाबजुद त्यहाँ कुनै अनिष्टको शिकार भइन। २०४६ चैत अन्त्यको परिवर्तनको घोषणासँगै आएको खुला वातावरणले ति मित्रहरू को–को कुन कित्तामा रहेछन् विस्तारै थाहा हुँदै गयो। पछि म सरुवा भै काठमाडौं आइसकेपछि एकपटक त प्रजातान्त्रिक वातावरणका पक्षमा एकजुट भै काम गरेका समूहबीच नै कुटाकुटको स्थितिसम्म आएको थाहा हुँदा केही खिन्नता पनि भयो। तर खुला वातावरणमा पहिलो पटक आउँदा छुट्टाछुट्टै उड्न खोज्दा आकाशमा ठोकिएको चराझैं केही समस्या आउनु स्वाभाविकै थियो होला भनी चित्त बुझाउँदै गर्‍यो।

**संस्मरण – ३**

म त्यसताका व्यवस्थापनको अङ्गको रूपमा रहेको बुझाइले भित्रभित्रै सङ्गठित भैरहेको कर्मचारी सङ्गठन प्रयासमा प्रत्यक्ष संलग्न थिइन। तथापि श्री दीपेन्द्रबहादुर क्षेत्रीलगायत श्री कल्याणबन्धु अर्यालसमेतको टोलीले कर्मचारी सङ्गठन निर्माणमा खेलेको सक्रिय भूमिकामा अप्रत्यक्ष सहयोगी भने अवश्य थिएँ नै। सामूहिक हितमा सङ्गठित कर्मचारी समूहको प्रमुख उद्देश्य 'संस्थाको हित, विकास र प्रतिष्ठा अभिवृद्धि गर्दै कर्मचारीको मनोबल उच्च गराउने' नै हो भन्ने मैले सङ्गठनसम्बन्धी अध्ययन, अनुसन्धानबाट आत्मसात गरेकाले व्यवस्थापन समितिहरूमा त्यसको पक्षमा वकालत र सहयोग गर्दा माथिल्लो व्यवस्थापन पक्षबाट मेरो पूर्व इतिहासको खोजी गरी पृष्ठभूमिका आधारमा ब्रान्डेड गरी अनेक किसिमका दबाब दिने काम जारी रहन्थ्यो तर काममा गरेको मेहेनत र शिष्टाचार

*पूर्व कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक*

युक्त व्यवहारका कारणले प्रत्यक्ष प्रतिकूल असर भने परेन। तर कर्मचारी समूहकै पृथकीकरणको सिलसिला देख्दा भने यदाकदा खिन्नता आउँथ्यो। यी सबका बाबजुद 'नेपाल राष्ट्र बैंक, कर्मचारी संघ' ले लिएको शालीन प्रक्रिया र अरू कर्मचारी सङ्गठनहरूले पनि संस्थागत प्रतिबद्धताका साथ अगाडि बढ्दा केही राहत भने महसुस हुन्थ्यो। तर मनका अन्तरमा आवधिक चुनावमा प्रतिस्पर्धा गरे पनि 'संघ' भने एउटै रहेको भए कति राम्रो हुन्थ्यो भन्ने विचार भने अद्यावधिकै छ।

**संस्मरण – ४**

वि.सं. २०५२ सालमा जनकपुर शाखाको व्यवस्थापकमा सरुवा हुँदा अत्यन्तै अस्वाभाविक वातावरणीय अनुभूति भएकाले त्यसलाई कसरी स्वाभाविकीकरण गर्दै शाखालाई एउटा उत्कृष्ट कार्यालय बनाउने भन्ने सोचको विकास गर्न केही दिन खर्च गरियो। मैले कर्मचारी साथीहरूसँग अन्तर्क्रिया गरी जापानी व्यवस्थापन शैलीअनुसार 'गुणस्तर व्यवस्थापन समूह (Quality Circle)' गठन गरी काम गर्न प्रस्ताव गर्दा सर्वश्री माधव बराल तथा श्री रत्नेश्वरलाल कर्णसमेतका साथीहरूले आफूहरूले नयाँ कार्यशैली सिक्न र लागू गर्न स्वीकार गरी 'पहिला हामी बैंकका कर्मचारी त्यसकारण पहिला बैंकको हित' भनी अगाडि बढ्न अग्रसर हुँदा बैंकको इतिहासमै 'मिथिला गुणस्तर समूह' गठन गरियो। समूहले काम सुरु गरेको केही दिनमै स्थानीयस्तरमा तथा बैंकको केन्द्रीयस्तरमा यसको प्रभाव (Vibration) महसुस भै २०५३ को व्यवस्थापन विचार गोष्ठीमा सबै विभाग र कार्यालयमा यसको विस्तार गर्न सहमती भयो। तर म एम.एस्.सी. गर्न बेलायतबाट प्राप्त छात्रवृत्तिमा हिँडेपछि यो कार्य अलि शिथिल हुँदै गएर मृतप्रायः हुनपुगेको सुन्दा मलगायत श्री माधव बरालजीहरू पनि दुःखित भएको सुनियो।

**संस्मरणका केही अनुभूतिहरू**

माथि व्यक्त केही संस्मरणहरू कर्मचारी (व्यक्ति अर्थात् म वा अन्य) र कर्मचारी समूहसँगको सामूहिक सङ्घर्षणबाट सङ्गठनका काममा पार्ने प्रभावको व्यक्तिगत अनुभूतिमा कसरी प्रभावजन्य असर पार्छ भन्ने छलफल गरियो। अब म नेपाल राष्ट्र बैंक कर्मचारी संघ स्थापनाको रजतजयन्ती मनाइरहेको सन्दर्भमा शुभकामना दिँदै केही अनुभूतिहरू बुँदागत रूपमा प्रस्तुत गर्दछु।

- यस अवधिमा नेपालका कर्मचारी संघहरूलाई राजनीतिक दलहरूबाट व्यापक दुरुपयोग गर्दा पनि यस संघले संस्थाको हितमा भरसक सर्वपक्षीय कर्मचारी समेट्न गरेको प्रयास सह्राहनीय देखेको छु।
- बाह्य कारणले एकल संघ अवधारणा कार्यान्वयन नभए पनि नेपाल राष्ट्र बैंक कर्मचारी संघले नेतृत्वदायी भूमिकामा रही अन्य संघहरूसँग सहकार्य गरी बैंकका व्यवस्थापन पक्षसँग एउटा व्यावसायिक (Professional) व्यवहार गरी बैंकभित्र र बैंकर समुदायमा समेत प्रतिष्ठा आर्जन गर्नु प्रशंसनीय देखिन्छ।

अन्त्यमा, अझै पनि सबै कर्मचारी समूहसँग सहकार्य र एकता गर्दै नेपाल राष्ट्र बैंकलाई उच्चस्तरको केन्द्रीय बैंकको रूपमा प्रतिस्थापित गर्न संघ अग्रसर भैरहने छ भन्ने यस रजत जयन्तीको उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।








संघको रजत वर्षको उपलक्ष्यमा सिद्धार्थनगर समितिद्वारा आयोजित
भेटघाट तथा सम्मान कार्यक्रमका झलकहरू



संघको रजत वर्षको उपलक्ष्यमा सिद्धार्थनगर समितिद्वारा आयोजित
भेटघाट तथा सम्मान कार्यक्रममा सम्मान ग्रहण गर्दै अग्रज सदस्य ।



संघको रजत वर्षको उपलक्ष्यमा सिद्धार्थनगर समितिद्वारा आयोजित
भेटघाट तथा सम्मान कार्यक्रममा सम्मानित अग्रजहरूका साथ वर्तमान पदाधिकारीहरू ।

# Managerial Journey

✍ Aswani Kumar Thakur*

It was the year 2040 an young man with energy and lots of hope landed back in Kathmandu with management degree in hand. He started to look for opportunities. There were few opportunities available. This guy opted for one private organization. He joined the organization as Manager Administration but this person could not continue because there was typical management environment one man show, be it right or wrong one have to accomplish the said thing. There was not any space of innovativeness his self-ego did not allowed him to continue in this organization .He was about to lose his enthusiasm, one fine morning he saw one vacancy announcement in Gorkhapatra Nepal Rastra Bank opened the vacancy for MBAs. He applied for the job. After about one and half month he was travelling to Biratnagar in the aircraft he read the result in Gorkhapatra and his name was there in six successful candidates. After interview he heard from different quarter that in Nepal you cannot be appointed in any organization without proper reference that is "bhanshun". He was losing his confidence .It was a fine morning he was enjoying his morning tea and reading the newspaper result of the interview was published his name was there in three successful candidates. He was very excited joined the organization as prasikchak( Instructor)in Banker's Training Center. Department chief (Principal) and others were helpful and friendly. Time passed and he earned the reputation of a good trainer. A surprise was waiting for him. After nine month of his appointment he a transferred to Banking Development and credit Department, Banking operation division, Priority credit unit. Everybody congratulated him, but no one was ready to believe that he was transferred without the famous Bhanshun . He presented his credential to Mr. Hari Shanker Tripathy the then department chief (chief Manager} . Mr Tripathy directed him to Banking operation division there Hemet Dr. Hari Har Dev Panta. He found Dr. panta Very cooperative and friendly .He was finally directed towards Priority sector credit unit , Mr. Shalik ram sharma chief of the unit (Deputy Chief officer } welcome him in very friendly way. Mr. Sharma was very energetic had vast domain knowledge. But after three four days he realized that Mr. Sharma was a person who had the self believe and wanted perfection in all the work. Result was that Mr. Sharma used to work alone he was busy all the time. Other junior officers were comparatively at ease. AS Mr. sharma was very friendly this fellow dared to speak with him and suggested for the work division through organizational chart. Mr. Sharma gave him this assignment this was his first formal assignment with the help of his collagues Mr. Gopal Kafle ,and Mr Jagdish Adhikari he was able to submit the assignment in given time and it was implemented ,all of the employee of the unit were happy. That was Initial state of Shaghan Banking Karja karyakam. Lots of works were done and lots of work had to be done. He enjoyed a lot working with others in this unit because working environment was close family type. After about two years he was transferred to Personnel Administration Department , O & M Division. He was annoyed went straight to Mr. Sharma and asked him whether his performance was not up to the mark.Mr. Sharma told him that it is the decision of personal department and he has nothing to do with it. He went and joined the department. His chief was a traditional man.

He went to his allotted table. The environment was not very conducive. He heard about a person who was deputed in mint department. Lots of good and bad things about the person was told to him. He met the person after few days. He was Mr Bhai kaji Shrestha . Mr.Shrestha was friendly knowledgeable and highly sincere. Unknowingly a management bond was tied between Mr Shrestha and him.

*Former Executive Director, Nepal Rastra Bank*

**Turning Point**

One bright afternoon he was called by his chief in his chamber. He presented himself. Chief gave him one document and assigned him in management analysis project with an instruction of including the readymade analysis result. He started working on the project very serious. He applied lots of personal analytical tools such as correlation between performance and seniority, performance and qualification and lots more. He handed the finished project to the boss. Boss went thru the report in fact he was much interested in reading the analytical result. The boss was not pleased at all. In a very serious tone. "Why you did not include the result which was given to you". He gave a flat answer that this is the real analytical result. The report was submitted to the governor. He was asked why he did not include anticipate analytical result. He explained it to the governor and surprisingly governor was convinced. Though the report was not implemented but he felt the recognition.

**Real School of Management**

After two years he again received one transfer letter. He was transferred as manager ILAM. After joining the branch he found that though the branch was small consisted of 35 members a typical fragmentation existed. He tried his best to integrate.

In 2046 democratic forces owned, multiparty democracy was established. Its effect on different offices and organization was owned. It was something like suppressed spring effect. Official discipline highly deteriorated but the effect on Nepal Rastra Bank was not that severe .May be because of the fact that employees of NRB were comparatively more knowledgeable and educated. Election for the Union was announced. In Ilam election was unanimous. Relation between union and him was conducive. He adopted participative management module. Regular periodic meeting with union helped him a lot. He recognized Ilam branch as his practical school of management.

He introduced staff suggestion scheme, best staff of the year award etc. He realized that most effective management model is participative management model. There are lots of area where the academic knowledge is not sufficient rather sometime misleading too.

**Managerial Setback**

General strike was called by the central union, as a manager it was his duty to negotiate and to see that service is not affected. He was successful in defying strike service was not affected .But local management paid price which was costly. President of the branch Mr. Tulashi Ghimire who was awarded as Best employee of the year by him got the termination letter signed by him. What a contrast was it a victory no not at all he accepted this event as his managerial defeat. A management pinch which will remain with him throughout his professional life.

After Illam branch he was transferred to different department s. But he wants to refer about his tenure as Chief manager Pokhara branch. The day he joined the branch he felt that one of the two unions was highly suspicious about him. A strong aroma of distrust was hovering in the environment . It was a challenge. Meeting with the union was not very conducive there was a prerogative thinking that manger is biased. But as time passed the meeting were very cordial .number of system were introduced.

Management and union relationship was smooth. At the time of strike also staffs never compromised with service delivery though let. An environment of trust and belief was developed. Number of management system were developed and introduced through negotiation and consultation.

**Real Negotiation Era**

He was transferred in human resource department. There were lots of work pending there was backlog of three years in promotion, employee's by rules amendment, transfer and training policy etc. Guy was really excited. About a yearlong negotiation with two unions were on offing. First few meeting went very smoothly then after complexity emerged on the matters like weightage of different variables of promotion, merger of cash and administrative services, review system, automatic promotion etc. Discussions some time were hot, sometime conducive, and some time total disagreement. After a long spell management and union came to an agreement and

amended by rules were promulgated .The guy was very satisfied though there were certain points included which he opposed. Regular negotiations with union became a routine job however the practice helped a lot in implementing new policies . The present nomenclature of departments, H. R. positions were introduced in that period .After about 2 years he was transferred in three different department and got promotion too , he became department chief and in rest of the period he was not involved in corporate level negotiation with union . AS in this article he had concentrated on union and management relation he wants to ignore rest of his professional achievement and failure in this article .Before shutting down the laptop he wants to conclude with the sentence that unions are important and necessary part of the organization, but a clear line demarcation should be drawn in between managerial area and union territory, to have a good union management relation in corporate level.



# NABIL PRESENTS THE PERFECT TRAVEL COMPANION !

Visa International Pre-Paid Card easiest and safest way to carry travel money!




**Looking for a way to carry your travel money more safely?**
**That's more convenient than using traveller's cheques?**
**And that keeps your travel funds separate from all your other money?**
Nabil presents Visa International Pre-Paid Card.
All you need to get this card is a valid passport and confirmed air ticket*.

**PREPAID TRAVEL CARD FEATURES AT-A-GLANCE :**

- Issuance of Personalized & Non-Personalized card
- Four years validity
- Chip based card with CHIP+PIN verification method for both ATM & POS transactions
- Accepted in ATM & POS terminal worldwide except in India (different card available for India)
- Can easily & securely access in internet online ecommerce transaction
- Can be issued on account and non-account basis
- Can be topped up any time during the validity of card (provided customer meets NRB criteria)
- No interest and late payment fees applicable
- Statement of the account provided on demand from all our branches
- Availability of balance enquiry option as well as issuance of balance certificate
- Free transaction alert service available in both mobile & email address




Powered by:
Verified by VISA

SERVING THE NATION SINCE 1984

NABIL BANK®

YOUR BANK AT YOUR SERVICE

www.nabilbank.com

*Subject to NRB Regulations*

Head Office: Nabil Centre, Beena Marg, Durbar Marg, Kathmandu, P.O. Box No.: 3729, Ph No.: 4227181, 4221718
• Pulchowk • Tripureshwar • Kantipath • New Road • Jorpati • Maharajgunj • Birgunj • Power House Chowk • Biratnagar • Itahari • Dharan • Pokhara
• Lakeside, Pokhara • Butwal • Bhalwadi • Bhairahawa • Baglung • Dhangadhi • Nepalgunj • Mahendranagar • Damak • Narayangadh • Ghorahi • Teendhara
• Tulshipur • Hetauda • Birtamod • New Baneshwor • Halchowk • Thamel • Kaushaltar • Chabahil • Maitidevi • Satdobato • Balaju • Kuleshwar • Khandbari
• Charikot • Dhulikhel • Gorkha • Besisahar • Chandragadhi • Dhapashi • Anamnagar • Sinamangal • Gwarko • Attarkhel • Janakpur




पोखरा समितिको सातौं अधिवेशनको उद्घाटन समारोह



पोखरा समितिद्वारा सम्मानित अग्रज सम्मानपत्र ग्रहण गर्दै



पोखरा समितिद्वारा सम्मानित अग्रजहरू



पोखरा समितिद्वारा सम्मानित अग्रज सम्बोधन गर्दै

# कर्मचारी युनियनको बदलिंदो रूप

डा.मीनबहादुर श्रेष्ठ*

## पृष्ठभूमि

२०४६ सालको जनआन्दोलनपछि नेपालमा लोकतान्त्रिक अधिकारहरूको स्थापना र अभ्यास हुने क्रम सुरू भयो । यसअन्तर्गत कर्मचारीहरूको हकहितको निमित्तसमेत विभिन्न प्रतिष्ठानहरूमा कर्मचारी सङ्गठनहरूको स्थापना हुन थाल्यो । यसै क्रममा नेपाल राष्ट्र बैंकमा पनि २०४७ साल वैशाखमा नेपाल राष्ट्र बैंक कर्मचारी संघको जन्म भयो । जनआन्दोलनको दबाबस्वरूप राजनीतिक व्यवस्थामा परिवर्तन आएर कर्मचारीहरूलाई युनियन खोल्ने अधिकार प्राप्त भएपछि मुलुकका सबैजसो प्रतिष्ठानहरूमा कर्मचारीले सामूहिक रूपमा युनियन खोलेका थिए। सुरूमा युनियनहरूले संस्थाका कर्मचारीहरूलाई एकताबद्ध तुल्याउने माध्यमको रूपमा काम गर्दै कर्मचारीहरूको तलब–भत्ता तथा सुविधालाई भन्दा पनि संस्थाभित्रको विकृति–विसङ्गति र भ्रष्टाचार हटाउन बढी महत्त्व दिएका थिए। युनियनहरू दलीय राजनीतिको छायाँमा पर्न थालेपछि फुटेर एकबाट अनेक बन्न गए। पहिले कर्मचारीहरूलाई एकताबद्ध तुल्याउने माध्यम बनेका युनियनहरूले कर्मचारीहरू बीच विभाजन ल्याउने काम गरेको, अधिक तलब–भत्ता तथा सुविधा माग गर्ने गरेको र संस्थाभित्रको विकृति–विसङ्गति र भ्रष्टाचार विरूद्ध खबरदारी गर्नुको साटो आफू पनि त्यस्तो विकृति–विसङ्गति र भ्रष्टाचारको कारक बन्न थालेको भन्ने आक्षेप लाग्न थालेको छ। नेपाल राष्ट्र बैंकका कर्मचारी युनियनहरूको हकमा पनि यही गति र प्रवृत्ति देखिनु समस्त राष्ट्र बैंकका कर्मचारीहरूको निमित्त चिन्ताजनक विषय बनेको छ।

## संघको विगत

२०४६ सालको जनआन्दोलनको समयमा जनआन्दोलनलाई सहयोग पुग्नेगरी नेपाल राष्ट्र बैंकका कर्मचारीहरूले एकताबद्ध भएर संस्थाभित्रको विकृति–विसङ्गति र भ्रष्टाचार विरूद्ध हड्ताल गरेका थिए । त्यसबखत बैंकमा कृपाप्राप्त सीमित व्यक्तिहरूको हालीमुहाली थियो। केन्द्रीय बैंकको रूपमा रहेको नेपाल राष्ट्र बैंकले तदनुरूपको काम गर्न र साख बनाउन सकेको थिएन। सीमित व्यक्ति तथा समूहले संस्थाको स्रोत–साधनको दुरूपयोग गर्ने, प्रियपात्रहरूलाई मात्र सुविधा र अवसर उपलब्ध गराउने, नियम कानुनहरूको व्याख्या र कार्यान्वयन मनलाग्दो ढङ्गले गर्नेजस्ता कार्य गरिआएका थिए। कर्मचारी संघको गठनसँगै नेपाल राष्ट्र बैंकका युनियनकर्मीहरूले संस्थाभित्र भए–गरेका गलत कार्यहरूको सप्रमाण भण्डाफोर गर्ने र दरबारका आसेपासेहरूले लगेर चढिरहेका बैंकको सवारी साधनहरू घर मै गएर खोसेर ल्याउनेसम्मका सह्राहनीय कार्य गरेका थिए । यस्ता क्रियाकलापबाट कर्मचारी युनियनप्रति समस्त कर्मचारीहरूको माया र सद्भाव जागेको थियो । संस्थाभित्रको विसङ्गति र विकृति विरूद्ध आवाज उठाउने क्रममा संघका संस्थापक अध्यक्ष दीपेन्द्रबहादुर क्षेत्रीलगायत अधिकांश युनियन पदाधिकारी तथा सदस्यलाई व्यवस्थापनले सेवाबाट बर्खास्त गर्नेसम्मको कार्य गरेको थियो।

नेपाल राष्ट्र बैंक कर्मचारी संघको पहिलो निर्वाचनको बेला दुई समूहको प्रतिस्पर्धा भयो जुन स्वाभाविक प्रजातान्त्रिक अभ्यासको रूपमा रहेको थियो । तर देशमा कायम भएको दलीय राजनीतिक व्यवस्थाको असर र कर्मचारीहरूबीच स्पष्ट रूपमा विकास भएको विपरीत आस्थामा आधारित धारका कारण नेपाल राष्ट्र बैंकका कर्मचारीहरू दुई खेमामा विभाजित हुन पुगे । निर्वाचनमा एक खेमाको विजय भएपछि विजयी खेमाले तोकिएको कार्यकालसम्म नेतृत्व गर्ने र पराजित खेमाले पनि कर्मचारी हितको निमित्त रचनात्मक भूमिका निर्वाह गर्दै नेतृत्व पाउनको निमित्त अर्को निर्वाचन कुर्नुपर्नेमा त्यसो भएन। पराजित खेमाबाट अर्को युनियन स्थापना भयो। एक प्रतिष्ठानमा कर्मचारीहरूको एकमात्र युनियन हुनुपर्नेमा कुल कर्मचारी सङ्ख्याको २५ प्रतिशत सङ्ख्याले युनियन खोल्न पाउने कानुनी व्यवस्था भएपछि देशभरका प्रतिष्ठानहरूमा एक युनियनको स्थानमा अनेक युनियनको अवधारणा अघि बढ्यो।

## युनियनको अवधारणा

औद्योगिक प्रतिष्ठानहरूमा लगानीकर्ता मालिकहरूले उद्योगबाट हुने आम्दानीको अधिकांश हिस्सा आफूले लिने तर मरिमेटेर श्रम गरी त्यस्तो आम्दानी दिलाउने कामदारहरू लाई त्यस्को कुनै अंश नदिने वा अत्यन्त नगण्य अंशमात्र दिने गरेका कारण कामदारहरू सङ्गठित भई आफ्नो न्यायोचित माग लिएर हडताल गर्ने परिपाटीसँगै ट्रेड युनियनको अवधारणाको विकास भएको देखिन्छ। लगानीकर्ता मालिकसँग उत्पादनकर्ता

*कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक

कामदारको तर्फबाट मूलतः उद्योगको आम्दानी बाँड्ने र काम गर्ने वातावरण सुधार गर्ने सम्बन्धमा सामूहिक सौदाबाजी गर्नु नै युनियनको उद्देश्य हो । लोकतान्त्रिक पद्धतिअन्तर्गत कामदारहरूको सङ्गठित हुन पाउने अर्थात् युनियन खोल्न पाउने अधिकारलाई नैसर्गिक अधिकारको रूपमा लिइन्छ र ऐनले नै यस्तो अधिकार सुनिश्चित गरेको हुन्छ । नेपालमा पनि ट्रेड युनियन ऐन, २०४९ ले यस्तो अधिकारको व्यवस्था गरेको छ। तर खासगरी निजीक्षेत्रका औद्योगिक प्रतिष्ठानका मजदूरहरूलाई लक्षित गरी बनेको ऐन नै सरकारी तथा अर्धसरकारी संस्थाको कर्मचारी युनियनको हकमा समेत लागू गरिएपछि यसबाट विभिन्न विकृति जन्मन गएको देखिन्छ।

निजी क्षेत्रको औद्योगिक प्रतिष्ठानमा मालिक वर्ग र मजदूर वर्गबीच सौदाबाजी आवश्यक हुन्छ। यसरी सौदाबाजी गर्दा मजदूर वर्गको सुविधा बढाउँदा मालिकले पाउने अतिरिक्त आम्दानी घट्न जान्छ। तर सरकारी तथा अर्धसरकारी संस्थाहरूमा मालिक र मजदूर वर्ग हुँदैनन् । ती संस्थाहरूमा कर्मचारीको तलब–भत्ता तथा सुविधा वृद्धि हुँदा तल्लोस्तरकादेखि उच्च व्यवस्थापनमा रहेकाहरूसम्मका सबैको तलब–भत्ता तथा सुविधामा वृद्धि हुन्छ । निजी क्षेत्रको औद्योगिक प्रतिष्ठानमा हडताललगायतका आन्दोलन भएमा सो उद्योगको उत्पादन बन्द भई मालिकलाई नोक्सानी हुन्छ। तर सरकारी र अर्धसरकारी संस्थाहरू प्रायःजसो जनसाधारणलाई अत्यावश्यकीय सेवा दिने कार्यमा संलग्न रहने हुँदा ती संस्थामा हुने बन्द तथा हडतालबाट आम जनसमुदायले अत्यावश्यकीय सेवा प्राप्त गर्नबाट बञ्चित हुनुपर्ने अवस्था आउँदछ। यस प्रकार स्वामित्व र कार्य प्रकृतिको भिन्नताको कारण सरकारी तथा अर्धसरकारी संस्थाहरूमा कर्मचारी युनियनहरूको क्रियाकलाप औद्योगिक प्रतिष्ठानका मजदूरहरूको भन्दा भिन्न हुनु आवश्यक हुन्छ । तर विद्यमान कानुनी व्यवस्थाअन्तर्गतको प्रावधानको अभ्यास गर्दा सर्वत्र औद्योगिक मजदूर संस्कृति विकास हुन गएको छ।

**युनियनहरूको योगदान**

युनियनहरूको उपस्थितिको कारण प्रतिष्ठानहरूमा अनियमितता र मनपरि गर्ने प्रवृत्ति दुरूत्साहित हुन गएको छ भने नियमसङ्गत रूपले काम गर्ने, कर्मचारीहरूको सुविधा वृद्धि गर्ने, काम गर्ने वातावरणमा सुधार गर्ने, कर्मचारीहरू बीचको विभेद हटाउने वा कम गर्ने, सबैले अवसर पाउने वातावरण सृजना गर्नेजस्ता कार्यतर्फ निकै ठूलो उपलब्धि हासिल भएको देखिन्छ । कर्मचारी युनियनहरूको खबरदारीको कारण नै सरकारी र अर्धसरकारी निकायहरूमा उच्च व्यवस्थापनले आफूलाई शासक र आमकर्मचारीहरूलाई शासित ठान्ने मनोवृत्तिमा सुधार आएको छ। यसरी कर्मचारी युनियन आन्दोलनको कारण सम्बन्धित संस्थाहरूमा उल्लेख्य मात्रामा सकारात्मक पक्षको विकास भएको देखिन्छ। तर पछिल्लो समयमा आएर युनियनहरूको क्रियाकलापबाट गलत संस्कृतिको विकास हुन थालेकोले यसले युनियन आन्दोलनबाट प्राप्त उपलब्धीलाई छायाँमा पार्ने त होइन भन्ने चिन्ता व्यक्त गर्न थालिएको छ।

**समान अवसर, उत्पादकत्व र गुणस्तर**

युनियनहरूले आफ्ना सदस्यको हकहितको निमित्त आवाज उठाउनु स्वभाविकै हो। कुनै कर्मचारी व्यवस्थापनबाट ठगिन पुगेको अवस्थामा युनियनमार्फत् व्यवस्थापनसमक्ष कुरा राखी समान अवसर पाउने स्थिति सृजना गर्नु युनियनको प्रमुख कर्तव्य नै हो । तर युनियनको संरक्षणको कारण कर्मचारीले ठीकसँग काम नगरे पनि हुने, क्षमता वृद्धि गर्नुनपर्ने, काममा लापरबाही गरे पनि कारबाहीबाट बचाइने, सबै प्रकारको सुविधा युनियनले दिलाइदिने जस्तो अवस्थाले संस्थाको समग्र उत्पादकत्व र कामको गुणस्तरमा नकरात्मक असर पर्न जाने देखिन्छ । फलस्वरूप, निरन्तर आफ्नो क्षमता वृद्धिमा लाग्ने, बढीभन्दा बढी काम गर्न अग्रसर हुने, कामको गुणस्तर वृद्धि गर्ने, संस्थाको प्रतिनिधित्व गर्ने स्थानमा प्रभावकारी भूमिका निर्वाह गर्ने, संस्थाको नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा आफ्नोतर्फबाट सक्रिय भूमिका खेल्ने, नयाँ खोजमूलक कार्य गर्नेजस्ता पक्ष नेपाल राष्ट्र बैंक जस्तो संस्थाका कर्मचारीहरूमा संस्कृतिकै रूपमा विकास हुनुपर्नेमा त्यसो हुन सकेको पाइँदैन। सक्षम व्यक्तिले बढी काम गरेर बढी योगदान गरेबापत बढी सुविधा र प्रोत्साहन पाउनुको सट्टा अक्षम र कामचोरले पाए सरह कै तलब–भत्ता र सुविधा पाउने अवस्थाले संस्थाबाट प्रतिभा पलायनको दर बढ्न जाने देखिन्छ।

**युनियनहरूबीचको प्रतिस्पर्धा र माग**

नेपाल राष्ट्र बैंकमा हाल चारवटा युनियनहरू कार्यरत छन्। यी चारवटा युनियनमा रहेका पदाधिकारी तथा सदस्यहरूले न्यूनतम रूपमा युनियनको कार्यमा लाग्दा पनि निकै ठूलो कार्यसमय खर्च हुने गरेको छ। कानुनबमोजिमकै अधिकार प्रयोग गर्दा पनि चारवटा युनियनले पालैपालो माग राख्ने, माग पूरा गराउन पालैपालोजस्तो घेराउ गर्ने, कार्यालय हातामा हरदमजसो कालो तुल टाङ्गिनेजस्ता कार्यले बैंकको कामकारबाही

प्रभावित हुनुको साथै संस्थाको छवीमा समेत नकारात्मक असर परेको छ। युनियनहरू बीचको आपसी प्रतिस्पर्धाको कारण एकलेभन्दा अर्कोले बढी र नयाँ–नयाँ माग राख्ने प्रवृत्ति पनि देखिएको छ। यसक्रममा संस्थाको हितलाई केन्द्रविन्दुमा राखेर कर्मचारीहरूको सरसुविधाको कुरा गर्नुपर्नेमा संस्थालाई दूरगामी नकारात्मक असर पर्ने कुरा जान्दाजान्दै पनि केही सीमित कर्मचारीहरूलाई लाभ दिलाउन माग राख्ने, त्यसैको पक्ष–विपक्षमा कर्मचारी विभाजित हुनेजस्तो अप्रिय स्थिति पनि बैंकमा देखा पर्‍यो। मौद्रिक नीतिको कार्यान्वयनबाट मुलुकको समष्टिगत आर्थिक समृद्धिमा योगदान गर्ने गहन दायित्व पाएको केन्द्रीय बैंकमा केही युनियनकर्मीले मौद्रिक व्यवस्थापनमा बैंकको आम्दानीको कुनै पनि हिस्सा खर्च गर्नु हुँदैन, त्यसबाट कर्मचारीले पाउने कल्याणकारी कोषको रकम घट्छ भन्ने जिकिर गरेको र त्यसबाट उच्च व्यवस्थापन आवश्यक कदम चाल्न हच्केको भन्ने चर्चा चल्ने अवस्था पनि आयो।

**दलीय सामिप्यता**

कर्मचारीहरू सर्वप्रथम देशका नागरिक हुन्, तसर्थ सबै कर्मचारीले आफ्नो नागरिक अधिकार प्रयोग गर्न पाउनु पर्नेमा दुईमत हुन सक्दैन। दलीय राजनीतिक व्यवस्था भएको मुलुकमा कर्मचारीले कुनै दलविशेषलाई भोट हाल्नु अत्यन्त स्वभाविक हो। कतिपय अवस्थामा अप्रत्यक्ष सहयोग पनि उचित ठहर्न सक्ला। तर खुल्लारूपमा युनियनहरूले दलको भ्रातृसङ्गठनको रूपमा काम गर्ने, राजनीतिक वृत्तमा हुने हरेक उतार–चढावलाई युनियनमार्फत् संस्थामा भित्र्याउनेजस्ता कार्यले संस्थालाई अधोगतिमा लैजाने निश्चित छ। नेपाल राष्ट्र बैंकमा गभर्नर र डेपुटी गभर्नरको पदपूर्ति नेपाल सरकारबाट हुन्छ। सरकारमा रहेको पार्टीले गभर्नरको नियुक्त गर्ने, सो गभर्नरलाई एउटा युनियनले अन्ध समर्थन गर्ने र बाँकी युनियनहरूले गभर्नरले जति नै राम्रो काम गरेपनि जस दिनुको साटो विरोध गर्ने अवस्था आउनसक्ने देखिन्छ। यसबाट नेतृत्वले संस्थालाई नयाँ गति दिएर सही दिशामा हाँक्न ठूलो अवरोध सामना गर्नुपर्ने हुन्छ।

**उपसंहार**

मुलुकमा राजनीतिक परिवर्तन आएसँगै कर्मचारीहरूले पनि युनियनमार्फत् आफ्नो हकहितको कुरा राख्न थालेका छन्। संस्थाहरूमा कर्मचारी युनियनको उपस्थितिले कर्मचारीहरूको तलब–सुविधा वृद्धि भएको मात्र नभई ती संस्थाहरूमा सुशासन कायम राख्नमा समेत उल्लेख्य सहयोग पुगेको छ। नेपाल राष्ट्र बैंकमा पनि कर्मचारी युनियनको स्थापनासँगै समयसापेक्ष रूपमा कर्मचारीहरूको सरसुविधामा पुनरोवलोकन गर्ने, काम गर्ने वातावरणमा सुधार गर्ने, संस्थाको काम–कारबाहीमा पारदर्शिता कायम गर्ने, नीति–निर्माण र निर्णय गर्दा सहभागीतामूलक विधि अपनाउनेलगायतका सकारात्मक कार्य भएका छन्। तर पछिल्लो चरणमा बैंकमा एकपछि अर्को गरी चारवटा युनियन स्थापना भएको, युनियनहरूबीच चरम प्रतिस्पर्धा हुन थालेको, अक्षम, काम नगर्ने र काममा लापरबाही गर्ने कर्मचारीलाई पनि कुनै न कुनै युनियनको संरक्षण प्राप्त हुने गरेको र घटी योगदान गर्ने र बढी योगदान गर्ने सबैलाई एकै प्रकारको व्यवहार गर्ने गरिएबाट एकातिर संस्थाको समग्र उत्पादकत्व र कार्य गुणस्तर खस्कदै जानसक्ने देखिन्छ भने अर्कोतिर प्रतिभा पलायन हुनसक्ने देखिन्छ। त्यसैगरी, एउटा संस्थामा चार–चारवटा युनियनहरूले छुट्टाछुट्टै माग राख्ने र आफ्ना माग पूरा गराउन विभिन्न दवाबमूलक उपाय अपनाउने गर्दा संस्थाको कार्यमा प्रत्यक्ष असर परिरहेको छ। फिनामसिना उपलब्धीका लागि गरिने वा अघोषित उद्देश्यले अघि बढाइने क्रियाकलापले संस्थालाई दूरगामी नकारात्मक असर पार्नसक्ने कुरालाई मनन गरी नेपाल राष्ट्र बैंकका युनियनहरूले आफ्नो क्रियाकलापको शैलीमा पुनरविचार गर्नु जरूरी छ। नेपाल राष्ट्र बैंकमा २०४७ सालमा कर्मचारीहरूको पहिलो युनियनको रूपमा नेपाल राष्ट्र बैंक कर्मचारी संघ स्थापना भएकोमा हाल युनियनको सङ्ख्या चार पुगेको छ। यी चारवटा युनियन एकीकृत भई नेपाल राष्ट्र बैंकमा पुनः एक युनियन मात्र कायम हुन सकेमा यसबाट बैंक, कर्मचारी र सेवाग्राही सबैको उच्चतम हित सम्बर्द्धन हुनुका साथै समस्त वित्तीय क्षेत्रमा रहेका कर्मचारी युनियनहरूलाई समेत उचित उत्प्रेरणा मिल्न सक्नेछ।



Refurbishment
ACE
DEVELOPMENT BANK LIMITED
Education
All I dream of
Travels
ACE NO झन्झट Loan
Small and medium sized loans (against asset/property) for service holders, entrepreneurs and professionals for anything you can dream of – business, education, medical treatment, renovation and just about everything else. The loan gets processed in just 3 days* with a flexi repayment option designed especially for your needs.
Then what are you waiting for..?
it's time to make your dreams come true.
For further details contact




IME
मैले बनाएको हो नं.१
हो, आईएमईलाई उहाँजस्तै लाखौं सेवाग्राहीहरूको विश्वासले बनाएको हो नेपालको नं. १ रेमिटेन्स कम्पनी।
नेपालको नं. १
रेमिटेन्स कम्पनी
Toll Free











दशैं, तिहार लगायतका राष्ट्रिय पर्वको उपलक्ष्यमा आयोजित
शुभकामना आदान प्रदान तथा चियापान कार्यक्रमका झलकहरू







# नेपाल राष्ट्र बैंकमा मेरा ३० वर्ष : केही सम्झनाहरू

शिवादेवी काफ्ले*

स्नातकोत्तर भरखर सकेको र विवाह पनि भरखरै भएको बेला अफिस (राष्ट्र बैंक)मा भेट्न जाँदा "राष्ट्र बैंकमा जागीर खाने ? प्रधान सहायकको लागि खुलेको छ र तलव भत्ता तुलनात्मकरूपमा आकर्षक हुन्छ, खाने भए मसँग फाराम छ " भनेर दिदी शारदा काफ्लेले फाराम दिनु भएपछि 'प्रधान सहायकको लागि?' भन्ने प्रश्न मनमनमा आए पनि ख्यालख्यालमै जस्तो फाराम भरेर वहाँलाई नै दिएर म पोखरा (नयाँ घर) गएँ। परीक्षा पनि पुरूषोत्तम महिना पालना गर्न काठमाडौं आएको बेलामा परेको हुँदा दिइयो। त्यसको लगत्तै महेन्द्ररत्न क्याम्पसमा पढाउन थालिसकेको भए तापनि राष्ट्र बैंकको नतिजा सकारात्मक निस्केपछि भविष्यमा अनुकूलताको अपेक्षा गर्दै राष्ट्र बैंकको जागीरलाई नै प्राथमिकतामा पारियो। यसरी २०३७ साल असोज २१ गते नेपाल राष्ट्र बैंकमा मेरो प्रवेश भयो।

मलाई तत्कालीन बैंकिङ्ग विकास तथा कर्जा विभाग अन्तर्गत पर्ने बैंक व्यवस्था महाशाखामा पदस्थापन गरिए अनुरूप प्रशासनका एकजना सहयोगी कर्मचारीले महाशाखा प्रमुखको कोठामा लगिदिए। "नियुक्ति पत्र लिएर त आउनु भयो तर यो विभागमा महिला कर्मचारीप्रति राम्रो छाप छैन" भनेर स्वयम् महाशाखा प्रमुखले नियुक्ति पत्र देखाउने बित्तिकै भनेको सुन्दा नरमाइलो भन्दा पनि अचम्भ र कौतुहल लाग्यो । भरखर प्रवेश गरेको व्यक्तिलाई उत्साहित पो बनाउनु पर्ने हो भन्ने सोचेर अचम्म लाग्यो भने महिला कर्मचारीले त्यस्तो के गरेछन् र मैले आउन नपाई महिलाबारे यस्तो धारणा सुन्नुपर्‍यो भन्ने कुराले कौतुहल पनि लाग्यो । केही समय पछि वहाँबाटै केही महिलाले पहुँचको भरमा अनुशासन पालनामा वेवास्ता गर्ने गरेको भन्ने कुरा सुनें । तथापि १/२ महिलाको कारणले सबैका लागि सामान्यीकरण त गर्नहुँदैन नि भन्ने मनमा आइहाले पनि व्यक्त भने गरिन।

उक्त महाशाखाले केही समय पछि विभागकै रूप लिई बैंक व्यवस्था विभाग कहलिन पुग्यो । मलाई यस विभाग अन्तर्गत कर्जा नियन्त्रण इकाईमा काम गर्न खटाइएको थियो जहाँ तत्कालीन नियन्त्रणात्मक व्यवस्था अनुसार वाणिज्य बैंकहरूले नेपाल राष्ट्र बैंकद्वारा निर्धारित तरलता निक्षेप अनुपात, अनिवार्य नगद मौज्दात : नेपाल राष्ट्र बैंकमा र आफ्नै ढुकुटीमा, प्राथमिकता क्षेत्र कर्जा प्रतिशत र पछि उत्पादनशील क्षेत्र कर्जा प्रतिशत समेत नियमानुसार कायम गरे नगरेको अनुगमन/गणना गर्ने र कायम नगरेको भए सम्वन्धित बैंकलाई नसिहत वा जरिवानाको लागि लेखापढी गर्ने कामको पहल मैले गर्ने गर्थें।

विवाह गरेको वर्षमा जागीर शुरू भएको, केही वर्ष भित्रै २ सन्तान (छोरी र छोरा)को जन्म काठमाडौंमा घरजग्गाको जोहो गर्दागर्दै जागिरको प्रथम १० वर्ष बितेछ। यो बीचमा महिला कर्मचारीप्रति राम्रो छाप नपरेको विभाग भए पनि तुलनात्मकरूपमा जिम्मेदारीपूर्ण काम गर्न खटाइएको, सम्पादित काम तथा कार्यशैलीबाट सुपरिवेक्षक तथा वरिष्ठ सुपरिवेक्षकहरू सन्तुष्ट रहेको, कामको सराहना गर्ने गरेको जस्ता कुरा मात्र मेरा लागि सकारात्मक रहेका थिए । वृत्ति विकासको दृष्टिकोणमा भने पहिलो दशक अन्धकारमय नै रह्यो। यसको लागि मेरो आफ्नै कमजोरी जिम्मेवार छ भन्ने मैले महशुस गर्थें। घर गृहस्थिका व्यवहारिक गतिविधिसँगै यदाकदा आउने वृत्ति विकासका अवसरहरूलाई छोप्न मेसो नपाई अलमल्लिरहेको महशुस भइरहन्थ्यो। यो गुनासो आफैसँग अद्यपि कायमै छ।

२०४७ सालमा अधिकृत भएपछि शुरूमा पदस्थापन बैंक व्यवस्था विभागमा नै भए पनि १ वर्ष पछि काठमाडौं बैंकिङ्ग कार्यालयमा सरूवा भयो। घर नयाँ वानेश्वर भएकोले कार्यालय आउने जाने गर्न अत्यन्त सजिलो महशुस हुनुका साथै कामको प्रकृति विल्कुलै फरक भएको, दस्तखतहरूको अत्यन्त सम्वेदनशीलताका साथ परीक्षण गरेर ठूला ठूला रकमहरूको भुक्तानी सम्बन्धी काम गर्नुपर्ने हुँदा स्ट्रेस पनि त्यत्तिकै हुन्थ्यो। तथापि धेरै स्टाफहरूको बीचमा रमाइलो वातावरणमा ३ महिना मात्र के काम गरेकी थिएँ थापाथलीमा नै राष्ट्र ऋण विभागमा सरूवा भयो। उक्त विभागका तत्कालीन प्रथम र द्वितीय व्यक्तिले "हामीले तपाईंलाई यहाँ ल्याउन पहल गरेको" भने पनि कुरा के हो मलाई थाहा भएन किनभने मलाई थापाथली सरूवा गरेदेखि एकपटक पनि केन्द्रीय कार्यालयको मुख्य ढोकाबाट म छिरेकी थिइन। जे होस् राष्ट्र ऋण विभागमा पनि ५ वर्ष गुजारियो । यस विभागमा गएको एक वर्ष नपुग्दै एक दिन "तपाईंलाई डेपुटी गभर्नरले कुरा गर्न बोलाउनु भएको छ" भन्ने फोन आयो। किन होला भनी डराई डराई गएको त ओ.डि.ए.को छात्रवृत्तिमा बेलायतमा मौद्रिक अर्थशास्त्रमा स्नातकोत्तर गर्नका लागि स्थान आएको रहेछ जसको लागि विविध शर्तहरू रहेकोमा मनोनयनका

*पूर्व निर्देशक, नेपाल राष्ट्र बैंक*

लागि म उपयुक्त हुने भएकोले मेरो धारणा बुझ्न बोलाइएको रहेछ। मनोनयन पश्चात् अङ्ग्रेजी भाषा परीक्षणमा पर्याप्त अंक ल्याउनु पर्ने, युनिभर्सिटीले स्वीकार गर्नुपर्ने जस्ता चुनौतिहरू पनि रहेछन्। शुरूमा त साना बच्चा, रेखदेख गर्ने पाको मान्छेको अभाव हुँदा आफ्नो काममा व्यस्त श्रीमान्ले घर, बच्चाबच्ची कसरी व्यवस्थापन गर्न सक्नुहोला जस्तो एकातर्फ लागेको थियो भने त्रिभुवन विश्वविद्यालयबाट अध्ययन पूरा गरेको १०/१२ वर्ष भैसकेको अवस्थामा विदेशमा गएर फेरि पढ्ने कुरा तथा कोही कोही अग्रजहरू बिचैमा पढाई छाडी फर्केका उदाहरणले पनि चुनौतिपूर्ण लागेको थियो । तर पनि प्राप्त अवसरलाई डटेर उपयोग गर्नुपर्छ भन्ने श्रीमान् लगायत शुभचिन्तकहरूको सुझाव र प्रेरणाले उर्जाको काम गऱ्यो । फलस्वरूप शुरूमा १ वर्षे पोष्ट ग्राज्युएट कोर्ष गर्न मनोनयन भएकी म अर्को १ वर्ष व्यतित गरी बेलायतको ग्लास्गो युनिभर्सिटीबाट मौद्रिक अर्थशास्त्रमा एम.फिल. पनि गर्न सकें । त्यसबेलाको सन्दर्भमा विदेशको पढाइ फलामको च्युरा चपाएको जस्तो हुने भए पनि धैर्य, मेहनत र लगन नछाड्ने हो भने सफलताका साथ सम्पन्न गर्न सकिंदो रहेछ भन्ने कुरामा म विश्वस्त भएँ ।

विदेशको पढाइ सकेर फर्केपछि राष्ट्र ऋण विभागमा नै अर्को १ वर्ष व्यतित गर्ने क्रममा द्वितीय श्रेणी अधिकृतको परीक्षा दिएकोमा नतिजा प्रकाशन अनुसन्धान विभागमा सरूवा भएपछि भयो र त्यही विभागमा नै अनुसन्धान अधिकृतका रूपमा २०५३ साल चैतमा पदस्थापन भयो । शुरूका २ वर्ष प्रकाशन शाखा हेरी त्यसपछि अन्तर्राष्ट्रिय व्यापार शाखाको जिम्मेवारी लिने अवसर मिल्यो । आफूले मौद्रिक अर्थशास्त्रमा एम.फिल. गर्दा स्वेच्छिक विषयमा अन्तर्राष्ट्रिय अर्थशास्त्र (जुन आफ्नो रूचीको विषय पनि हो) छानी अध्ययन गरेकोमा काम पनि सम्वन्धित परकोले काम गर्दा भित्रभित्रै उर्जा प्रष्फुटन भैरहेको अनुभव हुन्थ्यो । यसर्थ रूची अनुसारको काम दिनसकेमा कर्मचारीको उत्पादकत्वमा उल्लेख्य वृद्धि हुन जान्छ भन्ने कुरामा मलाई विश्वास लाग्दछ।

द्वितीय श्रेणीकै अवस्थामा अन्तर्राष्ट्रिय मुद्राकोषले प्रदान गर्ने शोधनान्तर तथ्याङ्क सम्वन्धी तालिम अमेरिकामा लिएर आए पछि शोधनान्तर महाशाखा थापाथली मै बसी काम गरेर शोधनान्तर तथ्याङ्क संयोजन कार्यमा अरू निपूणता ल्याउन मलाई त्यहाँ खटाइयो र एक महिना भित्रमा नै उक्त महाशाखाको इन्चार्जको रूपमा काम गर्न कायम मुकायम निर्देशकको जिम्मेवारी दिइयो।

थापाथलीस्थित शोधनान्तर महाशाखाले सम्वन्धित तथ्याङ्क संकलन र संयोजन गर्दथ्यो भने विश्लेषण तथा प्रक्षेपण लगायत अन्य सम्पूर्ण काम बालुवाटारको अन्तर्राष्ट्रिय व्यापार शाखाबाट हुन्थ्यो । शोधनान्तर तथ्याङ्क सम्वन्धी सम्पूर्ण कार्य एकै ठाउँबाट हुन आवश्यक भएको कुरा पहिले पहिले पनि यदाकदा महशुस गरिएको भन्ने सुनिए तापनि मलाई उक्त महाशाखा हेर्ने जिम्मेवारी दिइएको १ महिना भित्रै अर्थात् २०६० सालको भदौको अन्त्यतिर शोधनान्तर तथ्याङ्क सम्वन्धी सम्पूर्ण कार्य एकै स्थानबाट गर्नका लागि थापाथलीमा रहेको कार्यालयलाई बालुवाटारमा सारियो । केही समय पछि वाह्य क्षेत्र सम्वन्धी नै कार्य गर्ने अन्तर्राष्ट्रिय वित्त शाखाको जिम्मेवारी पनि मलाई दिइयो।

अन्तर्राष्ट्रिय वित्त शाखा हेर्ने निर्देशकलाई सार्क फाइनान्स कोअर्डिनेटरको समेत भूमिका निभाउन जिम्मेवारी दिने प्रचलन रहे अनुरूप मलाई यो अवसर प्राप्त भयो। अवकाशको समयसम्म कायम रहेको यो भूमिका सार्क समकक्षीहरूसँग लोकप्रिय भई सक्रियताका साथ निभाउन सकें भन्ने आत्मसन्तुष्टि अझै कायम छ।

अन्तर्राष्ट्रिय मुद्राकोषका सबै सदस्य मुलुकले कोषले निर्धारण गरेको कार्यविधि तथा ढाँचा अनुसार आफ्नो शोधनान्तर तथ्याङ्क तयार गर्नु पर्दछ। उक्त कार्यविधि कोषले समसामयिक रूपमा अद्यावधिक गरी प्रकाशन तथा वितरण गर्ने गर्दछ । नेपालले पनि सन् १९७४/७५ देखि आफ्नो शोधनान्तर तथ्याङ्क तयार गर्दा यस्तै कार्यविधि अपनाउँदै आएको छ। यही क्रममा कोषले पाँचौ कार्यविधि सन् १९९३ देखि लागू गरेकोमा तथ्याङ्क संकलन र संयोजनमा झमेला हुनसक्ने लगायतका कारणले पुरानै पद्धति अनुसार तथ्याङ्क तयार गरी प्रकाशन गरिन्थ्यो । सन् १९९५ तिर नयाँ कार्यविधि अनुसार शोधनान्तर तथ्याङ्क निर्माण गर्न सघाउन कोषबाट प्राविधिक सल्लाहकार आएर सहयोग गरेको भए पनि उपर्युक्त कारणले पुरानै कार्यविधि छाडिएको थिएन। तथापि कोषसँगको रिपोटिङ्गको लागि भने पाँचौ कार्यविधि अनुसार जसोतसो तथ्याङ्क तयार गरी विश्लेषण गरिन्थ्यो । यस्तो स्थितिमा झन झमेला तथा अलमल भएको महशुस हुन्थ्यो । कोषको प्राविधिक सहयोग लिई सन् २००३ (२०६० साल) देखिको नेपालको शोधनान्तर तथ्याङ्क तत्कालीन पछिल्लो पाँचौ कार्यविधि अनुसार नै संयोजन, विश्लेषण तथा प्रकाशन गर्न सकिएकोमा यसमा पनि गर्व नै महशुस हुन्छ।

सदस्यता सम्बन्धी विभिन्न शर्तहरू पालना गर्ने प्रतिबद्धताका साथ नेपाल सन् २००४ अप्रिलदेखि १४७ औं सदस्यको रूपमा विश्व व्यापार सङ्गठनमा प्रवेश गरेको हो । सदस्य भएपछि विविध आर्थिक क्षेत्रहरूलाई खुला गर्नुपर्ने भएकोले सङ्गठनको प्रावधान अनुसार वर्गीकरण गरिएका १२

मध्ये ११ वटा सेवा क्षेत्र अन्तर्गत करीब ७० उपक्षेत्रहरू विभिन्न समयमा खुला गर्ने प्रतिबद्धता नेपालले जाहेर गरेको थियो। सेवा क्षेत्र खुला गर्दा सेवाको आदान प्रदान हुन थाले पछि नेपालको शोधनान्तरमा कस्तो असर पर्न जाने हो र विदेशी विनिमय व्यवस्थापन कसरी गर्नुपर्ने हो भन्ने विषयमा अध्ययन गर्न सदस्यता ग्रहणको लगत्तै एक कार्यदल गठन गरिएको थियो र यसको संयोजकत्वको जिम्मेवारी मलाई दिइएको थियो । तुलनात्मक रूपमा चाँडो कार्य सम्पन्न भएको र तयार गरेको पुस्तक प्रतिवेदन तत्कालीन गभर्नरले नेपाल राष्ट्र वैकद्वारा आयोजित एक समारोहबीच विमोचन समेत गर्नुभएकोमा गौरव लागेको थियो।

सन् २००६ को जनवरीमा श्रीलंकामा सार्क फाइनान्स गभर्नरहरूको सम्मेलन भएको बेला सार्क फाइनान्स कोअर्डिनेटरको हैसियतमा म पनि गएकी थिएँ। त्यस अवसरमा भुटानका गभर्नरले मलाई मनिटरी अथरिटी अफ भुटानमा आएर शोधनान्तर तथ्याङ्क निर्माणमा सहयोग गर्न अनुरोध गर्दा आश्चर्य सहित खुशी लागेको थियो । त्यसबेलासम्म भुटानले शोधनान्तर तथ्याङ्क बनाउने गरेको रहेनछ । औपचारिक रूपमा बोलाएमा सहर्ष आउने मेरो जवाफपछि मनिटरी अथरिटी अफ भुटानले नेपाल राष्ट्र बैंकलाई उक्त सहयोगको लागि औपचारिक अनुरोध गर्‍यो । त्यसपछि भुटान गएर त्यहाँको शोधनान्तर तथ्याङ्क निर्माण गर्न एक हप्तासम्म रहेर सहयोग सल्लाह दिएको सन्दर्भ पनि मेरो लागि गौरवकै कुरा भएको छ।

**निष्कर्ष**

नेपाल राष्ट्र बैंकमा २०३७ साल असोज २१ गतेदेखि २०६७ साल असोज २० गतेसम्म सेवा गर्दा हरेक चीजको सकारात्मक र नकारात्मक पक्ष हुन्छन् भने जस्तै कतिपय कुराहरूले खिन्नता पारेको अनुभव पनि नभएको होइन । जस्तै शुरूका १० वर्षमा वृत्ति विकास सम्वन्धी केही उपलब्धि हुन नसक्नु, प्रथम श्रेणीमा पदोन्नति हुने बेलामा उल्लेख्य संख्यामा दरबन्दी कटौती हुनु, अति सीमित संख्याको लागि खुलेको पदोन्नतिको अवसरमा शुरूका १/२ वर्ष आफू पर्न नसक्नु र सबैभन्दा मुख्य त विशिष्ट श्रेणीको पदोन्नतिका लागि पदावधिको हिसावले योग्य हुन नपाउँदै सेवा अवधिको हिसाबले अनिवार्य अवकाश प्राप्त गर्ने बेला भैहाल्नु। तथापि नीति, नियम, निर्देशन निर्माण तथा पालना गराउने विभागमा शुरूमा नै नियुक्त भई सोही सम्वन्धी प्रत्यक्ष काम गर्ने इकाईमा खटाइनु, कामको सराहना हुने गरेको अन्य व्यक्तिहरूबाट सुनिनु, अधिकृतमा नियुक्त भएको दुई वर्षमा नै बेलायतमा एम.फिल. गर्ने अवसर मिल्नु, त्यसपछि प्रथम प्रयासमा नै द्वितीय श्रेणीमा उत्तीर्ण हुनु, विविध कारणले केही ढिलो भए पनि १ मात्र दरबन्दीमा प्रथम श्रेणीको पदोन्नतिमा आफू पर्नु, शोधनान्तर विज्ञको हैसियतमा कुनै मुलुकको शोधनान्तर तथ्याङ्क निर्माणमा सहयोग गर्ने अवसर मिल्नु, सार्क फाइनान्स कोअर्डिनेटरको भूमिका तुलनात्मकरूपमा धेरै समय निभाउन पाउनु, आफ्नो लगनशीलता अनुरूप कार्यालयले पनि विभिन्न एक्सपोजर दिनु आदि कुराहरू सकारात्मक तथा आत्मसन्तुष्टिको पाटो भएको मलाई लाग्दछ। मेरो व्यवसायिक विज्ञता नेपाल राष्ट्र बैंक कै योगदान हो । यसैको फलस्वरूप अवकाश प्राप्त गरेको वर्षमै राष्ट्रिय वाणिज्य बैंकमा विज्ञ सञ्चालक नियुक्त हुनु र अद्यपि कायम रहनु तथा बीचमा केही समय प्रमुख कार्यकारी अधिकृतको अनुभव लिने अवसर प्राप्त हुनुलाई पनि सकारात्मकताको महत्वपूर्ण पक्ष नै मान्नु पर्ने हो कि भन्ने मलाई लाग्दछ।




मोबाईल हातमा
बैंकिङ्ग साथमा
विशेषताहरू
शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.
SHINE RESUNGA DEVELOPMENT BANK LTD.


ज्योति सुनौलो घर संसार
सेवा अब तपाईंको दैलोमा
विशेषताहरू
ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
मुख्य कार्यालय



**कर्मचारी संघद्वारा वार्षिकरुपमा प्रकाशन गरिएका अरुणोदयका अंकहरू**






तत्कालीन अर्थमन्त्री सुरेन्द्र पाण्डेको प्रमुख आतिथ्यमा १३ मंसिर २०६६ मा होटल कमल, कमलपोखरीमा आयोजित कार्यशाला गोष्ठीका झलक

# सम्भावनाहरू संस्मरण बन्दै गर्दा

✍ बिन्दिया प्रधान*

**भूमिकामा भन्नुपर्दा**

कतिपय विषय वा घटनाहरूको स्मरण गर्न खोज्दा कहिलेकाहीँ पूरा सम्झनै सकिँदैन – भुवाजस्तो उड्दै आउने कुइरोले डाँडालाई ढपक्कै ढाकेजस्तो छेकिँदै खुल्दै अलिअलि हो जस्तो अलिअलि होइन जस्तो। शायद जीवनको उत्तरार्द्धको सिँढी चढ्दै गर्दाको स्वभाविकपना होला यस्तो हुनु।

देशको केन्द्रीय बैंक, नेपाल राष्ट्र बैंकमा सहायकको लिखित परीक्षामा पास भएर अन्तर्वार्ता सकिएपछि एकजना हाकिम जस्तो लाग्ने मान्छेले भन्नुभएको कुरा सम्झन्छु – तपाईंमा सम्भावना छ है, भविष्यमा केही गर्नुहुन्छ तपाईंले। आफूलाई पनि त्यस्तै लाग्थ्यो। त्यस्तो सुन्दा मन पुलकित भयो नै। तर ३० वर्षे अवकाश अवधि भएको जागीरे जीवनमध्ये बढुवा नभई १८ वर्षसम्म निरन्तर सहायक पदमा नै बस्नुपर्दा ती सम्भावना देख्ने हाकिमले बरू अनुत्तीर्ण बनाइदिएको भए 'सहायक' को सट्टा अर्कै केही पो होइन्थ्यो कि जस्तो पनि लाग्थ्यो, त्यो समयमा। तर बाध्यता थियो सहेर बस्नु किनकि घर सापटी, परिवारको स्वास्थ्य र औषधी सुविधा तथा अन्य सापटीको बोझले थिचिएको परिस्थितिले आफूमा भएको सम्भावनाहरू कतै बिलाएको थियो।

सकारात्मक नकारात्मक पक्ष सबैको हुन्छ। घर र कार्यालयमा सीमित मनमस्तिष्कमा निरन्तरको निराशा र असन्तोषका विद्रोहले चिन्तनशील र विश्लेषणसहितको सृजनात्मक पक्ष थपिदियो। सायद सुरूमा नै अधिकृतमा प्रवेश भएको भए लामो समय दबिएका निराशाका उच्छ्वासहरू कागजमा पोखिँदैन थिए कि ? सकारात्मक पक्षबाट हेर्दा आफ्नो लेख्ने बानीलाई लामो समय एउटै पदमा बस्नुको उपलब्धीजस्तो पनि लाग्छ। लेख्नेबानीले सधै निराशामात्र ओकलेन बरू घटना र विषयहरू केलाएर यथार्थ चित्रण गर्ने अनि साहित्यिक सिर्जनामा मन रमाउने बानी पर्दा निराशाकाबीच पनि 'सहायक' बाहेक आफू अरू पनि केही रहेछु भन्ने आत्मसन्तुष्टि समेत दियो।

**सम्भावनाको खोजी**

आफ्नो त्यतिबेलाको जाँगर र लगनशीलता अनि आमसर्वसाधारणहरूप्रतिको संवेदनशीलता अरूमा खोजीगर्न थाल्यो मनले। चिन्तित मनहरूले सम्भावनाको खोजी गरिरहनु अस्वभाविक हुँदैन। आफू दबिनु, अन्यायमा पर्नु र त्यसले उब्जाएको हिनताबोधले पिछडिएका र दबिएका सारा बहुसङ्ख्यकहरूको पीडा आत्मसात गर्नु स्वभाविक हुँदोरहेछ। तर आमपिछडिएकाहरूका लागि आफूले केही गर्न नसक्दा त्यस्तो "केही गर्ने" सम्भावना भएकाहरूप्रति मन आशावादी हुनेरहेछ। मनले खोजेका सबै सम्भावनाहरू यथार्थमा परिणत होलान् नै भन्ने केही निश्चित पनि हुँदैन तर नहुँदा भने मन चोइटिन्छ, कुँडिन्छ, रून्छ। सायद अभावमा छटपटिएका करोडौं नेपालीहरूको मन कति चोइटिएको, कुँडिएको अनि रोएको होला कि ? अब त यसले चाहिँ केही गर्ला कि भन्यो तर नाटक हेर्ने दर्शक हुनु सिवाय आफू जस्ताको तस्तै।

यसरी नै केही गर्ला कि भन्ने मान्छेको खोजी वा सम्भावनाको खोजी आमनेपालीहरूले गरिरहेको उत्कर्षको बेला थियो त्यो। राजाको सट्टा जनताको छोरालाई सत्तामा पुऱ्याएमा सबै समस्याको समाधान हुने कुरामा सबै नेपालीहरू एकताबद्ध भएर जुटेको पहिलो अवसर थियो त्यो। एकता नभई उद्देश्य हासिल नहुने कुरा सबैले मूलमन्त्र मानेर भित्रभित्रै जनआन्दोलनको तयारीमा सबै राजनीतिक दलहरू एकभई लागेका थिए। सबैको साझा उद्देश्य एउटै थियो – निरङ्कुश राजतन्त्र हटाएर जनताको छोराहरूलाई सत्तामा पुऱ्याउने। यो उद्देश्यलाई सघाउन स्वःस्फूर्तरूपमा घरघरबाट बाल, युवा, गृहिणी तथा वृद्धवृद्धासमेत विस्तारै सडकमा निस्कन थालेका थिए। विक्रम सम्वत् २०४६ को आधाआधीदेखि नै लामो समय सत्ताबाट लखेटिएका भूमिगत बसेका कांग्रेस कम्युनिष्टका नेताहरू देशभरिका विभिन्न ठाउँमा तथा उपत्यकाका चोक गल्ली ठाउँठाउँमा कार्यक्रम गर्दै भाषण गरिरहेका भेटिन्थे। कार्यालयबाट बेलुकी घर फर्कंदा धेरैजसो त्यस्तो भाषण सुनिन्थ्यो।

निरन्तर सम्भावनाको खोजी गरिरहेका मनहरू स्रोता बनेर मैले जस्तै पर्रर्रर्र.....ताली पड्काउँदै थिए। निरन्तर पड्किरहेका ती तालीले पक्कै पनि अब चाहिँ आमजनतालाई उद्धार गर्ने सपूतहरूको आगमन भयो है भनेर खुसी पोखिरहेका थिए। एउटा लहर थियो खुसीको, उत्साहको, आशा तथा विश्वासको।

*पूर्व उपनिर्देशक, नेपाल राष्ट्र बैंक*

**सम्भावना यथार्थमा परिणत हुनखोज्दा**

त्यो लहरमा, त्यो उर्लेको महासागरको भीडलाई चकमन्न बनाउँदै हात ठड्याँउदै बोलिरहने एक नेताको भाषणमा म मन्त्रमुग्ध भएँ, बिलाए र पग्लिए नै। ममात्र होइन साराका सारा भीड उसको भाषणको कार्यक्रम जता हुन्थ्यो त्यतै ओइरिन्थे। तुलनात्मकरूपमा अरू सबै नेताहरूभन्दा श्रेष्ठ लाग्ने, युगपुरूषजस्तो लाग्ने, होनहार र मीठो भाषामा निरन्तर धाराप्रवाह आगो ओकलिरहने मान्छेमा मैले खोजेको सम्भावना भेटें। मैले देखेको सपना र मैले पालेको आशा र विश्वास यथार्थमा परिणत हुन खोजेझैं भयो। ममात्र होइन साराका सारा देशभरिका दुःखी पीडित जनताहरू उसलाई देखेर, उसलाइ पाएर निकै आशावादी भएका थिए। उसको नाम थियो —'मदन भण्डारी'।

**आफ्नो कुरा अलिकति**

वास्तवमा उसको विचार, उसको भनाइहरू राम्रो लागेर नै, एउटा गहिरो विश्वास पलाएर नै ऊ सम्बन्धित राजनीतिक दलबारे जान्ने उत्सुकता जागेको थियो। त्यहीताका साप्ताहिक पत्रिका विमर्शमा 'महिला' र दृष्टिमा 'सम्पूर्ण आकाश' स्तम्भमा मैले लेख्न सुरू गरिसकेको थिएँ। समाज, परिवेशको आमभोगाई, दैनिकी तथा रोजिरोटीका लागि भोग्नुपरेका समस्या, अनि नेपालीहरूका त्यतिबेलाको साझा उद्देश्य बोकेको उत्कर्षमा रहेको आन्दोलन र नेताहरूको सोच, विचार, भनाइ र भाषण। यी विषयहरूमा घोत्लिनु र विश्लेषण गर्नु अनि आफ्नो सबैभन्दा फुर्सद हुने समय बेलुकी छोराछोरीको होमवर्क र भातभान्छाको काम सकिएपछि कागजमा पोखिनु र आगामी स्तम्भमा छापिनु। एउटा रमाइलो कागताली थियो कि यता 'दृष्टि' मा लेख्दै जानु उता मदन भण्डारीको विचारबाट प्रभावित हुनु। मलाई एकदमै नजिकबाट अझ बाल्यकालदेखि नै चिन्नेहरूले सोध्ने गर्थे 'होइन कहिलेदेखि हो कम्युनिष्ट भएको ? मार्क्सवाद वा लेनिनवाद थाहा छ ?' मलाई हाँसो उठ्थ्यो। एकदम सत्य तथ्य जवाफ दिन्थें म 'मदनबाद पढ्दैछु'। साँच्चै मैले मार्क्सवाद वा लेनिनवाद पढेको थिइन। हुन त विश्वलाई नै आफूप्रति ढाल्नसक्ने महान् विचारहरू पढेको भए धेरै ज्ञान हुने थियो होला।

तर मेरो त आम नेपालीहरूकै चाहना जस्तै एक युग पुरुषको खोजीमा मात्र उसंग भावनात्मक नाता गासिन खोज्थ्यो। उसको सरलता, दृढ विचार, भावना, वाक शैली सबै सबै मैले अनायसै र आफै चुपचाप मन पराएँ। कसैको निर्देशनमा होइन।

**सम्भावनाको खोजीमा गिर्दो मनोबल**

नजिकबाट नचिन्नेहरूले र पूर्वाग्रही सोचहरूले अर्थ्याए 'यो त पक्का कम्युनिष्ट' पो रहिछे। तर म त्यतिबेला कांग्रेस कम्युनिष्ट केही थिइन। बिहान बेलुकी गृहिणी र आमा अनि १० बजेदेखि ५ बजेसम्म नेपाल राष्ट्र बैंकको एक इमान्दार कर्मचारी। कुनै पनि हालतमा म कर्मचारी हुनुको नाताले आफ्नो अनुशासन र कर्तव्यबाट चुकिन — यसमा म दाबी नै गर्छु। किनभने 'दृष्टि' पत्रिकामा लेखेकै नाताले बैंकका एक डेपुटी गभर्नरले 'राष्ट्र बैंकमा तपाईंको परीक्षणकाल कहिल्यै सकिदैन' भनी झपार्दा पनि भित्र रोएको मन लिएर आफ्नो टेबुलमा गएर यथावत् कर्तव्यमा जुट्ने म नै थिएँ। उनलाई एक अनुशासित काममा खट्ने कर्मचारीको यसरी मनोबल गिराउनु हुँदैन भन्ने सामान्य ज्ञानसमेत थिएन। डेपुटी गभर्नर भनेको बैंकको सर्वोच्च निकाय हो। त्यस्तो सर्वोच्च निकायको आफूप्रतिको त्यस्तो नकारात्मक धारणा सुनिसकेपछि मैले कुन मनस्थिति र कुन मनोबलले काम गरें होला। रातभरि त्यस्ता अबुझ सोचको रापमा पिल्सिएर अनिँदो हुँदा आफ्नो स्वास्थ्यमा नकारात्मक असर परे पनि आफूप्रति नकारात्मक धारणाराख्ने त्यस्ता अबुझहरूप्रति पनि पदीय मर्यादालाई ध्यानमा राख्दै अनुशासित भई कुनै वैरभाव नराखी सदासर्वदा केबल 'राष्ट्र बैंक'लाई मात्र सम्झेर मैले आफ्नो छियाछिया भएको मनलाइ धैर्यताको डोरीले बाँध्दै निरन्तर कर्तव्यमा जुट्दै गएँ।

रमाइलो कुरा त के भने ती डेपुटी गभर्नर नेकपा एमालेको नौ महिने शासनकालमा नै नियुक्त भएका थिए।

**उत्प्रेरित मनोबल**

उपनिर्देशक पदको लिखित परीक्षामा उत्तीर्ण भएपछि तत्कालीन गभर्नरलाई भेट्न जाँदा ती प्रष्टवक्ताले 'तपाईं राष्ट्र बैंकको एक राम्रो कामगर्ने इन्टेलिजेण्ट कर्मचारी हो भन्ने मलाई जानकारी छ तर तपाईंलाई कम्युनिष्ट भन्दारहेछन्' भने। मैले पनि विस्तारै जवाफ दिएँ 'बहुदल आएपछि कसैलाई कांग्रेस र कसैलाई कम्युनिष्ट भन्दारहेछन्। तपाईंलाई पनि त कांग्रेस भन्छन् नि, तर तपाईं त राष्ट्र बैंकको गभर्नर हुनुहुन्छ। अनि के कम्युनिष्टमात्र हुनु नहुने हो त ? तर गभर्नरज्यू म एक सामाजिक व्यक्ति मात्र हूँ, राजनीतिक होइन। कम्युनिष्टमा हुने गुण मसँग पटक्कै छैन। तर 'दृष्टि'मा लेखेकै कारण मलाई कम्युनिष्ट भन्छन्' भनेपछि उनले 'वाहियात अबुझहरू, संस्थाभित्र कोही

कांग्रेस कम्युनिष्ट हुँदैनन् । मैले तपाईंको लेखहरू पढेको छु । मलाई तपाईंका विचार, भावना, विश्लेषण र साहित्यिक शैली मनपर्छ । राम्रो मान्छेलाई म राम्रो भन्छु । तपाईंप्रति मेरो कुनै नकारात्मक सोचाइ छैन ।' त्यसपछि उनले ने.रू./भा.रू.को विनिमयदर निर्धारण किन बजारलाई नछोडी राष्ट्र बैंकले तोक्ने गरेको ? भनी प्रश्न गरे । मैले 'दुई देशबीच लामो खुल्ला र अनियन्त्रित सीमाना भएकोले विनिमयदर स्वतन्त्र छाड्ने हो भने हाल वस्तु ओसारपसारको स्थिति मुद्रा ओसारपसारमा परिवर्तन हुन्छ। त्यसैले हाल यो सम्भव छैन' भनी जवाफ दिएँ। अनि उनले देशको वर्तमान आर्थिक अवस्था कस्तो छ ? भनी अर्को प्रश्न गरे । मलाई त्यो कण्ठ नै थियो । छोटकरीमा आर्थिक क्षेत्रदेखि व्यापार अनि शोधनान्तर स्थितिसम्म सबै भनेपछि उनले 'तपाईंको नम्बर कस्तो छ मलाई थाहा छैन तर म .... जीलाई (डे. गभर्नर) भनिदिउँला' भने। एउटा अर्को अन्तर्वार्ता नै भएको थियो। अनि उनले 'रेडियोमा पनि तपाईंलाई सुन्छु यसपालीको मोनिटरी पोलिसी किन आएन ?' भनी सोध्दा मैले रेकर्ड भइसक्यो, अब आउछँ भनेकी थिएँ।

'अगुल्टेले हानेको कुकुर बिजुली चम्कदा तर्सन्छ' भनेजस्तै गभर्नरको कार्यकक्षमा पस्नु अगाडि म 'खै के होला र ? मलाई सबैले उही नकारात्मक दृष्टिकोणले नै हेर्छन्' भनी सोच्दै पसेको थिएँ , तर निस्कँदै गर्दा म परैं घोर आश्चर्य चकित्। निराशाको बादलबीचमा कतै आशाका किरणहरू देखेजस्तो लाग्यो मलाई। पूर्वाग्रह छाडेर व्यक्तिको गुणदोष विश्लेषण गरेर प्रष्ट कुराकानी भएबाट निष्पक्ष परिणाम आउने आशा गरें मैले। वास्तवमा एउटा संस्थाभित्र एक इमान्दार कर्मचारीप्रति कसैको पनि अन्यथा सोच नभई गुणदोषका आधारमा सजाय वा पुरस्कारको व्यवस्थासहित निष्पक्ष व्यवहार हुनुपर्छ र संस्थाकै हितका लागि त्यस्ता कर्मचारीहरू निरन्तर पीडित हुनुको साटो उत्प्रेरित पनि हुनुपर्छ — म यस्तो सोच्थें।

पहिलो पटक मेरो मनोबल उत्प्रेरित भएको थियो। मान्छेले जति दुःख परे पनि धैर्यता गुमाउनु हुँदैन, त्यसको फल एकदिन पाइन्छ भन्ने मेरो सोच सही भएको अनुभव गर्दै अझ राम्रो काम गर्दै जाने अठोट गरें मैले, त्यतिबेला।

**बहुदलको खेतीमा विभाजनको तीतो विषादी**

मदन भण्डारीबाट प्रभावित हुनु, दृष्टिमा स्तम्भ लेख्नु र राष्ट्र बैंकको कर्मचारी भएर त्यो पानी बाराबारको परिस्थितिबाट गुज्रनु । यी तिनैकुरा सँगसँगै गाँसिएकोले मैले मेरो संस्मरणमा आउँदै जाँदै गर्ने पीडादायी क्षणहरू र उत्प्रेरित क्षणलाई अलिकति आफ्नो कुरामा राखेको हुँ।

मैले मार्क्स लेनिन पढेको थिइन, तर म बाटोमा हिँड्दा उदास अनुहारहरू पढ्थें। परिवेशका गरिबी पढ्थें। समाजका अन्याय, अत्याचार पढ्थें र निष्पक्षताको लागि लड्न खोज्थें अनि आफै सजाय भोग्थें। यही निष्पक्षताको, यही भावको र यस निराशालाई चिर्ने उपायसहितको धाराप्रवाह भाषण मदन भण्डारीको सुनेपछि म उनको भक्त नै भएँ र वर्षौंदेखिको सम्भावनाको खोजी पूरा हुनलागेको थियो । मैले सम्भावना बोकेको युगपुरूषको खोजी देशकै लागि थियो, आमपीडित नेपाली जनताको लागि थियो र नै मैले मदन भण्डारीको विचार मन पराएको थिएँ । आफ्नो अनुकूल राजनीतिक पार्टीको सरकार आउने बित्तिकै आफ्नो बढुवा होला वा कुनै संस्थामा कार्यकारी पदमा नियुक्ति होला भनी भूमिका तयार गर्नकै लागि पक्कै थिएन त्यो लगाव। त्यो बितेको समय आफैले देखाइसकेको छ। त्यो चाह, त्यो लगाव, त्यो मोह निस्वार्थ थियो र भावनात्मक थियो।

जनआन्दोलनको सफलता, प्रजातन्त्रको उदय र बहुदल प्रणालीपछि जताततै नयाँ लहर नयाँ जोश थियो। ट्रेड युनियनको व्यवस्थाको शुरुआतसंगै राष्ट्र बैंक भित्र पनि स्वभाविकरूपले नयाँ लहर आएको थियो । राष्ट्र बैंकका कर्मचारीहरूका हक हितका लागि नेपाल राष्ट्र बैंक कर्मचारी संघ र अर्को वित्तीय संस्था कर्मचारी संघको गठन भएको थियो।

देशमा पनि मुख्य दुई राजनीतिक दल एक सत्तामा र अर्को विपक्षमा थिए। अहिलेको जस्तो प्रत्येक राजनीतिक दलमा चिरा परेको थिएन। तर जनआन्दोलनको उद्देश्य पूरा हुनासाथै राजनीतिक दलहरूमा विभाजनको रेखा कोरिन थालेका थिए । आन्दोलन अगाडिको एकता खै कता हो ? हराएको थियो। नेपाली कांग्रेस सत्तासीन हुनुसँगै आफ्ना विपक्षीहरूलाई किनारा लाउने नराम्रो खेल शुरु भएको थियो। प्रजातन्त्रको उदयसँगै यदि त्यतिबेला नै बहुमत पाएको शक्तिशाली सत्तासीनले जताततै राजनीति मात्र नदेखेर, जताततै पार्टीगत स्वार्थ मात्र नहेरेर र विभाजनको तितो रेखा कोर्ने र बिषादी छर्ने खेल नखेलिदिएको भए ? पूर्वाग्रह नराखी व्यक्तिको गुण दोषका आधारमा निष्पक्ष व्यवहार गरिदिएको भए शायद त्यस्तो राम्रो अनि निष्पक्ष राजनीतिक संस्कृति आजपर्यन्त कायम रहन्थ्यो होला नेपालमा।

त्यतिबेलाका ठूला नेताहरूको जघन्य गल्तीले स्थापित

गरेको कुसंस्कृतिमा हामी नराम्रोसंग फसेका छौं। सभ्य र निष्पक्ष संस्कृतिको अभ्यास देशमा स्थापित गराउन ज्यादै आवश्यक थियो र आजपर्यन्त छदैछ। यो धेरै संवेदनशील पक्ष थियो। बहुदल प्रणालीको शुरुवात संगसंगै अराजकताको साटो राम्रो राजनीतिक संस्कृति बसाउदै जानुपर्छ नत्र कालान्तरमा यसको असर आफूहरू लगायत सबैलाई नै पर्नसक्छ र यो भयाबह पनि हुनसक्छ भन्ने चेत हातमा बागडोर समातेका अग्रज सत्तासीन दलले थाहै पाएनन्। यसमा नेपाली कांग्रेस चुकेकै हो। राम्रो संस्कृति स्थापना गराउन अरुलाई पनि उसले सिकाउन सक्थ्यो आफू निष्पक्ष भएर। किनभने अरु राजनीतिक दलले भन्दा मुलुकमा नेपाली कांग्रेसले नै धेरै पटक सत्ताको बागडोर सम्हाल्ने मौका पाएको छ।

तर धेरै बर्षदेखि दबिएर एकैचोटी हातमा सत्ता आउँदा के गर्ने के नगर्ने भन्ने ख्याले नगरी उन्मादमा आई विपक्षी खेमालाई साह्रै पेल्ने काम तीव्र गतिमा हुँदै गयो। प्रायः धेरैजसो अफिस, कार्यालय, संस्था र ठाउँमा यसैको सिको गर्ने तीव्र लहर नै चल्यो।

यस्को प्रत्यक्ष प्रमाणको रूपमा त्यसबेला राष्ट्र बैंकमा कर्मचारी संघका पदाधिकारीहरूको जागीर नै खोसिएको र रोजिरोटी नै हरिएको अवस्थालाई लिन सकिन्छ। जागीर खोसिएको अवस्था आएपछि रोजीरोटीका लागि टुडिखेलमा पसल संचालन गर्नुपरेको र बस ब्यवसाय पनि संचालन गर्दा दुर्घटनामा परी बद्रीजीको असामयिक निधन भएको घटना र त्यो घटना निम्त्याउन जिम्मेवारहरूको गल्ती आज हामी धेरैले बिर्सिए तापनि उनको परिवारले कसरी बिर्सेलान्? पीडित कर्मचारीहरूको संघर्ष र त्यस संघर्षप्रतिको अत्याचारको त्यो एउटा कालो इतिहास अगुवाहरूले बाटो बिराएको एउटा ज्वलन्त उदाहरण हो। आपसी समझदारी र बार्ताबाट समस्याको हल हुनसक्थ्यो। तर त्यस्तो भएन। किनभने त्यो भन्दा चर्को आन्दोलन र घेराउ त त्यसपछिका दिनहरूमा पनि भए र अहिले पनि हुने गर्छन्। हकहितका लागि आवाज उठाउनु प्रजातन्त्रमा कुनै अस्वभाबिक कुरो होइन। तर आफ्नो विपक्षी खेमालाई त्यस्तो जघन्य सजाय दिन शुरु गरिएको घटनालाई बिर्सन सकिदैन। ठीक त्यही बेलादेखि सत्ताको आड पाएकाहरूले अर्को पक्षकालाई पटक्कै नसहने नराम्रो त्यो अराजक संस्कृतिको रोपिसकिएको बीउलाई मलजल गर्दै गए। बोटमा परिणत भएको त्यो कुसंस्कृतिको जंगल अझ झांगिदै गयो। कहिले पालो आउला र प्रतिशोध र बदला लिन पाइएला भनी एकले अर्कोलाई दागा धर्ने कुसंस्कार शुरु भयो। विपक्षी खेमालाई प्रतिशोध लिने गरेको कैयौ उदाहरणहरू आज पनि छदैछ।

बहुदल प्रणालीको शुरुमा नै नराम्रो बिउ रोपिएको थियो। स्वभाबिकरूपले त्यसैको नराम्रो उत्पादन आजपर्यन्त हामी भोग्दैछौं। गुण र दोषको विश्लेषण भन्दा पनि एकले अर्कोलाई नसहने र सहमतिमा आउनै नसक्ने चरम प्रबृति झांगिदै जानुको परिणति आज देशले संबिधान नै नपाउने हो कि ? भन्ने डरलाग्दो स्थिति देखिदै छ। यो त्यही रोपिएको एकले अर्कोलाई सहन गर्न नसक्ने कुसंस्कारको परिणाम नै हो।

**अन्तमा भन्नु पर्दा**

मदन भण्डारीको मृत्य भयो २०५० जेष्ठमा। त्यो मृत्यसंगै संभावनाको खोजी पनि बेवारिसे र टुहुरो भयो। केबल स्मरण मात्र। गहन जिम्मेवारी सम्हाल्नै लागेको एक होनहार धर्तिपुत्रको मृत्यको शोकमा भाव विह्वल एउटी आमा नै बनेकी थिएँ, म त्यतिखेर। देशको लागि सम्भावनाको सिँढी चढ्दै गरेको एक सुयोग्य पुत्र कहिल्यै नफर्कने गरेर धरतिमा बिलाएको थियो। गहिरो चोट र पीडा मात्र छाडेको भए त हुन्थ्यो उसले तर संगै एउटा ठूलो दुर्भाग्य र भद्रगोल बेतिथि छाडेर गयो उ। पालैपालो सत्तामा आउँदै, आलोचनाको पहाड बोक्दै र हट्दै हटाउदै जाने र सकेसम्म फेरि सत्तामा नै पुगेर पालैपालो राजनीतिको उर्बर खेती गर्ने होडबाजी गरिरहेकाहरूको वाक्कलाग्दो अनुहारलाई लाचारीपूर्वक हेरिरहनु र यस्तो बेला असामयिक बिलाएको त्यो सम्भावनाको मृत्यशोक झन् बल्झिएर घाउसरी हुनु एउटा नियति बनेको छ आम नेपालीहरूका लागि। किन बाँझो भएको हो नेपाली आमाको कोख एउटा सुयोग्य पुत्र नै नजन्माइ। सक्नेहरू धमाधम देश छाडिरहेका छन्। नसक्नेहरू सहेर बसेका छन्। बित्नु पर्ने समय जसरीतसरी बित्दै छ। निरास नभई सोच्दा पर्खाई अझै पनि जारी छ – सम्भावनाको खोजीको।

तर यस्तो बिषवृक्षको फैलदो जंगलको अन्त कहिले होला देशमा ?



वीरगञ्ज समितिद्वारा आयोजित अन्तरक्रिया कार्यक्रमको झलक ।


CITY MOBILE BANKING
Mobile Apps Available !
A member of fonepay
BALANCE ENQUIRY & MINI STATEMENTS
FUND TRANSFERS
TRANSACTION ALERTS
RECHARGE CARDS & TOPUPS
MERCHANT PAYMENTS
INTER BANK FUND TRANSFERS
With City Mobile banking, you can instantly load your e-sewa wallet to
E Sewa
Pay Internet Bills
Buy Air/Bus/Movie Tickets
Shop Online
...and more !
सिटी डेभलपमेण्ट बैंक लिमिटेड
CITY DEVELOPMENT BANK LIMITED


विजया दशमी, शुभ दिपावली
तथा छठ पर्व २०७१ को पावन अवसरमा
सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना।
यती डेभलपमेण्ट बैंक लिमिटेड
Yeti Development Bank Ltd.
केन्द्रीय कार्यालय:
दरबार मार्ग, काठमाडौं, नेपाल, पो.ब.नं: १२०७१, फ्याक्स: ४२६९३०८,
www.yetibank.com

# नेपाल राष्ट्र बैंक कर्मचारी संघमा छँदाको सम्झना

✍ डिकबहादुर विश्वकर्मा*

म समेतको योगदानले स्थापना भएको नेपाल राष्ट्र बैंक कर्मचारी संघले अहिले आफ्नो स्थापनाको रजत–वर्ष मनाइरहेको छ । त्यो स्थापनाकालमा गर्नु परेका जोखिमपूर्ण सङ्घर्षको स्मरण गर्दा मलाई त्यस बैंकमा मेरो प्रथम प्रवेश हुँदाको क्षण पनि स्वतः सम्झना हुन्छ। त्यतिखेर चर्को जातीय विभेद र छुवाछुतको कारणले देशका सबै अड्डा अदालतमा, स्वीपरबाहेकका अरू पदमा दलीतको प्रवेश असहज थियो । त्यस्तो अवस्थामा पनि पाल्पा जिल्ला हुमिन गाउँको एउटा मामुली सुनारको छोरो म राष्ट्र बैंकमा भर्ना हुनु र व्यवस्थापक पदको निवृत्तिभरणमा अवकाश पाउनु कुनै सामान्य घटना थिएन । जसको सहयोगले यो सम्भव भयो त्यसबारे पनि सङ्क्षिप्त चर्चा हुनु यहाँ प्रासङ्गिक नै हुनेछ।

मलाई मेरा पिता स्व. सेते सुनार (मानबहादुर गहतराज) ले, आफ्ना बालीघरे विष्ट एवं हितैषी पाल्पा चिदीपानीका स्व. पण्डित कमलदेव जोशी र सोही चिदीपानी, बुढीकोट मूलघर भै काठमाडौंमा स्थायी रूपमा बस्नुभएका स्व. डा. यादवप्रसाद पन्त (ने.रा.बैकका पूर्व गभर्नर) को निर्देशानुसार पढाउनु भएको हुँदा म स्वतः नोकरीमा प्रवृत्त भएँ । अर्घाखाँची जिल्लामा भूमिसुधार कार्यालयको पहिलो एकाउन्टेन्ट भएको म त्यहाँपछि नेपाल राष्ट्र बैंकमा सर्वप्रथम अस्थायी सहायकको रूपमा वि.सं. २०२५/४/१८ मा प्रवेश गरेँ। सोही पदको लागि वि.सं. २०२६ सालमा भएको लोक सेवा आयोगको परीक्षा उत्तीर्ण गरी २०२७ साल मंसीरमा स्थायी नियुक्ती पाए लगत्तै माघ १ मा सरूवा भएर ने.रा.बैक भैरहवा शाखामा पुगें।

त्यसरी म भैरहवा पुग्दा केही महिनाअघि मात्र भैरहवा जेलबाट भागेका मोदनाथ प्रश्रितलगायतका केही वामपन्थी नेताहरूको कारणले त्यहाँ कडा सुरक्षा सतर्कता थियो तापनि पञ्चायती व्यवस्था विरूद्धको चलखेलले भूमिगत रूपमा विस्तारै वामे सरिरहेको र राष्ट्र बैंकका कर्मचारी पनि त्यसबाट प्रभावित भैरहेको मैले पाएँ। केही वर्ष भित्रैमा आफ्नै बैकका अनन्तमणि पन्त, विष्णुप्रसाद काफ्ले र राष्ट्रिय वाणिज्य बैकका साध्यबहादुर भण्डारी आदि सन्निकट साथीहरूको सङ्गतले मैले पनि तत्कालीन वामपन्थी घटकमध्येको एउटा'सर्वहारावादी श्रमिक सङ्गठन' को सदस्यता लिएँ । प्रयागलाल श्रेष्ठ, हर्के, रूपलाल विश्वकर्मा आदि विभिन्न नेताहरू हामीलाई भेट्न आइरहन्थे र हामीले पनि आफ्नो नोकरीलाई नै दाउमा राखेर सहयोग गर्न पछि पर्दैनथ्यौं। जस्तोः पार्टीका पर्चा, पम्पलेट आदि कागजपत्रले भरिएका झोलाहरू सीमानाकाबाट यसपारदेखि उसपार पुऱ्याइदिनुमा खासगरी हाम्रो जोखिमपूर्ण सहयोग रहन्थ्यो। हामी बैंकको सीमासटही काउन्टरमा प्रायः ड्युटीमा रहिरहने हुँदा नेपाल–भारत दुबैतर्फका सरकारी कर्मचारीहरूले हामीलाई जानेका र हाम्रा झोला चेक/निरीक्षण नगर्ने बुझेर विभिन्न पार्टीले हाम्रो उपयोग गर्थे । हामी पनि देशमा प्रजातन्त्र ल्याउन लागिपरेका भनेर जुनसुकै पार्टीलाई पनि सहयोग गरिहाल्थ्यौं। यदि त्यसबखत कुनै पटकको झोला खोलेर चेकजाँच गरिएको भए ! हामी सिधै जेल!! नोकरी साफ !!!अहिले विचार गर्दा डर लाग्छ।

वि.सं. २०३६ सालको जनमत सङ्ग्रहमा सक्दो सक्रिय योगदान गर्दा निर्दल पक्षको उजुरीले मलाई रूपन्देहीका तत्कालीन प्र.जि.अ. थानेश्वर कोइरालासमक्ष उपस्थित गराइयो। भाग्यवश प्र.जि.अ. उदार थिए, मलाई ठूलो कारबाही गरेनन्, सामान्य सम्झाएर छोडिदिए र बचियो । नत्र...? भूमीगत सक्रियता जारी नै थियो, वि.सं.२०४६ को जनआन्दोलन र २०४७ साल कार्तिक २३ गतेको राजाको घोषणापछि मुलुकमा राजनीतिक चलखेल ह्वात्तै बढ्यो । फलतः कार्यालयहरूमा विभिन्न दलका भातृ सङ्गठनहरू खोल्ने लहर चल्न थाल्यो।

नेपाल राष्ट्र बैंक भैरहवा शाखाका कर्मचारीहरूमा त्यतिखेर वामपन्थी विचार राख्नेहरूको एकछत्र पकड रहेकोले बैंकको केन्द्रीय कार्यालय काठमाडौंमा त्यसबखत अत्यन्त सक्रिय रहेका व्यक्तित्वहरू दीपेन्द्रबहादुर क्षेत्री, रत्नप्रसाद जोशी, प्रेमप्रसाद पाण्डेय, चिन्तामणि सिवाकोटी आदि मित्रहरूको निर्देशनमा भैरहवामा पनि नेपाल राष्ट्र बैंक कर्मचारी संघ, तदर्थ समिति विधिवत स्थापना गरियो।

वि.सं. २०२७ सालमा भैरहवा सरूवा भै आएदेखि नै मैले आफ्नो मात्र नभई अन्य जोसुकै सहकर्मी कर्मचारीलाई परेको समस्यामा पनि तत्काल अग्रसर भै व्यवस्थापन वा अन्य सम्बन्धित सरोकारी पक्षसँग आवश्यक छलफल गर्ने, तर्कपूर्ण एवम्

**पूर्व अध्यक्ष, नेपाल राष्ट्र बैंक कर्मचारी संघ सिद्धार्थनगर समिति*

निकासयुक्त कुरा राख्ने र सकेसम्म पीडित कर्मचारीलाई न्याय दिलाएरै छोड्ने गर्दै आएको थिएँ। सायद त्यसै कारणले होला, मलाई सबैले उक्त तदर्थ समितिको अध्यक्ष निर्विरोध बनाए।

आफ्नो कार्यकालमा मैले बैंक संस्थाको नूनको सोझो गर्नुका साथै बैंकको मेरूदण्डको रूपमा रहेका कर्मचारीको पनि वृत्ति विकास, सेवा सुविधा र तलब–भत्ता आदि जमानाअनुसार हुनैपर्ने कुराहरू, संघका केन्द्रीय नेताहरूसँगको सहकार्यमा व्यवस्थापन पक्षसमक्ष राखेर धेरैजसो माग पूरा पनि गराएरै छोडियो। त्यसरी जोखिमपूर्ण परिस्थितिमा कठिन सङ्घर्षले स्थापना भएको त्यो संघलाई निरन्तरता दिँदै आएको वर्तमान नेपाल राष्ट्र बैंक कर्मचारी संघले अहिले हाम्रा ती पुराना योगदानको उच्च मूल्याङ्कन गरी बेलामौकामा सोधखोज गरिरहेको पाउँदा हामी धेरै खुसी र गौरवान्वित हुन्छौं। यो संघ बहुजन हितायको आफ्नो स्थापित उद्देश्य एवम् लक्ष्य प्राप्तिको लागि निरन्तर अग्रसर भैरहोस् र सफलता पाइरहोस् सँधै यही कामना छ।





संघद्वारा आयोजित तीज कार्यक्रमका झलकहरू








संघद्वारा आयोजित तीज कार्यक्रमका झलकहरू





बालुवाटार समितिद्वारा प्रकाशित टेलिफोन डाइरेक्ट्री सार्वजनिक गरिँदै

# नेपाल राष्ट्र बैंक, म र कर्मचारी संघ

शेखरप्रसाद नेउपाने*

मैले नेपाल राष्ट्र बैंकको कर्मचारीको रूपमा २०३२ साल फागुन २५ गतेदेखि खुल्ला प्रतियोगिता पास गरी सहायक पदमा काठमाडौं बैंकिङ्ग कार्यालयबाट सुरुवात गरेको हुँ। सहायक पदमै मेरो सरुवा हिसाब विभाग तथा नोट विभाग हुँदै विराटनगर शाखामा २०३९ सालदेखि कार्यरत भई १३ वर्षपछि प्रधान सहायक पदमा बढुवा भयो। प्रधान सहायकको आन्तरिक लिखित परीक्षा २०३९ सालमा र २०५७ सालमा अधिकृत तृतीयको आन्तरिक बढुवा पास गरेको थिएँ। दुबै पटक अन्तर्वार्तामा म अनुत्तीर्ण भएको कारण मैले २०५८ साल श्रावण २८ गतेदेखि बैंक सेवाबाट स्वेच्छिक अवकाश लिएँ। मेरो जागिर खाने उमेर भएर जागिरको अवधि बाँकी रहँदा रहँदै पनि स्वेच्छिक अवकाश लिनु म अर्थशास्त्रमा स्नातकोत्तर (एम.ए.) भए पनि अन्तर्वार्तामा गरिएको पक्षपात थियो। मैले नेपाल राष्ट्र बैंकभित्र अविछिन्न रूपमा २६ वर्ष सेवा गर्दा धेरै आरोह अवरोधहरूको सामना गर्नु पर्‍यो। ती सबै समयका काल घटनाहरूको उल्लेख गर्दा धेरै लामो र पट्यार लाग्ने हुन्छ। त्यसैले मैले मेरो नोकरी अवधिमा भोगेका केही प्रसङ्गहरू यहाँ राख्ने जमर्को गरेको छु।

कुनै कुनै घटनाले मानिसलाई एउटा प्रेरणा प्रदान गर्दछ। मलाई पनि पछि यस घटनाले कर्मचारी सङ्गठनभित्र लाग्ने प्रेरणा प्रदान गर्‍यो। २०३४ सालमा म काठमाडौं बैंकिङ्ग कार्यालयमा सहायक पदमा कार्यरत थिएँ। त्यसताका काटमाडौं बैंकिङ्ग कार्यालयले त्रिभुवन विमानस्थलमा बिहान दुई सिफ्ट र बेलुका दुई सिफ्ट गरी चार सिफ्ट काउन्टर सञ्चालन गरिन्थ्यो। दुईवटा सिफ्ट एराइभलतर्फ र दुईवटा सिफ्ट डिपार्चरतर्फ। मेरो त्रिचन्द्र क्याम्पसमा सँगै पढ्ने साथीका भिनाजु काठमाडौं बैंकिङ्ग कार्यालयको प्रमुख हुनुहुन्थ्यो। वहाँले मलाई माया गरेर होला एयरपोर्ट काउन्टरको बिहानको डिपार्चर काउन्टरमा सरुवा गरी दिनुभयो। मलाई एयरपोर्ट काउन्टरमा सरुवा गरेको केही दिनमा त्यहाँबाट वहाँको सरुवा अन्यत्र विभागमा भयो। वहाँको स्थानमा नयाँ प्रमुख व्यवस्थापक रुद्रनाथ शर्मा आउनु भयो। मेरो एयरपोर्ट काउन्टरमा सरुवा भएको एक महिनामा नै मेरो सरुवा पुनः बैंकिङ्ग कार्यालयमा भयो। त्यस समयमा एयरपोर्ट काउन्टरमा घटिमा तीन महिना राख्ने प्रावधान थियो तर कसैल काम बिगारेमा वा अनुचित कार्य गरेको खण्डमा समय अगावै पनि सरुवा गरिन्थ्यो। काम सञ्चालन गर्न प्रधान सहायक इञ्चार्ज र सहायक एक जना सहयोगी दुई दुई जना पठाइन्थ्यो। तर सरुवाचाहिँ दुई जनाको नभई म एक जना मात्रको भयो। मैले के काम बिगारे वा मबाट त्यस्तो कुन गल्ती भयो र मलाई समय अगावै सरुवा गरियो मेरो मनमा खुल्दुली मच्चियो। सोचे गल्ती कुनै गरे जस्तो लागेन र मेरो मनको खुल्दुली शान्त पार्न मुख्य व्यवस्थापकको कार्यकक्षमा गएँ। मुख्य व्यवस्थापक रुद्रनाथ शर्मालाई सबै कर्मचारीहरूले गुरु भनी सम्बोधन गरी बोलाउँथे। मैले वहाँसमक्ष मेरा जिज्ञासा राख्दै प्रश्न गरेँ "गुरु मैले एयरपोर्ट काउन्टरमा तीन महिना बस्न पाउनु पर्ने किन के कति कारणले एक महिनामा नै सरुवा गरियो ? काम बिगारेको छु भने यस्तो काम बिगारिस अनि सरुवा गरेको भनियोस् त्यसै सरुवा गरिएको भए त ममाथि यो अन्याय भयो भने। वहाँले पन्छाउने हिसाबले सरुवा भनेको प्रक्रिया हो अहिले तपाईंको सरुवा भैगयो पछि फेरि जानु होला भनी जवाफ दिनुभयो। मलाई यहाँको जवाफ चित्त बुझेन र भने मैले कुनै गल्ती गरेको छ भने आरोप पत्र पाउँ, मैले मेरा साथीहरूले तैंले के बिगारिस् र तेरो सरुवा यत्ति चाँडै भयो भन्दा मेरो जवाफ के हुनुपर्ने हो थाहा पाऊँ। वहाँले भन्नुभयो माथिबाट त्यस काउन्टरमा अर्कोलाई पठाई दिनू भन्ने आदेश आयो। सबैका माथि बोली दिने मानिस देखियो, बाबुको कोही रहेनछ र बाध्य भएर सरुवा गरेको हूँ। मलाई वहाँको भनाइमा रिस उठेर आयो। मैले भनें गुरु अरूले बजाउँदा बज्ने ती मादल हुन तर म चैं पड्कने बम हूँ। म यस विषयमा गभर्नरकहाँ सम्म पुग्छु भने पछि वहाँ सिथिल हुनुभयो। त्यसपछि वहाँले भन्नुभयो बाबुलाई अन्याय भएछ। मलाई एक महिनाको समय दिनुहोस् म तपाईंलाई एयरपोर्ट सरुवा गरी दिन्छु भनी आफू मुनिका अधिकृत 'क' लाई बोलाएर 'ठीक एक महिना पछाडि सरुवा गरी दिनू' भन्ने निर्देशन दिनुभयो। २८ दिनको समय कार्यालयको काम गरी बित्यो। २९ दिनको दिन पत्र पाउनु पर्ने दुई बजी सक्दा पनि चालचुल नभएपछि म पुनः अधिकृत 'क' जसलाई गुरुले सरुवा गरी दिनु भन्ने निर्देशन दिनु भएको थियो वहाँलाई भेट्न गएँ। वहाँलाई भेटी सरुवासम्बन्धी कुरा राख्दा सरुवा भएर आएको एक महिना

*पूर्व अध्यक्ष, नेपाल राष्ट्र बैंक कर्मचारी संघ विराटनगर समिति*

भएको छैन केको फेरि सरुवा भन्ने जवाफ पाएँ। म रन्थनिँदै मुख्य व्यवस्थापकलाई भेट्न गएँ। रिसको झोंकमा भनें हजुरले भात खाने मुखले भनेको वा घाँस खाने मुखले एक महिना पछाडि सरुवा गरी दिउँला भन्नु भएको भनें। वहाँ असाध्यै रिसाउनु भयो र अधिकृत 'क' लाई बोलाएर झर्पानु भयो। तपाईंले गर्दा यो मानिसले मलाई घाँस खाने जनावर भन्यो। यसको सरुवा पत्र एक घन्टा भित्रमा यसलाई उपलब्ध गराउनुहोस्। तपाईंहरूको गल्तीले गर्दा यस्ता शब्द सुन्नु पऱ्यो भनेर भनेपछि एक घन्टाभित्रमा नै म पुनः एयरपोर्ट काउन्टर सरुवा भै गएँ। यो घटनाले मलाई आफ्ना कुरा राख्न नसक्ने कर्मचारीका लागि बोली दिने एउटा थलो चाहिँदो रहेछ भन्ने प्रेरणा दियो।

वि.सं. २०४७ साल वैशाख १४ गते नेपाल राष्ट्र बैंक कर्मचारी युनियन तदर्थ समिति गठन हुनुभन्दा अगाडि प्रशासनको मनोमालिन्य थियो। कसैलाई पनि जानकारी विनै कुनै पनि ठाउँमा सरुवा गरिन्थ्यो। कसैले कसैका लागि केही गरिदिन सक्ने वातावरण थिएन। कर्मचारीतन्त्रमा तीन प्रकारका कर्मचारी कार्यरत थिए। पहिलो वर्ग पहुँचवाला जसका आफन्त, नातेदार उच्च पदमा विराजमान थिए। ती कर्मचारी कुनै कामै नगरी पहुँचकै आधारमा बढी लाभ उठाएर बसेका थिए। विदेश यात्रा, राम्रा विभागहरू उनीहरूलाई नै हालीमुहाली गर्न दिइएको हुन्थ्यो। दोस्रो वर्गमा शिक्षित कार्य दक्षता भएकमा तथा आवाज उठाउन सक्ने कर्मचारी थिए। जसलाई प्रशासनले खासै काखी नच्यापे तापनि फाल्न भने सक्तैन थियो। तिनै कर्मचारीका कामबाट पहिला वर्गका कर्मचारीहरूको कार्य सम्पादन भएको हुन्थ्यो। तेस्रो वर्गका कर्मचारी कुनै पनि कुराको विरोध गर्न नसक्ने काममा जोतिएर बस्नेहरू थिए। सबभन्दा बढी जमात यिनीहरूकै थियो। यिनीहरू भित्रभित्रै पिल्सिएका थिए। पिल्सिए तापनि सहेर बसीरहेका थिए।

२०३५ सालको आन्दोलनदेखि नै कर्मचारीका मनभित्र छटपटाहट छुटफुट देखिन थालिसकिएको थियो। अभिव्यक्त गर्ने स्थानका अभावमा कुण्ठित भईरहनुपरेको थियो। २०४६ सालको जनआन्दोलनले कर्मचारीभित्रको आक्रोस बाहिर ल्याउन बल पुऱ्यायो। काठमाडौंका साथै विभिन्न शाखामा रहेका कर्मचारीहरू पनि निरङ्कुश पञ्चायती व्यवस्थाको विरोधमा सङ्घर्षमा उत्रिए। विभिन्न सभा तथा जुलुसमा सक्रिय रूपमा भाग लिन थाले। २०४६ सालको जनआन्दोलनमा नेपाल राष्ट्र बैंकका कर्मचारीहरूको सहभागिता अत्यन्त सक्रिय र उल्लेखनीय रह्यो। कर्मचारीतन्त्र भित्रको प्रजातन्त्र प्राप्तीको बलियो आधार हो 'कर्मचारी सङ्गठन'। कर्मचारीहरूको हकहित संरक्षण गर्ने ध्येयले केन्द्रदेखि शाखा उपशाखा तहसम्ममा युनियनको आवश्यकतालाई महसुस गरी मलाई लाग्दछ विराटनगर शाखामा २०४७।१।१३ गते नै मेरो अध्यक्षतामा तदर्थ समितिको गठन भएको थियो।

२०४७ साल पुष महिनाको १ गतेदेखि ६ गतेसम्मको कर्मचारी युनियन केन्द्रीय तदर्थ समितिले सङ्घर्षको कार्यक्रम राखेको थियो। एक दिन कार्यालयको काम पूर्ण रूपले गर्ने र युनियनका पदाधिकारीले व्यवस्थापन घेराउ गर्ने र अर्को दिन दिनभरि नै कलम बन्द गरी आफ्नो कार्यालयको हाताभित्र भेला हुने। सोहीअनुसारको कार्यक्रम पुष ६ गतेसम्म राखिएको थियो। सो कार्यक्रममा हामी सबै कर्मचारी साथीहरू एकजुट भएर कार्यक्रम सफल बनाउँदै थियौं। हिउँद महिनामा नेपाल राष्ट्र बैंकले आफ्नो प्रशिक्षण शिविर उपत्यका बाहिर रहेका शाखाहरूमा गर्ने परिपाटीअनुसार विराटनगरको अतिथि सदनमा प्रशिक्षण कार्यक्रम चलिरहेको थियो। सो प्रशिक्षण शिविरमा कोअर्डिनेटरमा अधिकृत 'क' स्तरका श्री सुदर्शनप्रसाद काफ्ले आउनुभएको थियो। पुष १ गतेका दिन बेलुकी ४ बजेतिर मलाई भेट गर्न वहाँले अतिथि सदन बोलाउनु भयो। म वहाँलाई भेट्न गएँ। भेट भयो। मैले भेट्न बोलाएको विषयवस्तुबारे जिज्ञासा राखे। त्यस समयमा राष्ट्र बैंकको केन्द्रीय प्रशासन विभागको मुख्य व्यवस्थापकमा वटुराम रिजाल हुनुहुन्थ्यो। वहाँसँग टेलिफोनमा कुराकानी गर्न बोलाएको भनी टेलिफोनबाट मुख्य व्यवस्थापन रिजालसँग कुरा गर्ने व्यवस्था मिलाई दिनुभयो। वहाँले मलाई टेलिफोनबाट भोलिको बन्द कार्यक्रम नगरी दिनुस् तपाई जे चाहनु हुन्छ तपाईंलाई गरिदिन्छु। विराटनगरमा बन्द कार्यक्रम नभएमा अन्यत्र पनि हुँदैन। त्यसैले सहयोग गरी दिनु पऱ्यो भन्नुभयो। मैले भने मलाई सम्पूर्ण कर्मचारीले विश्वास गरी नेतृत्व दिनुभएको हो यसको विश्वासघात मैले गर्न मिल्दैन। केन्द्रीय तदर्थ युनियनको आह्वानमा गर्न लागिएको सङ्घर्ष कार्यक्रमको केन्द्रीय समितिको निर्देशन आउनु पर्छ अन्यथा त्यसै बन्द फिर्ता गर्न असमर्थ छु भनी वार्ता टुङ्ग्याएँ। टेलिफोन वार्ता सकिएपछि पनि काफ्ले सरले विभिन्न प्रलोभन देखाएर फकाउन खोज्नु भयो तर म गलिन। भोलिपल्ट अर्थात पुष २ गतेका दिन पूरै दिन कलम बन्द गरी कार्यालयको हाताभित्र भेला हुने थियो।

सो दिन १० बजे शाखाका मुख्य व्यवस्थापन श्रीधर तिमिल्सिनाले मलाई र युनियका सचिव रामप्रसाद ढकाललाई

आफ्नो कार्यकक्षमा बोलाउनुभयो। कार्यकक्षमा वहाँले सम्पूर्ण अधिकृतलाई भेला गराउनु भएको रहेछ। हामी दुई जना पनि सामेल भयौं। वहाँले आजको बन्द तोडी काम गर्ने बारे कुरा राख्नुभयो। हामीले केन्द्रीय युनियनको सङ्घर्षको कार्यक्रमअनुसार जाने निर्णय गरेका छौं भनी जवाफ दियौं। वहाँले भन्नुभयो तपाईंहरू काम नगर्ने भए पनि काम रोकिदैन। म अधिकृतहरू लगाएर पनि दैनिक कार्य सम्पादन गर्छु। मैले भने वहाँहरूले मर्यादाले तल्लो स्तरको काम गर्न नमिल्ने हो। यदि गर्नु हुन्छ भने पछि कोही कर्मचारीको अनुपस्थितिमा पनि वहाँहरूले तल्लो स्तरको काम गर्न बाध्य हुनुपर्छ। तल्लो स्तर भन्नाले चर्पी सफाइसम्म पर्न सक्छ। वहाँहरूको विवेकले के भन्छ सोहीअनुसार गर्न सक्नु हुन्छ। मैले त्यसो भनी बाहिर निस्किएपछि सबै अधिकृतहरू पनि हामीसँगै कार्यालय हाताभित्र जम्मा हुनुभयो र बन्द सफल भयो।

२०४८ सालमा युनियनको नेतृत्व मेघराज श्रेष्ठले लिनुभयो। त्यसबेलाका व्यवस्थापक दिव्यमणि आदी हुनुहुन्थ्यो। मिति मलाई याद भएन भदौको महिना थियो। व्यवस्थापकबाट आव्हान भएअनुसार सम्पूर्ण कर्मचारीहरू पुस्तकालयमा जम्मा भए। व्यवस्थापन दिव्यमणिले शाखा समितिका सम्पूर्ण पदाधिकारीहरूलाई केन्द्रीय समिति विरुद्ध सरासर झुठो आरोप लगाउँदै खेद प्रस्ताव निर्णय गर्न दबाब दिनु भएछ। म कार्यालयभित्रै थिएँ मासमा सामेल हुन गएको थिइन। उहाँको इच्छाअनुसार १२ घण्टाभित्र खेद प्रस्ताव पारित नभएमा जुनसुकै कारवाही गर्न पनि आफू पछि नपर्ने धम्की दिएपछि शाखा समितिका पदाधिकारीहरूले गलत निर्णयमा फस्नुको सट्टा सङ्कटपूर्ण स्थिति सृजना भएको भनी आ–आफ्नो पदबाट राजीनामा दिनुभयो। कार्यक्रम सकिएपछि मलाई व्यवस्थापकबाट बोलावट भयो। तपाईं भेलामा किन नआउनु भएको भनी कडा आवाजमा सोधनी भयो। मैले भने तल नोटिस बोर्डमा व्यवस्थापनले कुनै सभा जुलस गर्न, भाग लिन नपाउने भनी सूचना टाँसेको हुँदा म त्यो भेलामा नगएको हुँ। मैले कुनै गल्ती गरेको छैन। त्यहाँ भाग नलिनु गल्ती हो भने जे कारवाही गर्नुहुन्छ गर्नोस् भन्ने जवाफ दिएर फर्कें। वहाँले राजीनामा दिन बाध्य पारी खाली भएको कर्मचारी युनियन त्यसपछि पुनः मेरो नेतृत्वमा गठन भयो।

कर्मचारी सङ्गठन चलाउनका लागि त्यागको भावना आवश्यक पर्दछ। मैले जानेसम्म कुनै प्रलोभनमा नपरी कर्मचारी साथीहरूको हकहितका लागि लडिरहेँ। सङ्गठन चलाउन धेरै बाधा अड्चन आउँछन्। ती बाधा अड्चनको सामना गर्न सक्नुपर्छ। आफ्नो स्वार्थलाई भन्दा बढी आम कर्मचारीको हकहितमा विचार पुऱ्याउनु पर्छ। सङ्गठन चलाउने व्यक्ति पोख्त तथा जुझारू हुनु आवश्यक छ।


## कोषमा परिचयपत्रको अनिवार्यता

- कोषकट्टी रकमको हिसाब परिचयपत्र नम्बरको आधारमा राखिन्छ।
- परिचय पत्र नबनाएमा वा फाँटवारिमा उल्लेख नगरेमा एक भन्दा बढी खाता सिर्जना हुन सक्दछ।
- कोषबाट प्रदान गरिने सम्पूर्ण सुविधाहरू परिचयपत्रको आधारमा उपलब्ध हुन्छ।
- कर्मचारिको नियुक्ति, सरुवा, बढुवा, अवकास लगाएतका कोषमा पठाईने बोधार्थपत्रमा सम्बन्धीत कर्मचारीको परिचयपत्र नम्बर अनिबार्य उल्लेख गर्नेपर्दछ।
- कोष सम्बन्धी सेवा सुविधा लिनको लागि कोषको परिचय पत्र आफु साथै हुन आवश्यक छ।
- संचयकोषको परिचय पत्र कोष रकम जम्मा भएको प्रमाणित गर्ने र परिचय गराउने आधार र प्रमाण हो।

**कर्मचारी सञ्चय कोष**

**पुल्चोक ललितपुर**






तत्कालीन अर्थमन्त्री भरतमोहन अधिकारीद्वारा उद्घाटित नेतृत्व विकास सम्बन्धी प्रशिक्षण कार्यक्रमको झलक

# कर्मचारी संघमा मेरो अनुभव

कर्णबहादुर जप्रेल*

२०४६ सालको प्रजातान्त्रिक जनआन्दोलनको सफलतापश्चात् आ–आफ्नो हकहित तथा अधिकारका लागि एकजुट हुने र संघ–सङ्गठन खोल्ने अधिकार प्राप्त भए लगतै २०४७ सालमा नेपाल राष्ट्र बैंक स्वतन्त्र कर्मचारी युनियनको गठन भयो । शाखास्तरका समस्याहरूलाई शाखास्तरमा नै समाधान गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंक धनगढीमा सुशीलकुमार अर्जेलको संयोजकत्वमा तदर्थ शाखा समिति गठन गरेका थियौं। २०४७ सालदेखि २०५१ सालसम्म सोही समितिबाट शाखाका गतिविधि सञ्चालन हुँदै आएको थियो।

विशुद्ध कर्मचारीको हकहित, संस्थागत सुधार तथा कार्यालयमा हुनेगरेका अनियमितता सम्बन्धमा आवाज उठाउने र तिनको समाधानका लागि गठन भएको स्वतन्त्र कर्मचारी युनियन केही समयपछि त्यसभित्र राजनीतिक दुर्गन्ध आउन थाल्यो। राजनीतिको खोल ओढेर कर्मचारीहरूलाई आस्थाका आधारमा कर्मचारीहरूको बीचमा विभाजन ल्याउने षड्यन्त्र सुरू भयो। उनीहरूकै सहमती र सरसल्लाहमा तयार गरेको स्वतन्त्र कर्मचारीको विधान उनीहरूबाट नै लत्याउने काम भयो।

मानिस एक सामाजिक प्राणी हो, ऊ समाजमा जन्मिन्छ, हुर्किन्छ र सोही समाजबाटै उसले केही न केही सिकेर आएको हुन्छ। त्यसैले उसको आफ्नो विचार हुन्छ र त्यो विचारको उसले स्वतन्त्र रूपमा उपयोग गर्न पाउनु पर्छ भन्ने मान्यता राख्दै नेपाल राष्ट्र बैंक स्वतन्त्र कर्मचारी संघले जुनसकै विचारधारा बोकेको भए पनि कर्मचारी हकहितका तथा संस्थागत सुधारका लागि राजनीतिक विचारभन्दा माथि रही एकजुट भएर अगाडि बढ्नुपर्छ भन्ने मान्यता राख्दै अघि बढिरहेको र म पनि त्यसप्रति प्रतिबद्ध भई दृढ विश्वासका साथ लागिपरेको थिएँ। धनगढी कार्यालयमा कार्यरत करीब ७० प्रतिशत अग्रज कर्मचारी साथीहरू एउटै युनियन हुनुपर्छ भन्ने मान्यतामा रहेका थिए तर **'फुटडालो शासन करो'** भन्ने भारतीय उखानले हामीकहाँ पनि काम गर्‍यो र त्यस्ता किसिमका गतिविधिहरू क्रमिक रूपमा अघि बढ्दै गए।

नेपाल राष्ट्र बैंक स्वतन्त्र कर्मचारी संघको विधानअनुसार संघका गतिविधिलाई अगाडि बढाउने सिलसिलामा २०५३ सालमा भएको आन्तरिक चुनावमा विशुद्ध राजनीतिक विचार बोकेका उनीहरूले उक्त चुनाव बहिष्कारका साथै यो चुनाव कुनै हालतमा हुन दिन्नौं, जसले यो चुनावमा सहभागी हुन्छ त्यसको नाम माथि पठाउँछौ र बाहिर कार्यकर्ताको लाइन लगाइदिन्छौ भनी धम्की पनि दिएका थिए। हाम्रो नामावली माथि त के अमेरिकाको राष्ट्रपति रोनाल्ड रेगनसमक्ष पेश गरे पनि हामी डराउँदैनौ भन्ने मैले जवाफ दिएको थिएँ र मतदान सुरू हुनभन्दा केही समय अघि ट्रेड युनियन कांग्रेसका जिल्ला अध्यक्षले साइकलमा नेपाल राष्ट्र बैंक हाताभित्र प्रवेश गरी एक दुईजना कर्मचारीहरूसँग कानेखुसी गरी बाहिर निस्किएका थिए। यो जानकारी हाम्रा कर्मचारी साथीहरूलाई भएलगत्तै साथीहरू एकदम आक्रोसित भई उक्त राजनीतिक हस्तक्षेपको विरोध गर्दै मतदान हुने स्थलतिर गई मतदान गरे भने आफूलाई कथित प्रजातन्त्रवादी भन्नेहरू नजीकैको सिँढीमा बसेर मतदान गर्नेहरूको नाम टिपिरहेका थिए। यो चुनाव कुनै हालतमा हुन दिन्नौ भनी हिँड्नेहरूको केही चलेन र चुनाव सफलतापूर्वक सम्पन्न भएको थियो।

केन्द्रीयस्तरबाट गराइएको यो चुनावपछि कर्मचारी संघको दैनिक कामकार्यबाहीलाई सुचारूरूपमा अगाडि बढाउने क्रममा २०५३ साउन ११ गते श्री जगदिशप्रसाद ओझाको संयोजकत्वमा एक समिति गठन गरेका थियौं। म त्यस समितिको सचिवमा रही कामकाज गरेको थिएँ। नेपाल राष्ट्र बैंकको नयाँ विधान बनेपछि उक्त विधानबमोजिमको प्रथम र तेस्रो महाधिवेशनबाट म शाखा समितिको अध्यक्षमा निवार्चित भई कामकाज गरेको थिएँ। नेपाल राष्ट्र बैंक कर्मचारी संघको मूल उद्देश्य, नीति, नेपाल राष्ट्र बैंकको नीति नियमअनुसार एकरत्ति पनि विचलित नभइकन कर्मचारीको हकहित तथा संस्थाको काम कार्यबाहीमा एकजुट भई लागिरहने भएका कारण व्यवस्थापन तथा कर्मचारीमित्रहरूसँग त्यस्तो कुनै अप्रिय घटनाहरू नभई कार्यकाल सफलतासँगै बितेको मैले महसुस गरेको छु। दोस्रो कार्यकालको दौरानमा आफूलाई प्रजातान्त्रिक भन्ने तर प्रजातान्त्रिकको 'प्र' पनि नबुझेको व्यवहार गर्ने युनियनसँग वक्तव्यबाजी हुन गयो।

नोट विभागका कार्यकारी निर्देशकज्यू नोटकोष निरीक्षणको

*पूर्व अध्यक्ष, नेपाल राष्ट्र बैंक कर्मचारी संघ धनगढी समिति*

सिलसिलामा धनगढी आउँदा नोटकोष निरीक्षणपश्चात् शुक्रवारका दिन मेनेजरज्यूसमेत सम्पूर्ण कर्मचारी साथीहरू घर गएपछि कार्यालय हाताभित्रै निजको नेतृत्वमा प्रजातान्त्रिक भन्ने झुण्डसँग सुदूरपश्चिमाञ्चल क्षेत्रमा नोटकोष सम्बन्धमा के कस्ता समस्या छन् र तिनको समाधान कसरी गर्न सकिन्छ ? भन्ने बारेमा अन्तर्क्रिया भएको जानकारी हामीले भोलिपल्ट थाहा पाउँदा हामीले त्यसको विरोध गर्दै वक्तव्य निकालेका थियौँ। त्यसपछि एक दुई दिन दुबै पक्षबीच निकै वक्तव्यबाजी भयो। त्यस्ता क्रियाकलापको जानकारी हामीले केन्द्रीय समितिमार्फत् श्रीमान् गभर्नरज्यूसमक्ष समेत पुऱ्याउने क्रममा श्रीमान् गभर्नरज्यूबाट कार्यकारी निर्देशकज्यूलाई बोलावट भएको कुरा जानकारी हुनआएको थियो। त्यस्तै नेपाल राष्ट्र बैंक कर्मचारी संघ राष्ट्र बैंकमा एकमात्र युनियन हुनपर्छ, राजनीतिक आस्थाका आधारमा युनियन गठन गर्नु हुँदैन भनेर लागिरहेका समयमा एकजना व्यवस्थापकले मलाई तपाईं त कांग्रेस हुनुहुन्थ्यो कम्युनिष्ट कहिलेदेखि हुनुभयो भनेर भन्नुभएको थियो। मैले नेपाल राष्ट्र बैंकको परिचय पत्र देखाउँदै म नेपाल राष्ट्र बैंकको सदस्य छु, कांग्रेसको सदस्य पनि थिएन र कम्युनिष्टको सदस्य पनि भएको छैन भन्ने जवाफ दिएको थिएँ। त्यसपछि मैले मजाक गरेको हो है नरिसाउनुहोला, जप्रेलजी ! भन्दै जानुभएको थियो यति मात्र हुन् मेरो कार्यकालमा भएका तीता कुरा अरू कार्यकाल राम्रै भएको मैले महसुस गरेको छु।

हामीले नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ तथा नेपाल राष्ट्र बैंकबाट जारी हुने परिपत्रको अक्षरशः पालना गर्नुपर्छ र नेपाल राष्ट्र बैंक देशको केन्द्रीय बैंक र यसको काम देशको नीति निर्माणलगायत वित्तीय क्षेत्रको महत्त्वपूर्ण सुपरीवेक्षण गर्ने काम भएकोले आफ्नो लक्ष्य प्राप्तिका लागि स्वतन्त्ररूपमा उसले काम गर्न पाउनुपर्छ र यसभित्र कुनै पनि प्रकारको राजनीतिक हस्तक्षेप हुन दिनुहुँदैन। सबल, सक्षम र सुदृढ वित्तीय क्षेत्रका लागि सबल सक्षम र सुदृढ केन्द्रीय बैंक हुन जरूरी छ र यसका लागि त्यसभित्र काम गर्ने सम्पूर्ण कर्मचारीहरू सक्षम र अनुशासित हुनु जरूरी छ, जुन आजको आवश्यकता पनि हो।

नव वर्ष २०७२ को
शुभ उपलक्ष्यमा समस्त ग्राहकवर्ग,
कर्मचारी एवं
सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं।

N DEP BANK
NDEP Development Bank Ltd.
एनडिइपी डेभलपमेण्ट बैंक लि.

# नेपाल राष्ट्र बैंकलाई फर्केर हेर्दा

✍ मेघराज श्रेष्ठ*

नेपाल राष्ट्र बैंकजस्तो नेपालको गरिमामय सर्वोच्च मौद्रिक निकायको सामान्य कर्मचारीको रूपमा वि.सं २०३६ सालमा खुल्ला प्रतियोगिताको माध्यमबाट नियुक्त हुने अवसर पाएको थिएँ। सुरूका दिनहरूमा सीमित तलब र भत्ताले आफ्ना आवश्यकताहरू परिपूर्ति गर्न निकै हम्मेहम्मे पर्दथ्यो। त्यतिबेलाको समयमा स्वतन्त्र रूपमा बोल्दा र आफ्ना धारणाहरू राख्दा कसैले महत्त्व दिने त परै जावस् सुन्नसमेत रूचाउँदैनथे। किनकि त्यतिबेला नेपाल राष्ट्र बैंकमा हुर्केको संस्कार अधिकृतदेखि माथिका कर्मचारीलाई मात्र कर्मचारी जस्तो गरिन्थ्यो। संस्थामा कार्यरत कर्मचारीहरू एकआपसमा सल्लाह गरी गभर्नरज्यूको शाखा भ्रमणको समयमा शाखा व्यवस्थापकज्यूसँग समय मिलाइदिन आग्रह गरेर गभर्नरज्यूसँग भेटघाट गरी कहिले रासन भत्ता त कहिले परिवहन सापटीलगायत संस्थागत सुशासन आदिको माग गरिन्थ्यो। गभर्नर श्री सत्येन्द्रप्यारा श्रेष्ठज्यूको विराटनगर शाखा भ्रमणको क्रममा सर्वप्रथम परिवहन सापटी भनेर साइकल किन्ने रकम र रासन भत्ता भनेर छ महिना बराबरको तलब उपलब्ध गराउने सो बापत किस्ताबन्दीले भुक्तानी गर्दैजाने आदेश भएपछि हामीमा अलि उत्साह बढ्न थाल्यो। संस्थाको काम निरन्तर रूपमा क्रियाशील भएर गर्नुपर्छ, संस्था बलियो भए हामी पनि बलियो हुन्छौं भन्ने सोचको विकास हुँदै गयो।

समय अगाडि बढ्दै जाँदा वि.सं २०४६ सालमा प्रजातन्त्रका लागि राष्ट्रव्यापी रूपमा सबै राजनीतिक दलहरू मिलेर आन्दोलनको बिगुल घन्काइरहँदा राष्ट्रसेवक कर्मचारीहरूले पनि आन्दोलनलाई निर्णायक मोडमा पुऱ्याउनका लागि राष्ट्रियस्तरमा संयुक्त आन्दोलनको घोषणा गरेअनुरूप नेपाल राष्ट्र बैंकमा कार्यरत कर्मचारीहरू पनि स्वतःस्फुर्त रूपमा जागीरलाई दाउमा राखेर आन्दोलनलाई सफल पार्न अग्रणी भूमिका खेल्न थाले। शाखास्तरमा हामी पनि अग्रभागमा रहेर बैंक बन्द गर्नेसम्मको काम गरियो। जसले गर्दा राष्ट्रिय अर्थतन्त्रमा तुरुन्तै प्रभाव पार्दै आन्दोलनले निर्णायक रूप लिई मुलुकमा प्रजातन्त्रको बहाली भयो। अनिमात्र नेपाल राष्ट्र बैंकको इतिहासमा कर्मचारीको हकहितका लागि केन्द्रीयस्तरमा श्री दीपेन्द्रबहादुर क्षेत्रीज्यूको संयोजकत्वमा केन्द्रीय कमिटी गठन भयो र सबै शाखाहरूमा सम्पर्क कमिटीहरू बने। विराटनगरमा बनेको सम्पर्क कमिटीमा मैले पनि सक्रियरूपमा सहभागी हुने मौका पाएँ। संस्थाको काम इमान्दारीपूर्वक गर्दै कर्मचारी हकहितका लागि संस्थागत विकास अभियानमा विराटनगर, भद्रपुर र इलाम कार्यालयमा सम्पर्क गरी कर्मचारी संघको सदस्य बनाउने र केन्द्रमा पठाउने जिम्मेवारी दिइयो। सो कामलाई इमान्दारीपूर्वक पालना गरी सङ्गठन विस्तारमा लागियो। सबै बैंक तथा वित्तीय संस्थाहरूमा आधिकारिक ट्रेड यूनियनहरू धमाधम खुल्दै गए। नेपाल राष्ट्र बैंकमा पनि केन्द्रीयस्तरमा ट्रेड यूनियन दर्ता भई शाखास्तरमा शाखा समितिहरू गठन हुने क्रममा विराटनगरमा पनि प्रथम पटक युनियनको सदस्यको रूपमा रहेर अन्य शाखामा समेत सम्पर्क बढाई केन्द्रीय समितिलाई सक्दो सहयोग पुऱ्याउँदै आएँ। त्यसपछि शाखा अधिवेशनबाट लगातार तीन अवधिसम्म शाखा अध्यक्षको रूपमा निर्वाचित भएर अध्यक्षको भूमिका निर्वाह गरें। आफ्नो कार्यकालमा कर्मचारी संघका सदस्य मात्र होइन अन्य विचार राख्ने कर्मचारी मित्रहरूले पनि हामीले उठान गरेका सही विचारहरूलाई समर्थन गर्नुहुन्थ्यो। जिल्लामा रहेका अन्य मित्र सङ्गठनहरूसँगको बाक्लो सम्बन्ध र सशक्त भूमिकाको कारण कर्मचारी हकहितका सवालहरूमा बेलाबखत हुने गरेका आन्दोलनहरूमा नेपाल राष्ट्र बैंक कर्मचारी संघको अगुवाईको अपेक्षा गरिन्थो। शाखा समितिलाई उर्जा दिन र शाखा कार्यालयको वातावरणलाई अनुकूल प्रभाव पार्नका लागि केन्द्रीय परिषद्को बैठक समेत विराटनगरमा सम्पन्न गर्न सफल भयौं। यसरी कर्मचारी संघको गरिमालाई कहीँ कतै तलमाथि पर्न नदिनको लागि कर्मचारी संघका पदाधिकारीहरूले अन्य बैंक तथा वित्तीय संस्थाहरूमा जस्तो कर्मचारी संघका पदाधिकारी भएका कारण संघको मात्र काम गर्ने नभई बैंकले जिम्मा दिएको कामको पूर्ण पालना गरी बाँकी समयमात्र कर्मचारी संघको काममा खटिने परिपाटीले पहिले बैंक अनि मात्र ट्रेड युनियन भन्ने परिकल्पनाको विकासले नेपाल राष्ट्र बैंकभित्र एउटा नमूना प्रस्तुत अवश्य पनि गरेको छ।

मुलुकमा आमूल परिवर्तनका लागि भएको २०६२ सालको आन्दोलनमा राष्ट्रसेवकहरूको तर्फबाट नेपाल राष्ट्र बैंक कर्मचारी संघ केन्द्रीय समितिको आह्वानमा पूर्वाञ्चल क्षेत्रमा नेपाल राष्ट्र बैंक कर्मचारी संघ शाखा समिति विराटनगरले आफ्नो जागीरलाई दाउमा राखेर चार दिनसम्म राष्ट्रको ढुकुटी बन्द गरी राष्ट्रिय आन्दोलनमा ऐक्यबद्धता जनायो। फलस्वरूप आन्दोलनले निर्णायक मोड लियो र मुलुकमा परिवर्तनका केही सङ्केतहरू हाम्रा अगाडि आए। यस्ता कठिन दिनहरूलाई दर्बीलो सङ्गठनको माध्यमबाट चिर्दै कर्मचारी संघको गरिमालाई उचाइमा पुऱ्याउन विराटनगर शाखा समितिले जुन भूमिका खेल्यो, पक्कै पनि केन्द्रीय समितिले मनन गरेकै हुनुपर्छ। कर्मचारी संघको इतिहास कोर्नमा धेरैथोरै जे भए पनि मैले पनि आफूलाई यसको हिस्सेदार ठानेको छु। यिनै दुःखसुखमा डुबुल्की मार्दै आफ्नो जीवनको महत्त्वपूर्ण क्षण बिताएको परिणामस्वरूप हिजोको साघुँरो घेराभन्दा अलि फरक परिधिमा एउटा सामाजिक कार्यकर्ताको रूपमा आफूलाई विराटनगर उपमहानगरपालिकाका हरेक सामाजिक संघ संस्थालगायत नागरिक समाजमा चिनाउने अवसर पाएको छु।

*पूर्व अध्यक्ष, नेपाल राष्ट्र बैंक कर्मचारी संघ विराटनगर समिति*






संघको रजत महोत्सवको उपलक्ष्यमा जनकपुर समितिद्वारा सम्मानित अग्रजहरू र नवआगन्तुक सदस्यहरू






जनकपुर समितिको सातौं अधिवेशनका झलकहरू


Our Pride...
NEPAL'S #1
Khukri XXX Rum
नव वर्ष २०७२ को
हार्दिक मंगलमय
शुभकामना
Khukri SPICE RUM
Blended with Select Spices and Himalayan Herbs
The Nepal Distilleries (P) Ltd.
Since 1959

# कर्मचारी संघतिर फर्केर हेर्दा

रामचन्द्र दाहाल*

देशले २००७, २०१७ र २०३७ पार गर्दै २०४६ सालसम्म आइपुग्दा पनि राजनीतिक अवस्थामा सुधार आएको थिएन। हुकुमी शासनले मण्डले जन्माएर गुण्डागर्दीकै राज थियो। देशको राजनीति विकृति भित्र्याउन उन्मुख थियो। जी हजुरको परम्पराले देश आक्रान्त बन्दै थियो। पार्टी र दलहरू प्रतिबन्धित थिए। प्रजातन्त्र पुनर्बहाली गरेर देश र जनतालाई उन्मुक्ति दिलाउने केही सच्चा मनहरू प्रयासरत थिए। विस्तारै प्रतिबन्धित दलका नेताहरूको अगुवाइमा, बुद्धिजीवी कर्मचारी र सर्वसाधारणसमेत मैदानमा उत्रिएका थिए। देशमा प्रजातन्त्र बहाली गरेर देशको उज्यालो मुहार हेर्ने चाहना सबैको थियो। यही सपना साकार पार्न युद्ध मैदानमा अग्रसर भएका धेरै सपूतहरूको बलिदान भयो। तिनै वीर योद्धाहरूको रगतले २०४६ साल चैतमा प्रजातन्त्र पुनर्बहालीको घोषणा गर्‍यो।

प्रजातन्त्र पुनर्बहाली भएपछि नेपाली राजनीतिक फाँटमा प्रतिबन्धित पार्टीका नयाँ अनुहार सलह जस्तै ओइरिएका थिए। नयाँ अनुहारले देशको काया पल्टाउने घोषणा गरे। हामी तिनै मीठा भाषणमा अल्मलिँदै थियौँ। उत्पीडितहरू पनि 'अब देशको कालो बादल हट्यो' भनेर नीलो आकाश हेर्न प्रतीक्षारत थिए। तर प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रसम्म आइपुग्दा नेपाली आकाशमा काला बादलका बहुरूप हटेर आकाश खुल्न सकेको थिएन। निमुखा सर्वसाधारणलाई देश झन् दलदलमा फसेर आक्रान्त बन्दै जाला भन्ने आभाससम्म थिएन।

त्यो बेला देशमा एकदलीय भ्रष्टाचार थियो। परिवर्तनका नाममा आज बहुदलीय भ्रष्टाचार भएको छ। त्यो बेला देशमा भएका अनियमितता उपर आवाज उठाउने सबै निकायका मुखमाथि प्रतिबन्ध लगाइएको थियो। आज त्यस्ता विकृति विरुद्ध आवाज उठाउने सबै निकायका मुख खुल्ला गरिएका छन्। तर भ्रष्टाचारले संस्थागत रूप लिएको छ। सर्वहाराको वकालत गरेर सत्तामा पुगेकाहरूले भोकालाई भोक लाग्यो भन्ने अधिकार त दियो, तर खाना खान पाउने अधिकारबाट वञ्चित गरेको छ। सर्वहाराको रोटी खोसेर उसैले खाएर हृष्टपुष्ट भएका परिदृश्य देखिँदैछन्।

*पूर्व सदस्य, नेपाल राष्ट्र बैंक कर्मचारी संघ*

आज देशमा भएका डरलाग्दा भ्रष्टाचारका श्रृङ्खला हेर्दा सर्वसाधारणले मात्र शहीदका सपना सम्झेका छन्। त्यही सपनाको परिकल्पनामा शहीदका रगतमाथि आँसु चुहाउने पनि तिनै उत्पीडित र निमुखा नै छन्। देशलाई अनिर्णयको बन्दी बनाएर देशमाथि बलात्कार भइरहँदा निमुखा नागरिकहरू टुलुटुलु हेरेर बस्न बाध्य भएका छन्।

पञ्चायतकालमा भए/हुने गरेका भ्रष्टाचार र आज विद्यमान भ्रष्टाचारलाई तुलना गरेर जेठो कान्छो छुट्याउँदा एकदलीय भ्रष्टाचारीहरू पनि बहुदलीय भ्रष्टाचारमा समाहित भएर भ्रष्टाचारीको एउटा जम्बो संस्था खडा भएको पाइन्छ। यस्ता भ्रष्टाचारका अनेक दृश्य केलाएर लेखलाई लामो पार्नुभन्दा त्यो बेला देशमा भ्रष्टाचार थियो भनेर संस्मरणलाई अगाडि बढाउनु सान्दर्भिक ठानेको छु।

त्यो बेला सरकारका सबै अङ्गमा दरबारकै हात हुन्थ्यो। दरबारका आफन्त र आर्शिवाद पाउनेहरू उच्च पदमा पदासिन हुन्थे। त्यस्ता व्यक्तिहरू दरबारको आडमा संस्थाभित्र अनेक अनियमित क्रियाकलाप गरेर अकुत सम्पत्ति आर्जन गर्दथे। निमुखा कर्मचारी आधा पेट खाएर विकृति विसङ्गतिका चर्तिकला हेरिरहन्थे। त्यस्ता उत्पीडित कर्मचारीहरूका तर्फबाट आवाज उठाइदिने निकाय थिएन। छाते, ढोके, चुकली, चाकरीको बाहुल्यता थियो। त्यस्तै व्यक्ति जेष्ठता नाघेर पदोन्नति हुने गर्दथे। कुण्ठित कर्मचारीहरूको पीरमर्का सुन्ने सुनाउने निकाय नभएकै कारण अस्थायी सहायकमा भर्ना भएका कर्मचारीलाई सहयोगीमा हाजिर गराएर अस्थायी सहायक पद खाली गरी/गराई आफ्नो मान्छे भर्ना गरेका परिदृश्य देखे/भोगेकै हो। वर्ग सङ्घर्षको अभ्युदय नभएकै कारण एकथरी कर्मचारी आत्मदाह गर्ने अवस्थामा पुगिसकेको कटु यथार्थ हाम्रो सामु थियो।

शोषणमा परेका कर्मचारीहरू जेजस्तो अवस्थाको सामना गर्नु परे पनि आँसु निलेर दैनिक गुजारा गर्दै आएका थिए। अर्काथरी चाकडीबाजहरू हाकिमलाई भगवान् जस्तै पूजा गरेर अतिरिक्त अर्थ आर्जन गर्दथे। हाकिमका अगाडि हनुमानजस्तै आसनमा बसेका हुन्थे। साना कर्मचारीले तिनै हनुमानहरूको आदेश मान्नु पर्दथ्यो। अन्यथा अनेक मानसिक पीडा खप्नु पर्दथ्यो। ती हनुमानहरूका पनि अनेक रूपका सुराकी हामी भित्रै हुन्थे।

एउटा संस्थाभित्र उस्तै पद धारण गरेको एउटा वर्ग पदीय हैसियतभन्दा उच्च शैलीको जीवनयापन गर्दथ्यो । त्यस्तै पद धारण गर्ने अर्को वर्ग सङ्कट भोगेर कहालीलाग्दो दैनिकी गुजार्न विवश थियो । यसरी सरसर्ती हेर्दा तत्कालीन श्री ५ को सरकारका सबै सरकारी र गैरसरकारी निकायहरूमा राणाकालीन हुकुमी शैली हावी थियो भन्दा अत्युक्ति हुने छैन।

२०४६ सालमा बहुदलीय व्यवस्थाको घोषणा भएपश्चात् कर्मचारी वर्गको हकहितका लागि वर्ग सङ्घर्ष गर्न एउटा कर्मचारी संघको आवश्यकता थियो । सोही कुरालाई मध्यनजर गरी नेपाल राष्ट्र बैंकमा पनि कर्मचारी संघ केन्द्रीय तदर्थ समितिको स्थापना भएको थियो । केन्द्रीय समितिको आह्वानमा विभिन्न जिल्लामा रहेका नेपाल राष्ट्र बैंकका शाखा कार्यालयहरूमा पनि तदर्थ समिति गठन भएका थिए। त्यसैअनुरूप वीरगञ्ज शाखामा पनि हामीले श्री राजनविक्रम शाहको अध्यक्षतामा तदर्थ समिति गठन गरेका थियौं। तर त्यो बेला गठन भएको तदर्थ समितिले कर्मचारीको हितमा खासै उल्लेखनीय काम गर्नसकेको थिएन। पुरानै शैली हावी थियो, चाकरी गरेर दुनो सोभ्याउनेहरू अनेक रङ्गका जामा लगाएर नाच्दै थिए। शाखा प्रमुखहरू शाखामा आएको वार्षिक बजेट खल्तीमा पारिहाल्ने दाउमा कोटेशनका नक्कल गरेर कर्मचारी संघको आँखामा छारो हाल्दै थिए। कर्मचारी संघ परिपक्व भई नसकेकाले तदर्थ समितिका पदाधिकारीहरू विकृति हेरेर बस्न बाध्य थियौं।

२०४७/४८ तिरै हुनुपर्छ कर्मचारी संघको पहिलो निर्वाचन हुँदै थियो। त्यसै बेलादेखि नै केही साथीहरू व्यवस्थापन पक्षमा लागेर कर्मचारी संघको विरोधमा उत्रिएका थिए। व्यवस्थापन पक्षको आडमा कर्मचारी संघका पदाधिकारीहरूलाई धम्की दिँदै हिँडेका थिए। यस्तो परिस्थिति झेल्दै पहिलो निर्वाचनको तयारी हुँदै थियो । अवस्था अनुकूल नहुँदानहुँदै पनि हामीले निर्वाचन गर्‍यौं र श्री रामकृष्ण श्रेष्ठको अध्यक्षतामा शाखा समिति गठन भयो । कार्यालय प्रमुखका समिपमा बस्नेहरूले मार्नेसम्मका धम्की दिँदै हिँडेका थिए। फेरि पनि तिनै व्यक्तिहरू कर्मचारी संघसँग काम पर्दा निर्लज्ज भएर संघको कार्यालयमा आउँथे । त्यस्ता व्यक्तिहरू केन्द्रदेखि सबै शाखाहरूमा विद्यमान थिए। त्यस्ता व्यक्तिहरू कर्मचारी संघलाई बदनाम गराएर जरो उखेल्न चाहन्थे । हाकिमहरूले पनि उनीहरूलाई पदोन्नति र लामो काजको प्रलोभन देखाएर कर्मचारी संघमाथि प्रहार गर्ने अस्त्र बनाएका थिए। फलस्वरूप पहिलो निर्वाचित केन्द्रीय अध्यक्ष श्री दीपेन्द्रबहादुर क्षेत्रीकै कार्यकालमा ढुकुटी लुट्न आउने लुटेराको समूह भन्ने उपनामले कर्मचारी संघलाई बदनाम गर्ने हरकत गरियो। त्यसै काण्डको धरपकडपछि धेरै कर्मचारी सस्पेन्ड गरिए। इलाम उपशाखाका एक कर्मचारीलाई राजीनामा गर्न बाध्य बनाइयो । कर्मचारी हडतालले संस्थाको दैनिक कार्य ठप्प हुनपुगेको थियो । सस्पेन्डमा पर्ने केन्द्रीय समितिका कर्मचारीहरूले आफ्नो दैनिकी चलाउन नसकेर आर्थिक आर्जनका लागि स्वाभिमान ट्राभल्स चलाएर जीविकोपार्जन गर्न बाध्य बनाइएको थियो। बिडम्वना त्यही बस पल्टेर त्रिशुलीमा खसेपछि कर्मचारी संघका एउटा होनहार जुझारूरत्न बद्री अधिकारीलाई कर्मचारी संघले गुमाएर अपूरणीय क्षति व्यहोर्नु पर्‍यो ।

व्यवस्थापनमा रहेका डरलाग्दा गोहीहरूसँग कर्मचारी संघ लडेर जीवन र मृत्युको सङ्घर्ष गर्दै थियो। ती हिंस्रक गोहीहरू पनि कर्मचारी संघलाई देखेर आँसु चुहाउँदै थिए। वीरगञ्ज शाखामा पनि लगातार भएको हडतालले दैनिक कामकाज ठप्प थियो । अधिकृत वर्गहरू जसरी तसरी काम गरेको नक्कल गर्दै थिए । केही साथीहरू हाकिमको चाकरी गर्न रातारात व्यवस्थापकको आवासमा पुगेर क्यासबुक, भल्टबुक, गोश्वारा आदि जस्ता लेजर पोस्टिङ्ग गरेर हाकिम रिझाउँदै थिए । यस्तै अवस्थामा पुलिसले मिनी ट्रक लिएर कर्मचारी धरपकड गर्न कार्यालय हाताभित्रै प्रवेश गरेको थियो। अध्यक्षलाई मात्र समात्यो भने हामी सबै जाने सल्लाह हुँदै थियो। पुलिससित गल्फती गर्दै गरेको अवस्थामा केन्द्रीय समिति र व्यवस्थापन पक्षबीच केही बुँदामा सम्झौता गरी काममा फर्कने फ्याक्स खसेछ । सोहीअनुरूप हडताल टुङ्ग्याएको जानकारी व्यवस्थापकले तलै आएर सुनाएपछि त्यो बेलाको हडताल त्यहीं टुङ्गिएको थियो। त्यो जानकारीपछि पुलिस फर्केर गयो। हामी कार्यालयको दैनिक काममा फर्कियौं।

केन्द्रीय संघ र व्यवस्थापन पक्षबीच सम्झौता भएर कर्मचारी काममा फर्केपछि फेरि व्यवस्थापन पक्षले सम्झौता कार्यान्वयन गर्नेतर्फ उदासिन भएर आलटालको नीति लिँदै गर्दा केन्द्रीय समितिले पुनः हडतालमा उत्रित तयार रहन बेलाबेलामा सूचना प्रवाह गर्दै थियो। हामी निरीह कर्मचारी, कर्मचारी संघकै किनारामा बसेर संघले झेल्नु परेको जटिलता र सङ्घर्षमाथि भएका बर्बर दमन हेर्न विवश थियौँ। यसरी कर्मचारी संघमाथि चारैतिरबाट आक्रमण हुँदा पनि कर्मचारी संघ निडर भएर अन्यायका विरुद्ध लड्दै थियो। कर्मचारी

संघको अवस्था तरलै रहेका बेला कर्मचारी संघलाई बचाउने र कर्मचारी हकहितमा लड्ने अभिभारा लिँदै श्री प्रेमप्रसाद पाण्डेयको उपस्थिति भएको थियो। वहाँकै अध्यक्षतामा केन्द्रीय कमिटी गठन भएको समयमा इलामका कर्मचारीलाई राजीनामा गराएर नोकरीबाट हटाइएको घटना ताजा हुनाले कर्मचारी संघको साधारण सदस्य बन्नसमेत साथीहरू हिच्किचाइरहेका थिए। व्यवस्थापन पक्षका दलालहरूले कर्मचारी संघका विरुद्धमा निम्न पदीय कर्मचारीलाई डर देखाउँदै हिँडेका थिए।

बहुरूपीहरू सुराकीको काम गर्दथे। कर्मचारी संघमा झ्याल, ढोका थुनेर गरिएका अति गोप्य वार्ता र सहमतीमा पुगेर गरिएका निर्णयहरू अक्षरश व्यवस्थापनसमक्ष पुगिसकेका हुन्थे। यस्ता अवसरवादी चरित्रले हामीलाई सशङ्कित पार्दथ्यो। कर्मचारी संघभित्र मन खोलेर कुरा गर्न पनि भयभीत हुनुपर्दथ्यो। यस्ता चरित्रका अनेक रूप थिए। कता ढल्किँदा आर्थिक अवसर पाइन्छ भनेर दिनरात अवसरकै खोजीमा हिँड्थे। त्यस्ता साथीहरू कहिले मित्र बनेर आउँथे, कहिले जहरिलो अनुहारमा उपस्थित हुन्थे। संघमा कर्मठ भएर लाग्नु भनेको सत्यको बाटोमा हिँड्नु थियो।

हामी सच्चाइतिर लाग्नु नै त्यस्ता साथीहरूसँग फाटोको एकमात्र कारण थियो। संघले अति विश्वास गरेर कार्यसमितिमा पुऱ्याएकै साथीहरूको पनि गड्यौंले स्वभाव थियो। मान्छे चिन्न निकै कठिनाइ थियो। चिनेर पनि ठाडो विरोध गर्न सक्ने अवस्था थिएन। किनभने राम्रो जरा गाडी नसकेको कर्मचारी संघमा विवाद भएर अर्को हानी पुग्ने डर हुन्थ्यो।

एकातिर संघभित्र द्वैध चरित्र हावी थियो भने अर्कोतर्फ पुरातनवादीहरू संघलाई ध्वस्त पार्ने जालझेलका श्रृङ्खलाको तयारीमा धनुषमा बाण चढाएर संघको टाउको ताक्दै थिए। व्यवस्थापनको बुई चढेर केही साथीहरूले अनेक हत्कण्डा अपनाउँदा पनि संघलाई ढाल्न नसकेपछि व्यवस्थापन पक्षका कर्मचारीहरू हाकिम निकटको छाता संघ खोल्ने अर्को अस्त्र फाल्दै थिए। यसरी खोलेको छाता संघले कर्मचारी संघमा लागेका सिधासाधा कर्मचारीलाई प्रलोभनमा पारेर आफ्नो संघमा ल्यायो भने संघको जरो उखेर निर्मूल पार्न सकिन्छ भन्ने मनसायले त्यस्तो अभियानको अर्को नक्कल गरेर आश्वासनका धोखा बाँड्दै थिए। त्यस्ता साथीहरूले आफ्नो उर्वर थलोका रूपमा जिल्लास्तरीय शाखालाई रोजेका थिए। कर्मचारी संघलाई घराशायी गर्ने अभियानमा जिल्ला भ्रमणमा निस्केका साथीहरू भ्रमपूर्ण उपहार बाँड्दै थिए।

भ्रमण दलका साथीहरू शाखा व्यवस्थापकको कार्य कक्षमा बसेर सदस्यताका लागि दबाबमूलक भाषा बोल्दै थिए। त्यो बेलाका व्यवस्थापकहरू पनि त्यही कुरामा सही थाप्दै सदस्यताका लागि दबाब दिँदै थिए। तर हामीले सिद्धान्ततः सच्चाइको धरातल छाडेनौं। कर्मचारी संघको तरल अवस्थामा नै यसलाई नामेट गर्नुपर्छ भनेर एकपछि अर्को अस्त्र फ्याकिँदै गर्दा पनि संघ आफ्नो ठाउँमा अटल थियो। तर व्यवस्थापन पक्षको श्रृङ्खलाबद्ध हमलाले साङ्गठनिक र आर्थिक अवस्था कमजोर हुन पुगेको थियो। तर पनि कर्मचारी संघ आफ्नो ठाउँमा उभिएर कर्मचारीका पक्षमा लड्दै थियो। विकृति र विसङ्गतिको विरोध गर्दै संस्थाको हितमा लागेको थियो। यही विशेषताले गर्दा कर्मचारी संघ आजको अवस्थामा पुग्न सफल भएको पनि हो।

यसरी कर्मचारी संघलाई सफलताको चरमचुलीमा पुऱ्याएर संस्थाभित्र रहेका विकृतिका फोहोर बढार्ने अभ्यासमा लाग्दा संघले लामो समयसम्म सङ्घर्ष गर्नुपऱ्यो। श्री प्रेमप्रसाद पाण्डेयले केन्द्रीय संघको अनुवाई गर्दासम्म पनि संघको श्रीवृद्धिमा हमलाका श्रृङ्खला जारी थिए। हामीले नचाहेर पनि कार्यालयको दैनिक काम ठप्प गरेर चउरमा बस्न व्यवस्थापन पक्षले बाध्य गराएको थियो। कर्मचारीलाई दमन गर्ने प्रवृत्तिका विरुद्ध केन्द्रीय संघ श्री प्रेमप्रसाद पाण्डेयको अगुवाईमा लड्दै थियो।

केन्द्रीय संघको आह्वानमा शाखा समितिहरू पनि लड्दै थिए। त्यो बेला वीरगञ्ज शाखा समितिका श्री बैकुण्ठप्रसाद सिग्देलले संघको नेतृत्व सह्माल्नु भएको थियो। उहाँ नयाँ इञ्जिन बनेर संघको मागलाई गन्तव्यमा पुऱ्याउन प्रतिबद्ध भएर अगाडि बढ्दै हुनुहुन्थ्यो। हामीहरू उहाँले तानेको बग्गीमा बसेर पछि पछि लागेका थियौं।

श्री प्रेमप्रसाद पाण्डेयपछिको एउटा कार्यकाल श्री रामप्रसाद उप्रेतीले सम्हाल्नु भएको थियो। त्यो समयसम्म पनि कर्मचारी संघमाथि विभिन्न कोणबाट हमला गर्ने प्रयास जारी थियो। तर संघले अपेक्षित उपलब्धी हासिल गर्न नसके पनि व्यवस्थापनमा केही शिथिलता आउनाले सुधारका सुक्ष्म लक्षणहरू देखापर्न थालेका थिए। केन्द्रीय अध्यक्ष श्री रामप्रसाद उप्रेतीको पालामा शाखा भ्रमणमा ह्रास आएको थियो। केन्द्रीय अध्यक्षको जिल्ला भ्रमण, भेटघाट र प्रशिक्षण आदिमा भएको कमीका कारण स्वभावैले साङ्गठनिक पक्ष कसिलो हुनसकेको थिएन। साँच्चै भन्नुपर्दा त्यो बेला हामी निरास थियौं।

त्यो बेला वीरगञ्ज शाखा समितिको नेतृत्व श्री सम्राट रूपाखेतीले सम्हाल्नु भएको थियो। उहाँले कर्मचारी संघ शाखा समितिमा बेलाबखतमा आइपर्ने कठिनाईको सामना

गर्दै केन्द्रीय अध्यक्ष श्री बसन्तराज पाण्डेको उपस्थिति हुँदाको लामो समयसम्म शाखा समिति चलाएर लेखक कार्यरत रहेकै समयमा शाखा समितिको नेतृत्व श्री सञ्जयकुमार गौतमलाई हस्तान्तरण गरेर श्री सम्राट रूपाखेतीले संघबाट विश्राम लिनुभएको थियो । कर्मचारी संघको केन्द्रीय नेतृत्वमा श्री बसन्तराज पाण्डेको उपस्थिति भएपछि कर्मचारी संघ आर्थिक र साङ्गठनिक पक्षमा उल्लेखनीय सुधार देखिन थालेका थिए । यसो हुनुमा व्यवस्थापन पक्षमा केही शिथिलता आउनु र कर्मचारी संघप्रति झुकाव हुनु नै थियो । केन्द्रीय समितिले व्यवस्थापन पक्षसँग सङ्घर्ष गरेर भए पनि कर्मचारीका जर्जर अवस्था सुधार्न तथा सहुलियतका प्याकेजहरू कर्मचारीका मुखसम्म पुऱ्याउन गरेको प्रयास अविस्मरणीय नै छन्।

हुन त श्री दीपेन्द्रबहादुर क्षेत्रीदेखि श्री बसन्तराज पाण्डेसम्म आइपुग्दा हरेक कालखण्डमा केन्द्रीय नेतृत्वले कर्मचारीका पक्षमा बहन गरेका सङ्घर्ष अझ सह्राहनीय छन्। कर्मचारीले पनि काल परिस्थितिको विचार गरेर धैर्य गर्नुपर्ने अवस्था थियो । हामीले धैर्य गर्नुको विकल्प थिएन। आज कर्मचारी संघले जुन सफलता हासिल गरेको छ, त्यो सङ्घर्ष र धैर्यताकै फल हो भन्नुपर्छ। तर कर्मचारी संघको जरो खन्न प्रयासरत अवसरवादी साथीहरू के भए कस्तो हालतमा पुगे म त्यता प्रवेश गर्न चाहन्न। किनभने त्यो मेरो सरोकारको विषय पनि होइन।

यसमा कसैसँग आग्रह र पूर्वाग्रह पनि छैन। यति मात्र उल्लेख गर्न चाहेको हो कि जस्तोसुकै धम्की, आश्वासन र आँधीहुरीले पनि सिद्धान्ततः हामीलाई आफ्नो धरातलबाट उडाउन नसकेकोमा आज पनि म आफूलाई धन्य सम्झिन्छु र कसैको डर, धम्की, मीठा आश्वासनतर्फ आकर्षित नभई कर्मचारी संघप्रति बफादार रहेका साथीहरूलाई पनि मुरी मुरी धन्यवाद दिन चाहन्छु।

अतः कर्मचारी संघको स्थापनाकालको कहालीलाग्दो कालखण्डतिर फर्केर हेर्दा डरलाग्दा परिस्थिति पार गर्दै संस्थाभित्र हुने अनियमितताबाट संस्थालाई जोगाएर आजको अवस्थासम्म आइपुग्नु पक्कै पनि सुखद पक्ष हो। यसका लागि श्री दीपेन्द्रबहादुर क्षेत्री, श्री प्रेमप्रसाद पाण्डेय, श्री रामप्रसाद उप्रेती र श्री बसन्तराज पाण्डेजस्ता जुझारू योद्धालाई धन्यवाद दिनै पर्छ। हामीले उहाँहरूको नाम बिर्स्यौं भने सिधै बेइमानी गरेको ठहर्ने छ। आजको संघका प्रत्येक कण–कणमा उहाँहरूका सङ्घर्षशील पसिना चुहेको देखिनुपर्छ । अग्रज नेतृत्वले ज्यान दाउमा राखेर खडा गरेको कर्मचारी संघ बहालवाला र पूर्वकर्मचारी सबैको आस्थाको केन्द्र हो । त्यसैले बैंक र कर्मचारी हितमा पहिले जस्तै संघ डटेर लागिरहोस् भन्ने कामना गर्दै वर्तमान केन्द्रीय अध्यक्ष श्री बसन्तराज पाण्डेज्यू र नेतृत्व पङ्क्तिमा रहेका साथीहरूलाई धन्यवाद दिन चाहन्छु। धन्यवाद।

नव वर्ष २०७२ को

शुभ उपलक्ष्यमा समस्त ग्राहकवर्ग, कर्मचारी एवं सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

एन.आई.डि.सी. डेभलपमेण्ट बैंक लि.
N.I.D.C. DEVELOPMENT BANK LTD.
Pioneer in development financing >>





नेपालगञ्ज समितिद्वारा नवआगन्तुक कर्मचारीको स्वागत कार्यक्रमको झलक




संघद्वारा आयोजित रक्तदान कार्यक्रमको झलक



संघको थापाथली समितिद्वारा आयोजित कार्यशाला गोष्ठीको झलक



# कर्मचारी एकता र कर्मचारी संघ

✍ नन्दकिशोर शर्मा*

२०३५/३६ सालतिरको कुरा हो। म भैरहवा शाखा अन्तर्गत बेलहिया सहटी काउन्टरमा पहिलो सिफ्टमा कार्यरत थिएँ। काउन्टर सञ्चालित थियो। अकस्मात् खबर आयो नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालय, बालुवाटार र थापाथलीस्थित बैंकिङ्ग कार्यालयका सम्पूर्ण कर्मचारीहरूले कलम बन्द गरी हडतालमा बसेका छन् र सोहीअनुसार बन्दमा सहभागी हुने आह्वान गरिएको थियो। नियमित सटही काउन्टर बन्द गर्न मिल्दैन थियो। कर्मचारीहरूको मनमा यस्तो तरङ्ग उत्पन्न भयो कार्यालयमा बुझ्दा सही कुरा भएको जानकारी प्राप्त भएपछि काउन्टर इन्चार्ज (प्रधान सहायक) को आदेशलाई नकार्दै हामीले सम्पूर्ण रकम मिलान गरी सेफमा राखी कलम बन्दको सूचना टाँसी हडतालमा सहभागी भयौं। सो हडताल आठ–नौ दिनसम्म चल्यो। सो अवधिभरि अधिकृत कर्मचारीहरूबाट सहटी काउन्टर सञ्चालन भएको थियो।

त्यस समयको हडतालमा नेपाल राष्ट्र बैंकका सम्पूर्ण कर्मचारीहरू एक ढिक्का भई एउटै छातामुनि उभिएका हुनाले पञ्चायतकालीन कालरात्रीका भष्मासुरहरूको समेत केही चलेन बन्द सफलतापूर्वक सम्पन्न भयो।

तत्पश्चात् आयो २०४६ साल पञ्चायती शासन विरुद्ध उत्रिएको जनविद्रोहको उक्त समयमा म वीरगञ्ज शाखामा कार्यरत थिएँ। सोही समयमा मलाई र जगदीशप्रसाद अधिकारीलाई पोखरा फन्ड काजमा पठाइयो। त्यसैबेला राष्ट्र बैंकमा पनि बन्दको आह्वान भएकोले शाखाका कर्मचारी साथी कालोपट्टि बाँधी हडतालमा बसे। २०३५/३६ सालको घटना मेरो मानसपटलमा देखिन थाल्यो। मनभित्र खुशीको अनुभव गर्दै कर्मचारी साथीहरूको माझमा पूर्ण समय व्यतित गर्‍यौं। हाम्रो काज समाप्त भई फर्कने दिन पञ्चायतकालीन कालरात्रीको अन्त्यका साथै नेपाली भूमिमा बहुदलीय सूर्यको उदय भइसकेको आजसम्म पनि याद छ।

२०४७ सालमा बनेको देशको नयाँ संविधानले कर्मचारीहरूलाई आफ्नो पेशागत हकहितका लागि संघ/सङ्गठन खोल्ने अधिकार प्रदान गर्‍यो। सोहीअनुरूप नेपाल राष्ट्र बैंकका कर्मचारीहरूबाट पनि केन्द्रीय कार्यालय र शाखा/उपशाखा कार्यालयहरूमा तदर्थ समिति गठन गरियो। वीरगञ्ज शाखामा राजनविक्रम शाहको संयोजकत्वमा ११ सदस्यीय समिति गठन भएको थियो।

नेपाल राष्ट्र बैंकमा पनि कर्मचारी नियमावली तयार गरी "नेपाल राष्ट्र बैंक कर्मचारी संघ" नामले कानुनतः श्रम कार्यालयमा दर्ता गरी सोही तदर्थ समितिबाट कर्मचारीमाझ निर्वाचन प्रक्रियाबाट कार्यकारिणी समिति गठन भयो। सो निर्वाचनमा दीपेन्द्रबहादुर क्षेत्रीको अध्यक्षतामा केन्द्रीय कार्यसमिति चयन भएको थियो भने वीरगञ्ज शाखामा रामकृष्ण श्रेष्ठको अध्यक्षतामा शाखा समिति गठन भएको थियो।

उक्त चुनावको नतिजाले दुई विचारधारा (वामपन्थी र प्रजातान्त्रिक) को प्रतिस्पर्धा जस्तै एक पक्षको बाहुल्यता देखाउन पुग्यो। अल्पमतका साथीहरूलाई वितृष्णा उत्पन्न भएको कारण कर्मचारीहरूमा विभाजनको बीजारोपण भयो। पछि त्यसकै फलस्वरूप कर्मचारीवर्ग दुई गुटमा विभक्त भई नेपाल राष्ट्र बैंक वित्तीय संस्था कर्मचारी संघको जन्म भएको हो।

कर्मचारीहरूका माग राख्दै आन्दोलनमा बसेका केन्द्रीय समितिका कार्यकारिणी सदस्यहरूलाई व्यवस्थापन पक्षले झुटो आरोप लगाई निलम्बन गर्नुका साथै ईलाम उपशाखाका अध्यक्ष तुलसीराम घिमिरेलाई जबर्जस्त संस्थाबाट राजीनामा दिन समेत बाध्य पारियो। अन्य शाखा/उपशाखाका संघका कार्यकारिणी पदाधिकारी, सदस्यहरूलाई चेतावनी दिने कार्य नभएको होइन।

निलम्बनमा परेका कर्मचारी संघका साथीहरूबाट एकजुट भई पसल चलाउनका साथै बस सञ्चालन समेत गरेका थिए। बस दुर्घटना पर्दा बद्रीप्रसाद अधिकारीको मृत्युसमेत भएको थियो, जसको सम्झनामा आज "बद्री स्मृति कोष" स्थापना भएको छ।

अन्यायपूर्वक निलम्बनमा पारिएका कर्मचारी संघका पदाधिकारी साथीहरू न्यायको ढोका घचघच्याउन पुगेका थिए र अन्त्यमा सम्मानित अदालतको फैसलाद्वारा ससम्मान पुनर्बहाली हुनुभएको थियो।

संघ संस्था खोल्न पाउने संविधानप्रदत्त अधिकार प्रयोग गरी स्थापित नेपाल राष्ट्र बैंक कर्मचारी संघलाई पुर्नजीवन प्रदान गर्दै आफ्ना पेशागत हकहितका लागि सङ्घर्षरहत रहन पुनः निर्वाचन प्रक्रियाबाट प्रेमप्रसाद पाण्डेयको अध्यक्षतामा

*पूर्व उपाध्यक्ष, नेपाल राष्ट्र बैंक कर्मचारी संघ वीरगञ्ज समिति*

नयाँ केन्द्रीय समिति गठन गरी क्रियाशील भएको र वीरगञ्ज शाखामा बैकुण्ठप्रसाद सिग्देलको अध्यक्षतामा शाखा समिति गठन भएको थियो।

सयमसापेक्ष आ–आफ्ना गतिविधिहरू सञ्चालन गर्दै कर्मचारीहरूको पेशागत हकहितको संरक्षण तथा संस्थाभित्रका विकृति/विसङ्गतिका विरुद्ध एवम् संस्थाको उन्नतिका खातिर सदा समर्पित यस कर्मचारी संघ २५ वर्ष पूरा गरी रजत जयन्ती मनाइरहेको यस अवसरमा हार्दिक शुभकामना।



# कर्मचारी संघ स्थापनाको पृष्ठभूमिमा : विराटनगर

✍ रामप्रसाद ढकाल*

वि.सं. २०१३ सालमा स्थापना भएको नेपाल राष्ट्र बैंक र तत्कालीन पञ्चायती राजनीतिक व्यवस्था एकतन्त्रीय त छँदै थियो, साथै त्यहाँभित्रका कर्मचारीतन्त्रसमेत एकतन्त्रीय नोकरशाहीतन्त्रमा आधारित रहेको कुरा तत्कालीन भुक्तभोगीहरूका लागि आज सपनाजस्तो लाग्ने गरेको छ । यसको अर्थ आजको अवस्था पूर्ण प्रजातान्त्रिक भैसकेको छ भन्नेचाहिँ होइन। यीनै परिवेशमा २०३५ सालको आसपासमा देशको पूर्वी भागमा राजनीतिक जागरणको लहर चलिरहेको थियो। यसै लहरबाट प्रभावित ट्रेड युनियन र पेशागत हकहित एवम् कर्मचारीतन्त्रको प्रजातान्त्रिकीकरणलाई अलि अलि बुझ्दै गरेका नेपाल राष्ट्र बैंक विराटनगरका तीन जना युवाहरू यो पङ्क्तिका र गोपाल दाहाल र कमलकुमार तामाङ्ग आपसी सहकार्यमा जुट्न पुगेका थिए। त्यसबेला बैंकभित्र वृत्ति विकास र आर्थिक रूपमा पनि खासै आकर्षण थिएन र प्रतिभा पलायनको अवस्था रहेको थियो र संस्थाभित्र अचाक्ली विसङ्गतिहरू विद्यमान थिए। विद्यमान अवस्थालाई परिवर्तन गर्नका लागि र बाहिर चलिरहेको जागरण आन्दोलनलाई समेत टेवा पुग्ने उद्देश्यले विराटनगरको ग्रामीण भेगमा रहेको एक उखुवारीको बीचमा भेला भई कम्युनिष्ट पार्टीको चिह्न अङ्कित झन्डा साक्षी राखी कार्यालयभित्र भूमिगत रूपमा ट्रेड युनियन शैलीको तीन सदस्यीय संघ गठन भयो। यसले व्यवहारमा आदर्शता, स्वावलम्बन, अध्ययनशीलता अपनाउँदै संस्था (बैंक) लाई विसङ्गति मुक्त बनाउन आवश्यक उच्च तहमा रिपोर्टिङ्ग प्रेसको प्रयोग, प्रचारात्मक कार्य गर्दै कर्मचारीतन्त्रमा प्रचार गर्ने साथै सकेसम्म पहुँच विस्तार गर्दै देशमा भइरहेको परिवर्तनको आन्दोलनलाई समेत बल पुर्‍याउने उद्देश्य राखिएको थियो।

उक्त सङ्गठनको प्रयासमा विराटनगर कार्यालयमा धेरै सुधारात्मक कार्यहरूको प्रारम्भ भयो। 'मर्दा पर्दा कोष' को नामबाट हरेकसँग दुई रुपैयाँ उठाएर कोष खडा गरी कर्मचारी र वहाँका परिवारहरूमा मर्दापर्दा आर्थिक सहायताको प्याकेज, विभिन्न भेला, बिदाई आदि रचनात्मक कार्यहरूबाट सबैलाई सङ्गठित गर्ने, स्थानीय विसङ्गतिलाई गभर्नर एवम् अन्य उच्च निकायमा पत्रद्वारा रिपोर्टिङ्ग र त्यस्तो रिपोर्टिङ्ग बाह्य व्यक्तिबाट गरेको देखाउन इटहरी, जोगबनी (रानी) बाट चिट्ठी पठाउने रणनीति अपनाइयो। झुत्रो नोटमा धेरै गडबडी भइरहेको थियो । त्यस कार्यलाई निमिट्यान्न बनाउन यसले खेलेको भूमिका अत्यन्त सह्रानीय रहेको छ। यो घटना जस्ताको तस्तै बाहिर आएमा बैंकको ठूलै बदनामी हुने अवस्था रहेको थियो।

*पूर्व सचिव, नेपाल राष्ट्र बैंक कर्मचारी संघ विराटनगर समिति*

## २०३६ सालको आन्दोलन र हाम्रो भूमिका

२०३६ सालमा भएको आन्दोलनमा बाहिरी क्षेत्रमा थुप्रै साथीहरू देखापरे तापनि यस संघको उद्देश्यचाहिँ आफैं अगाडि नदेखिने र भित्री सहयोग जुटाउन भरमग्दुर सहयोग गर्ने रहेको थियो । प्रतिभा पलायनलाई रोक्न कर्मचारी सुविधा वृद्धि र वृत्ति विकासलाई मुख्य माग राखी राजनीतिक परिवर्तनको आन्दोलनलाई सघाउनु यसको उद्देश्य रहेको थियो। तत्कालीन आन्दोलनमा बैंकभित्र मुख्य अगुवाहरूमा गणेशकुमार के.सी., योगेन्द्र तिमिल्सिना, सोमराज कोइराला, विक्रम शर्मा र कृष्णभुषण बल आदि रहनु भएको थियो।

यस आन्दोलनमा तत्कालीन व्यवस्थापक भरतकृष्ण शर्माको अहम् भूमिका रहेको थियो। आन्दोलनको पक्षमा वहाँ आफै रहेकाले तत्कालीन कोशी अञ्चल अञ्चलाधीशसँगको वार्ता प्रभावकारी रहेको अहिलेसम्म सम्झिरहेको छु । यो आन्दोलन जनमत सङ्ग्रह घोषणाको सामान्य उपलब्धीसँगै स्थगन गरिरहेको थियो।

२०३६-२०४६ को अवधिमा धेरै उतारचढावहरूसँगै केही साथीहरू बैंक परिवारबाट बाहिरिनु भयो भने केही नयाँ अनुहारको प्रवेशसँगै सङ्गठन नयाँ ढङ्गबाट अगाडि बढ्दा केही समय शिथिलता आउँदै थियो । यसैबीच उच्च व्यवस्थापनमा नयाँ सोच र परिवर्तनका सङ्केतहरू थोरै भए पनि देखिन थालेका थिए। यसबीचमा हाम्रा भेटघाट, आलोचना र विभिन्न फाँटहरूबाट मुद्दा सङ्कलन गर्ने, लबिङ्ग गर्ने कार्य, नयाँ आगन्तुकहरूको सूची गर्ने, पृष्ठभूमि केलाउने, सम्पर्क बढाउने कार्यहरू भइरहँदा आफ्ना व्यक्तिगत जीवन पद्धति, आदर्श, सरल व्यवहारबारे जहिले पृष्ठभागमा राखेर कुराकानी

हुने गर्दथ्यो । यसैबीच मुख्य सहयोगीसँग तालमेल नमिल्दा वहाँ बाहिरिनु भयो ।

### २०४६/४७ को आन्दोलन र कर्मचारी संघको औपचारिक गठन

२०४६ चैत २५ अगाडि म जनकपुरमा थिए, गेष्टहाउसमा । त्यहाँ केन्द्रबाट निरीक्षण आउनु भएका साथीहरू पनि हामीसँगै बसेका थिए । आन्दोलनको चर्चा चलिरहन्थ्यो । त्यहाँ सायद चन्द्रशेखर पनि हुनुहुन्थ्यो र आन्दोलनबारे बालुवाटार, थापाथली सम्पर्क गरिरहनु हुन्थ्यो । वहाँलाई पनि छटपटी चलिरहन्थ्यो । हामीसँगै रहन्थ्यौं । यसैबीच २०४६ चैतको २०/२२ गते म विराटनगर फर्केर बिहान बेलुकी साथीहरूको घर–घर गई हामी पनि आन्दोलनलाई अगाडि बढाउने योजना बनाउन लाग्यौं । चैत २५ गते विराटनगर कार्यालयको पुस्तकालय, शौचालय आदिमा हस्तलिखित र संयुक्त जनआन्दोलनको पर्चा राख्ने काम सम्पन्न भयो । यसरी तयारीपश्चात् योजना बनाएर चैत २६ गतेको आन्दालन सफलतापूर्वक सम्पन्न भई राजनीतिक व्यवस्थाले क्रमशः कोल्टो फेर्दै गयो । यसै क्रममा २०४७ सालको नयाँ वर्षसँगै नयाँ राजनीतिक क्षितिज देखापर्ने क्रमसँगै नेपाल राष्ट्र बैंक, विराटनगरको पेशागत आन्दोलनले मूर्त रूप लिई नेपाल राष्ट्र बैंक कर्मचारी संघको उदय भयो । सँगसँगै केन्द्रीय समिति, बालुवाटारसँगको सम्पर्क सूत्र स्थापित भई सिङ्गो कर्मचारी संघ स्थापना हुन पुग्यो ।

स्थापित पेशागत संघले विगत लामो समयदेखि कर्मचारी प्रशासनमा रहेको नोकरशाहीतन्त्रको खुलेर भण्डाफोर गऱ्यो । केन्द्रीय समितिको संयोजनमा पुराना थोत्रा परम्परा र बेथिति विरुद्ध कडा प्रहार गर्दै निरन्तर आन्दोलनलाई अगाडि बढाइरहने क्रममा उचित व्यवस्थापन एवम् रणनीति नहुँदा तत्कालीन सरकार र व्यवस्थापनके कोपभाजनको शिकार हुन पुग्यो । देशको केन्द्रीय बैंकजस्तो सम्वेदनशील संस्थाको पेशागत सङ्गठनको सीमा कहाँसम्मको हुने, कस्तो रणनीति वा शैली अपनाउने, कुन विषय कसरी उठान गर्ने, शाखा समितिसँगको समन्वय आदिको अभावमा संघमाथि अकल्पनीय दुर्घटना सहनु पऱ्यो, मानवीय क्षतीसम्म पुग्न गयो ।

### सामूहिक राजीनामा प्रकरण

माथि उल्लिखित पछिल्लो आन्दोलन अन्तरसंस्थान कर्मचारी संघले आह्वान गरेको थियो । सो आन्दोलनमा हाम्रो समर्थक एक सीमासम्म जायज हुन सक्थ्यो । तर त्यो त्यतिमा मात्र सीमित रहेन । त्यो गहिराइमा गयो र आन्तरिक व्यवस्थापनसँग हामीले पुष्टि गर्न ठोस आधार भएन । व्यवस्थापन यसैको ताकमा रहेको र राजनीतिक खेलाडिहरू समेत बाटो ढुकेर पसेको अवस्थामा कारवाहीको सिलसिला सुरु हुँदा विराटनगरमा तत्कालीन व्यवस्थापक दिव्यमणि दीक्षित बैंक व्यवस्थापक कम पुलिस प्रशासकझैं संघमाथि जाई लागे । संघको बैठक हुन नदिने, हस्तक्षेप गर्ने, धम्की दिनेजस्ता हर्कतका कारणका साथै हाम्रा विपक्षीले समेत उनैलाई साथ दिइरहेको अवस्थामा बैक परिसर बाहिर पदाधिकारीहरूको बैठक बसी क्रमशः राजीनामा दिँदै जाने र संघको 'साङ्गठनिक अस्तित्वलाई बचाउने' निर्णय गर्दै कार्यसमिति विघटन गरियो । विघटनको लगत्तै तत्कालीन सचिवको निवासमा संघका अगुवाहरूको भेला बोलाई अर्धभूमिगत रूपमा शेखर न्यौपानेको संयोजकत्वमा कर्मचारी संघको पुनर्गठन गरियो ।

आन्दोलनको यस घडीमा हाम्रा अगुवाहरू शेखर न्यौपाने, लक्ष्मण सापकोटा, खगेन्द्र पोखरेल, किशोर थपलिया, खगेन्द्र गौतम, गोपाल बस्नेत, गोपाल दाहाल, मेघराज श्रेष्ठ, अग्नि दाहाल, केदार आचार्य, टेकबहादुर श्रेष्ठ आदि यस संघका लागि अनुग्रही रहनु भएको छ ।

कर्मचारी संघको सुझबुझकै कारण आफू लडेका लुगा टक्टकाउँदै उठेर आफूलाई पुनरव्यवस्थित बनाउँदै ट्रेड युनियन ऐन र नियमावलीको उचित उपयोग गर्दै दूरदृष्टिका साथ आफूलाई रजतजयन्ती वर्षसम्म ल्याई पुऱ्याएकोमा कर्मचारी सघ विराटनगर शाखाका तत्कालीन १२ वर्ष सचिवको हार्दिक अभिवादन !